# भविष्यको उर्जा

प्रा. डा. बिकाश राज सत्याल

उर्जाले हाम्रो आधुनिक समाजलाई जीवन दिएकोछ । बत्ती बाल्न, खाना पकाउन, यातायात, संचार, शिक्षा, स्वास्थ्य उपचार लगायत हरेक क्रियाकलाप कुनै न कुनै उर्जाको श्रोतबाट नै चलेको छ। तर उर्जाको किसिम या स्वरूप परिवर्तित हुँदैगएका छन। केही बर्ष पहिले दाउरा र गुँईठाले बलेको चुलो अचेल ग्यास या बिजुलीबाट चल्नथालेको छ। दाउराले बन विनाश गराउँछ, त्यसको जोहो गर्न वाँ घरका महिलालाई निकै कष्ट थियो, यसको धुँवाले मान्छेको स्वास्थ्य बिगारेको थियो । त्यसैले यसको बिकल्पमा अचेल ग्यास या बिजुली प्रयोगहुँदा फाइदा सबैतिरबाट भएको छ । यस्ता वैकल्पिक इन्धनको खोजी लगातार वैज्ञानिकहरु गर्दै छन्, चुलो बाल्नको लागि मात्र होइन उद्योग, यातायात लगायत अन्य सबै प्रयोगमा सहजता ल्याउन ।

नेपालको विकास र अर्थतन्त्रमा जैविक तेल अर्थात् डिजेल, पेट्रोलको ठूलो असर छ । जैविक तेलले हाम्रो विकास निर्माणमा लागेका भारवाहक ट्रक, ट्याक्टर, बुल्डोजर देखि यातायातका साधन बस, साना ठूला गाडीमा प्रयोग हुने हुनाले यसको खपत नेपालमा अत्यधिक छ। तर यो जैविक तेल, नेपालको आफ्नै उत्पादन होइन, मुख्यत खाडी मुलुकबाट आयात गरिन्छ। तसर्थ तेलको भाउ बिदेशमा बढ्दा या डलरको भाउ बढ्दा यसको मूल्य बढ्ने गर्छ, देशको नियन्त्रण भन्दा बाहिर गएर। यसको असर हामीजस्तो गरिब राष्ट्रमा नराम्ररी परेको छ । वाणिज्य मन्त्रालयको विवरण अनुसार गएको आर्थिक बर्ष २०७४/७५ मा नेपालको व्यापार घाटा रु ११ खर्ब नाघेको छ। यो व्यापार घाटा भनेको देशले कति विदेशमा आफ्नो सामान निर्यात गरेर बेच्नसक्यो र कति आफ्नो आवश्यकताको लागि विदेशबाट आयात ग-यो, त्यसको हिसाब हो। ब्यापार घाटाको यो आकार साह्रै ठूलो हो, यो हाम्रो कुल राष्ट्रिय उत्पादन (जीडीपी) को ३७ प्रतिशत हुन आउँछ र गत बर्षको बजेटको झन्डै हाराहरीमा । यो ब्यापार घाटाको प्रमुख कारक जैविक तेलको आयात नै हो। आयल निगमको तथ्यांकअनुसार हामीले गएको वर्षमा मात्र करिब २७ लाख किलोलिटर/टन इन्धन आयात ग-यो जसको मुल्य १ खर्ब ८० अर्बको हाराहारीमा हुन आउँछ । यसरी हेर्दा आयातित बस्तुमा इन्धनको प्रतिशत नै १६ प्रतिशत हुन्छ। यसैगरी ठूलो मूल्य तिरेर बिजुली आयात गर्ने गरिन्छ। गत बर्ष करिब रु १७ अर्बको बिजुली हामीले भारतबाट आयात गरेका छौ।

यसरी विकास, निर्माण, यातायात र दैनिकी जीवन धान्न अत्यावश्यक पर्ने इन्धनको जोहो गर्नको लागि देशको ठूलो कमाई बिदेशिन बाध्य भईराखेको छ । अहिले देशमा परम्परागत रुपको विकास प्रक्रिया मात्र चलेको छ। अर्थात् हामीलाई चाहिने पर्याप्त भौतिक सुबिधा हामीले अझै पाउन सकेका छैनौ। देश भरि बिजुलीको पहुँच नै पुगेको छैन। अधिकांश जनता यातायात र संचारको पहुच भन्दा बाहिर छन्। उद्योग, ब्यापार राम्ररी फष्टाउन सकेका छैनन घर तताउने, चिस्याउने लगायतका बिबिध उपकरण न्यून मात्र देशमा प्रयोग हुन्छ। तर, विकासको गति अनुसार र सम्वृद्धिको सपना बोकेपछि हाम्रो इन्धनको आवश्यकता आउदो दिनमा बढ्ने निश्चित छ। त्यसको अर्थ, अझै ठूलो परिणाममा इन्धनमा खर्चहुन बाँकी छ। तर, इन्धनमा गरिने खर्च वृद्धिले विकास निर्माणको खर्चमा असर पर्ने हुन्छ। यसरी हामी जस्ता

सबै गरिव र विकासशील राष्ट्रहरु यही दुस्चक्रमा फसेका छन जसको निराकरण भविष्यको इन्धनमा देखिन्छ जो आफ्नै देशमा पाइने, सस्तो, पुनर्प्रयोग(नविकरणीय) हुनसक्ने, उच्च प्रविधिको आवश्यकता नपर्ने खालको हुनसकोस।

अन्तरा्ष्ट्रिय उर्जा संगठन(आईएई) को तथ्याङ्क अनुसार अहिले विश्वको उर्जाको सबैभन्दा ठूलो श्रोत खनिज तेल नै हो, जसको प्रयोग विश्वमा ३३ प्रतिशत गरिन्छ। त्यसपछि, पत्थरकोइला ३० प्रतिशत, प्राकृतिक ग्यास २४ प्रतिशत, जलबिद्युत ७ प्रतिशत, आणविक उर्जा ४ प्रतिशत र २ प्रतिशत अन्य प्राकृतिक श्रोतको प्रयोग हुनेगर्छ। तर जस्तो सबैलाई थाहा छ, खनिज तेलको पृथ्वीको भण्डार रित्तिदै छ, जो नवीकरणिय श्रोत पनि होइन। यसैगरी पत्थरकोइला र प्राकृतिक ग्यास पनि यसै कोटिका हुन । भौगोलिक बनावट र हिमश्रीखलाले गर्दा हाम्रो देशमा जलबिद्युतको ठूलो सम्भावना देखिन्छ। तर संसारका सबै देशलाई यो प्राकृतिक वरदान प्राप्त छैन। त्यसैले संसार भरिका बैज्ञानिकहरु जलबिद्युत्को विकास बारे अनुसन्धानमा कमै लागेका छन। यसैपनि कार्बन उत्सर्गबाट तात्दै गरेको पृथ्वी र हाम्रो आफ्नै प्रदूषणको कारण हिमालयमा परेको असरले लामो समयसम्म यो हिमालयको वरदान हामीलाई पाइने छैन भन्ने कुरामा ईसिमोड़ लगायतका वातावरणको अनुसन्धान गर्ने संस्थाहरुका अध्ययनले देखाईसकेको छ। आउदो सन् २०५० सम्ममा, नेपालका नदीहरुमा पानीको अनुपात अहिलेको ३० प्रतिशत मात्र रहने अनुमान गरिन्छ। यस हिसावले हेर्दा ठूला ठूला जलबिधुत परियोजनामा देशले पैसा लगाउनु बुद्धिमानी होईन भन्ने समेत देखिन्छ। त्यसैले, केवल निकट भविष्यको उर्जाको आवश्यकताको लागि पुग्ने मध्यम खाले बिद्युत योजनामा नेपालले लगानी गरे उचित देखिन्छ।

क्यालीफोर्निया स्थित स्टान्डफोर्ट विश्वविद्यालयका स्टिभेन चू, जस्ता नोबेल पुरस्कारले सम्मानित केही भौतिक बिज्ञानका बिज्ञहरु भविष्यको उर्जा त भूगर्भका खनिज तेल या ग्यासमा रहनेछ भन्ने ठान्छन नत नविकरणीय उर्जामा। वायु उर्जा या सौर्य उर्जा, जो अहिले नविकरणीय उर्जाको रुपमा प्रचलित हुँदैछ, को भविष्य 'स्टिभेन चू' हरुको निष्कर्षमा यसकारण छैन किनकि सूर्य सबै ठाउंमा संधै चम्किन्न न त सबै ठाउंमा हावा एकनासले बग्छ। यसकारण सौर्य या वायुबाट उर्जा लिन ब्याट्रीको आवश्यकता पर्छ, जो संसार भरिका उपकरणलाई भ्याउने क्षमताको हुन र यो सस्तो हुन सम्भव छैन, कमसेकम अहिलेको प्राविधिक ज्ञान अनुसार। त्यसैले चू लगायतका बैज्ञानिकहरु भन्छन यो संसारको भविष्य आणविक उर्जामा नै छ। तर अहिलेको प्रविधिमा आणविकमा जोखिम बाकी छन् रियाक्टरको पानी फेर्नुपर्ने समस्या छ जसले वातावारणमा आणविक प्रदूषणको समस्या ल्याउँछ, जमिन मुनि राखिने कार्वन डाईअक्साइडको ब्यबस्थापन, र उच्च प्राविधिक ज्ञान जसको कारण विकिरणयुक्त पदार्थ चुहिने घटना समाधान हुन बाँकी छ।

स्टाण्डफोर्डका विश्वबिद्यालयका बैज्ञानिकहरुको भन्दा एक पाइला अगाडि बढेर नासासंग संयुक्त अनुसन्धानमा सामेल युरोपियन युनियनका बैज्ञानिकहरु भविष्यको उर्जाको गतिलो श्रोत परमाणु संलयनमा (fission) देख्दैछन्। परमाणु रियाक्टर दुई प्रकारले काम गर्छन। पहिलो, युरेनियम जस्ता गरुङ्गो धातुका परमाणुमा बिखण्डन गरी अल्बर्ट आइन्सटाईनको प्रशिद्ध सूत्र ($E= MC^2$) अनुसार उत्सर्ग हुने शक्ति उत्पादन गरेर, जसलाई 'एटोमिक फ्युजन' भनिन्छ। र, दोश्रो हाइड्रोजन जस्ता हलुङ्गो पदार्थका

परमाणु जोडेर, जसलाई 'एटोमिक फिजन' भनिन्छ। अहिले विश्वमा पहिलो तरिकाबाट अर्थात 'एटोमिक फ्युजन' बाट नै अधिकांश परमाणु रियाक्टर चलेका छन्, जसमा आउने समस्याहरुका बारेमा माथिका स्टान्डफोर्टका बैज्ञानिकहरुको टिप्पणी लागु हुन्छ। दोश्रो बिधि, 'एटोमिक फिजन' अर्थात् परमाणु गठजोडको बारेमा अहिले संसार भरी अनुसन्धानहरु चलिरहेका छन् र, कतिपय देशमा यो प्रविधिबाट उर्जा निकालिएको पनि छ जस्तो, दक्षिण कोरिया, अर्जेनटिना, अमेरिका र केहि युरोपेली मुलुकहरुमा। परमाणु गठजोड बारे यो शताब्दीका प्रशिद्ध बैज्ञानिक स्टेफेन हकिंगको भनाइ आशालाग्दो संग महत्वपूर्ण ठानिन्छ जसले भनेका छन्, "म 'परमाणु गठजोड' लाई संसारको उर्जाको ब्यवहारिक श्रोत बनेको देख्न चाहन्छु। यो उर्जाको असीमित श्रोत हो जसबाट प्रदूषण या ग्लोबल वार्मिंग हुँदैन" -"I would like nuclear fusion to become a practical power source. It would provide an inexhaustible supply of energy, without pollution or global warming" -Stephen Hawking)

यस प्रविधिमा परमाणुको गठजोड बाट उर्जा उत्पन्न हुने भएकोले हाइड्रोजन जस्ता तत्व यसमा बढी उपयोगी हुन्छन् । अझ हाइड्रोजनको समरूप (isotope) ड्युटेरियमको प्रयोग यसमा गरिन्छ जो समुद्रमा अत्यधिक उत्पन्न भईरहन्छ । यसबाट कार्बन विकीरण या आणविक विकीरण जस्ता उत्सर्ग नहुने भएकोले यसलाई सफा उर्जा (Clean Energy) को रुपमा हेरिन्छ। त्यसैले अहिले यो प्रविधिमा संसारभरिका विकसित र औद्योगिक देशहरु आकर्षित भएका छन्, यस सोचले कि, यसबाट प्रदूषणको समाधानको साथसाथै भरपर्दो रुपमा उद्योग, यातायात एवंम गार्हस्थ्य उपयोग जसको खपत यी देशमा लगातार अत्यधिक बढ्दो छ, गर्न सकियोस। यही आवश्यकताको समाधान गर्न, फ्रान्समा सन् २००६ देखि आईटिईआर(ITER) भन्ने करिब २२ खर्ब डलरको परियोजना चल्दैछ। यस परियोजनामा संसारका ३५ देशका करिब २००० भौतिकशास्त्री र इन्जीनीयरहरु लागिपरेका छन्, यो प्रविधिलाई परिस्कृत बनाउन। यो परियोजनाको प्रारम्भिक नतिजा सन् २०२५ मा आउने अनुमान गरिएको छ।

परमाणु गठजोडको यो प्रविधि नयाँ होइन। सन् १९४० मा नै अमेरिकी सैनिक प्रयोगको लागि यसलाई प्रयोगमा ल्याइएको थियो जसलाई 'म्यानह्याटन प्रोजेक्ट' को नाम दिइएको थियो। हाइड्रोजन बममा यही प्रविधि प्रयोग गरिन्छ। ठूलो स्तरमा । यस्तो गठजोड बाट सन् १९५२ मा उर्जा निकालिएको थियो। वास्तवमा सूर्यमा हरेक क्षण यसै गठजोडको तरिका बाट नै उर्जा निस्किने हो जो पृथ्वी सम्म आईपुग्ने गर्छ। विश्वमा अहिले ३१ देशका झन्डै २३५ आणविक भट्टीमा यो प्रविधि प्रयोग भएको छ। तर अझै यो प्रविधि बाट सहज ढंगले उर्जा निकाल्न सकिएको छैन। तसर्थ यसमा अझै परिमार्जन गर्नु जरुरी छ। आशा गरौ आईटिईआर जस्ता परियोजना सफल हुनेछन्, र एक देशलाई चाहिने अपार उर्जा केवल केही साना आणविक भट्टीहरु बाट सहजतापूर्वक निस्किने छन्, त्यसैगरी, जसरी अहिले गाउँ घरमा लघु आयोजनाका टर्वाइन बाट ग्रामीण समुदाय सहजै बिजुली निकाल्दै छन् ।

# निगमले गर्नुपर्ने कार्यहरु

✍ बच्चुकुमार काफ्ले

अत्यन्त गहन जिम्मेवारीको काम गरिरहेको नेपाल आयल निगम लि. जहिले पनि नकारात्मक चर्चाको शिकार हुने गरेको छ । जिम्मेवारी यस्तो छ कि निगमले दिने सेवा एकछिन रोकियो भने पनि सवैतिर हाहाकार हुन्छ । पेट्रोलियम पदार्थ यति संवेदनशील छ कि यो विना जीवन अपुरो छ । यस्तो महत्वपूर्ण जिम्मेवारी वहन गरेको निगम किन यति आलोचनाको शिकार भएको छ यस वारेमा केही प्रष्ट गर्ने कोशिस यस लेखमा गरिएको छ ।

**उपभोक्ताको चाहना**

पेट्रोलियम पदार्थको उपभोक्ता आफूले तिरेको मूल्यमा खोजेको इन्धन शुद्ध, पूरा परिमाणमा उपलब्ध हुने ठाउँमा पाईयोस् भन्ने चाहन्छन् । व्यक्ति होस,कार्यालय होस, कारखाना होस, सेवा प्रदायक कुनै कम्पनी होस सवै यही चाहन्छन् । हुन पनि हो आफूले मूल्य तिरेपछि सुगम रुपले तोकेको मूल्यमा शुद्ध इन्धन पाउनै पर्दछ । यो उपभोक्ताको अधिकार नै हो । निगममा समस्या पऱ्यो कि पैसा भएन कि, कर्मचारी पुगेन कि, वाटो वन्द भयो कि, टैंकर चालकको हडताल भयो कि, इन्डियन आयलले समयमा इन्धन दिएन र होकि ? यो कुनैपनि प्रसंग उपभोक्तालाई सुन्नुपर्ने जरुरी छैन । इन्धन जस्तो यति महत्वपूर्ण पदार्थको उपलब्धता गराउने जिम्मा नेपाल सरकार र निगमको मात्र हो ।

**समस्या कहाँ हो ?**

पेट्रोलियम पदार्थको नियमित आपूर्तिको लागि नेपाल सरकारबाट हुनुपर्ने स्पष्ट दिशा निर्देशन नभएको कारण यो उब्जिएको हो । सरकार कहिले निजी क्षेत्रलाई पेट्रोलियम कारोवारमा संलग्न गराउने कुरा गर्दछ कहिले इन्डियन आयल बाहेक अन्यत्रबाट पनि आयात गर्नुपर्ने कुरा गर्दछ । सरकार कहिले निगम र नीजि क्षेत्र मिलेर काम अगाडि वढाउने भन्दछ । सरकार कहिले भारत बाहेक चीनबाट पनि पेट्रोलियम पदार्थ ल्याउने कुरा गर्दछ । कहिले पेट्रोलियम पाइपलाइन ल्याउनु आवश्यक छैन भन्दछ , कहिले नभै नहुने भन्दछ । रक्सौल-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन विच्छ्याउने कुरा २०५२ साल देखि मात्र भएको हो । बल्ल करीव २३ वर्षपछि कार्यान्वयनमा आउन लागेको छ । पहिला नै नेपाल सरकारले स्पष्ट निर्देशन दिएको भए यो काम इन्डियन आयलले त्यही वेला पूरा गरिसकेको हुने थियो । यो समय समयमा महत्व दिनुपर्ने कुरामा विषयान्तर हुनुमा सरकार र निगममा लगातार नेतृत्व परिवर्तन नै मुख्य कारण हो । निगममा आउने प्रमुख पनि नयाँ काम गर्नुभन्दा भै रहेको कामलाई निरन्तरता दिने बाहेक अरु गरेको देखिदैंन । केही गरेको देखियो कि विभिन्न स्वार्थी समूह हावी भै काम अगाडि वढ्न नै पाउँदैन । यसको ज्वलन्त उदाहरण थानकोट डिपोमा भण्डारण क्षमता वृद्धि गर्न नसक्दा उपत्यकावासीले समय समयमा झेल्नु परिरहेको छ । जबकी भण्डारण क्षमता वृद्धि गर्न डिपोसँगै रहेको जमीन खरीद गरेको ७/८ बर्ष भै सकेको छ । तर त्यहाँ डिपो बनाउने भन्दा पनि अन्य स्थानमा जग्गा खरीद गर्ने काम अगाडि बढी रहेको सुनिन्छ । थानकोटमा डिजल र मट्टितेलको टैंकलाई पेट्रोल भण्डार गर्ने व्यवस्था

गर्न नै बर्षौ लाग्यो । नेपाल सरकारले नेपालमा पेट्रोलियम पदार्थको भण्डारण क्षमता पनि समय समयमा परिवर्तन गरिरहेछ । नेपालजस्तो भूपरिवेष्ठित देशमा अन्य उर्जाको श्रोत सीमित भएको बेलामा कति महिनाको लागि भण्डारण गर्ने ब्यवस्था मिलाउने त्यो प्रष्ट छैन । कहिले ३ महिना, कहिले २ महिना, कहिले १ महिना । त्यस्मा पनि भण्डारण क्षमता वृद्धि गरी कति खर्च लाग्ने, पेट्रोलियम पदार्थ १ महिनाको लागि भण्डारण गर्दा कति रकम लाग्ने ? लाग्ने रकमको श्रोत के हुने ? निगमको जारी पूँजीले के गर्ने ? नाफा हुँदा रहेको रकम, घाटा हुँदाको वखतमा ब्यहोरे पनि समयसापेक्ष आवश्यकता अनुरुप बजार मूल्य वा लागत अनुसार मूल्य हेरफेर गर्न पनि सरकारको स्पष्ट निर्देशन हुन नसक्ने । नेपालमा पेट्रोलियम पदार्थ शत प्रतिशत आयात गर्नुपर्दछ । शत प्रतिशत पेट्रोलियम आयात गर्ने मुलुकले विदेशबाट विलासिताका गाडी ल्याउन नरोक्ने, राजश्व वढ्दछ भनेर अनि मूल्य वढाउनुपर्दा जनतालाई राहत दिने नाउँमा आयात गरिएको पेट्रोलियम पदार्थ निगमले घाटामा वेच्नुपर्ने । २ वर्ष अगाडि भूकम्प र भारतको नाकावन्दी भएको बेलामा देशमा चरम पेट्रोलियम पदार्थको अभाव हुँदा सवारी चढ्ने नेपालीले पेट्रोल/डिजल कयौ गुणा वढी मूल्य तिरी सवारी चढेकै देखियो । ट्राफिक जाम भएकै देखियो । यो हैसियत भएका सवारी साधन चलाउने नेपालीलाई शत प्रतिशत आयात गरिएको इन्धन किन भारतभन्दा सस्तोमा वेच्न लगाइ निगमलाई घाटामा राखिन्छ बुझ्न नसकेको कुरा यही हो । राजनीति गर्नेहरुले पनि देशको अर्थतन्त्र नै विग्रने गरी यस्तो सस्तो लोकप्रियताको पछाडि लाग्नु भएन ।

सरकारले नेपालमा पेट्रोलियम पदार्थको भण्डारण भनेर विभिन्न विदेशी संस्थालाई अन्वेषण गर्ने काम दिएको बिसौं बर्ष भयो । के प्रगति भयो, कति जमिन मुनि भण्डार छ, उत्खनन् गर्न कति समय लाग्दछ, कुन बहुराष्ट्रिय कम्पनीलाई जिम्मा दिई नेपालले आफै पेट्रोलियम पदार्थ कहिले विक्री गरेछ, कमसेकम यो लेखकले अहिले सम्म जान्न पाएको छैन । यो काममा नेपाल सरकारले करोडौं खर्च गरिसकेको सम्वन्धित विभागमा वुझ्न सकिन्छ ।

नेपाल केही वर्षमा नै विद्युत् उत्पादनमा आत्मनिर्भर भै विदेशमा निर्यात गर्नसक्ने अवस्थामा पुग्दछ । कल-कारखानाले मागे अनुसार विद्युत पाउने छन् । विजुलीको खपत प्रशस्त वढ्दछ । व्यक्ति ब्यक्तिले घर घरमा विजुलीबाट चल्ने सामानहरु राख्नेछन् । अव चाडै नै नेपालीहरुले एल.पि.ग्यास प्रयोग गर्न नै छाड्नेछन् । विस्तारै पेट्रोल/डिजलका गाडीलाई विद्युतबाट चल्ने गाडीले स्थान वनाउने छन् भने सरकार फेरि ग्यासको पाइपलाइन ओछ्याउने कुरा किन गरिरहेको छ ? बुझ्न सकिएन ।

**निगम के गरिरहेछ ?**

अत्यन्त महत्वपूर्ण र संवेदनशील पेट्रोलियम पदार्थको कारोवार गर्ने निगम किन शान्त छ । २०२७ सालदेखि हालसम्म एकछत्र कारोवार गरिरहेको निगम ब्यावसायिक रुपमा अत्यन्त सफल संस्था हो । अपवादको रुपमा केही कर्मचारीको गलत कृयाकलाप, नीतिगत अस्पष्टताले काम गर्न गाऱ्हो र नेपाल भित्रको पूर्वाधारको सीमितताले गर्दा जनताको नजरमा कमीकमजोरी देखिएपनि निगमले करिव ७ सय कर्मचारीबाट २४ सै घण्टा अधिराज्यभर दिएको सेवालाई कम आँक्न मिल्दैन । २ खरव भन्दा बढीको कारोवार गर्ने संस्थाको मूल्याङ्कन नेपाली जनताले अवश्य गर्नेछन् । तर निगमका कर्मचारीहरु

हिनतावोधबाट माथि उठ्न सक्नु पर्‍यो । जुन देशमा मल, चिनी जस्ता सामानहरु नपाएर अभाव भ्kेल्नु पर्दछ भने पेट्रोलियम पदार्थको कारोवार त फरक कुरा हो । हामीले वुझाउन सक्नुपर्दछ । निगममा काम गर्ने कर्मचारीहरुले यो सोच्नुपर्‍यो कि यो निगम हाम्रो हो, यस्को भविष्यसँग हाम्रो भविष्य पनि गाँसिएको छ यसलाई मलजल गरेर अगाडि बढाउनु पर्दछ । यति लामो अनुभव भएको निगमले भविष्यमा विशिष्टीकृत सेवा दिनको लागि पहल गर्नुपर्दछ । ३५ अरव ऋृण २/३ बर्षमा चुक्ता गर्नसक्ने निगम किन व्यवस्थित हुन नसकेको हो वुझ्न सकिएको छैन । निगमलाई तत्काल केही सुधारका काम गर्न सल्लाह दिदैंछु । नीतिगत रुपमा केही झन्झट ब्यहोर्नु पर्ला तापनि निगमको बृहत्तर हितको लागि सवै कर्मचारी एक भएर काम गर्दा सफलता हाल लाग्नेछ ।

१) विगत १ बर्षदेखी निगमकै कर्मचारी कार्यकारी प्रमुख भएको वेला काम हुन सकेनन् इच्छाशक्ति नभएको हो वा गर्न नखोजेर ? यो समयमा निगमका प्रत्येक क्षेत्रमा भएको डिपोमा उपलब्ध जमिनको आधारमा १ वा २ वा ३ स्टोरेज टैंक थप्न किन पहल नगरेको ? राजनैतिक नियुक्ति पाउने प्रमुखलाई यसमा त्यति चासो नहोला तर निगमका कर्मचारीको लागि त हुनुपर्ने हो नि ? किन ढिला गरेको ?

२) निगममा भण्डारण क्षमता मात्र वृद्धि गर्न सके निगमको ५०% समस्या समाधान हुन्छ । तसर्थ थप टैंक वनाउँदा कमसेकम अरु नभएपनि Flow Meter / Auto Gauging को ब्यवस्था मात्र त गर्न धेरै खर्च लाग्दैन ।

३) जनतालाई सेवा दिने संस्था भएको र कारोवार क्रमश: वढ्दै गएकोले कमसेकम २४ सै घण्टा खुल्नेगरी स्थानीय प्रशासनको सहयोगमा नयाँ पेट्रोल पम्प त स्थापना गर्नुहोस् । नयाँ मापदण्ड अनुसारको पम्प राख्न आफै वा सहकारी वा निजीलाई खोल्न प्रोत्साहन गर्नुहोस् । सरकार सुरक्षा दिएर कति ठाउँमा २४ सै घन्टा कारोवार गर्ने कुरा गर्दैछ भने निगमको उपस्थिती त्यहाँ हुनु परेन ?

४) टेकूमा खरीद गरेको घरजग्गा विजोग अवस्थामा राखेर कस्लाई देखाउन खोजेको ? त्यहाँ व्यवस्थित गर्न कस्ले रोक्यो ? भै रहेको पम्प निगमले अझ ब्यवस्थित गरेर चलाउने कि वन्द गर्ने ?

५) अन्तर्राष्ट्रिय विमानस्थलमा दिईने सुविधामा परिवर्तन गर्नुपर्‍यो । Hydrant बाट अन्तर्राष्ट्रिय विमान सेवालाई इन्धन उपलब्ध गराउने कुरा १० औं बर्ष भै सक्यो । विमानस्थल २४ सै घण्टा खुल्दैछ, ठूला ठूला हवाइजहाजहरु आउदैंछन् । तेल चुहाउँदै रिफ्यूलरबाट नै रिफ्यूल गरिरहने । रिफ्यूलर पनि पर्याप्त नभएर हवाई सेवाले पालो कुर्नुपर्ने ? रिफ्यूलर खरीद गर्न नसकेर इन्डियल आयलसँग मागेर काम चलाउनुपर्ने ? यत्रो अनुभव भएको निगमको काम कार्वाही गति छाडा भएन र ?

६) २ खरवभन्दा वढीको कारोवार गर्ने नेपाल सरकारको पूर्ण स्वामित्व भएको संस्थाको सम्पूर्ण कारोवार Integrated Computer System मा आउनुपर्ने होइन ? यदि हामी नेपालमा उपलव्ध Software बाट गर्न सक्दैनौ भने इन्डियन आयलले पहिला नै प्रस्ताव गरेको Computer System के अप्ठेरो पर्‍यो ? अझै पनि अलग अलग हिसाव राखेर ब्यवस्थित गर्न सकिन्छ त ?

७) नेपाल औषधि लिमिटेडसँग धेरै वर्ष अगाडि खरीद गरेको जमिनको यो विजोग किन गरेको ? नेपाल सरकारलाई अनुरोध गरी प्रयोग गर्न सकिन्छ भने गरौ होइन भने यसको संरक्षण गरौ वा प्रयोगमा नआउने हो भने टेण्डर मार्फत् विक्री गरौं तर त्यसरी खेर नफालौं ।

८) सवै हवाई इन्धन डिपोहरुको सेवामा चुस्तता देखाऔं । आवश्यक प्राविधिक कर्मचारीहरु खटाऔं । सवै ठाउँमा नयाँ नयाँ रिफ्यूलरको व्यवस्था गरौं, भएकालाई पनि व्यवस्थित गरौ । भैरहवा र पोखरामा वनिरहेका विमानस्थलमा निगमले दिने अन्तर्राष्ट्रिय मापदण्डको रिफ्यूलिङ्ग व्यवस्थाको लागि पूर्ण तयारी गरी हालौ, ढिलो भै सक्यो । कमसेकम यी २ स्थानमा Hydrant System त राखेर हेरौं ।

कुराहरु धेरै छन् । सुझावहरु धेरै छन् । काम गर्न गाऱ्हो पनि हुन्छ । अनेक लाञ्छना पनि लाग्दछन् तर निश्वार्थ रुपले काम गर्नुभयो भने सवैबाट सहयोग पाईन्छ । खासगरी नीति निर्माण र निर्देशनको लागि तालुकवाला मन्त्रालय निगमले परिस्कृत सेवा गरोस् नै भन्ने चाहन्छ । निगमको भविष्यको लागि उपरोक्त कामहरु गर्न निगमका अनुभवी कर्मचारीहरु सदा तत्पर रहनेछन् । किनभने कर्मचारीको मनोवल उच्च राखेर काम गर्ने हो भने सदा सहयोग पाईन्छ । कर्मचारीलाई अविश्वास गरेर कहिलेपनि सफल होइदैंन । तसर्थ सवै कर्मचारीहरु एक भई निगमको वृहत्तर हितमा अगाडि वढ्दा भविष्य उज्वल हुनेछ ।

# नेपाल आयल निगम तथा भारतीय आयल कम्पनीहरुको तुलनात्मक वित्तीय विवरण

**नागेन्द्र साह (सि.ए.)**

विभिन्न मुलुकहरुबाट पेट्रोल, डिजेल, मोविल, लुव्रिकेण्ट्स, मट्टितेल, ग्रीज, हवाई इन्धन, एल.पी ग्याँस तथा अन्य पेट्रोलियम पदार्थहरु आयात गरी नेपालभर वितरण गर्ने मुख्य उद्देश्यले वि.सं. २०२७ साल पुष २६ गते नेपाल सरकारको पूर्ण स्वामित्वमा रहने गरी नेपाल आयल निगमको स्थापना भएको थियो । स्थापना कालदेखि नै निगमले देशमा पेट्रोलियम पदार्थको आयात,ढुवानी, भण्डारण र वितरणको कार्य गर्दै आएको छ । नेपालमा पेट्रोलियम पदार्थको आयात, भण्डारण र बिक्री वितरण नेपाल आयल निगमबाट हुने गरेको भएता पनि २०६२ सालबाट एल.पी. ग्यासको आयात तथा नेपाल अधिराज्यभित्र बिक्री बितरण निजी क्षेत्रलाई खुल्ला गरिसकेको अवस्था छ भने पेट्रोल , डिजल र मट्टितेलको आयात, भण्डारण तथा बिक्री बितरण समेत २०६५ साल देखि निजी क्षेत्रलाई खुल्ला गरी सकेको देखिन्छ। यसरी हेर्दा पेट्रोलियम पदार्थको आयात, भण्डारण र बिक्री बितरण निजी क्षेत्रलाई खुल्ला गरिसकेको अवस्था भएता पनि एल.पी. ग्यासको कारोवार बाहेक निजी क्षेत्र संग अन्य पेट्रोलियम पदार्थ भण्डारणको उपयुक्त व्यवस्था नभएको र सुरक्षा सम्वन्धी मापदण्ड पुरा हुन नसकेको तथा सोको लागि पर्याप्त कानूनी व्यवस्था समेत भई नसकेको अवस्था हुँदा व्यावहारिक रुपमा पेट्रोलियम पदार्थको आयात, भण्डारण र बिक्री बितरण नेपाल आयल निगम मार्फत नै भईरहेको देखिन्छ ।

निगमको काठमाडौंमा केन्द्रीय कार्यालय लगायत ७ (सात) वटै प्रदेशमा प्रादेशिक कार्यालयहरु रहेका छन् । निगमका डिपोहरुसंग हाल संचालन योग्य ६८,३६४ किलोलिटर पेट्रोलियम पदार्थ (पेट्रोल, डिजेल, मट्टितेल, हवाई इन्धन) को भण्डाण क्षमता रहेको छ । कुल ८७२ दरबन्दीमा स्थायी दरबन्दी ६४५ तथा करार २२७ रहेको छ भने निगममा हाल ४६२ जना स्थायी कर्मचारी तथा ९८ जना करार कर्मचारी कार्यरत छन् ।

निगमका शेयरधनीहरुमा अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग, राष्ट्रिय बीमा कम्पनी लि., राष्ट्रिय वाणिज्य बैंक, नेशनल ट्रेडिङ्ग लि. र नेपाल बैंक लिमिटेड रहेका छन् । निगमको हालको चुक्ता पूँजी रु २९ करोड २३ लाख ९५ हजार र ७ सय रहेको छ । उक्त चुक्ता पूँजीको ९९.४६ प्रतिशत नेपाल सरकार (अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग)को नाममा रहेको र बाँकी ०.५४ प्रतिशत माथि उल्लेखित अन्य संस्थाहरुको नाममा रहेको छ । विगतको तुलनामा निगमको कारोवारमा अत्याधिक वृद्धि हुंदै गई वर्षिक झण्डै रु. २०० अर्बको कारोवार गरी राजस्व करिव ६० अर्व तिर्ने गरेको छ ।निगमको चुक्ता पूंजी वृद्धि गरी २० अर्व पुऱ्याउने गरी कार्य अगाडि वढेको छ ।

**पेट्रोलियम पदार्थको कारोबारगर्ने नेपाल र भारतका आयल कम्पनीहरुको सन् २०१६।१७ को तुलनात्मक वित्तीय विवरण**

**रकम ने. रु लाखमा**

| विवरण | Nepal Oil Corporation | Indian Oil Corporation | Bharat Petroleum Corporation | Hindustan Petroleum Corporation |
|---|---|---|---|---|
| **बिक्री आय** | १,५२०,६८२ | ७१,३२६,४७२ | ३४,२४०,५४९ | ३८,७६३,९५८ |
| **अन्य आय** | ५,१०६ | ६७४,००४ | २४२,५८२ | ४१६,४९९ |

| विवरण | Nepal Oil Corporation | Indian Oil Corporation | Bharat Petroleum Corporation | Hindustan Petroleum Corporation |
|---|---|---|---|---|
| जम्मा आय | **१,५२५,७८९** | **७२,०००,४७६** | **३४,४८३,१३१** | **३९,१८०,४५७** |
| **प्रत्यक्ष लागत खर्च** | १,३५२,३२५ | ५९,१०७,४७२ | ३१,३१३,५८७ | ३४,६२२,८९९ |
| **कर्मचारी खर्च** | ६,२६२ | १,५४६,७११ | ४७१,८१५ | ५४९,२२८ |
| **प्रशासनिक तथा बिकी बितरण खर्च** | १५,००५ | ५,५८२,५५२ | ७६१,२३३ | १,८५७,५१९ |
| **ह्रास खर्च** | ४७७ | ९९६,६०९ | ४०६,०२५ | ३०२,८९५ |
| **ब्याज खर्च** | - | ५५१,७८६ | ८५,७८४ | ७९,४१४ |
| जम्मा खर्च | **१,३७४,०६९** | **६७,७८५,१२९** | **३३,०३८,४४४** | **३७,४११,९५४** |
| नफा | १५१,७२० | ४,२१५,३४७ | १,४४४,६८८ | १,७६८,५०३ |
| **शेयर पूँजी** | २,९२४ | ७५९,००५ | १६२,७५६ | २०९,९९७ |
| **सञ्चित नाफा** | १०८,८८४ | १५,२१२,५४९ | ३,०९५,८८२ | ४,५४१,३९४ |
| **खूद सम्पति (Net Worth)** | १११,८०८ | १५,९७१,५५५ | ३,२५८,६३८ | ४,७५१,३९१ |
| **स्थिर सम्पत्ति** | ६२,४८४ | २६,६५३,०५५ | ७,२९४,५२८ | ९,२४५,७०१ |
| **आसामी (Debtors)** | ६,५९१ | १,३६१,६५५ | ६५०,८८३ | ७६२,०२३ |
| **मौज्दात (Inventories)** | ३६,१३३ | ९,९९३,५४३ | २,९७४,९९१ | ३,१७०,६५१ |
| **स्थिर सम्पत्ति Turnover** | २४।३४ | २।६८ | ४।६९ | ४।१९ |
| **आसामी (Debtors) Turnover** | २३०।७२ | ५२।३८ | ५२।६१ | ५०।८७ |
| **औसत उधारो दिनमा** | १।५६ | ६।८७ | ६।८४ | ७।०८ |
| **मौज्दात (Inventories) Turnover** | ४२।०९ | ७।१४ | ११।५१ | १२।२३ |
| **औसत मौज्दात दिनमा** | ८।५५ | ५०।४४ | ३१।२८ | २९।४५ |
| **लागत खर्चको प्रतिशत बिकी आयमा** | ८८।९३ | ८२।८७ | ९१।४५ | ८९।३२ |
| **कर्मचारीको खर्च प्रतिशत बिकी आयमा** | ०।४१ | २।१७ | १।३८ | १।४२ |
| **कर्मचारी तथा प्रशासनिक खर्चको प्रतिशत बिकी आयमा** | १।४० | १०।०० | ३।६० | ६।२१ |

**उपरोक्त विवरणहरुको विश्लेषण गर्दा देहाय बमोजिम देखिन्छ ।**

(१) **शेयर पूँजी :**

निगमसंग शेयरपूँजी कारोबारको आधारमा निकै नै कम देखिन्छ । निगमको शेयर पूँजी तत्काल बढाउनु पर्ने देखिन्छ । निगमसंग भएको संचित मुनाफाबाट वोनस शेयर जारी गरी ११ अर्व पु¥याउने प्रस्ताव सञ्चालक

समिति तथा साधारण सभाको निर्णय बमोजिम कार्य अगाडि बढाइएको छ। उक्त पूँजी रकम पनि निगमको कारोबारको हिसावले निकै नै कम रहेको छ।

(२) **संचित नाफा (नोक्सान) :**
पेट्रोलियम पदार्थको कारोवार गर्ने प्रायः उपरोक्त सबै कम्पनीहरु संग खर्बौको रकम संचित नाफा (जगेडा कोष) राखेको देखिन्छ । निगमको बिक्री मूल्य कायम गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नेपाल सरकारको नियन्त्रणमा रहेकाले तथा बिभिन्न राजनैतिक कारणले विगत वर्षहरुमा निगमको लागत मूल्य अनुसार बिक्री मूल्य समायोजन हुन नसक्दा अर्बौ रकम नोक्सानी हुँदा पनि नेपाल सरकारबाट कुनै किसिमको अनुदान दिएको छैन । जबकि अन्य भारतीय आयल कम्पनीहरुमा मूल्य निर्धारण सम्वन्धी राजनीतिक हस्तक्षेप नभएको र भारत सरकारद्वारा मट्टितेल र एल.पी.ग्यासको बिक्री मूल्य निर्धारण नियन्त्रित गरिएकोमा उक्त पेट्रोलियम पदार्थहरुमा भएको नोक्सानीलाई भारत सरकारबाट अनुदान दिइरहेको छ।

(३) **स्थिर सम्पत्ति :**
नेपाल आयल निगम नेपालमा पेट्रोलियम पदार्थको कारोवार गर्ने एक मात्र संस्था रहेकोले निगमसंग पेट्रोलियम पदार्थको कारोबारको आधारमा स्थिर सम्पत्ति निकै कम रहेका छ साथै तालिकामा उल्लेखित अन्य कम्पनीहरुसंग तुलनात्मकरुपमा हेर्दा उल्लेखनीयरुपमा कम रहेको देखिन्छ । भारतीय तेल कम्पनीहरुको स्थिर सम्पत्तिको तुलनमा बिक्री आय ३ देखि ५ गुणाले बढी छ भने नेपाल आयल निगमको विक्री आय करिब २५ गुणा बढी रहेको छ। निगमको केन्द्रीय कार्यालय सहित अन्य सम्पूर्ण कार्यालयहरुको भवन, पम्प, टैंक तथा अन्य स्थिर प्रकृतिका सम्पत्ति, संरचना तथा भौतिक पूर्वाधारहरुको अवस्था जीर्ण बन्दै गइरहेको अवस्था छ। लामो समयसम्म निगम घाटामा गएको अवस्था र प्राविधिक जनशक्तिको कमीले गर्दा विगत लामो समयदेखि निगममा भौतिक पूर्वाधारहरु थप गर्न नसकिएको अवस्था छ।

(४) **आसामी(Debtors):**
निगमसंग लिनु पर्ने आसामीहरु कारोवारको आधारमा निकै नै कम देखिन्छ । साथ साथै अन्य आयल कम्पनीहरुसंग तुलना गर्दा पनि निगमले लिनु पर्ने उधारो रकम निकै कम देखिन्छ। औसतरुपमा निगममा लगभग दुई (२) दिन जतिको उधारो देखिन्छ भने अन्य भारतीय कम्पनीहरुमा ७-८ दिनको उधारो विक्री दखिन्छ। निगमको कारोबार लगभग नगदमा नै रहेको छ यो निगमको लागि सवल पक्ष रहेको छ।

(५) **मौज्दात (Inventories)**
निगमको मौज्दातले पेट्रोल ५/ ७ दिनको, डिजल ७/ ८ दिनको, हवाई ईन्धन १२ /१३ दिनको र एल पी जी को निगमसँग शून्य दिनको भण्डारणको अवस्था रहेकोले पेट्रोलियम आपूर्तिका हिसाबले अत्यन्त चुनौतीपूर्ण अवस्थामा मुलुक रहेको छ। जबकि अन्य आयल कम्पनीहरुको करिव ३० दिन भन्दा माथि रहेको छ। जुन अन्य कम्पनीहरुको तुलनामा निकै नै दयनीय अवस्थामा रहेको देखिन्छ। नेपाल जस्तो भूपरिवेष्ठित राष्ट्र तथा एकल आपूर्तिकर्ताबाट पेट्रोलियम पदार्थको आयात भइरहेको अवस्थामा नेपाल सरकारको नयाँ नीति वमोजिम आ.व २०७२।७३ को नेपाल सरकारको बजेट वक्तव्यबाट ५ वर्ष भित्र निर्माण सम्पन्न गर्ने गरी प्रत्येक प्रदेशमा ३ महिनाको आयात ९० दिनको माग धान्ने गरी पेट्रोलियम पदार्थको भण्डारण क्षमता विस्तार गर्ने उद्देश्य भनिएकोमा सोलाई कार्यान्वयन गर्न विभिन्न कारणले ढिलाई भईरहेको अवस्था छ।

(६) **प्रत्यक्ष लागत खर्च :**
नेपालमा खपत हुने सम्पूर्ण पेट्रोलियम पदार्थहरुको आयात विदेशबाट गर्न परिरहेको अवस्थामा निगमको बिक्री मूल्यको आधारमा प्रत्यक्ष लागत खर्च लगभग ८९ प्रतिशत देखिन्छ भने अन्य भारतीय कम्पनीहरुको

कुल खपतको ८०% विदेशबाट आयात र बाँकी २०% आफ्नै देशको उत्पादन हुँदा समेत इण्डियन आयल कार्पोरेशनको ८३ प्रतिशत र अन्य कम्पनीहरुको क्रमशः ९१ र ९० प्रतिशत प्रत्यक्ष लागत खर्च रहेको छ ।

(७) **कर्मचारी खर्च :**
निगमको कर्मचारी खर्च कारोवारको आधारमा अन्य आयल कम्पनीहरुको तुलना गर्दा निकैनै कम देखिन्छ । निगमको कर्मचारी खर्च बिक्रीको अनुपातमा ०।४१ प्रतिशत रहको छ भने अन्य आयल कम्पनीहरुको सोही अबधिमा करिब २ प्रतिशत वा सो भन्दा बढी नै रहेको देखिन्छ । यो निगमको सवल पक्ष रहेको छ ।

(८) **कर्मचारी , प्रशासनिक तथा बिक्री बितरण खर्च :**
निगमको कर्मचारी , प्रशासनिक तथा बिक्री बितरण खर्चहरु तुलनात्मक रुपमा अन्य आयल कम्पनीहरु संग कारोवारको आधारमा हेर्दा निकै नै कम रहेको देखिन्छ । निगमको जम्मा कर्मचारी, प्रशासनिक तथा बिक्री वितरण खर्च बिक्रीको अनुपातमा १।४० प्रतिशत रहकोमा अन्य आयल कम्पनीहरुको सोही अवधिमा ४ प्रतिशत भन्दा बढी नै रहेको देखिन्छ ।

(९)**सीमागत मूल्य अन्तरः**
नेपाल आयल निगम नेपालमा एक मात्र पेट्रोलियम पदार्थहरुको कारोबार गर्ने संस्थान रहेकाले नेपालमा निगमको कारोबार र खर्चहरुको तुलना गर्न भारतरीय कम्पनीहरुसंग गर्दा नेपालमा पेट्रोलियम पदार्थको मूल्य धेरै नै सस्तो रहेको छ । नेपालमा २०७५ कार्तिक १६ गते अनुसार सीमावर्ती क्षेत्रमा**पेट्रोलको मूल्य २०।९७ र डिजेल २३।७३** सस्तो रहेको छ ।

तसर्थ विभिन्न समयमा विभिन्न पत्र पत्रिकामा, विभिन्न किसिमका औपचारिक तथा अनौपचारिक राजनैतिक भाषणहरुमा तथा विभिन्न किसिमका प्रतिवेदनहरुमा निगमको लागत खर्च ,कर्मचारी खर्च तथा अन्य प्रशासनिक खर्च धेरै नै रहेको भन्ने प्रतिक्रियाहरु आएको बुझिन्छ तर तुलनात्मक रुपमा अन्य आयल कम्पनीहरुको कारोबारको आधारमा विश्लेषण गर्दा नेपाल आयल निगमको कर्मचारी खर्च तथा अन्य प्रशासनिक खर्चहरु उल्लेखनीयरुपमा नै कम देखिन्छ ।

# टैंक ट्रक सेक्यूरिटि लकिङ्ग सिस्टम

✍ इ. वीरेन्द्र गोईत

वि.सं.२०२७ सालमा स्थापित नेपाल आयल निगम लिमिटेड देशमा पेट्रोलियम पदार्थको कारोवार गर्ने एकाधिकार प्राप्त संस्था हो । निगमको केन्द्रीय कार्यालय बबरमहल, काठमाण्डौमा रहेको छ र यस अर्न्तगत ७ वटा प्रादेशिक कार्यालय, ७ वटा हवाई ईन्धन डिपोहरु, ३ वटा ईन्धन डिपोहरु, ३ वटा शाखा कार्यालय तथा १ वटा रिफ्यूलिङ्ग स्टेशन रहेका छन् । हाल निगमको कुल भण्डारण क्षमता ७१,६२२ कि.लि. रहेको छ र करिब ६०० जना कर्मचारीहरु कार्यरत छन् । निगमले शुरुवात देखि नै पेट्रोलियम पदार्थहरु जस्तै हवाइ ईन्धन, पेट्रोल, डिजल, मट्टितेल, Furnace Oil भारतको Indian Oil Corporation (IOC) का विभिन्न डिपोहरुबाट निजी क्षेत्रद्वारा संचालित टैंक ट्रकहरुमा ढुवानी गरी निगमका डिपोमा भण्डारण गरी उक्त डिपोहरुबाट Retail Outlets हरुको माग अनुसार उपलब्ध गराउँदै आएको छ । निगमले पेट्रोलियम पदार्थको आपूर्ति, ढुवानी, तथा वितरणको काम निगम अर्न्तगत सञ्चालनमा रहेका करिब १९०० टैकर र १५६२ डिलरहरु मार्फत गर्ने गरेको छ । निगमको ढुवानी सम्झौता अन्तर्गत सञ्चालनमा रहेका टैकरहरु २४ कि.ली., २० कि.ली.र १२ कि.ली. क्षमताका गरी जम्मा लगभग १९०० को संख्यामा रहेका छन् । निगमका सम्बन्धित डिपोहरुवाट आफ्ना क्षेत्रका विक्रेताहरुलाई पेट्रोलियम पदार्थ डिपोवाट लोड तथा डाईभर्ट गरी माग अनुसार पुरा गाडी वा च्याम्बर अनुसार विक्री वितरण गरी आपूर्ति व्यवस्था नेपाल भरि सहज तुल्याएको छ ।

नेपाल आयल निगम लिमिटेड अन्तर्गत करारमा रहेका टैंक ट्रकहरुबाट पेट्रोलियम पदार्थको ढुवानीको क्रममा हुने चोरी, मिसावट, अनाधिकृत कार्यहरुलाई नियन्त्रण तथा निरुत्साहित गर्नका लागि तत्कालीन समयमा टैंक ट्रकहरुमा लगाईएको सिल भरपर्दो र प्रभावकारी नभएको बारे विभिन्न निकायहरुबाट समेत बेला बेलामा निगममाथि विभिन्न आरोप लाग्ने गरेकाले त्यसरी टैंक ट्रकहरुमा लगाइएको सिललाई विस्थापन गरी नयाँ र भरपर्दो एवं प्रभावकारी सेक्यूरिटि लकिङ्ग सिस्टम लागु गर्न आवश्यक भएको थियो । निगमका डिपोहरुमा आई.ओ.सि.बाट लगाइएको लिड वायरसिल प्रभावकारी नभएकाले अध्ययन गरी प्रभावकारी सिल लागू गर्ने व्यवस्था गर्ने भनी विभिन्न निकायहरुबाट निर्देशन भएको विषयलाई लिएर टैंक ट्रकहरुमा मेकानिकल सेक्यूरिटि लकिङ्ग सिस्टम जडान गर्ने सम्बन्धी २०७२/१०/०४ मा निगमबाट गठित कमिटिले दिएको प्रतिवेदनको आधारमा टैंक ट्रकमा लागू हुने Single Security Locking System कार्यविधि २०७४ लाई १ चैत्र २०७४ देखि लागू गरिएको थियो । विगतको तुलनामा टैंक ट्रकमा लकिङ्ग सिस्टम जडान गरे पश्चात्को पछिल्लो पाँच महिनाको डिपोहरुको कार्य प्रणालिमा उल्लेख्य रुपमा सुधार देखिएको छ । लकिङ्ग सिस्टमलाई मूलतः तिन चरणमा लागू गर्दै जाने निगमको निती रहेको छ ।

**<u>पहिलो चरण (ईण्डियन आयल कर्पोरेशन लिमिटेडदेखि नेपाल आयल कर्पोरेशन लिमिटेडको विभिन्न डिपो/कार्यालयसम्म) :-</u>**

पहिलो चरणको सुरुवात इण्डियन आयल कर्पोरेशन लिमिटेडकोसिलगुडी डिपोबाट शाखा कार्यालय चारआली, झापाका लागि संचालित टैंक ट्रकहरुमा २०७४ फाल्गुन ३० गतेका दिन इण्डियन आयल कर्पोरेशनका सिजीएम, Commercial HO Mr. SS Boseर निगमका निमित्तकार्यकारी निर्देशक सुशील भट्टराई लगायत अन्य उच्च पदाधिकारी र ढुवानी व्यवसायिका प्रतिनिधि सहितको सम्मिलित टोलिबाट सुभारम्भ गरिएको थियो भनेईण्डियन आयल कर्पोरेशन लिमिटेडको इलाहावाद टर्मिनलबाट हवाई ईन्धन

डिपो, नेपालगञ्ज तथा हवाई ईन्धन डिपो, धनगढीका लागि ए.टि.एफ लोड गरेका टैंक ट्रकमा लक लगाई समापन गरिएको थियो । सो को विवरण निम्न अनुसार रहेको छ :

| चरण | मिति | ईण्डियन आयल कर्पोरेशन डिपो | नेपाल आयल निगमको डिपो/कार्यालय |
|---|---|---|---|
| **पहिलो** | मार्च १४, २०१८ तदनुसार २०७४ फागुन ३० | सिलगुडी डिपो | शाखा कार्यालय झापा, चारआली । |
| **दोस्रो** | २४ अप्रिल २०१८ तदनुसार ११ बैशाख २०७५ | वैतालपुर डिपो | प्रादेशिक कार्यालय भैरहवा |
| **तेस्रो** | २५ अप्रिल २०१८ तदनुसार १२ वैशाख २०७५ | गोण्डा डिपो | इन्धन डिपो नेपालगञ्ज । |
| **चौथो** | २० मे २०१८ तदनुसार ०६ जेष्ठ २०७५ | रक्सौल डिपो | शाखा कार्यालय विरगंज, २ नं. प्रादेशिक कार्यालय अमलेखगंज, ४ नं. प्रादेशिक कार्यालय पोखरा, हवाई ईन्धन डिपो सिनामंगल र ३ नं. प्रादेशिक कार्यालय थानकोट । |
| **पांचौ** | ०६ जुन २०१८ तदनुसार २३ जेष्ठ २०७५ | बन्थरा डिपो | ७ नं. प्रादेशिक कार्यालय धनगढी । |
| **छैठौं** | १२ जुलाई २०१८ तदनुसार २८ अषाढ २०७५, १५ जुलाई २०१८ तदनुसार ३१ अषाढ २०७५ | बरौनी रिफाईनरी | १ नं. प्रादेशिक कार्यालय विराटनगर, शाखा कार्यालय महेन्द्रनगर (धनुषा) । |
| **सातौं** | २४ अक्टोवर २०१८तदनुसार ०७ कार्त्तिक २०७५ | मुगलसराई टर्मिनल | ५ नं. प्रादेशिक कार्यालय भैरहवा । |
| **अन्तिम** | २६ अक्टोवर २०१८ तदनुसार ०९ कार्त्तिक २०७५ | इलाहावाद टर्मिनल | हवाई ईन्धन डिपो नेपालगंज र हवाई ईन्धन डिपो धनगढी । |

**दोस्रो चरण (नेपाल आयल निगम लिमिटेडका डिपोहरु देखि विक्रेताको विक्रिस्थलसम्म) :**
दोस्रो चरणमा निगमको डिपोबाट विक्रेताको विक्रीस्थलसम्म पेट्रोलियम पदार्थ ढुवानी गर्ने टैंक ट्रकहरुमा छुट्टै प्याड लक लगाउनु पर्ने र सो प्याड लक खरीद गर्नु पर्ने भएकोले सोको आवश्यक प्रकृयानिगमले थालनी गरीसकेको छ । लकिङ्ग सिस्टम जडान भएका टैंक ट्रकहरु हमेसा लक गरेको अवस्थामा हुनु पर्ने

भएकोले दोस्रो चरण अन्तर्गतको कार्य सम्पन्न भए पश्चात् सिस्टम थप प्रभावकारी हुने र त्यसबाट निगमकाविक्रेताहरुलाई फाइदा पुग्ने विश्वासलिइएको छ ।

**तेस्रो चरणः**

पहिलो र दोस्रो चरण पूर्णरुपमा कार्यान्वयन भए पश्चात् सिस्टमलाई अझ पारदर्शी र प्रभावकारी बनाउन VTS (Vehicle Tracking System) System लागु गर्नु पर्ने देखिन्छ । VTS System को जानकारी तपशिलमा उल्लेख गरिएको छ :-

**Vehicle Tracking System (VTS):-** A vehicle tracking system combines the installation of an electronic device in a vehicle (called the vehicle Mounted Unit (VMU)), with purpose-designed computer software at least at one operational base (situated at Head Office) to enable Nepal Oil Corporation Ltd and it's Business partners to track the vehicle's location, collecting data in the process from the field and deliver it to the base of operation (Servers).

## VTS जडानको उद्देश्य :

- Accurate location of vehicle in real time
- Complete travel/route report for each vehicle
- Reports of stop-overs for each vehicle
- Distance report for each vehicle
- SMS/Email Alerts on un-authorized travel route
- SMS/Email Alerts on un-authorized stop-over
- Visibility to all levels of administration
- Ease web based vehicle & route Management





**Components of VTS**

- Vehicle Mounted Units (VMU)
- Communication Server (SMS & GPRS)
- Database Server cum Web Map Server
- Web Server & Web Map Server
- Interface of SAP or NOC's IOCS System
- Existing Intranet IOCS of NOCL

**VTS को लागि आवश्यक पूर्वाधारहरु :-**

- Approved routes to be uploaded beforehand
- SAP or IOCS Invoice data uploaded by batch process automatically once in every seven minutes
- Various Masters to be maintained
- Server Architecture
- Service Provider for GPS/GSM Services

**VTS बाट उत्पन्न हुने सूचनाहरु :-**

- Summary of Exceptions
- Trip Report
- Dynamic Status
- SAP or IOCS Data Exception Report
- Exception Summarized Report
- Exception-Detailed Report
- System Dashboard
- VMU Status Report
- Letter to Transporters on Deviations
- VMU On/Off Status Report

**VTS प्रयोगका फाईदाहरु :-**

- Transporters can access the movement of their TT
- Real time tracking that both make business more efficient, more environmentally friendly.
- Helps lowering your operating costs
    1. Drivers Adhere To Speed Limits
    2. GPS Fleet Tracking Improves Routing For Greater Efficiency
    3. Fleet Tracking Tools Assist in Proper Vehicle Maintenance

**सेक्यूरिटि लकिङ्ग सिस्टम सञ्चालनमा ध्यान दिनु पर्ने विषयहरु :**

सेक्यूरिटि लकिङ्ग सिस्टम अन्तर्गतसम्बन्धित डिपोहरुमासंचालन भई रहेका टैंक ट्रकहरुको सम्बन्धित डिपो प्रमूखले "**सेक्यूरिटि लकिङ्ग सिस्टम कार्यविधि २०७४**" ले निर्देशित गरेको प्रावधान बमोजिमचेक जाँच नियमित रुपले गुर्नपर्ने छ। जुन तपशिल अनुसार रहेको छ।

**Critical Aspects of Locking System**

(1) MASTER KEY MANAGEMENT:-

- Master Key should not be taken out of location.
- Master Key after usage to be kept in electronic safe.
- Any defective or entangled master key to be cut into 3 pieces in the presence of another officer and records maintained.
- Master key always to be kept in personal custody of officer.

(2) SECURITY LOCKS MANAGEMENT :-

- To be Issued, Received & Stored by nominated officers of the location. Inventory of the locks to be maintained.
- Daily Inventory of locks to be maintained.
- In case, losses of locks or specific keys are reported by the customer, the cost of the locks will be recovered from the customer.
- In case the recovery is to be waived, the same has to be approved by NOC HO.

(3) CUSTOMER SPECIFIC KEY :-

- The specific keys of the customers are issued along with new locks with due acknowledgement.
- It is the responsibility of the Customer to maintain the integrity of the locks and the specific keys.

(4) LOCKING OPERATIONS :-

- The Master key shall be received from the location In-charge from electronic safe by officer concerned by signing in the Master key movement register.
- Locking & Unlocking operations will be carried out in the location by authorized persons only.
- The locking operations are supervised by the nominated officer for the purpose & carried out by Corporation employee.
- Under NO circumstances the Master keys are handed over to TT crew.

(5) DOCUMENTATION & RECORDS :-

- Master key movement registers for daily operations.
- Daily Inventory tallying Register for daily accounting of Receipts, Issues of locks& Masters Key.

- Spare Master keys should be kept in enveloped sealed & signed with date by Location In-charge & officer nominated. Records to be maintained.
- The non-operative, worn-out, master keys to be cut into 3 pieces in the presence of 3 officers & to be sent to Manufacturer with covering letter through respective IOC's Location. Follow up to maintained till replacement is received.

(6) EXTRA ORDINARY SITUATIONS :-

- FIR to be lodged in case of loss of Master key and all associated locks with the Master key should not be used
- Any variation in the locks Inventory has to be thoroughly investigated and reported to NOC Head Office.
- In case of TT accident for loaded vehicle & product to be salvaged, the shacle of locks is to be cut and cost to be recovered from transporter.
- In case of key lost by customer, customer should lodge FIR and seek new set of locks from location and cost of locks will have to be debited.

(7) STAINLESS STEEL LOCKING SYSTEM of TT :-

- All hinges, flange Joints, & other associated fittings linked with locking system should be of Stainless Steel, robust strong and welded but should not be painted.
- Transporter must ensure not to apply paints on any joint related to locking arrangement.
- Carrier shall ensure that the TT is always in locked condition including on its return journey except during loading/unloading operation. Any act of tampering with the security locking system shall be construed as malpractice and action shall be taken against the carrier.

**सेक्यूरिटि लकिङ्ग सिस्टमको फाइदाहरु :-**

- सही परिमाण र गुणस्तरको तेल आयात हुने ।
- तेल अपचलन सम्बन्धी लाग्ने आरोपमा कमी आउने ।
- निगमप्रति जनस्तरमा विश्वासको वातावरण सिर्जना हुने ।
- विक्रेताहरुले सहि परिमाणमा पेट्रोलियम पदार्थ प्राप्त गर्ने ।
- टैंक ट्रकको क्यालिब्रेशन सही भए/नभएको जानकारी हुने ।
- पेट्रोलियम पदार्थको कारोबार थप विश्वासिलो, भरपर्दो र पारदर्शी हुने ।

# आपूर्ति सुनिश्चीतताको उत्कृष्ट संयन्त्र : पाइपलाइन

भानुभक्त खनाल

करिव २० वर्षदेखि चर्चामा रहेको पेट्रोलियम पाइपलाइन परियोजना लामो समयसम्म प्रारम्भिक छलफलमै सिमित रहेन गयो । तत्कालिन आपूर्ति मन्त्री शंकर पोखरेलले सन् २००४ मा पहिलो पटक पाइपलाइनको लागि औपचारिक सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो । परियोजना निर्माणको मोडालिटि र लगानीको मोडलमा करिव १० वर्ष छलफल भएपश्चात भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको विशेष पहलमा सन् २०१५ मा तत्कालिन आपूर्ति मन्त्री सुनिल बहादुर थापा र तत्कालिन भारतीय पेट्रोलियम मन्त्री धर्मेन्द्र प्रधानले हस्ताक्षर गर्नु भएको थियो । २०७४ बैशाखबाट पहिलो पटक नेपालतर्फको निर्माण कार्य शुरु भएको थियो ।

**निगमलाई पाइपलाइनको आवश्यकता :**

विद्यमान ढुवानी प्रणाली अन्तर्गत निगमले इण्डियन आयल कर्पोरेशनका भारतस्थित विभिन्न रिफाइनरी तथा डिपोहरुबाट निगमसँग करारमा रहेका नेपाली नम्वरका टैंकरहरुबाट इन्धन ढुवानी गर्दछ । इण्डियन आयलको नेपाल नजिकका डिपोहरुमध्ये नेपालको मध्य क्षेत्रका लागि रक्सौल र बरौनीबाट पेट्रोलियम पदार्थ आयात गर्दै आइरहेका छौ । बरौनीबाट आयात गर्दा दूरी लामो भएको कारण ढुवानी प्रभावित हुने गरेको छ । विभिन्न पक्षहरुबाट ढुवानीमा हुने अवरोधहरु बन्द, हड्तालहरुका कारण समेत समय-समयमा ढुवानी प्रणालीमा समस्या उत्पन्न हुने गरेको छ । रक्सौल क्षेत्रमा हुने अत्याधीक सवारी चापका कारण उक्त रुटमा समेत सवारी जाम लगायतका विभिन्न समस्याहरु छन् । यी सबै समस्याहरुको उत्तम समाधान भनेको पाइपलाइन नै हो । पाइपलाइन मार्फत इन्धन सहजै ढुवानी गर्न सकिन्छ । रक्सौल-विरगंज क्षेत्रमाहुने सुवारी जामको एउटा प्रमूख कारण पेट्रोलियम पदार्थको ढुवानी गर्ने टैंकर पनि रहेको सन्दर्भमा यसले उक्त क्षेत्रको सवारी चाप नियन्त्रण गर्न समेत मद्धत पुग्नेछ । वातावरणिय दृष्टिकोणबाट समेत पाइपलाइन लाभदायक छ । वर्तमान प्रणालीमा हुने ढुवानी वापतको खर्च नियन्त्रण भई समग्र रुपमा निगमको व्यवसायीक प्रकृयालाई नै पाइपलाइनले परिवर्तन गर्नेछ । ढुवानी प्रकृयामा सहजताकै लागि पनि निगमलाई पाइपलाइन अत्यावश्यक छ । पाइपलाइन आपूर्ती प्रणालीलाई सुनिश्चीत गर्ने सबैभन्दा उत्कृष्ट ढुवानी संयन्त्र हो ।

**पाइपलाइनबाट मुलुकलाई हुने फाइदा :**

पाइपलाइन मार्फत् ढुवानी गर्दा नेपाललाई फाइदा नै फाइदा रहेको छ । अहिले वीरगंज क्षेत्रबाट मात्रै कुल आयातको करिव ६० प्रतिशत इन्धन आयात भइरहेको सन्दर्भमा टैंकर मार्फत् ढुवानी गर्दा लाग्ने ढुवानीसँग सम्बन्धित कुनै पनि खर्च लाग्दैन । यसका अतिरिक्त गुणस्तरको सुनिश्चितता पाइपलाइनको अर्को मुख्य फाइदा हो । निगमको पूर्ण सचेतनाका वावजुद पनि वेला बखतमा हुने गुणस्तरसँग सम्बन्धित समस्या, तापक्रम एवं कार्यगत नोक्सानीको समस्या लगायतका विभिन्न समस्याहरुको समाधानको उत्तम विकल्प भनेको पाइपलाइन नै हो । पाइपलाइनबाट ढुवानी हुँदा वातावरणीय एवं

पर्यावरणीय असर समेत न्यूनीकरण हुन्छ । यसका साथै ढुवानी कार्यमा हुने अवरोधका कारण उत्पन्न हुने समस्याहरु सदाका लागि अन्त्य हुन जानेछ । पाइपलाइनबाट पेट्रोलियम पदार्थकोढुवानी भए पश्चात इन्धन बालेर इन्धन नै आयात गर्ने अवस्थाको अन्त्य हुनेछ । मुलुकको विकासको लागि अत्यावश्यक इन्धनको आपूर्ति सुनिश्चित हुनुले सम्रग मुलुकलाई नै फइदा पुग्नेछ ।

**परियोजनाको हालको भौतिक प्रगतीको अवस्था :**

आयोजना अन्तर्गत नेपालतर्फ पाइप विछ्याउने कार्य करिव ६० प्रतिशत सम्पन्न भइसकेको छ । यसका साथै अमलेखगंज स्थित डिपोमा टैंकीको स्तरोन्नतीको कार्य समेत तिव्र गतीमा भइरहेको छ । नेपालतर्फको कुल ३६.२ कि.मि. मध्ये २२.४ कि.मि. खण्डमा पाइप विछ्याउने कार्य सम्पन्न भइसकेको छ । पर्सा राष्ट्रिय निकुञ्ज तर्फको ११ कि.मि. खण्डमा रुख कटान पूर्व वातावरणीय प्रभाव मूल्यांकन अध्ययन पुरा गरी वन मन्त्रालयबाट स्वीकृत समेत भइसकेको छ । अव छिट्टै उक्त क्षेत्रमा पाइपलाइन विछ्याइनेछ । कठिन एवं समय धेरै लाग्ने स्थानहरुमा Horizontal Directional Drilling (HDD) प्रविधीको प्रयोग गरेर पाइप विछ्याइएको छ । वास्तविक निर्माण कार्य भन्दा पनि नीतिगत एवं प्रकृयागत कार्यका कारण समय धेरै लाग्न जाँदा आयोजनाको कार्य प्रभावित भएको थियो । हालको निर्माणको गतीको आधारमा भन्ने हो भने निर्धारित समय भन्दा पनि धेरै छिटो काम सक्न सम्भव हुन्थ्यो ।

आयोजनाको लागि अहिले पर्सा राष्ट्रिय निकुञ्ज अर्न्तगतको ९ कि.मि. खण्ड चुनौती पूर्ण रहेको छ । गत कात्तिक १२ गते निगमको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन (EIA) स्वीकृत भएपश्चात् उक्त क्षेत्रको रुख गणना एवं मार्किगं कार्य समेत सम्पन्न भइसकेको छ । अव मन्त्रीपरिषद्बाट स्विकृती पाए पश्चात् उक्त रुखहरु कटान गरी निर्माण कार्य अगाडि बढाइने छ । निगमले आयोजना निर्माणको क्रममा कटान हुने रुखहरुबाट हुने वातावरिणय क्षतीको सोधभर्नाको लागि प्रति १ रुख २५ वटा रुखको समेत वृक्षारोपन गरि संरक्षण गर्नेछ । परियोजना सम्पन्न भएपश्चात वातावरणको संरक्षणमा समेत मद्धत पुग्नेछ ।

यस कार्यका लगि वन्यजन्तु संरक्षण तथा निकुञ्ज विभाग तथा वन तथा वातावरण मन्त्रालयसँग नियमित सर्म्पकमा रही कार्य भइरहेको छ । पर्सा राष्ट्रिय निकुञ्जको क्षेत्रको करिव १० कि.मि. खण्डमा रुख कटान गरी पाइप विच्छाए पछि सबै क्षेत्रमा पाइपलाइन गाड्ने कार्य सम्पन्न हुनेछ ।

निर्माण कार्य सुरु गरेको ३० महिना भित्रै सम्पन्न गर्ने लक्ष्य रहेकाले आगामी मार्च महिना भित्रै पाइपलाइन मार्फत् पेट्रोलियम पदार्थको परीक्षण आयात हुनेछ ।

मोतीहारी-अमलेखगंज पेट्रोलियम पाइपलाइन परियोजना भारत सरकारको समेत पहिलो अन्तर्देशीय पाइपलाइन परियोजना हो । आयोजनाको ३२.७ कि.मि. भारततर्फ पर्दछ । इण्डियन आयल कर्पोरेशनले भारतमा १३,३९१ कि.मि. पाइपलाइनको सञ्जाल निर्माण गरिसकेको छ । उक्त सञ्जाल भारतकै सबैभन्दा भन्दा ठूलो पाइपलाइन सञ्जाल हो । इण्डियन आयलले सन् २०२० सम्म २०,००० कि.मि

पाइपलाइन निर्माण गर्ने लक्ष्य राखेको छ । नेपाल आयल निगम र इण्डियन आयल कर्पोरेशनले चार दशकदेखि व्यापारिक कारोबार गरिरहेका छन् । पाइपलाइन परियोजनाको निर्माणले दुई संस्थाको सम्बन्धलाई थप सदृढ गर्नेछ ।

**पाइपलाइनको थप विस्तार योजनाः**

पाइपलाइन परियोजनाबाट प्राप्त गरेको प्राविधिक ज्ञान एवं अनुभवले निगमको क्षमता अभिवृद्धि गरेको छ । आगामी दिनमा यस प्रकृतीका परियोजनाहरु निगम आफैले समेत निर्माण गर्न सक्ने विश्वास हामीलाई छ । अबको चरणमा पाइपलाइनलाई हामी चितवनसम्म विस्तार गर्ने, सिलिगुढीदेखी विराटनगरसम्म पाइपलाइन निर्माण गर्ने, गोरखपुरदेखि सुनौलीसम्म प्राकृतिक ग्यासको पाइपलाइन निर्माण गर्ने सम्बन्धमा विभिन्न योजनाहरु तय भएको छन् ।

पाइपलाइनलाई चितवनसम्म विस्तार गर्न सकेको खण्डमा काठमाडौं उपत्यका लगायत प्रदेश नं ३ मा इन्धन आपूर्ति सहज हुनेछ । हालको अमलेखगंज डिपोको क्षेत्रफल सीमित रहेकोले आपूर्तिलाई थप सहज बनाइ भण्डारण समेत अभिवृद्धि गर्नको लागि पाइपलाइनलाई चितवनसम्म विस्तार गर्नु आवश्यक छ । प्रादेशिक माग अनुसार इन्धन भण्डारण सातै प्रदेशमा निर्माण गर्ने सरकारको रणनैतिक योजना बमोजिम निगमले प्रदेश नं. ३ को लागि चितवनमा भण्डारण निर्माण गर्नका लागि करिव २० विगाह जग्गा खरिद समेत गरिसकेको छ । चितवनमा नै डिपो स्थापना गर्दा रणनैतिक दृष्टिकोणबाट समेत उपर्युक्त भई पाइपलाइनको विस्तार समेत सहज हुने भएकोले निगमले चितवनलाई रोजेको हो । चितवनसम्म पाइपलाइन विस्तार गर्नका लागि व्यापारिक साझेदार इण्डियन आयलसँग विभिन्न चरणमा छलफल भइसकेको छ । परियोजनाको क्रमवद्ध रुपमा विस्तार गर्दै लान सकिएमा विद्यमान ढुवानी प्रणालीलाई व्यवस्थीत गर्न सहज हुनेछ ।



# निगममा कर्मचारी वढुवा

अर्जुनमणि आ.दीक्षित

**१. विषय प्रवेश :**

सार्वजनिक कर्मचारी प्रशासन भन्नाले कर्मचारीको नियुक्तिदेखि अवकाशसम्मका बिभिन्न पक्षहरु समावेश भएको मानिन्छ । यी मध्ये संगठनमा कर्मचारी वढुवालाइ विशेष महत्व प्रदान गर्ने गरिएको छ । उत्पादन र उत्पादत्वको अभिबृद्धिका लागि जे जति साधन श्रोत आवश्यक हुन्छन् ती सबैको आपूर्ति र व्यबस्थापन गर्ने काम कर्मचारीकै हो । यस मानेमा राम्रा कर्मचारी आँफैमा साधन हुन भने साध्य पनि हुन् । त्यसैले राम्रा कर्मचारीको जगेर्नाको लागि कर्मचारी वढुवामा विशेष ध्यान दिनुपर्ने हुन्छ । साबिकमा संगठनभित्रको कर्मचारीबाट संपादन हुँदैआएको काम, कर्तव्य र जिम्मेवारीको तुलनामा केही कठिन र केही जटिल किसिमको काम संपादन गर्नको लागि माथिल्लो तहको पदमा अलग दर्ज्यानी र केही थप सूविधा सहित पदस्थापना हुनुलाइ कर्मचारी प्रशासनको भाषामा पदोन्नति भनिने गरेको छ । बृत्तिबिकासको एउटा खुट्किलोको रुपमा रहेको पदोन्नतिलाई कर्मचारी र संगठन दुवैको हितमा प्रयोग गर्ने गरिन्छ । कर्मचारी जति सक्षम र जिम्मेवार हुंदै गयो उति नै संगठनको माथिल्लो तहको लागि जनशक्ति प्रमाणित हुने र आफू कार्यरत संगठनको माथिल्लो तहको काम गर्ने अवसर पाएबाट कर्मचारीको क्षमता अभिबृद्धि हुंदै पनि जाने भएकोले पदोन्नतिलाइ संगठन तथा कर्मचारी दुवैको हितकारी (Win win) तत्वको रुपमा लिइने गरेको छ । यसैकारण सार्वजनिक कर्माचारी प्रशासनमा जस्तै सरकारी स्वामित्वमा संचालित संगठित संस्थामा पनि पदोन्नति नीति कस्तो अपनाउने ? यस अन्तर्गत नियम विनियम कस्तो निर्माण गर्ने आदि विषयमा गहन अध्ययन हुनुपर्ने मान्यता रहिआएको छ ।

कर्मचारी प्रशासनलाइ R-R अर्थात Recruitment देखि Retirement सम्मको विविध कियाकलाप समेट्ने बिधाको रुपमा लिइने गरेकोमा पछि आएर यसलाइ Pre R to Post Rसम्मको कियाकलाप समेट्ने गरी व्याख्या गर्न थालिएको छ । वास्तवमा Pre Rअर्थात् नियुक्ति अघिको कियाकलाप भन्नाले पद व्यबस्थाको स्वरुप, पदसोपान र सेवा प्रवेशका लागि आवश्यक न्यूनतम योग्यता, पाठ्यक्रम, परीक्षण विधि आदि बिषयले कर्मचारी वढुवामा प्रत्यक्ष असर पार्नेभएकोले यसलाइ वृत्ति बिकाससंग सम्बद्ध तुल्याइ हेर्नुपर्ने परिपाटीको बिकास भएको छ । यिनै कुराको सेरोफेरोमा नेपाल आयल निगमको कर्मचारी वढुवाको विश्लेषण गर्ने प्रयोजनको लागि यो लेख तयार पारिएको छ ।

**२. पदोन्नतिको आधार :**पदोन्नतिको लागि कर्मचारीको उपयुक्तता जाच्ने कसी भनेको निजको योग्यता (Competency)नै हो । यँहानिर योग्यता भन्नाले दुइवटा कुरालाइ जनाएको संझनुपर्ने हुन्छ । पहिलो निजको विगतको कार्यसंपादनको (Performance)स्तर उँचो रहेको थियो वा थिएन र दोश्रो निजमा माथिल्लो तहको काम, कर्तव्य र जिम्मेवारी वहन गर्ने वैयिक्तक गुण र चरित्र (Personal Traits) विद्यमान छ वा छैन । यस रुपमा पदोन्नति हुनको लागि हिजोको योग्यताले मात्र पुगेन, माथिल्लो तहको कार्य र जिम्मेवारीको निर्वाह गर्न भोलिको लागि विशेष किसिमको क्षमता (Potentialities) बिद्यमान छ भन्ने कुरा वैयक्तिक गुण र चरित्रले प्रमाणित गर्छ गर्दैन बिचार पुऱ्याउनु पर्ने हुन्छ । यँहानिर पदोन्नतिको

लागि वस्तुगत (Objective) र बिषयगत (Subjective) दुवै आधार प्रयोग हुने स्थिति देखापर्दछ । कार्यसंपादनको स्तर वस्तुगत आधारले र वैयक्तिक गुणको ठूलो अंश चाहि विषयगत आधारमा मूल्यांकन गर्ने गरिन्छ । यंहानिर मूल्यँाकन गर्ने कर्मचारीको आफ्नै वैयक्तिक गुण र चरित्र पनि मूल्यांकन गरिने कर्मचारीको वैयक्तिक गुणसंग कति हदसम्मको सामञ्जस्य रहेको छ सो पनि संगसंगै गाँसिएर आउने स्वाभाविकता मनन गरिनुपर्ने हुन्छ । कार्यक्षमताको मूल्यांकनको क्रममा कार्यसम्पादनलाइ मूल तत्व मानी पूरक तत्वको रुपमा अन्य आधारहरुको मूल्याकंनबाट अव्वल कर्मचारी पदोन्नतिका लागि छानिन्छन् भन्ने हुंदै होइन, अव्वल त कार्यसंपादनको स्तर भित्रै खोजिनु पर्दछ, वैयक्तिक गुण र चरित्रको उजागर कसरी भएको छ सोही आधारमा मात्र खोजिनु पर्ने हो । यो पूर्णतया संभव नभएकै कारणले होला, मेरिट संग सम्बन्धित तत्वहरु पनि समेटिनु परेको कुरा तर्कपूर्ण देखिन्छ । त्यसैले कर्मचारीको पदोन्नतिका लागि कार्यसंपादन उपरको मूल्यांकन विधि तर्जुमा हुँदा कार्यसंपादनको स्तर र वैयक्तिक गुणलाइ वरावरी तौल दिएर सन्तुलित रुपमा मूल्यांकन गर्ने परिपाटी करिव करिव एउटै ढाँचा रहेको पाइन्छ ।

**३. पदोन्नति आधारको पर्याप्तता :**

वास्तवमा कर्मचारीको पदोन्नति निजको कामभन्दा बाहेकको तत्व (Factor)को आधारमा गरिनु हुदैन, कामकै सेरोफेरोमा निजको मूल्यांकन गरेर मात्र पदोन्नति गरिनुपर्दछ चाहे त्यो वर्तमानमा संपादन गरेको होस वा भबिष्यको लागि आवश्यक पर्ने क्षमताको मूल्यांकन गरेर होस भन्ने मान्यता रहेको छ । तर वास्तबिकता के हो भने कार्यक्षमतामा आधारित प्रस्तुत व्यबस्था बिशेषतः हाम्रो जस्तो सन्दर्भमा जस्ताको तस्तै हुवहु लागु गर्न संभव छैन । यसका लागि कर्मचारीको कार्य विवरण (Job description) मा उल्लिखित प्रत्येक कामको मूल्यांकनको आधार, मापदण्ड र सूचकांकको विकास गरी त्यसैको आधारमा मात्र कामको मूल्यांकन गर्नु त्यति सजिलो अवश्य पनि छैन । काम (Job) लाइ केद्रविन्दुमा राखी नियुक्ति र बढुवा गरिने प्रणाली (Man in Job) अपनाएका विकसित मुलुकले पनि निजामती सेवामा थानका थान उजुरीहरु फर्छाइरहनु पर्ने स्थितिको सामना गरिरहेका छन् । यता दर्जाउन्मुख (Rank in man) प्रणाली अपनाइ आएका सगठनहरुमा कार्यक्षमताको मूल्यांकनलाइ व्यवहारमा उतार्न झन कठिन हुने कुरा सवैले बुझेकै र व्यहोर्दै आएको विषय हो । यस स्थितिमा कर्मचारीको पदोन्नतिका लागि योग्यता प्रणालीका परिपूरकको रुपमा ज्येष्ठता (Seniority)र कार्यक्षमता मिश्रित प्रणाली कार्यान्वयनमा ल्याउने परिपाटी रहेको छ ।

**४. निगममा पदोन्नतिको कार्यान्वयन स्थिति :**

**(क) संगठित संस्थाको सक्रियता :**

सैद्धान्तिक रुपमा भन्नुपर्दा नेपालमा सार्वजनिक संस्थान लगायत सवै संगठित संस्थाहरु कानूनले नै स्वायत्त छन् । वर्तमानमा संगठित संस्थाको कर्मचारी वढुवा विषयमा लोक सेवा आयोगको संलग्नता सामान्य सिद्धान्तको पालनाको हदसम्मको लागि हो । आ आफ्नो संस्थाको कर्मचारी प्रशासन सुदृढ गर्ने

क्रममा के कस्तो संगठनात्मक र व्यबस्थापकीय संयन्त्र कार्यान्वयनमा ल्याउनु पर्ने हो, अध्ययन चिन्तन गर्न नमिल्ने हुंदैन । यहाँनिर संगठित संस्थाको सक्रियताको अभाव साविकदेखि नै खट्किएकै हो ।

**(ख) मूल्यांकनको मानवीय पक्ष :**
कर्मचारीको सेवाको स्थायित्व निजको अधिकारको विषय हो भने कर्मचारीको पदोन्नति भनेको व्यबस्थापनले कर्मचारीको कार्य संपादनको वदलामा दिएको प्रोत्साहन हो भन्ने कुरा कर्मचारी माँझमा अहिलेसम्म भिजाउन सकिएको छैन । पदोन्नति पाउनेले व्यबस्थापन प्रति आभार हुनु परेकै छैन । यसलाइ कर्मचारीले आफ्नै आर्जन संझेका छन् । व्यबस्थापनले कर्मचारीवाट आस्था आर्जन गर्न नसक्दा वफादारितालाइ कार्यान्वयन (Loyalty Command)मा ल्याउन सकेको ,छैन । यसले एकातिर कर्मचारी अनुशासनमा प्रतिकूलता पैदा भएको छ भने अर्कोतिर कर्मचारीको मानवीय पक्ष पनि ओझेल परेको छ । कर्मचारी मूल्यांकन बिधि बढी यान्त्रिक (Too mechanical and less human)प्रतीत भएको छ । वास्तवमा भन्नुपर्दा संगठित संस्थामा मानवीय पक्ष (Human factor) गौण तुल्याउने तत्वको रुपमा वर्तमान मूल्यांकन प्रणालीलाइ बढी जिम्मेवार तुल्याउन सकिन्छ ।

**(ग) मूल्यांकन प्रणालीको विश्वसनीयता :**
वर्तमानमा कार्यसंपादन मूल्यांकन प्रणालीको महत्व र प्रभावकारितालाइ कसैले स्वीकारेका छैनन् । मूल्यांकनको लागि आधार र मापदण्ड विकास नभएको वर्तमान अवस्थामा सुपरीवेक्षकले कर्मचारीको कार्यसंपादन विगारी दिंदा कर्मचारी मनोविज्ञानमा प्रतिकूलता पैदा हुने कुरा त छंदैछ । सवैलाइ वरोवरी अकं प्रदान गर्दा पनि यसको अंकभार शून्य प्रायः हने हुँदा दुवै स्थितिमा कार्य संपादनले. महत्व गुमाएको प्रतित भएको छ । यो स्थितिमा समाधान पनि कार्य संपादन भित्रै खोज्नु पर्ने हुन्छ । कर्मचारीले भर्ने विवरण निजको कार्य विवरणकै आधारमा हुनुपर्ने अनिवार्यता गरियो भने कार्य विवरण र मूल्यांकन फाराममा कर्मचारीले भरेको विवरण सुपरीवेक्षकले भिडाएर हेर्न नसक्ने हुदैन । यसैगरी मूल्यांकन वापतको अंकभार सन्तुलित रुपमा प्रदान गरिएको छ छैन सुपरीवेक्षक र पुनरावलोकनकर्ताको मूल्यांकन धेरै फरक परेमा पुनरावलोकन समितिले फाराम नै फिर्ता पठाउन सक्ने वा सुपरीवेक्षक र पुनरावलोकनकर्ताको दोहोरो संवादको लागि प्लेटफार्म (समिति भित्रै) को रुपमा काम गर्न नसक्ने पनि हुदैन । यो काम कडाइका साथ गर्ने हो भने कर्मचारीको मूल्यांकन निकै हदसम्म यथार्थ तुल्याउन नसकिने हुदैन । यसको साथै संगठन भित्र कर्मचारीको मूल्यांकन वढुवा कुन दिशामा गएको छ अनि त्यसैगरी आन्तरिक वढुवाले प्रशासनिक संरचनामा कता के कसरी असर पारेको छ, निर्णय लिने विधिको प्रसंगमा दुवैथरीको कार्यसंपादन र व्यबहार कस्तो रहिआएको छ ? कर्मचारी मनोवलमा यसले कस्तो असर पारेको छ ? आदि कुराको अध्ययनको काममा लोक सेवा आयोगसंगको समन्वयमा सम्बद्ध संस्थाको सक्रियता खट्केको छ ।

**(घ) वढुवा तथा कर्मचारीको उत्पादकत्व :**
कर्मचारीको वढुवाले संगठनको कार्य संपादनमा के कस्तो प्रभाव पारेको छ भन्ने विषयमा वीचवीचमा अध्ययन गरिनु पनि आवश्यक छ । एकातिर कर्मचारीलाइ वढुवा गरेर आर्थिक दायित्व वढाउँदै जाने अनि अर्कोतिर तिनै कर्मचारीले वढुवा पाएको वास्तविकतालाई Taken for granted रुपमा लिइ अनुत्पादक भैदिंदा संगठनले नकारात्मक परिस्थिति झेल्नुपर्ने हुन्छ । यँहानिर कर्मचारी वढुवालाइ सकारात्मक रुपमा नलिएको अर्थ नलागोस, तर संगठनले बढी जिम्म्वारी वहन गर्ने कर्मचारीको चाहना गरेको कुरालाइ

सकारात्मक ढंगमा लिइदिनु आवश्यक हुन्छ । केही वर्ष अघि निगममा करिव ६० प्रतिशतभन्दा बढी कर्मचारीको एकैपटक वढुवा भएको विषयलाइ धरैले संझेका छन् ।

**(ङ) संगठन तथा व्यवस्थापन अध्ययन :**

निगमको कर्मचारी प्रशासनलाइ Pre Rअर्थात नियुक्ति अघिको कियाकलाप भन्नाले पद व्यबस्थाको स्वरुप, पदसोपान र सेवा प्रवेशका लागि आवश्यक न्यूनतम योग्यता, आदि बिषय समेत समेटने गरी संगठन तथा व्यबस्थापन अध्ययन गर्ने गरिएको पाइयो । यस पटक संगठन तथा व्यबस्थापन अध्ययन भएको एक बर्षपछि कर्मचारी बढुवाको कामको दौरान कतिपय पदमा वढुवाको लागि संभाव्य उमेदवार नभएको, कर्मचारी संख्या भन्दा बढी दरबन्दी कायम भएको, कतिपयमा योग्यता नमिलेको, प्राविधिक र प्रशासनिक सेवामा वढुवा अनुपात नमिलेको, सेवा समूह व्यबस्थित नभएको, करारका कर्मचारीको व्यबस्थापन नभएको जस्ता कुरा  ले कर्मचारी वृत्तिविकासमा प्रत्यक्ष असर पारेको अनुभूति व्यबस्थापन लगायत कर्मचारीले पनि गरेका छन् । आउँदा दिनहरुमा संगठन तथा व्यबस्थापन अध्ययनलाइ कर्मचारी वृत्ति विकाससंग समेत सम्बद्ध तुल्याइ अझ गहिरिएर हेर्नुपर्ने आबश्यकता महसुस भएको छ ।

**(च) लेखा समूहका कर्मचारीको वृत्तिविकास :**

लेखा प्रशासन निगमको मेरुदण्ड हो । यसको लागि विनियमले विशेष योग्यता मागेको पनि छ । निगमले अर्वौ रुपैया आयव्ययको भार वहन गर्दैआएको छ । निगममा दशकभन्दा अघिदेखि चार्टर्ड एकाउण्टेण्टको दरबन्दी कायम गर्दै वीचवीचमा थप कर्मचारीहरु भर्ना हुंदै पनि अएका छन् । तर यिनको सहयोगीको रुपमा रहेका लेखाका कर्मचारीहरुको स्थायित्वका वारेमा अपेक्षित ध्यान नपुगेको स्पष्ट देखिएको छ । वढुवा भएकै अवस्थामा पनि लेखा समूहका कर्मचारीहरुको अभिरुचि लेखाभन्दा बाहेकको क्षेत्रमा भएगरेको देखिन्छ । त्यसैले अहिलेको अवस्थामा लेखा समूहमा काम गर्ने र यो समूहमा कर्मचारी वढुवा गर्दा वृत्तिविकासमा निगमले ध्यान पऱ्याएको देखिनुपर्ने स्थिति छ ।

**(छ) समयवद्ध बढुवाको व्यबस्था :**

केही बर्ष यताआएर निगममा सेवा प्रवेशको लागि तोकिएको योग्यताभन्दा माथिल्लो योग्यता भएका कर्मचारीहरु नियुक्तिको लागि सिफारिस हुने कम बढदो छ । उदाहरणको लागि ओभसियर मागेकोमा इन्जिनियर आउनु, प्रवीणता प्रमाणपत्र मागेकोमा स्नातकोत्तर आउनु, ४ तहको ल्यावको पदमा एम.एस्सी. आउनुलाइ लिन सकिन्छ ।  संगठनको लागि यो स्वस्थकर प्रवृत्ति यस मानेमा होइन कि त्यस्ता कर्मचारीहरुको संगठनमा स्थायित्व हुदैन । साथै यसले कार्य वातावरण पनि स्वस्थ राख्दैन । तर यसमा जे जति नकारात्मक चित्रण देखिए तापनि लोक सेवाको सामान्य सिद्धान्तको प्रतिकूल नहुंदासम्म निगमले त्यस्ता कर्मचारीलाइ पदस्थापना गर्न मिलेन भन्न सक्दैन । त्यसैले  आउंदा दिनको लागि बढी योग्यता लिएर सेवा प्रवेश गरेका छन् भने त्यस्ता कर्मचारीको लागि  तोकिएको योग्यताले भेटेसम्मको माथिल्लो पदमा जान समयवद्ध (Timebound)बढुवाको व्यबस्था गरिनु उपयुक्त होला । वढुवा सुनिश्चित भएको कारणबाट त्यस्ता कर्मचारीको स्थायित्व हुने तर्फ निगमको ध्यान जानु आबश्यक देखिएको छ ।

**(ज) निगमको मानव संसाधन विकास योजना :**

निगम व्यबस्थापनले निकै अघिदेखि स्वदेश तथा बिदेशमा उच्च अध्ययनको लागि अध्ययन बिदा दिदैआएको देखिन्छ । कर्मचारी प्रशासनलाइ मानव संसोधनको रुपमा बिकास गर्ने हेतुले महाशाखाको नामाकरण पनि सोही अनुकूल गरिएको छ । तर वास्तवमा निगमले मानव संशाधन तथा कर्मचारी वृत्ति

विकास एवं प्रशिक्षणको लागि जति ध्यान दिनुपर्ने हो, त्यति दिनेगरेको पाइएन । यँहानिर निगममा एउटा मानव संशाधन बिकास योजना र उत्तराधिकार योजना (Human Resource Development / Succession Plan) को अभाव ज्यादै खट्केको देखिन्छ ।

लोक सेवा आयोगले संगठित संस्थाको लागि प्रतियोगितात्मक परीक्षा संचालन गर्न थाले पछि तीव्र प्रतिष्पर्धा हुन थालेको छ । निगममा परीक्षा उत्तीर्ण गर्ने उमेदवारले एकै समयमा निजामती सेवा वा अन्यत्र पनि परीक्षा उत्तीर्ण गरिदिंदा निगम छोडेर अन्यत्र जाने प्रवृत्ति पनि देखापरेको छ । यस स्थितिमा निगमले रिक्त पदपूर्तिकौ लागि पुनः परीक्षा संचालन गर्नु पर्ने र यसको लागि एकातिर साधन श्रोतको अपव्यय हुने र अर्कोतिर निगममा कर्मचारीको स्थायीत्व नहुने कुरालाइ गहिरिएर ध्यानमा राख्ने हो भने निगममा मानव संशाधन बिकास योजनाको महत्व झन टड्कारो रुपमा देखा परेको छ ।

**(झ) निगममा करारका कर्मचारी :**

निगममा करारका कर्मचारी निकै अघिदेखिनै कार्यरत छन् । स्थायी प्रकृतिको काामको लागि अस्थायी तवरले कर्मचारी भर्ना गर्दा अनेकौ व्यबधानहरु आइपर्ने गरेको कुरा सम्बद्ध कर्मचारीले वताउन थालेको धेरै भैसक्यो, तथापि यस वारे स्थायी समाधान पहिल्याउने तर्फ निगमको ध्यान पुगेको देखिएको छैन ।

**(ञ) कर्मचारी विनियमको स्थायित्व :**

निगमको कर्मचारी नियम जति बर्ष पुरानो हो त्यो भन्दा बढी पटक संशोधन भैसकेको छ । यो स्वस्थकर होइन, त्यसैले लोक सेवा आयोगको संलग्नता भएको यो क्षणमा नियम विनियमलाइ एउटा प्याकेज कै रुपमा निर्माण वा संशोधन गरिएमा कर्मचारी प्रशासन सुदृढ तुल्याउन मद्धत पुग्ने कुरामा विश्वस्त हुने स्थिति छ ।

**(ट) डिपो प्रमुखको पदमा पदस्थापन** :

निगममा बिभिन्न तहका कायम गरिएका डिपो प्रमुखको पदको काम, कर्तव्य र जिम्मेवारी स्पष्ट भएर पनि यो कुन सेवा समूहमा समूहीकृत भएको पद हो ? स्पष्ट रुपमा उल्लेख छैन । डिपो प्रमुखको पदले संपादन गर्नुपर्ने कामलाइ ध्यानमा राखी यो पदमा काम गर्नेका लागि कस्तो किसिमको प्रशिक्षण गाँसिनु पर्ने हो ? निगम व्यबस्थापनको ध्यान गएको देखिएन । यो पदमा पदस्थापनाको विषयलाइ लिएर प्राविधिक र प्रशासनिक कर्मचारी वीच नजानिदो ढंगबाट मनोमालिन्य बढने गुन्जाइस पनि रहेको देखियो । यसको लागि अलगै अध्ययन आवश्यक पर्ने देखिन्छ ।

**(ठ) आइ.ओ.सी. संगको अन्तरकिया :**

निगमको भारतीय आयल निगम (IOC)संगको अन्तरकिया हुन थालेको झण्डै पाँच दशक भैसकेको छ । यस वीचमा पेट्रोलियमको कारोवारको विषयलाइ लिएर निगममा कतिपय सुधार कार्यहरु भएको पाइएको छ । यो सकारात्मक पहल हो । यसै गरी कर्मचारी प्रशासनको क्षेत्रमा र त्यसमा पनि विशेष गरी वृत्तिविकासको क्रममा के कस्ता प्रावधानहरु उता कार्यान्वयनमा ल्याइएको छ ? कर्मचारी प्रशासन प्रणालीका विशेषताहरु के के छन् ? कर्मचारीको लागि आर्थिक तथा गैर आर्थिक सुविधा के कस्ता रहेका छन्, वढुवा प्रणाली कसरी व्यबस्थित गरिएको छ आदि बिषयको समेत सन्दर्भ जोडी आउँदा दिनहरुमा निगममा सुधारका प्रयासहरु पहिल्याउँदै जाँदा थप सकारात्मक पहल भएको महसुस गर्न सकिने नै हुन्छ ।

अन्त्यमा, निगममा कर्मचारी प्रशासनको काममा संलग्न कर्मचारीको उत्साह तथा लगनशीलता प्रशसनीय रहेको छ । बिशेष गरी कर्मचारी बढुवासंग सम्बन्धित नियमित ढंगको काम कारवाही व्यबस्थित गर्दै लगिएको देखिन्छ । थप रुपमा गर्नुपर्ने सुधारको लागि यति मात्र पर्याप्त हुदैन । मानव संसाधनसंग सम्बन्धित कामको गतिशीलतालाइ ध्यानमा राख्दै विविध बिषयमा भएगरेको कामको समीक्षा एवं अध्ययन, अनुसन्धान तथा सर्वेक्षणको काममा निरन्तरता दिदै लगिएमा निगमको कर्मचारी प्रशासनलाइ थप सुदृढ तुल्याउन वल पुग्ने कुरामा शंका रहदैन ।

**सन्दर्भ सूची :**


- नेपालको संबिधान
- निजामती सेवा ऐन तथा नियमावली
- लोक सेवा आयोगबाट प्रकाशित निजामती सेवा पत्रिकाका बिभिन्न अंकहरु
- नेपाल आयल निगमबाट प्रकाशित प्रभातका बिभिन्न अंकहरु
- सार्वजनिक प्रशासनका चुनौती र सुधारका क्षेत्रहरु, सोपान विशेषांक २०७५

# नेपाल आयल निगम; अबको गन्तव्य

डिल्लीराज पोखरेल

सन् १९७० मा स्थापित नेपाल आयल निगम करिब पचास वर्षको परिपक्व उमेरमा अझ युवकीय जोश र जाँगरकासाथ केही नयाँ कार्यका लागि रणनैतिक खाका बनाउँदै र साबिकमा गरी आएका कार्यमा समयसापेक्ष सुधार गर्दै अगाडि बढिरहेको छ । नेपाल सरकारको करिब उनान्सय प्रतिशत लगानी रहेको, सांगठनिक रुपमा नेपालभर छरिएर रहेको, आर्थिक गतिविधिका हिसाबमा मुलुकमा सबैभन्दा धेरै कारोबार हुने संस्थाका रुपमा परिचित, अत्यावश्यक सेवा प्रदायक निकायहरुमा अग्रणी, चौबीसै घण्टा सेवारत र चुस्त सांगठनिक स्वरुप लगायतका विशेषणयुक्त पूर्ण सरकारी स्वामित्वको संस्थान भए तापनि बेला बखत माथि उल्लेखित सबै गुणलाई सर्लक्कै बिर्साइदिने गरी ३६० डिग्रीकै हाराहारीमा सार्वजनिक रुपमै आलोचित हुनु परिरहेको बिडम्बनापूर्ण अवस्थामा रहेको अपजसी संस्था भएको छ, नेपाल आयल निगम । त्यसैले, यस लेखमा नेपाल आयल निगमको आगामी दिनको गन्तव्य कस्तो हुँदा संस्था जीवन्त हुनसक्छ भन्ने जिज्ञासाको खोजी गर्ने जमर्को मात्र गरिएको छ ।

**संस्था जीवन्त कसरी रहन सक्छ ?**

संस्था र खेती यौटै हो भन्ने मान्यता राख्ने हो भने यसलाई यसरी स्पष्ट पार्न सकिन्छ– किसानले आफूले तयार गरेको ब्याडमा रहेका बिरुवालाई एकैदिनमा तयार गरेर खेतीमा प्रयोग गरेको होइन, निरन्तरको मिहेनत र उसको आफ्नै शीपलाई अनुभवमा खारेर तयार पारेका राम्रा उत्पादन बजारमा पठायो भने प्रतिस्पर्धी बजारमा उसका उत्पादन बिक्दछन् अन्यथा अर्को सक्षमले बजारको हिस्सा प्राप्त गर्दछ, नराम्रा उत्पादन किसानले जतिसुकै मिहेनत लागेको किन नहोस् बजार नपठाई नष्ट गर्छ । संस्था पनि यस्तै हो, बिरुवा हामीसंग मौजुद छ, निरन्तर लागि परेका पनि छौं, उपयुक्त अवसर पनि प्राप्त भएकै हो र हाम्रा उत्पादन पनि अब्बल छन् भने अब हामीसंग थप सम्बर्द्धनका उपाय पत्ता लगाई सोही बमोजिम बजारमा आक्रामक हिसाबले प्रस्तुत हुनु पर्दछ । मतलब हाम्रो लागि प्रकृति नै सबैभन्दा ज्वलन्त उदाहरण हो, सक्षमले प्रकृति अनुकूल आफूलाई ढाल्दछ र टिक्दछ असक्षम डायनासोर झैं हराउँछ । त्यसैले जीवन्त रहनका लागि समय अनुकूल हुनै पर्दछ, यसको विकल्प छदैं छैन ।

Marie Palacios को भनाइलाई आधार मान्ने हो भने संस्था जीवन्त राख्नका लागि–

- Evaluate Program Demand-माग नै कम छ भने किन त्यस्तो भएको हो खोजी गर्नुहोस्, उपभोक्ताले मन पराउन छोडेको हो कि अर्को सबल खेलाडीले बजार ओगट्यो बुझी आफूलाई सक्षम बनाई हाल्नोस्,
- Evaluate Service Fees-तपाईंको प्रतिस्पर्धीले तपाईंकै काम बराबरको कामको कति मूल्य लिन्छ र तपाईंको लागत मूल्यमा केही सुधार गर्ने अवस्था छ कि छैन, छ भने सुधार गर्नुहोस् र छैन भने अर्को कुनै माध्यमद्वारा परिपूर्ति गरिदिने प्रयास गर्नुहोस्,

- Evaluate The True Cost Of Your Program:संस्थाले वहन गर्नुपर्ने दायित्वहरुका बारेमा स्वमूल्यांकन गर्नुहोस् र लागत कम गर्न थोरै तर थप अवसर सिर्जना गर्नुहोस् । जस्तो सबै कर्मचारी पूरै समय काममा तल्लिन भैरहेका हुँदैनन् वा वितरण गरिने सेवाको लागत परिमार्जन हुन सक्छ, खरीद गरिने कच्चा पदार्थ केही कम मूल्यमा वा कम परिमाणमा पनि प्राप्त हुन सक्दछ, यी र यस्तै साना कार्यहरुबाट पनि लागत कम गर्न सकिने संभावना रहन्छ । समयमा सतर्क रहनु पर्ने अवस्था कहाँनेर हो भने जे गर्नुहुन्छ अलग अलग तरिकाले गर्नुहोस् सबै अण्डा एउटै बास्केटमा राख्दा हुने दुर्घटनाको आँकलन गर्नुहोस् ।

  अर्थात समयसापेक्ष आफूलाई परिमार्जन गर्दै जान सक्ने संस्था जीवन्त रहन्छ । त्यसैले नेपाल आयल निगमका हकमा पनि यो सोंच कायम रहनु आवश्यक देखिन्छ ।

**<u>अबको गन्तब्य</u>**

साबिकमा पेट्रोलियम पदार्थका अतिरिक्त लुब्रिकेन्ट्स सम्बन्धी काम गरिआएको नेपाल आयल निगमले खुला बजार नीतिका कारण लुब्रिकेन्ट्स सम्बन्धी कार्य आफ्नो कार्यसूचीबाट हटाएकै हो, क्रुड आयल खरिदको विषय पनि हटेको हो, फ्युलको व्यवसायमा निजी क्षेत्रलाई सम्मिलित गराउने प्रयासले पनि मूर्तरुप लिन सकेन र निगम आजको अवस्थामा आउन सक्षम भएको हो ।नाकाबन्दीका बेला निगमले खेलेको भूमिका उपभोक्ताले धेरै पछिसम्म पनि सम्झिरहने घटना बनेको छ, यद्यपि यसमा तात्कालीन नेतृत्वको क्षमता, निगममा कार्यरत कर्मचारीहरुको उल्लेख्य सहयोग र उपभोक्ताको सहनशक्ति लगायतका तत्व पनि उत्तिकै स्मरणयोग्य छन् । निगम सामाजिक अंग हो, त्यसैले यसले आगामी गन्तब्यलाई आजैदेखि आँकलन गर्न जरुरी भैसकेको छ । निगमका आन्तरिक सुधारका विषय निरन्तर चल्ने खालका भएकाले कुनै न कुनै रुपमा ढिलो चाँडो सम्बोधन हुँदै आएका छन्, कागजरहित कारोबार (Paperless Transaction)निगमको तुरुन्तै कार्यान्वयन गर्ने तालिकाभित्र परिसकेको छ, तापनि निगमले आफ्नो अबको गन्तब्य निम्नानुसार तय गर्न सके संस्थाले जीवन्तता प्राप्त गर्न सहज हुने देखिन्छ –

**१. प्रादेशिक संरचनामा जाने**

मुलुक संघीय संरचनामा गैसकेको अवस्थामा केन्द्रीकृत सोंच र पद्धति तत्काल परिवर्तन गरी कम्तिमा प्रादेशिक तहसम्म जाने । डोल्पाको उपभोक्ताले मिसावटरहित पेट्रोलियम पदार्थ प्राप्त गर्न पाउने मौलिक अधिकारलाई सम्बोधन गर्नसक्ने गरी निगमले आफ्नो पहुँच सुनिश्चित गर्नु पर्ने बेला आएको छ ।

**२. स्वचालित मूल्य प्रणालीमा सुधार**

२०७१ देखि स्वचालित मूल्य प्रणाली अपनाएको निगमले अन्तर्राष्ट्रिय बजारमा हुने वृद्धिलाई तत्काल सम्बोधन गर्न सक्ने गरी कानूनी र व्यावहारिक अधिकार प्राप्त गर्नु पर्दछ । सामान्य मूल्य घट्दा तुरुन्त घटाउन दवाब दिने तर वृद्धि हुँदा मौन बस्ने परिपाटीले निगम धेरै लामो जान सक्दैन । जुन मुलुकबाट इन्धन ल्याईएको हो सो मुलुकको बिक्री मूल्यभन्दा हामी कहाँको मूल्य उल्लेखनीय रुपमा कम हुन गै तस्करीको चरणमा पुग्दा ठोस कार्यनीति अपनाउनु पर्दछ ।

**३. निगमको स्वायत्तता**

व्यवहारमा स्वायत्त देखिए पनि सरकारको उनान्सय प्रतिशतभन्दा धेरै शेयर भएको संस्था भएर पनि होला, निगम राज्यनियन्त्रित संस्थाको रुपमा चल्ने गरेको देखिन्छ । विभिन्न कानुनहरुले नियमन गर्न सक्ने व्यवस्था मौजुद रहेको अवस्थामा र सँधै निजी क्षेत्रसंग हातेमालो र पौंठेजोरी समेत खेल्नुपर्ने प्रकृतिमा रहेकाले नेपालमा कुनैपनि हालतमा फ्युलको कमी (Shortage) हुन नपाउने कडा र एकमात्र शर्तमा स्वतन्त्र रुपमा काम गर्ने गरी व्यवहार मै स्वायत्तता दिनु पर्दछ ।

**४. निगमको कार्यशैलीमा सुधार**

निगमको हालसम्म आफ्नै ट्यांकर वा बुलेट वा पम्प वा ट्यांकर चालक केही पनि छैन । सबै निजी क्षेत्रको मातहतमा रहेकाले चालकले हडताल गरेपनि, गाडीधनीले माग तेर्स्याए पनि, पम्पवालाले पम्प बन्द गरेपनि उपभोक्ताले गाली गर्ने निगमलाई मात्र हो । त्यसैले निगम आफैंपनि आफ्ना कारोबार आफूखुशी सञ्चालन गर्न सक्षम हुने गरी कार्यशैली वा व्यवस्थापनमा सुधार गर्नु पर्ने आबश्यकता छ ।

**५. निगमको कारोबारमा सुधार**

हाम्रा दुई छिमेकी मुलुकहरुले अबको केही वर्षलाई निश्चित समयसिमा तोकी ईन्धनबाट चल्ने सवारी साधन उत्पादन नगर्ने निर्णय गरिसकेका छन् । नेपाल आयल निगम विशुद्ध ईन्धनको कारोबारसंगमात्र सीमित रहेकाले आफ्नो कार्यक्षेत्र परिमार्जन गरी रिफ्युलिङ प्लान्ट निर्माण गर्ने वा यस्तै अन्य कार्यमा जाने गरी तत्कालै कारोबारमा सुधारको पहल गर्नुपर्ने देखिन्छ ।

यस्तै नेपाल आयल निगमलाई वातावरण प्रदुषणको मूल श्रोतका रुपमा हेरिने दृष्टिकोणलाई सम्बोधन गर्न जलविद्युत आयोजना निर्माण वा वातावरणीय प्रदूषण कम हुने खालका आयोजनामा लगानी गरी आफ्नो सार्थक उपस्थिति देखाउनु पर्ने भएको छ ।

**७. आन्तरिक सुधार**

नेपालको सबैभन्दा ठूलो आर्थिक कारोबार गर्ने संस्था आफैंमा सक्षम र सबल हुन अनिवार्य हुन्छ । यसका लागि निगमको भौतिक सुधार, सांगठनिक सुधार, कार्यविधिगत सुधार, प्रकृयागत सुधार, मानसिकता सुधार र पदपूर्ति प्रणालीमा सुधार जस्ता आन्तरिक सुधारहरुको स्पष्ट खाका तयार गरी कुनैपनि समयमा लागू गर्न सकिने अवस्थामा रहन जरुरी देखिन्छ ।

**८. सरकारको भूमिका**

मुलुक संघीयतामा गैसकेको अवस्थामा संघीय सरकारको भूमिका लगभग सहजीकरणमा सीमित हुन गएको छ । यसै परिप्रेक्ष्यमा अलग कानुनबाट स्थापित र सञ्चालित संगठीत संस्थाहरुका हकमा सरकारको भूमिका नीतिगत निर्णयमा मात्र सिमित हुन सान्दर्भिक हुने भएकाले सरकारले यसलाई समग्रतामा नलिई विषयगत ईश्युमामात्र आफ्नो उपस्थिति देखाउनु उपयुक्त हुन्छ ।

अन्त्यमा,प्रकृतिमा रहेका सबै चिज नाशवान छन्, कसैको समयावधि लामो होला त कसैको छोटो । लामो अवधिसम्म टिक्नका लागि समयानुकूल हुन सक्नु पर्दछ, नेपाल आयल निगम पनि समयानुकूल हुन सकोस् र लामो रेसको घोडा बन्न सकोस् भन्ने शुभेच्छा मात्र हो, बाँकी हाम्रो हावापानी, माटो, संस्कार, ईच्छाशक्ति जस्ता भित्री समस्या कोट्याई रहनु पर्दैन ।

# अन्ततः भगवान आउनु हुनेछ

बाबुराम न्यौपाने

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥ हरेक युगको आफनो समय हुन्छ, आयु हुन्छ । हरेक काल र वस्तुको आयु हुन्छ । हरेक जीवको आयु हुन्छ । सवै वस्तु नासवान हुन्छन । आध्यात्मबाद र भौतिकवाद दुवैले यसलाई स्वीकार गरेका छन् । यिनले संसारको व्याख्या गरेर वसेका छन् । सजीव निर्जीव हरेक वस्तुमा यी दुवैको अस्तित्व लुकेको पाइन्छ । त्यसैले भगवान श्री कृष्णले कर्मण्येवाधिका रास्तामाफलेषुकदाचन मा कर्मफल हेतुर्भुर्मा ऽसंगोत्सकर्मणी भनेर सवै भन्दा ठूलो प्रगतिको साधक कर्म हो भनेर कामलाई जोड दिए । यी दुवै वादले वस्तुको अस्तित्वलाई अस्वीकार्य गर्दैनन् ।

आज देश दुनियाँ विचित्रले चलेको छ । चल्न त जसरी पनि चल्दो रहेछ । जसरी पनि चल्नु र सुव्यवस्थित ढंगले चल्नुमा आकाश र जमीनको फरक छ । राजनीति सेवामुखी हुनु पर्दथ्यो तर राजनीतिक केन्द्रलाई सेवाको रुपमा नलिई मागिखाने भाडो बनाए र आदेश र निर्देशन दिने र काम अरुले नै गर्नु पर्ने अनैतिक सन्देश दिने अड्डा बनाए । हुनु पर्नै "अष्टादशो पुराणेषु व्यासष्य वचनम् द्वयम्, परोपकार पुण्यायः पापाय परपीडनम् ।" सेवा हि परमोधर्म ।

नारदजीले वालक भगवानलाई भन्नुभयो, भगवान हजुर जुन उद्देश्यले धर्तीमा अवतरित हुनु भएको हो त्यो कार्य गर्ने वेला आएको छ । नारदजीको भनाई कंश लगायतका अत्याचारी दुष्टहरुको नास गरी भविष्यमा हुने महाभारत संग्राम प्रतिको संकेत थियो । कृष्ण वलराम संगको मल्ल युद्धमा कंशको अन्त हुन्छ र कंशको अत्याचारी शासनको अन्त भएर जनताले खुशीको स्वास फेर्छन् र मथुरावासी स्वतन्त्रता र शान्तिको अनुभव गर्छन् । यो भगवानको अवतारी युगको अन्ततिरको कुरा हो । त्यसपछि कलियुग प्रारम्भ हुन्छ । यो कुरा आज भन्दा करिब पाँच हजार एक सय पचास वर्ष अघिको हो । सवै युगहरुको आ-आफनो आयु छ । कलियुगको ४ लाख ३२ हजार वर्ष हो । पृथ्वी र यहाँका प्राणीहरुको रक्षा गर्न भगवानले समय समयमा अवतरण लिई आउनु भएको छ । कलियुगमा हुने कुरा पनि हुने नहुने कुरा पनि हुने पाप धर्मको मतलाई हेक्का नराखी निरन्तर गलत कार्यका साथ संसार चलेको देखिदै आएको छ । विगतको सुन्दर इतिहास वोकेका व्यक्तिहरु र राजनैतिक व्यवस्थाहरुले कुहिगन्धी काम गर्दै आएको देखिरहेका छौ । ती सवै आलोच्य छन् । जताततै कोलाहल र अत्याचार देखिन्छ । वुद्धि र विवेकमा भ्रष्टीकरण भईरहेको छ । मानिसलाई राम्रो नराम्रो कामवारे थाहा छ तर उ निरन्तर त्यही गरिरहेको छ । यो कलियुगको विशेषता हो । यो कलियुगको मध्य पनि हैन, अन्त पनि हैन । कलियुगको अझै आयु लामो छ तर करीब साढे पाँच हजार वर्ष भित्रै कली व्याप्त भयो । सवैतिर सर्वत्र अराजकता छ । स्वदेश विदेश सवै तिर कोलाहलै कोलाहल छ । पछिल्लो समयको यथार्थता यही हो । नेपालमा धर्मको नाममा अधर्म छिरेको छ । आधुनिकताका नाममा यहाँ बचेखुचेका परम्परागत मूल्य र मान्यता ध्वस्त पारिदै छन् ,पाशविकता बढ्दै जान थालेको छ । सबै वस्तुको चाहना राख्ने तर उत्पादनमा संलग्न नहुने गैरजिम्मेवार प्रवृत्ति हावि भइरहेको छ । वर्तमान राजनीतिले भाषण गर्न मात्र सिकायो काम गर्न भने

सिकाएन । सुनियोजित  तवरबाट नैतिक शिक्षा पाठ्यक्रमबाटै हटाएपछि दुष्काम प्रवृत्ति बढेर गयो । नव निर्माण र पुनर्निर्माण हुन सकेको छैन् । वावुआमाको लालन पालन तथा माया महत्व विर्सिइ आदर्शपुर्ण परिवार, समाज भत्किदै छ । कठछोराछोरी आमा वुवाको विरुद्ध र आमा वुवा आफना छोराछोरीका विरुद्ध झगडालु भएर वसेका छन् । अत्याचारको पराकाष्टाले सीमा नाघदै छ । नयाँ जोगीहरुले नयाँ नयाँ ढगंले सापेक्ष तथा निरपेक्ष अनेक शब्दजालको खरानी घसिरहेका छन् । यस भित्रको दुश्चक्रले घर गर्नुमा भिन्न गोलार्ध्दको हरियो काल सर्पयोग परेको देखिन्छ ।

एक अर्काको सम्बन्ध र सम्मानमा ह्रास आएको छ । मानिसको वोलीको ठेगान र भर छैन । २४ घण्टामा ४८ फरक कुरा गर्छ । आफनो मूल्य मान्यता कुल परम्परा संस्कृति ह्रास हुदैछ । कुलाचारं परित्यज्य अत्याचारम् व्रजन्ति च । एतच्च पातकम् घोरम् कथित कृत्यवेदिभि : ॥  कुलको चलन छाडेर अरु आचारमा लाग्दा महापातक लाग्छ, हुन्छ ।  सक्छौ सवै प्राणीको रक्षा गर्न सक्दैनौ आफनो कुल धर्मको सम्मान एवं रक्षा गर । आफनो धर्मबाट च्यूत भएपछि विधर्मीको राज हुने र राज्यबाटै अधर्मी गतिविधि भएपछि त्यसलाई रोक्न भगवानले अवतार लिनुहुन्छ । शास्त्रले यही भन्छ । धर्म संस्थापनार्थाय संभावामि युगे युगे ॥ दान, दया, अहिंसा, शौच, सन्तोष, इन्द्रियसंयम, आदि सवैजसो कर्म हराउन पुग्छन । जवजव सृष्टिमा अवरोध देखापर्छ । तब त्यसको रक्षा र सृष्टि संचालनको खातिर भगवानको अवतार निश्चित छ । यसका धेरै उदाहरणहरु छन् । जब जब पृथ्वी र प्राणी संकटमा परेका छन तब तब भगवानले अवतारी रुप धारण गर्नु भएको छ । जस्तै प्रलयबाट जोगाउन प्राणी कल्याणको लागि भगवानले सवैभन्दा पहिले मत्स्य अवतार धारण गर्नु भयो । मन्दराचल पर्वत रक्षा तथा समुन्द्र मन्थन सफलताको लागि कुर्म/कच्छप/कछुवा अवतार, पृथ्वीमाताको उद्धार गर्नको लागि बराह अवतार, भक्तप्रबर प्रह्लादको रक्षाको खातिर नृरसिंह अवतार (हिरणयकश्यप/हिरणाक्ष) वध, दानी राजा वलिद्वारा अपहरित स्वर्ग फिर्ता गर्न र देवताको रक्षार्थ वामन अवतार, भगवान शिवको उपासना गरेर रामबाट परशुराम भएका परशुरामबाट राजा सहस्रार्जुनको वध गरी शास्त्र रक्षा गर्न परशुरामको अवतार (अष्टाचिरञ्जीवी मध्यका एक हुन) ।

रावणको अत्याचारबाट आफै र दुनियाँको रक्षाको खातिर मानव समुदायलाई सतमार्गमा लैजान दाशरथिराम अवतार “राम्रो विग्रहवान धर्म” खुकुलो नीति सदा चलिआई प्राण जाय बरु बचन नजाई । रामराज्य गर्व गर्न लाएक थियो । धर्मको रक्षार्थ यी सवै अत्याचारलाई समन गर्न कंशको अत्याचारको नास गर्न र दुर्योधनको अराजकता र दुष्ट एवम अन्याय र अत्याचारको विरुद्ध न्यायका खातीर भगवान श्रीकृष्णको रुपमा आठौ अवतार भएको । मानवशान्ति र सतमार्गको खातिर नवौ अवतारको रुपमा बौद्ध अवतारलाई लिन सकिन्छ (बौद्धमार्गीहरुको यसमा फरक मत छ) । मानवको गति प्रगति अगति सवैको गतिविधि हेर्ने दशौ अवतारलाई कल्की अवतारको रुपमा लिइएको छ ।

हामीले जसलाई धर्म भनिरहेको छौं । यी धर्म हैनन् परम्परागत संस्कार हुन् । सर्वजन हिताय सर्वजन सुखाय । वशुधैव कुटुम्बकम । पछि भगवान बुद्धले थप्नु भयो भवतु सब्ब मङ्गलम् । यो भन्दा ठूलो धर्म अर्को हुन सक्दैन । यसमा पनि खडेरी परेपछि  दुष्ट, विधर्मीहरुको राज र व्यवहारमा अराजकता र अत्याचारले सीमा नाघेपछि प्राणीको रक्षार्थ त्यतिखेर भगवान अवश्य आउनुहुनेछ ............

# आम जनतासँग सरोकार राख्ने जीवन्त संस्था नेपाल आयल निगम

✍ पुरु रिसाल

कतिपय यस्ता सार्वजनिक संस्था हुन्छन् जसले आम जनतासँग प्रत्यक्ष सरोकार राख्दछन् । यसरी आमचासोका संस्थाहरुबारे प्रशंसा भन्दा आलोचना नै बढी हुने गर्दछ । जीवन्त संस्थाबारे आलोचना हुनु स्वभाविक प्रक्रिया हो त्यसै भित्र पर्दछ नेपाल आयल निगम विगत ४८ वर्षदेखि पेट्रोलियम पदार्थको नियमित आपूर्ति गर्नुका साथै आफ्नो दायित्व प्रति उत्तरदायी रहेर सुपथ, गुणस्तर सहित सहज रुपमा उपभोक्ताहरुलाई उपलब्ध गराउदै आएको छ । जस्तो सुकै प्राकृतिक विपत्ति वा राजनीतिक असहजताका बाबजुद पनि नेपाली जनताले धेर थोर पेट्रोलियम पदार्थ पाएकै हुन् । देशमा एक थोपो उत्पादन नहुने पेट्रोलियम पदार्थ निरन्तर रुपमा आपूर्ति गर्दै रहनु यसको विशेषता हो । आलोचना त्यसको हुन्छ, जसले आम जनताको दैनिक उपभोगमा आउने सामान वा बस्तुको कारोबार गर्छ । एकथरि त्यस्ता निकायपनि हुन्छन्, जसको प्रत्यक्ष सम्बन्ध जनतासंग हुदैन । त्यस्ताबारे चर्चा वा टीकाटिप्पणी वा आलोचना प्रत्यालोचना हुँदैन । दुईबर्ष यता नेपालीले निर्वाध रुपमा विजुली बाल्न पाएका छन् त्यसबारे खास चर्चा नै हुदैन तर चार घण्टा बत्ती निभ्योभने विद्युत प्राधिकरणबारे नकारात्मक टीकाटिप्पणी सुरु हुन्छ । अहिले धारामा पानी आउन हप्तादिन कुर्नुपर्छ त्योपनि एकआध घण्टा । त्यसैले खानेपानीसंग सम्बन्धित निकाय आलोचित छन्, लगातार गाली खान्छन् मेलम्ची नआएसम्म । त्यसैको हाराहारीमा आउछ नेपाल आयल निगम ।

विगत २ बर्षदेखि कसैलेपनि पेट्रोल डिजेल पाइन भनेर गुनासो गर्नु परेको छैन, उपभोक्ताले चाहेजति परिमाणमा डिजेल, पेट्रोल र खाना पकाउने ग्यास पाइरहेका छन्, लाम लागेर कुर्नु पर्दैन । निगमको प्रयास नै आफ्ना उपभोक्ताले चाहेजति पेट्रोलियम पदार्थ पाउन् भन्नेमा छ , तर समयसापेक्ष कुनै कुनैबेला अभाव वा कमी भैदिन्छ अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढ्दै बढ्दै प्रति ब्यारेल ११२ डलर सम्म पुग्यो । निगमले महङ्गोमा किनेर ल्याउनु पर्ने र सस्तोमा बेच्नुपर्ने वातावरण बन्यो । मूल्य बढाउने जुनसुकै कुरा जुनसुकै बेलाको सरकारलाइ पनि स्वीकार्य थिएन पेट्रोलको राजनीति थियो । मूल्य बढाउन नदिने , अनुदान नदिने, घाटा बेहोर्ने प्रतिबद्धता नदेखाउने जस्ता
बढाउन आवश्यक निर्माण कार्य थालिने छ ।

नेपाल आयल निगमले निकट भविष्यमा भारत-नेपालबीच पेट्रोलियम पाइपलाइन ओछ्याउने काम पुरा गर्दैछ । संसारमा विकसित भागको सानो दूरीमा बाहेक ट्याङ्करबाट पेट्रोलियम पदार्थ ओसार्ने कुरालाइ विदा गरिसकिएको छ । पाइपलाइनबाट आपूर्ति गर्दा चुहावट, मिसावट जस्ता समस्याबाट पूरा मुक्ति मिल्दछ । पाइपलाइन भन्दा पहिलो चरणमा टैंकरहरुमा लकिङ्ग प्रणाली लागु गर्दा पनि चुहावट मिसावटमा उल्लेखनीय कमी आएको छ । झन् त्यसमा पाइपबाट आपूर्ति गर्दा चुहावट मिसावटको समस्या सधैंको लागि समाप्त हुने हुदैछ । सडक जाम जस्ता कुराले पनि असर गर्दैन रक्सौलबाट अमलेखंगज पेट्रोलियम ढुवानीमा सडक जामले पनि असर गरेको छ । भारतीय कारणले ३८ अर्ब रुपैंया ऋण बोक्नेमा पर्‍यो निगम । पेट्रोलियम पदार्थको भाउ बढायो भने सरकार नै फेल हुन्छ कि भन्ने अवधारणा सत्तामा बस्नेहरुमा रह्यो । अर्कातिर सत्ताहिनहरु सरकारको विरोध गर्न के निहुँ पाऊँ भनेर पर्खि बसेको प्रतिपक्ष केही रुपिया मूल्य बढाएपनि सडकमा उत्रने गर्दथे । यो पार्टीको सरकार भए ऊ पार्टीका भातृसंगठन कुर्लने ऊ पार्टीको सरकार भए यो पार्टी विरोधमा उत्रने पेट्रोलको राजनीति गर्ने । राष्ट्रिय अर्थतन्त्र र त्यो संग जोडिएको कुरामा उपेक्षा गर्नु, आफ्नो हित हेर्नु नै पार्टीको विशेष धर्म संस्कृति भयो । आफ्नो पालोमा पनि त्यस्तै अवस्था आउला भनेर कसैले सोचेन केवल एकोहोरो रटाइ

"मूल्य बढाउन पाइदैन" भन्ने रह्यो । निगमको उद्देश्य मूल्य बढाएर नाफा कमाउने मात्र होइन तर एउटा व्यवसायिक संस्था भएको नाताले सधैं घाटामा गएर आफ्नो अस्तित्व जोगाई राख्न सक्दैन । निगमले त्यो पनि घाटा बढ्दै जाँदा सकेसम्म कम मूल्यवृद्धि गर्ने र सस्तोमा पाउँदा मूल्य घटाउने गर्दै आएको छ । दुई वर्ष यता अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको भाउ घट्यो–बैज्ञानिक मूल्य निर्धारण प्रणाली अपनाएर लगातार संभवभए सम्म मूल्य घटायो । गत मंसिर १७ गते, पुष २ र पुष १८ गते नै पनि डिजेल, पेट्रोल र मट्टितेलमा प्रतिलिटर २ रुपैंया मूल्य घटायो । सके आफ्ना ग्राहकलाई सरल रुपमा सामान उपलब्ध नगराऊँ भन्ने को हुन्छ र ? त्यसमाथि सर्वसाधरण प्रति संवेदनशील रहदै आएको निगमका लागि आफ्नो दायित्व पूरा गर्ने हुटहुटी रहिरहन्छ ।

निगमका अगाडि मूल्य समायोजन मात्र होइन अरुपनि थुप्रै समस्याहरु छन् । वार्षिक २०० अर्ब रुपैंयाको कारोबार गर्ने संस्थाको अधिकृत पूँजी नै करोडमा सीमित छ । यस तर्फ बल्ल सकारात्मक सोचाई राखेर पूँजी वृद्धिको प्रक्रिया थालिएको छ । वित्तीय सुदृढीकरणका लागि पनि कारोबार अनुसारको पूँजी वृद्धि आवश्यक छ । अर्कोतिर निगमले मूल्य समायोजन कोषमा समेत कमाईबाट रकम संकलन गर्दै आएको छ । कालिगण्डकी जलविद्युत् नेपालीहरुकै पूँजीबाट बनाउने उद्देश्य सहित रकम जम्मा गर्ने क्रममा निगमका तर्फबाट २६ अर्व रुपियाँ कोषमा जम्मा भएको छ । त्यसो त कालीगण्डकी कसले बनाउने भन्नेमा दोधार नै छ, तर निगमले पूँजी जम्मा गरिरहेको छ । मूल्य समायोजन कोषमा रु ३ अर्व ६० करोड जम्मा गरिएको छ । राजस्वको कुरा गर्ने हो भने निगमको उल्लेखनीय योगदान रहेको छ । अघिल्लो बर्ष (आ.ब.२०७४/७५) मा रु ६० अर्ब राजस्व बुझाएको छ । जसले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याएको छ । ठूलो कारोबार गर्ने संस्थाले ठूलै रकम राजस्व बुझाउने कुरालाई निगमले प्रमाणित गरेको छ । जति जति कारोबारको मात्रा बढ्दै जान्छ त्यसै अनुसार राजस्वमा योगदान पनि बढ्दै जान्छ । बार्षिक कारोबारको मात्रा १२ देखि १३ प्रतिशतले बढ्दै गएको छ, यसको अर्थ राजस्व वृद्धिमा पनि योगदान थपिदै गएको छ । उपभोग जति बढ्यो राजस्वमा पनि त्यसै अनुसार योगदान थपिदै जान्छ ।

मागको अनुपातमा भण्डारण क्षमता बढाउन सकिएको छैन अहिलेको सन्दर्भमा संचितिबाट पेट्रोल ५-७ दिन, डिजेल ७-८ दिन र हवाई ईन्धन १२-१३ दिनका लागि मात्र माग पूरा गर्न सकिन्छ । यो अति नै जोखिमको कुरा हो । निगमसँग कम्तीमा पनि सके ९० दिन र नभए ४५ दिनको लागि पुग्ने संचय भण्डार हुनुपर्ने हो । कुनबेला कस्तो समस्या आइपर्छ भन्न सकिदैन । अति संवेदनशील वस्तु भएकोले यसको आपूर्तिमा कुनैबेला प्राकृतिक र कुनैबेला राजनीतिक कारणले अवरोध आउन सक्छ , त्यस्तोमा आफूसँग पर्याप्त संचिति भएन भने राष्ट्रिय जीवनमा नै नकारात्मक असर पर्दछ । पेट्रोलियम पदार्थको उपलब्धता हुँदा र नहुँदाको अवस्थाको एउटा उदाहरण दिउँ -चीन भारत बीच युद्ध भएको बेला भारतमा पेट्रोलियम पदार्थको कारोबार निजी क्षेत्रको हातमा थियो । युद्ध क्षेत्रमा पर्याप्त पेट्रोलियम पदार्थ आवश्यक पर्दा निजी क्षेत्रले पर्याप्त पुऱ्याएन । उसलाई मुनाफा हेर्नु थियो । पहाडी क्षेत्रको ढुवानीबाट मुनाफाको गुन्जाइस थिएन । युद्धमा भारतले आफ्नो क्षमता प्रदर्शन गर्न सकेन जबकि चीनमा सम्पूर्ण कारोबार सरकारी क्षेत्रमा थियो , मुनाफा नहेरी युद्धमा आवश्यक पेट्रोलियम पदाथ पर्याप्त आपूर्ति गर्नुपर्दछ भनेर आपूर्ति गरियो । चीनसँग भारतले पराजय भोग्नुमा पेट्रोलियम पदार्थ पनि एउटा कारण थियो । त्यसपछि भारतमा इन्डियन आयल कर्पोरेशनलाइ सरकारी स्वामित्वको संस्था बनाइयो । यस अर्थमा यस्ता अति संवेदनशील वस्तुको कारोबार निजी क्षेत्रको भरमा मात्र हुदैन भन्ने पाठ सिकियो । नेपालको सन्दर्भमा नुन र पेट्रोलियम पदार्थको कारोबार सरकारको प्रत्यक्ष नियन्त्रणमा रहेका संस्थाले चलाउँदै आएका छन् र यस्ता कुरा निजि क्षेत्रलाई जिम्मा लगाउँदा आम जनता प्रतिको सरकारी दायित्व पूरा नहुन सक्छ ।

यदाकदा निगमको निजीकरणको चर्चा चल्छ, जुन कुरा राष्ट्रको हितमा हुँदैन । भण्डारण क्षमता वृद्धि गर्न जग्गा खरीद गरिएको छ । सातै प्रदेशमा पर्याप्त संचित आवश्यक छ भनेर नै भण्डारण क्षमता बढाउने अवधारणा आयो र जग्गा खरीद गरियो । तर यतिखेर निर्माण प्रक्रिया अघि बढ्न सकेको छैन । अपेक्षा गरौं निकट भविष्यमा भण्डारन क्षमतासहयोगमा मोतिहारी अमलेखंज पाइपलाइन निर्माणपछि पेट्रोलियम पदार्थको आपूर्ति धेरै सहज हुने निश्चित छ । पाइपलाईन भारतले मोतिहारीबाट शुरु भै नेपालको अमलेखगञ्ज सम्म ६८ किलोमिटर पाइप विछ्याउदै छ जसमध्ये मोतिहारी देखि रक्सौल सम्म ३२ किलोमिटर र रक्सौलदेखि अमलेखगंज सम्म २६.२ किलोमिटरको दूरी छ जसको खर्च भारु ४ करोडदेखि ५ करोडसम्म लाग्ने अनुमान गरिएको छ ।

यसरी नेपाल आयल निगम आफ्ना उपभोक्ता प्रति पूर्ण जिम्मेवार रही काम गर्दै आएको छ तापनि यदाकदा भएका नभएका काम बारे गलत प्रचारको शिकार हुदै आएको छ । तर न बिराउनु न डराउनुका सिद्धान्त अबलम्बन गर्दै गएमा एकदिन सत्यतथ्य छर्लङ्ग हुने नै छ । निगमको काम सेवा हो त्यसलाई आत्मसान गरी अगाडि बढ्नु नितान्त आवश्यक छ ।

# मौलिक हकसम्बन्धी कानून र स्वच्छ बजारका लागि निगम

**कृष्णप्रसाद भण्डारी 'मार्सेली'**

नेपालको संविधान, २०७२ को धारा ४४ मा उपभोक्ता हकको व्यवस्था छ । संविधान बमोजिम प्रत्येक उपभोक्तालाई गुणस्तरीय बस्तु वा सेवा प्राप्त गर्ने हक हुने र गुणस्तरहीन बस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षति पूर्ति पाउने हक, संविधानमा नै किटान गरिएको छ । कालोबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने कुरा पनि संविधानमा नै राज्यको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिमा सुनिश्चित गरिएको छ । संविधानमा मौलिक हकको प्रयोग कानून बमोजिम हुने भनिएको र उपभोक्ता हकको प्रयोजनको लागि हालै संघीय संसदबाट उपभोक्ता संरक्षण ऐन, २०७५ मौलिक हक सम्बन्धी कानूनको रुपमा पारित गरी सम्माननीय राष्ट्रपतिबाट प्रमाणीकरण भएर २०७५ असोज ३ गतेदेखि लागू भएको अवस्था छ ।

उपभोक्ता संरक्षण ऐन, २०५४ लाई खारेज गर्दै उपभोक्ता संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न सरकारले संसद समक्ष प्रस्तुत गरेको विधेयकले उपभोक्ता संरक्षण ऐन, २०७५ को नामसहित मौलिक हक सम्बन्धी कानूनी हैसियत प्राप्त गरेको छ । यस ऐनको प्रस्तावनामा 'गुणस्तरीय बस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानी नोक्सानी वापत क्षतिपूर्ति उपलब्ध गराउन उपभोक्ता संरक्षण सम्बन्धी कानूनी व्यवस्थालाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ' भन्ने उल्लेख छ । विगतमा केन्द्रदेखि जिल्लासम्म सरकारी दायित्वलाई बोध गरी नियमित र प्रभावकारी रुपमा बजार अनुगमन गर्ने सरकारी कार्यक्रमले बजारलाई स्वच्छ राख्न र आम उपभोक्तालाई विश्वास दिलाउन सकेन । बस्तु र सेवाका प्रदायकबाट निरन्तर ठगिएका उपभोक्ताको गुनासोलाई सम्बोधन गर्न उपभोक्ता अधिकारलाई मौलिक हकमा समावेश गरिए पनि बजार अनुगमनका क्रममा तत्काल जरिवाना गर्न पाउने अर्धन्यायिक अधिकार भएको कानूनको अभावमा बजार अनुगमन प्रभावकारी हुन सकेन । झन्झटिलो र लामो अनुसन्धान प्रक्रिया, निकायगत समन्वयको कमी, खुला सिमाना, साधन स्रोत र सुरक्षाको कमी, अधिकार प्रत्यायोजनमा कन्जुस्याँई, गरिबी र राजनीतिक तथा प्रशासनिक दवावका कारण विगतमा बजार अनुगमन प्रभावकारी हुन नसकेको अनुभवलाई समेटेर निरीक्षण अधिकृतले तत्काल जरिवाना गर्न सक्ने अर्धन्यायिक अधिकारसहित उपभोक्ता संरक्षण ऐन, २०७५ जारी भएको सन्दर्भमा यस ऐनको कार्यान्वयन नै अबको चुनौती हो ।

उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३९ ले बजार अनुगमन टोलीको संयोजक निरीक्षण अधिकृतलाई बजार अनुगमन, निरीक्षण, जा"चबुझ वा खानतलासीको क्रममा तत्काल प्राप्त प्रमाणबाट बस्तुको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, बिक्रेता वा सेवा प्रदायकले गरेको कसुरको मात्रा अनुसार त्यस्ताव्यवसायी उपर तत्काल दण्ड जरिवाना गर्ने  केही अर्धन्यायिक अधिकार प्रदान गरेको छ । पहिलो,

व्यवसाय स्थलमा-सरोकारवाला निकायमा कानून बमोजिम दर्ता भएको दर्ता प्रमाण पत्र र अन्य आवश्यक प्रमाण तथा मूल्य सूची नराखेमा रु पचास हजारदेखि रु एक लाखसम्म जरिवाना गर्ने । दोस्रो, व्यवसाय स्थलमा विल वीजक नराखेमा रु पाँच हजारदेखि रु बीस हजारसम्म जरिवाना गर्ने । तेस्रो, कुनै बस्तु वा सेवा सञ्चित गरी वा अन्य कुनै तरिकाले कृत्रिम अभाव खडा गर्ने र निर्धारित समय र स्थलमा मात्र बस्तु वा सेवा बिक्री गर्ने वा त्यस्तै प्रकृतिका अन्य कुनै काम गर्ने व्यवसायीलाई रु पचास हजारदेखि रु एक लाखसम्म जरिवाना गर्ने । चौथो, बस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी लुकाइ छिपाई वा झुक्याई त्यस्तो बस्तु वा सेवा बिक्री गर्ने, कुनै बस्तुको कृत्रिम अभाव सिर्जना, जम्मा खोरी गर्ने वा बिक्री गर्ने, बिक्री गरेको बस्तु वा सेवाको बिल वा बिजक जारी गर्न इन्कार गर्ने वा विल वा वीजक जारी नगर्ने वा विल वीजक जारी गर्दा थप रकम माग गर्ने र उपभोग गरी सक्नु पर्ने अवधि व्यतित भइसकेको उपभोग्य बस्तु वा उपभोग गर्न नमिल्ने बस्तुमा नयाँ लेवल लगाई त्यस्तो बस्तु बिक्री गर्नेलाई दुई लाखदेखि तीन लाखसम्म जरिवाना गर्ने । र, पाँचौं उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम अनुगमन वा निरीक्षण गर्ने क्रममा सहयोग नगर्नेलाई बीस हजारसम्म जरिवाना गर्ने ।

उपभोक्ता संरक्षण ऐन, २०७५मा केन्द्रीय बजार अनुगमन समिति, प्रदेश बजार अनुगमन समिति र स्थानीय बजार अनुगमन समितिको व्यवस्था गरिएको छ । उपभोक्ताको हक, हित संरक्षणका लागि आवश्यक व्यवस्था मिलाउन तथा बस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता सम्बन्धी विषयमा सुपरीवेक्षण तथा अनुगमन गर्नको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश बजार अनुगमन समिति गठन गर्न सक्ने व्यवस्था ऐनमा छ । उपभोक्ता अधिकार संरक्षणका लागि बस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता सम्बन्धी विषयमा बजारको स्थलगत सुपरीवेक्षण तथा अनुगमन गर्नको लागि सम्बन्धित गाउँपालिका र नगरपालिकाले स्थानीय बजार अनुगमन समिति गठन गर्न सक्ने र अनुचित व्यापारिक क्रियाकलाप भए वा नभएको, मूल्य सूची राखे नराखेको, बस्तु वा सेवाको गुणस्तर, परिमाण वा मूल्यको सम्बन्धमा नियमित बजारको अनुगमन तथा निरीक्षण गर्न सम्बन्धित क्षेत्रको विज्ञ र निरीक्षण अधिकृत समेत रहेको बजार अनुगमन गर्न गठित अनुमगन टोलीले उपभोक्ता संरक्षण ऐन, २०७५ को व्यवस्था अनुसार निरीक्षण अधिकृतलाई भएको सम्पूर्ण अधिकार प्रयोग गर्न सक्ने छ ।

उपभोक्ता संरक्षण ऐन, २०७५ को कार्यान्वयन निकै चुनौतीपूर्ण छ । उद्योगी/व्यापारीहरुको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघले यस ऐनको विरोध गरिरहेको अवस्था छ । आज वस्तु र सेवाको बजार स्वच्छ छैन । वस्तु र सेवाका प्रदायकले आफू पनि उपभोक्ता भएको महशुस नगरेको अवस्था छ । एकातर्फ व्यावसायिक स्वच्छताको कमी छ भने अर्को तर्फ आर्थिक मेरुदण्डको रुपमा रहेको व्यावसायिक क्षेत्रपनि पीडामा छ । दण्डहीनता मौलाउँदा इमान्दार व्यावसायीहरुले समेत शिर उठाउन सकेको अवस्था छैन । नागरिक सेवा प्रवाह संतोषजनक छैन । उपभोक्ता वस्तुको मूल्य, गुणस्तर र तौलमा मात्र हैन स्वास्थ्य र शिक्षाका क्षेत्रबाट समेत पीडित छन् । कानूनको पालना गर्नु पर्ने डरले अत्यावश्यक सेवामा समेत हड्ताल गर्ने सवारी चालकदेखि डाक्टरसम्मका आन्दोलनप्रति सरकार नरम देखिएको छ । हाम्रो खाचो सुशासन हो । विकास हो । विधिको शासन हो । परिवर्तित सर्न्दभमा अब बजार अनुगमनको

जिम्मेवारी पाएका स्थानीय तहका सरकारहरुले दूरदराजका गाउँवस्तीसम्म उपभोक्ता सचेतना र बजार अनुगमनका कार्यक्रमहरु नियमित र प्रभावकारी ढंगले संचालन गरेर आमउपभोक्ताको हितमा काम गर्न पछि पर्नु हुँदैन । उपभोक्ता संरक्षण ऐन, २०७५ का कतिपय दण्ड जरिवाना सम्बन्धी प्रावधानहरुको कार्यान्वयनमा जटिलता समेत देखिन्छ । तसर्थ, यस ऐनका प्रावधानहरुको कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहका सरकारहरुका बीचमा समन्वय हुन आवश्यक छ ।

मौलिक हक सम्बन्धी कानून उपभोक्ता हित संरक्षण ऐन, २०७५ जारी भएकै दिन नेपाल सरकारले स्वदेशी चिनी उद्योगको संरक्षणको नाममा चिनीको आयातमा परिमाणात्मक बन्देज लगायो । माग र आपूर्तिको विश्लेषणनै नगरी मन्त्रीस्तरीय निर्णयबाट चिनी आयातमा रोक लगाउदा चिनीको मूल्यमा पन्ध्र दिन भित्रमा पन्ध्र रुपैयाँदेखि पैंतिस रुपैंयासम्म वृद्धि भयो । चिनीको मूल्य अस्वाभाविक रुपमा वृद्धि भएपछि अधिकारकर्मी लगायत आमसरोकारवालाहरुको दबावमा संसदले समेत अध्ययनको विषय बनायो । फलतः चाडपर्वको समयमा आम उपभोक्ता चिनीको मूल्यको मारमा परेपनि संसदीय समितिले छानविन गरी अख्तियारमा कारवाहीको लागि लेखिपठाउने सम्मको निर्णय स्वच्छ बजारको लागि एउटा प्रयास समेत भयो ।

बजार न्यून बिजकीकरण, सिण्डीकेट र कार्टेलिङ जस्ता विसंगतिका कारण अस्वच्छ छ । बजारमा एकाधिकारपूर्ण, कानूनद्धारा निशेधित र अनुचित कार्य हुने गरेका छन् । बजारलाई स्वच्छ पार्ने उद्धेश्यले सरकारको नीतिनिर्माण तहबाट धेरै प्रयासहरु भएपनि सफल हुन सकेको अवस्था देखिदैन । हाम्रो आजको मुख्य समस्या विश्वासको संकट नै हो । आज एकले अर्कोलाई विश्वास गर्ने अवस्था छैन नीतिगत रुपमा न्यून बिजकीकरणको समस्यालाई समाधान नगरेसम्म बजारले विल-बीजक जारी गर्न सक्ने अवस्था देखिदैन । उपभोक्ता संरक्षण ऐन, २०७५ को व्यवस्था अनुसार बस्तु फिर्ता गर्न पाउने प्रावधान उपर विचार गर्दा भ्याट वील काटेर खरीद भएको बस्तुको मूल्य फिर्ता गर्न समस्या हुने देखिन्छ । राजश्व छल्नेहरुको प्रभाव र दवावमा नीतिगत भ्रष्टाचारको अंग बनेको न्यून विजकीकरणलाई निरुत्साही गर्न भन्सार मूल्याङ्कन पद्धतिमा नै सुधारको खाँचो छ ।

आफ्नो देशमा उत्पादन नहुने र आयातमा भर पर्नुपर्ने पेट्रोलियम पदार्थको आयात र बिक्रीको उचित व्यवस्थापनका लागि नेपाल आयल निगमले भण्डारण क्षमता वृद्धि नगरेसम्म पेट्रोलियम पदार्थको आपूर्ति सहज हुन सक्ने देखिदैन । पेट्रोलियम पदार्थको सहज आपूर्ति हुन नसक्दा मुलुकको अर्थतन्त्रमा कस्तो असर पर्दछ भन्ने तथ्य विगतको नाकाबन्दीले प्रमाणित गरिसकेको छ । वर्तमानमा डलरको मूल्यले पेट्रोलियम पदार्थको मूल्यमा प्रभाव पार्दा आमउपभोक्ता चर्को मूल्य वृद्धिको चपेटामा परेका छन् । पेट्रोलियम पदार्थको मूल्यले समग्र बजारमा असर गर्ने हुँदा स्वचालित मूल्य प्रणाली अनुसार मूल्य निर्धारण गर्दा निगमले समग्र परिस्थितिको मूल्याङ्कन गर्न सक्नु पर्दछ । सरकारी स्वामित्वमा रहेको पेट्रोलियम पदार्थको कारोबारको एकाधिकार भएको निगमका समय-समयका काम कारवाहीप्रति उपभोक्ताकोगुनासो छ । लोककल्याणकारी राज्यको अवधारणा अनुसार "हुनेबाट लिएर नहुनेलाई वितरण गर्नुपर्ने" सेवा र सुविधा हाम्रो सन्दर्भमा उल्टो देखिन्छ । व्यावसायिक क्षेत्रले खाना पकाउने ग्यासमा भ्याट छुट पाउने तर दिनभरि कोदालो खनेर जीवनयापन गर्नुपर्ने श्रमिकले भ्याट छुट पाउँदैनन । निगम

भित्रका समस्या र चुनौतीलाई निगम व्यवस्थापनले चिर्न सक्नुपर्दछ । चिप्स र अत्याधुनिक यन्त्र प्रयोग गरेर परिमाणमा हुने ठगी, लकिङ गरिएको टयाङ्करबाट समेत हुने चोरी, बिक्री डिपोहरुबाट देखाइने लस र हुने भष्टाचार लगायतका विसंगतीहरुलाई कानुनको दायरामा ल्याएर कारवाही गर्न निगम व्यवस्थापन पछि पर्नु हुन्न । यसैगरी महँगोमा खरीद भएको पेट्रोलियम पदार्थको सीमा क्षेत्रबाट हुने चुहावटलाई रोक्न उपभोक्ता अधिकारकर्मी सहितको एक स्थायी अनुगमन संयन्त्र समेत निर्माण गर्न जरुरी छ ।

अन्त्यमा, समग्रमा भन्नुपर्दा आज वस्तु र सेवाको बजार स्वच्छ छैन । विधिको शासनको खिल्ली उडिरहेको छ । दण्डहीनता मौलाउँदा भ्रष्टाचार बढेको छ । सदाचार एकादेशको कथा भएको छ । हाम्रो खाँचो सुशासन हो । विकास हो । विधिको शासन हो । तसर्थः अब केन्द्रीय सरकारका निकायहरुले प्रारम्भिक स्तरका बजार अनुगमनमा नअल्झी राष्ट्रव्यापी रुपमा वस्तुको मूल्य विश्लेषण र बजार सर्वेक्षण सहित सहज आपूर्ति व्यवस्थापनमा जुट्न सक्नुपर्दछ । बजार अनुगमनको प्रारम्भिक काम स्थानीय तहका सरकारबाट हुन सकेमा मात्र दूरदराजका गाउँ वस्तीतसम्म उपभोक्ता सचेतना र बजार अनुगमन कार्यक्रम सार्थक र प्रभावकारी भै बजार स्वच्छ हुन सक्दछ । स्थानीय तहका सरकारले पनि आफ्नो दायित्वलाई बुझ्ेर जनताका घर आँगनसम्म उपभोक्ता हितका कार्यक्रमहरु पुऱ्याउन सक्नु पर्दछ । त्यस्तै उपभोक्ता पनि सचेत र जागरुक भएर बजारलाई स्वच्छ पार्ने अभियानमा जुटन सक्नुपर्दछ । तबमात्र मौलिक कानूनको सम्मान भै बजार स्वच्छ हुन सक्दछ ।

# उच्च वृद्धिको सन्दर्भमा ऊर्जाको माग प्रक्षेपण

**गजेन्द्र बुढाथोकी**

नेपाल यतिखेर सबै किसिमका राजनीतिक परिवर्तनहरूपछि नयाँ चरणको राजनीतिक, सामाजिक, आर्थिक परिवर्तनको मूल संघारमा आइपुगेको छ । नेपाल विगत लामो समयदेखि न्यून विकासको ब्यूहमा परि नै रह्यो । अर्थतन्त्र विस्तारका लागि विगतका दशकहरूमा चालिएका कदमहरू निकै अधुरा रहन गए । राज्य र निजी क्षेत्र दुवैतर्फबाट पर्याप्त लगानी प्रवाह हुन सकेन, जसका कारण समग्र आर्थिक क्रियाकलाप विस्तारमा असर पऱ्यो । फलतः औसत आर्थिक वृद्धिदर ४ प्रतिशतको हाराहारीमा मात्र रहन गयो । यद्यपि, केही अर्थशास्त्रीहरूले यसलाई पनि प्राकृतिक वृद्धिदर मात्र मानेका छन् ।

२०६२/६३ को परिवर्तनपछि जनताका प्रतिनिधिहरूद्वारा लेखिएको संविधान २०७२ जारी भएपछि नेपालमा एक किसिमको राजनीतिक स्थिरता कायम हुने संकेत बढेर गयो । ०७२ वैशाखमा गएको भूकम्पपछि निजी लगानी नसोचेको गतिमा बढ्न थाल्यो । आर्थिक गतिविधि विस्तारित हुँदै गएपछि त्यसको प्रभाव समग्र आर्थिक विस्तारमा पर्नु स्वभाविक नै थियो । त्यसैले लगातार तीन वर्षसम्म नेपालले औसतमा ७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गरेको छ । यसले आउँदो दशकमा दोहोरो अंकको आर्थिक वृद्धिदर हासिल हुने संकेत देखाएको छ । अर्थतन्त्रको आकार विस्तार हुँदा त्यसले आमनागरिकहरूको प्रतिव्यक्ति आयमा पनि वृद्धि भएको संकेत गर्दछ । आर्थिक वर्ष २०४७/४८ मा आमनेपालीहरूको प्रतिव्यक्ति आय २०४ र आर्थिक वर्ष २०५४/५५ मा २१३ रहेकामा आर्थिक वर्ष २०७४/७५ मा १००४ अमेरिकी डलर पुगेको छ भने चालू वर्ष २०७५/७६ मा ११०० अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ । यसले के देखाउँछ भने बहुदलीय प्रजातन्त्रको पहिलो दशकमा आर्थिक वृद्धिदरको विस्तार निकै कम रह्यो, जसका कारण नेपालीहरूको प्रतिव्यक्ति आय पनि कम दरले बढ्न गयो । जबकी, पछिल्लो दुई दशकमा आर्थिक वृद्धिदर औसत ४ प्रतिशतकै हाराहारीमा रहेको भए पनिआर्थिक क्रियाकलापको सबल विस्तारले गर्दा आमनागरिकहरूको जीवनस्तरमा पनि सुधार हुन गयो ।

रू. अर्बमा

| परिसूचक | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|
| १. वास्तविक क्षेत्र | | | | | |
| **यथार्थ कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)** | **६७४.२** | **६९४.३** | **६९५.७** | **७४७.१** | **७९१.१** |
| कृषि | २३७.५ | २४०.१ | २४०.७ | २५३.२ | २६०.३ |
| उद्योग | १०७.८ | १०९.४ | १०२.४ | ११५.१ | १२५.३ |
| सेवा | ३५७.७ | ३७४.३ | ३८३.१ | ४११.६ | ४३८.९ |
| यथार्थ कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | ७३९.८ | ७६४.३ | ७६८.८ | ८२९.६ | ८८१.८ |
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) | १९६४.५० | २१३०.१० | २२५३.२० | २६४२.६० | ३,००७.२० |
| कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) | १९९७.३० | २,१६४.४० | २,२८७.२० | २,६७३.६० | ३,०३१.४० |
| कुल राष्ट्रिय खर्चयोग्य आम्दानी (प्रचलित मूल्यमा) | २,६२८.८० | २,८७४.३० | ३,०६५.४० | ३,५२५.४० | ३,८७७.३० |
| कुल उपभोग | १,७३०.३० | १,९३४.०० | २,१६१.५० | २,३२६.९० | २,५५५.९० |
| कुल लगानी | ८०८.८ | ८३२ | ७६३.४ | १,२०८.७० | १,५५६.४० |
| कुल स्थिर पूँजी निर्माण | ४६२ | ५९५.८ | ६४७.३ | ८४०.७ | १,०२५.६० |
| सरकारी | ९५ | ११०.३ | १६०.५ | १६९.५ | २३३.६ |
| निजी | ३६७ | ४८५.६ | ४८६.८ | ६७१.२ | ७९२ |
| कुल गार्हस्थ्य बचत | २३४.२ | १९६.१ | ९१.६ | ३१५.७ | ४५१.३ |
| **कुल राष्ट्रिय बचत** | **८९८.५** | **९४०.३** | **९०३.८** | **१,१९८.५०** | **१,३२१.४०** |

यसलाई अर्को सूचकबाट पनि हेर्न सकिन्छ । आर्थिक वर्ष २०४७/४८ मा गरिबीको रेखामुनि रहेको जनसंख्या ४९ प्रतिशत रहेकोमा यो दोस्रो जीवनस्तर मापन सर्वेक्षण ०६०/६१ मा ३१ प्रतिशतमा झऱ्यो भने तेस्रो जीवन स्तरमा मापन सवेक्षण २०६६/०६७ मा आइपुग्दा २५.२ प्रतिशतमा झर्न पुग्यो । आर्थिक वर्ष गरिबीको रेखामुनि रहेको जनसंख्या २०७२/७३ मा २१.६ प्रतिशतमा झरेको र बहुआयामिक गरिबी २०७१ मा २८.६ प्रतिशत रहेको राष्ट्रिय योजना आयोगले उल्लेख गरेको छ । यसरी विगत दुई दशकभित्र नेपालमा गरिबीको रेखामुनि रहेको जनसंख्या आधाभन्दा बढीले घट्न पुग्यो ।

आय बढ्नु वा गरिबी घट्नुसँगै जोडिएको महत्वपूर्ण सूचक हो, मध्यम वर्गको उदय । गरिबीको रेखाबाट बाहिर निस्कनु भनेको मध्यम आय वर्गमा प्रवेश गर्नु पनि हो । विश्व बैंकले दैनिक कम्तीमा २ देखि ८ अमेरिकी डलर (हालको विनिमय दरअनुसार दैनिक कम्तीमा २ सयदेखि ८ सय रुपैयाँसम्म) खर्च गर्न सक्ने व्यक्तिलाई मध्यमवर्ग भित्र राखेको छ । यो नेपालका लागि तय गरिएको मानक हो । यद्यपि एसियाली विकास बैंकले २ देखि २० अमेरिकी डलर खर्च गर्न सक्नेलाई मध्यमवर्ग मानेको छ ।
विश्व बैंकको 'मुभिङ अप द ल्याडरः पोभर्टी रिडक्सन एन्ड सोसियल मोबिलिटी इन नेपाल' प्रतिवेदन अनुसार मध्यमवर्गीय नेपालीहरूको संख्या सन् १९९५/९६ को ७ प्रतिशतबाट बढेर सन् २०१०/११ मा आइपुग्दा २२ प्रतिशत पुगेको छ, जुन् सन् २००३/४ मा १४ प्रतिशत थियो । यसैअनुसार सन् १९९६ ताकाका कुल जनसंख्याको १ प्रतिशत धनाढ्यहरूले ओगट्थे भने अहिले यो अनुपात २ प्रतिशत पुगेको छ ।

मध्यम वर्गका आय हुनेहरूको अनुपात बढ्दै जानु अर्थतन्त्रका लागि अवसर पनि हो । मध्यम वर्गलाई विश्वव्यापी रूपमै बजार अवसरका रूपमा पनि हेर्ने गरिन्छ । यिनीहरूको उपभोग संस्कृतिले अर्थतन्त्रलाई क्रियाशील बनाउँछ । यसले अर्थतन्त्रमा माग सिर्जना गरी उद्योगधन्धाहरू बढ्ने, जसले रोजगारी सिर्जना हुन्छ भन्ने मान्यता छ । मध्यमवर्गको उदयसँगै जोडिने महत्वपूर्ण तथ्य हो, तीव्र सहरीकरण । २०४६/४७ सालताका केबल १७ प्रतिशत नेपाली सहरी क्षेत्रमा बसोबास गरिरहेकोमा आव ०७३/७४ को अन्त्यसम्ममा नेपालका ४० प्रतिशत नागरिक सहरी क्षेत्रमा बसोबास गरिरहेको अनुमान छ ।

मध्यम वर्गको उदय र देशमा बढ्दो सहरीकरण सँगसँगै देशमा सवारीसाधनको माग पनि तीब्र भए गएको छ । आर्थिक वर्ष २०४६/४७ सम्म देशभरि जम्मा ७६ हजार ३७८ सवारीसाधन मात्र दर्ता रहेकामा आर्थिक वर्ष ०७३/७४ को अन्त्यसम्म कुल २७ लाख ८३ हजार ४२८ सवारीसाधन दर्ता भइसकेको यातायात व्यवस्था विभागको तथ्यांकले देखाउँछ । आव ०७४/७५ मा दर्ता भएका थप ४ लाख ३७ हजार सवारीसाधनसमेत जोड्दा कुल सवारीसाधन संख्या ३२ लाख २१ हजार ४२ पुगेको छ ।
राष्ट्रिय योजना आयोगका अनुसार आर्थिक वर्ष २०७३/७४ को अन्त्यमा देशभरि जम्मा २९ हजार ७३१ किलोमिटरमात्र सडक (राष्ट्रिय स्तरमा) बनेको छ, यसमध्ये कालोपत्रे सडकको अनुपात १७ हजार किलोमिटर पनि छैन । स्थानीय स्तरमा थप ६० हजार किलोमिटर सडक बनेको भए पनि त्यसमध्ये मुश्किलले ५ हजार किलोमिटर कालोपत्रे (ब्ल्याक टप्ड) र थप १० हजार किलोमिटर ग्राभेल गरिएको अवस्थामा छन् भने हिउँद याममा यसमध्ये ४० हजार किलोमिटरमा सवारीसाधन गुड्छन् ।बढ्दो सडक सञ्जालका कारण आमनागरिकहरूको सवारी पहुँच पनि बढेको छ । नेपाल जीवनस्तर मापन सर्वे तेस्रोअनुसार नेपालका करिब आधा (५१ प्रतिशत) परिवार पक्की सडकसम्म आधा घण्टाभित्रै पुग्दछन् । अर्कोतर्फ, १८ प्रतिशत परिवारलाई नजिकको पक्की सडकसम्म पुग्न तीन घण्टा वा बढी समय लाग्छ । कच्ची सडकमा पहुँच भने योभन्दा राम्रो छ । देशका करिब ८० प्रतिशत परिवार मोटर चल्ने कच्ची सडकबाट आधा घण्टाको दूरीमा छन् । गोरेटो/घोडेटो बाटो भने जतातते छ - ९७ प्रतिशतभन्दा बढी

परिवार आधा घण्टाभित्र यस्तो बाटोमा पुग्दछन् । नयाँ बाटो बन्नेवित्तीकै सार्वजनिक सवारीसाधन चलाउने होडबाजीले सडकजन्य जोखिम पनि बढाएको छ ।

एकातिर बढ्दो सवारीसाधनको संख्या, अर्कातिर बढ्दै गएको सहरीकरण दुवैले ऊर्जाको माग र खपत दुवैमा वृद्धि गरेको छ । यो नेपालको हकमा मात्र होइन, विश्वव्यापी रूपमा नै देखिएको प्रवृत्ति हो । आउँदा दशकहरूमा ऊर्जाको माग तीन गुणाले बढेर जाने तेल उत्पादक मुलुकहरूको संगठन (ओपेक)ले प्रक्षेपण गरेको छ । यसमध्ये नेपालका प्रमुख दुई छिमेकी मुलुकहरू भारत र चीन पेट्रोलियम पदार्थका माग बढाउने मुख्य बाहकहरू हुनेछन् ।

ओपेकका अनुसार सन् २०१५ मा पेट्रोलियम पदार्थको माग प्रतिदिन २७४ मिलियन ब्यारेल रहेकोमा सन् २०४० मा पुग्दा यो प्रतिदिन ३६५ मिलियन ब्यारेल पुग्नेछ । विश्वभरि औसत वार्षिक १.२ प्रतिशतका दरले पेट्रोलियम पदार्थको माग बढ्दै जानेछ । भारत र चीनसहितका विकासशील देशमा पेट्रोलियम माग प्रतिदिन ८६ मिलियन ब्यारेलले बढ्ने प्रक्षेपण गरिएको छ ।

विश्वभरि अन्य क्षेत्रका तुलनामा यातायातले नै सर्वाधिक पेट्रोलियम खपत गराउँदै आएको छ, जुन सन् २०४० मा पनि जारी रहने प्रक्षेपण गरिएको छ । यातायातले उक्त अवधिमा कुल पेट्रोलियम खपतको ४८ प्रतिशत हिस्सा ओगट्ने छ ।चीनको भन्दा पनि भारतको उच्च पेट्रोलियम मागबाट नेपालसमेत प्रभावित हुनेछ, किनकी नेपालले हालसम्म (र, पछिल्लो समयमा भएका पेट्रोलियम आपूर्तिसम्बन्धी सम्झौता एवं उपलब्ध व्यवस्थाका कारण आउँदा केही दशकसम्म नै) भारतबाटै प्रशोधित पेट्रोलियम पदार्थ खरीद गर्दै आएको छ । भारतले इरानसहित विभिन्न तेल उत्पादक राष्ट्रहरूबाट कच्चा पेट्रोलियम (क्रुड आयल) खरीद गरी नेपाल, भुटानसहितका देशलाई बेच्ने गर्दछ । त्यसैले नेपालको पेट्रोलियम उपभोगको अन्तर्राष्ट्रिय अनुपातलाई भारतकै डालोमा राखेर हेर्ने गरिन्छ ।ओपकेका अनुसार विकासशील देशहरूमध्ये भारतको वृद्धिदर यस अवधिमा सबैभन्दा तीव्र हुनेछ । समग्र विकासशील देशहरूमा सन् २०४० सम्म वार्षिक औसत २ प्रतिशतले पेट्रोलियम पदार्थको माग बढ्ने प्रक्षेपण भइरहेको बेला भारतमा भने यस्तो माग वार्षिक ३.७ प्रतिशतका दरले बढ्ने ओपेकले प्रक्षेपण गरेको छ ।

त्यहाँका नागरिकहरूको सम्भाव्य उच्च आय, सहरीकरणको तीव्र भोक र आवश्यकता एवं राष्ट्रिय राजमार्ग सञ्जालको व्यापक विकासका कारण भारतमा पेट्रोलियम माग बढ्ने प्रक्षेपण गरिएको हो । ओपेकले सन् २०४० मा भारतको प्रतिव्यक्ति आय (सन् २०११ को प्रतिव्यक्ति क्रयशक्ति समता-पीपीपी-का आधारमा) २२,५०० अमेरिकी डलर पुग्ने प्रक्षेपण गरेको छ । सोही अवधिमा चीनको प्रतिव्यक्ति आय पनि ४१,३०० अमेरिकी डलर पुग्ने प्रक्षेपण गरिएको छ ।

छिमेकी मुलुकहरू तीव्र विकासको पथमा अगाडि बढिरहँदा नेपाल पनि अब सुस्त गतिमा रहिरहन सक्दैन । विगत तीन आर्थिक वर्षमा औसत ७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गरेको नेपालले आउँदा दुई वर्षभित्र औसतमा १० प्रतिशत हाराहारीको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखेको छ ।अहिलेको मुश्किलले २० हजार किलोमिटर कालोपत्रे गरिएको सडक आउँदा दस वर्षभित्र ५० हजार किलोमिटर पुग्ने र देशभरि दर्ता भएका सवारीसाधन पनि ५० लाख नाघ्ने प्रक्षेपण गरिएको छ । यस्तै कम्तिमा तीन वटा अन्तर्राष्ट्रिय विमानस्थलहरूसँगै नेपालमा हवाई यातायातको पनि पहुँच बढ्ने छ भने अहिले मुश्किलले ३० प्रतिशत नागरिकहरूले खाना पकाउने ग्यास/मट्टीतेलको चुल्हो उपयोग गरिरहेकामा यो अनुपातसमेत दोब्बर हुने आकलन गरिएको छ । सन् २०१५ मा खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठालगायतका ठोस इन्धन प्रयोग गर्ने परिवारको अनुपात

७४.७ प्रतिशत छ भने खाना पकाउन र कोठा तातो राख्नका लागि एलपी ग्यास प्रयोग गर्ने जनसङ्ख्या १८ प्रतिशतमात्र छ ।

विद्युतीय ऊर्जातर्फ नै अहिलेको माग १४ सय मेगावाट रहेकोमा त्यो २२ सय मेगावाट नाध्ने प्रक्षेपण छ । कुल अन्तिम ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको हिस्सा अहिले ११.९ प्रतिशत मात्र छ । विश्वभरि नै स्वच्छ ऊर्जाको प्रयोग बढिरहेको बेला नेपालमा यस्तो ऊर्जाको कम उपभोगले हाम्रो कमजोर अवस्था झल्काउँछ । अहिले कुल ऊर्जा खपतमा जीवाश्म इन्धन (Fossil Fuel) ऊर्जाको खपत झन्डै १२.५ प्रतिशत रहँदै आएको छ ।

यी सबै तथ्यांकहरूले परम्परागत ऊर्जाका स्रोतबाट व्यावसायिक ऊर्जाको माग बढ्ने संकेत गरेका छन् । त्यसैले अब ऊर्जा उपभोगको सम्भाव्य प्रक्षेपण गरी आउँदा दशकका लागि कुन कुन स्रोतबाट के कसरी उपलब्ध गराउने भन्ने राष्ट्रिय नीति बनाउनु पर्ने बेला भइसकेको छ ।

# पेट्रोलियम पाइपलाइनका प्राविधिक पक्षहरु :

इ. शरद प्रसाद पौडेल

पेट्रोलियम पदार्थ एक ठाँउबाट अर्को ठाँउसम्म पाइपलाइन बिछ्याएर हाई लिफ्ट पम्पसेट (HLP) द्वारा पम्पिङ्ग गरी पुऱ्याउने ढुवानीको माध्यम मध्ये यसलाई सबैभन्दा विश्वसनीय र सुरक्षित माध्यम मानिएको छ । पेट्रोलियम पदार्थ आफैमा असुरक्षित, अत्यन्त प्रज्वलनशील र विष्फोटक चरित्र भएको पदार्थ हुनाले ढुवानी कार्यमा अत्यन्त सजगता र संबेदनशील हुनुपर्ने बाध्यता नै हुन्छ । यसका बिभिन्न safety rulesहरु र मान्यताहरुको अनुसरण गरिरहनुपर्छ Update गराईरहनु पर्दछ । हाम्रो देशमा पेट्रोलियम पदार्थ ढुवानी कार्य टैंकट्रकबाट नै भैरहेको छ । टैंकट्रकबाट ढुवानी कार्य अत्यन्त जोखिमपूर्ण हुने गर्दछ । पटक पटक बिष्फोट भएका समाचार आएका हुन्छन् साथै सँधैभरी टैंकट्रकबाट गरिरहनु भनेको सधैं उच्च जोखिममा रहनु चिन्ताको बिषय हुन्छ । धुलो धुँवा जस्ता प्रदूषणजन्य वातावरण बिगार्ने कुरा त हुने नै भयो । त्यसै कारण पनि ढुवानीको माध्यम परिवर्तन गर्नुपर्ने र ढुवानी कार्य सुरक्षित गर्ने तर्फ पहिला देखि नै कुरा उठ्दै आईरहेको थियो । यसै परिप्रेक्षमा नेपालमा पहिलो पाइपलाइन बिछ्याउने सम्बन्धमा भारत सरकार र नेपाल सरकारबीच सहमति भै इण्डियन आयल कर्पोरेसनको सहयोगमा भारतको मोतिहारी देखि नेपालको अमलेखगंजसम्म ७० कि.मि. पाइपलाइन बिछ्याउने कार्य तीब्र गतिमा भैरहेको छ । पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रभित्रको रुख कटान कार्यको लागि स्वीकृत भै अन्तिम रुखगणना कार्य सकिएर लगतकट्टाको कार्य अगाडि बढेको छ । सो सम्पन्न भएपछिको २ महिनाभित्र पाईप बिछ्याउने कार्य सम्पन्न भैसक्ने स्थिति रहेको छ । त्यसपछि Receiving stationको कार्यहरु अगाडि बढ्ने छ । receiving station अमलेखगंजको २ वटा ३९०० कि.लि.का र २ वटा ४१०० कि.लि.का गरी जम्मा १६,००० कि.लि.हुने क्षमताका टैंकहरुको M & I (Maintenance and Inspection) कार्य API (American Petrolium Institute) 653 specification अनुसार भैरहेको छ जसमा Bottom Plate Scanning, repairing, patching, plate changing, curb angle changing, Hand rail fixing, Sand pad foundation repairing, dyke wall repairing and increasing height, vaccum testing, Hydrotesting, Inlet/outlet nozzle new fixing, painting, water sprinkle line construction लगायतका सम्पूर्ण कार्यहरु API650तथा OISD 129 code अनुसार भैरहेका छन् । १ महिनापछि २ वटा टैंकको कार्य सम्पन्न हुने अवस्थामा छन् त्यसपछि २ वटा टैंकको कार्य थालनी हुनेछ । हालको अवस्थामा उक्त पाइपलाइनबाट डिजल मात्र आउनेछ । स्टेशनवर्कमा पाइपलाईन मेनिफोल्ड, बिभिन्न किसिमका भल्वहरु, मिटरहरु, कन्ट्रोल बिल्डिङ्ग ल्याब लगायतका कार्यहरुको Layoutभैरहेको छ । फायरवाटर टैंक, फायरलाईन, फोमलाईन, वाटर स्प्रीङ्कल सिष्टम, मोनिटर, हाईड्रेन्ट सम्पूर्ण फायरलाईन Replacementकार्यको पनि Layoutभैरहेको छ । फायरवाटर स्टोरेज टैंक तथा फोम स्टोरेज टैंक नयाँ निर्माण गर्नुपर्ने अवस्था देखिएको छ । उपरोक्त कार्यहरु गर्नको लागि आवश्यक सामाग्रीहरु, उपकरणहरु, मेशिनरीहरु करिव आइसकेका छन् । मोतिहारी अमलेखगंज पाइपलाईन भनिएतापनि मुख्य पाइप जोडिने स्थान भनेको IOCको पटना टर्मिनल हो । पहिलो Phaseमा पटनाबाट नै डिजल पम्पिङ्ग गरिनेछ । बरौनी-कानपुर पाइपलाइनको पटना टर्मिनलबाट 12" dia को पाइप भारत बिहारको सिवान भन्ने स्थानसम्म ल्याउने र सिवानमा "T" Pointराखी भारत उत्तर प्रदेशको बेतालपुरसम्म 10.75" dia को पाइप बिछ्याउने र सिवानदेखि मोतिहारी हुँदै अमलेखगंजसम्म 10.75" dia को पाइप बिछ्याउने कार्य सँगसँगै भैरहेको छ । IOCको दोश्रो Phaseमा मात्र मोतिहारीमा पूर्वाधार निर्माण गरी पम्प स्टेशन राखेर अमलेखगंजसम्म डिजल पम्पिङ्ग कार्य हुने जानकारी रहेको छ । जे भएतापनि हाम्रो सरोकारको बिषय भनेको मोतिहारीदेखि

अमलेखगंजसम्म हाल बिछ्याईरहेको पाइपलाईन कार्यको अवस्था र सो सँग सम्बन्धित बिषयहरुमा प्राबिधिक पक्षमा सामान्य जानकारी गराउने उद्धेश्यले यो लेख तयार गरिएको हो ।

**बिछ्याईएका पाइप सम्बन्धमा**

मोतिहारी-अमलेखगंज पेट्रोलियम पाइपलाइन परियोजनको लागि Maharastra Seamless Limited (JINDAL) कम्पनी महाराष्ट्रले बनाएका पाइप बिछ्याउने कार्य भैरहेको छ । उक्त पाइप American Petrolium Institute (API) ले Standarisedगरेको API-5LX60  PSL-2 को specificationअनुरुप निर्माण भएको हो । API-5l भनेको पाइपको ग्रेड हो । 60भनेको Yield Strength 60 KPSIहो । PSL-2 भनेको Product specification level हो । PSL-2  ले Oil र Gas पम्पिङ्ग कार्यमा उपयुक्त हुने पाइपको specification level दिइएको हो । Mainlineपाइपको outer diameter 10.75", wall thickness 0.307" छ भने casingपाइप र station workको लागि अन्य diameter का पाइपहरु पनि छन् । Mainlineपाइपको लम्बाई एउटाको करिब १२ मिटर छ ।

**पाइपलाइन बिछ्याउने कार्य सम्बन्धमा :**

मोतिहारी-अमलेखगंज पाइपलाइन पूर्ण रुपमा जमिनमुनीबाट बिछ्याएर ल्याउने कार्य भैरहेको छ । रक्सौलदेखि अमलेखगंजसम्म प्रायःजसो स्थानमा २.५ मिटर गहिराइमा राखिएको छ । पाइपलाइन बिछ्याउन रेखाङ्कन गरिएको स्थानमा परेको अवरोधहरु घरहरु, बजार, बिल्डिङ्गहरु, नदीनाला, कृशिङ्गहरु लगायतका अप्ठ्यारा स्थानहरुमा HDD (Horizontal directional drilling)कार्य गरी पाइप जोडिएको छ भने साना नाला/ढलहरुमा concrete coatingpipe जोड्ने कार्य हुन्छ । पाइप बिछ्याउनु अघि खाल्डो नजिक पाइपहरु लाइन लगाएर राखिन्छ र weldingकार्य गर्न पाइपहरुकोEdge मा "V" cuttingगरिन्छ र Level मिलाइन्छ । Skilled certified welder बाट weldingगराइन्छ । Weldingगर्नु अघि weldingगर्नुपर्ने स्थानमा ६०° सेन्टीग्रेड तापक्रम पुर्‍याउने गरी preheat गरिन्छ साथै welding rodहरु पनि preheat box भित्र राखिएको हुन्छ । Welding rod IS814 ग्रेडको प्रयोग गरिएको छ । Pipeहरुको Levelमिलाईसकेपछि मात्र Weldingकार्य एकैचोटी दुई जनाले दुई साइडबाट सँगै तलदेखि माथितिर perfect length र Temperature/Ampere (Welding machine) मिलाउँदै पाइपको दुबै साइडबाट एकैसाथ माथिल्लो भागमा पुर्‍याएर जोडिन्छ । यसैगरी पाइप Loweringको लागि तयारी गर्न आवश्यक दूरी अनुसार (२००,३००,४०० मी) लम्बाई सम्म खाल्डो बाहिरनै मिलाएर राखी weldingकार्य गरिन्छ । सम्पूर्ण jointsहरु weldingभैसकेपछि jointsहरुको Radiography test (X-ray) गर्नुपर्दछ । HDDतथा Tie-in joints बाहेक 20% joint हरुको Testगरी पास भएपछि मात्र अन्य कार्य गर्नुपर्दछ नत्र फेरि weldingगर्नुपर्दछ । HDDर Tie-in-joint हरुको Radiographytest 100% jointको हुनुपर्छ । Radiography test पछि उक्त joint हरुको स्थानमा sandblasting (compresureको pressure बाट बालुवाले सफा गर्नु) कार्यद्वारा खिया लागेको हटाएर त्यस ठाँउमा epoxy-paint गरेर 3-layer polythene को matद्वारा wrappingगरेर gas blower द्वारा heat गरेरpipe को अन्यस्थानको surface जस्तो बनाउने कार्य हुन्छ । अब पाइप loweringगर्ने अवस्थामा Holiday testing गरिन्छ । Holiday testing भन्नाले पाइपको coatingकहिंकतै scratchहरु  हुन सक्ने भएकोले पाइपको पुरै cir cumferential area मा हुने गरी coil wire insert गरेर सम्पूर्ण पाइपको लम्बाई सम्म १५००० भोल्ट बिद्युत supplyगरी testगर्ने प्रक्रिया हो । पम्पको surfaceकहींकतै scaratch भएमा Buzzerद्वारा जानकारी दिन्छ त्यहाँ मर्मत गर्नुपर्छ । सम्पूर्ण लम्बाइमा केही कैफियत छैन भने पाइप loweringकार्य गरिन्छ । क्रेन वा स्काभेटरद्वारा बिस्तारै उठाएर

पाइप loweringगरिन्छ । पाइप हाल्ने कार्य सँगसँगै Optical fibre cable (OFC) pipe पनि हालिन्छ । ५० से.मी. माटोले पुरेपछि warning mat राखेर त्यसपछि पुरा खाल्डो पुर्ने काम हुन्छ ।

**HDD (Horizontal directional drilling) :**

Horizotal directional drilling (HDD)शब्दको प्रयोग माथि पनि गरिसकिएको छ । Pipeline बिछ्याउने कार्यको लागि surveyभएर रेखाङ्कन गरिसकेपछि त्यस बीचमा पर्ने नदीहरु, क्रशिङ्गहरु, ठूलठूला बिल्डिङ्गहरु, बजारक्षेत्र, पौराणिक ऐतिहासिक स्थल, नालाहरु लगायतका स्थानहरु जहाँ खनेर पाइप गाड्न सम्भव हुँदैन त्यस्ता कठिन स्थानहरुमा जमिनमुनीबाट पाइप छिराउनु पर्ने हुन्छ । जमिनमुनीबाट पाइप छिराउन drilling machine(प्वाल पार्ने मेसिन) को आवश्यकता पर्छ । ड्रिलिङ्ग गर्ने मेसिनलाई ड्रिलिङ्ग रिग भन्दछन् । Drilling Rigबिभिन्न प्रकार र क्षमताका हुने गर्दछन् । जमिनमुनी प्वाल पार्ने कार्यमा प्रयोग हुने २ प्रकारका ड्रिलिङ्ग रिग हुन्छन् । एउटा Verticle(सिधा तल) र अर्को Horizontal(जमिनको समानान्तर) । ड्रिलिङ्ग रिग Vertical typeले जमिनमुनी प्वाल पारेर पानी, तेल, ग्याँस निकाल्न प्रयोग गरिन्छ भने Horizontal type drilling Rigले जमिनको समानान्तर आबश्यकता अनुरुप गहिराइमा प्वाल पार्ने काम गर्दछ । Horizontal type drilling Rig को प्रयोग पेट्रोलियम पाइपलाइन बिछ्याउने कार्यमा पनि प्रयोग गरिन्छ । HDDगर्नको लागि के कति दुरी र गहिराईको निर्धारण भएपछि सोही अनुरुपको क्षमताको ड्रिलिङ्ग रिग छनौट हुन्छ । यस मोतिहारी-अमलेखगंज पेट्रोलियम पाइपलाइन बिछ्याउने कार्यमा ४५ टन क्षमता देखि ८० टन क्षमताका ड्रिलिङ्ग रिगहरु प्रयोग भइरहेका छन् । ११८ मिटर लम्बाइ देखि ४६८ मिटर लम्बाई सम्मको ड्रिल गरिएको छ । हालसम्म २७ स्थानमा ड्रिल गरी पाइप पसाउने कार्य भैसकेको छ भने २ स्थान मात्र बाँकी रहेको छ, जुन जंगल क्षेत्र भित्र परेको छ ।

ड्रिलिङ्ग गर्न Fixedगरिएको स्थानको एउटा छेउमा ड्रिलिङ्ग रिग (HDD Rig)ज्याकहरुको माध्यमबाट हलचल हुने किसिमले राखिन्छ । ड्रिलिङ्ग कार्य शुरु गर्न अघि piloting कार्य गर्नु पर्छ । pilotingकार्य पनि ड्रिलिङ्ग मेशिनकै माध्यम बाट गरीन्छ । ड्रिलिङ्ग गर्नको लागि बिभिन्न साइजका ड्रिल बिटहरु हुन्छन् । पाइलट बिट ६" को flat teeth भएको हुन्छ भने अन्य बिटहरु गोला आकारका हुन्छन् । ड्रिलिङ्ग कति गहिरोसम्म जाने, कति दाँया बायाँ जाने भन्ने पाइलटिङ्ग गरेर मिलाइन्छ । पाइलट बिट (pilot bit) Flatआकारको केही झुकेको हुन्छ । पाइलट बिट भित्र ब्याट्री सहितको ट्रान्समिटर राख्ने प्वाल हुन्छ । शुरुमा पाइलट बिटमा राखिएको Transmeterलाई बाहिर नै Receiver सँग Calibrateगरिन्छ । मेजरिङ्ग टेपको माथि प्रत्येक मिटरमा ठीक छ छैन मिलाइन्छ, त्यसपछि मेसिनमा रहेको ड्रिल रडसँग कसिन्छ । पहिले पाइलट बिटलाई जमिनमुनी १० डिग्री भर्टिकल एङ्गलमा घुसाइन्छ । एकजनाले पाइलटिङ्ग रिसिभर बोकेर ड्रिल बिट घुस्दै गएको स्थान हुँदै र दाँया बाँया Distance र Depth मिलाउने निर्देशन दिने गर्दछ । एउटा रिसिभर ड्रिल मेसिन चालकको क्याबिनमा पनि राखिएको हुन्छ, त्यसको आधारमा घडी बजे अनुसार ६ भनेको तलतिर पाइलट बिटको पोइन्ट फर्काएर ड्रिल गर्ने कसिन्छ, ९ भनेको बाँयातिर बुझिन्छ, १२ भनेको माथितिर लैजाने बुझिन्छ र ३ भनेको दाँयातिर भन्ने बुझिन्छ । यसरी ड्रिलिङ्ग भएको प्वाल चाहिएको स्थानसम्म दाँया बाँया तल माथि गर्दै निकालिन्छ । ड्रिल रड ४.५ मिटर लामो कडा स्टिलबाट बनेको हुन्छ । सिधा भएको कारण नजिकै तल माथि दाँया बाँया गर्न सकिदैन, यसले लामो दूरी लिन्छ त्यसकारण एउटा १५/२० मिटरको Culvertनाला ड्रिल गरेर पारी पुऱ्याउनु पऱ्यो भने १०० मीटर भन्दा बढी दूरी लिन्छ । ड्रिल बिट र ड्रिलहरुको बीचमा प्वाल हुन्छ । ड्रिलिङ्ग गर्दा बेन्टोनाइट भन्ने पाउडर (माटोजस्तै) र पानी मिक्स गरेर पम्पद्वारा प्रेसरमा ड्रिल गरिएको प्वालमा ड्रिल गरुन्जेल पठाइन्छ जसले प्वाल पार्दा खनेको माटो बाहिर निकालेर ड्रिल बिटलाई अगाडि

जान मद्दत गर्नुका साथै चारैतिरबाट झर्ने माटो, ढुंगा, बालुवा लगायतका पदार्थहरुलाई Blockगरी Holeपुर्न दिदैन । पहिलोपल्ट पाइलटबिट द्वारा अर्को छेउ निकालिन्छ । त्यसपछि १० इन्च डायमिटरको ड्रिलबिटद्वारा प्वाल ठूलो पारिन्छ, त्यसैगरी १२ इन्च, १६ इन्च गर्दै २२ इन्चको बिट अन्तिममा पठाएर त्यस बिटको टुप्पोमा Hookगर्न मिल्ने हुन्छ र पाइपको छेउमा पनि Hookगर्न मिल्ने बनाइएको सँग जोडेर पाइप Pullingगरिन्छ । Main line Pullingसँगै OFC Cable छिराउनको लागि अर्को ३ इन्च डायमिटरको पाइप पनि जोडेर एकैसाथ दुबै पाइपलाई अर्को छेउमा निकालेपछि पाइप तान्ने काम सकिन्छ । Pullingगर्ने पाइप तयारी गर्दा पहिलेको जस्तै पाइपहरु Weldingगरी जोड्ने कार्य बाहिर नै मेशिन बसेको अर्को छेउमा गरिन्छ । Radiography test 100% joint हरुमा गरिन्छ । Pre-hydro test गरिन्छ । सबै joints perfect भएपछि Pullingकार्य गरिन्छ । यसरी HDDकार्य सम्पन्न हुन्छ ।

**Tie-in Joint**:

एक तर्फबाट बिछ्याउदै आएको पाइप र अर्को तर्फबाट बिछ्याईएको पाइप जोड्ने कार्य बिभिन्न एङ्गलबाट आएर मुख जोडिएको ठाँउ साथै HDD भएर आएको पाइपको मुख र अर्को तर्फबाट आएको पाइपको मुख जोड्ने कार्यलाइ Tie-in jointभनिन्छ । फरक दिशाबाट आएका पाइपको मुख फरक एङ्गलबाट जमिनमुनी जोड्ने कार्य जटिल साथै कठिन हुन्छ । दुवै तिरका पाइपको मुख मिलाएर Welding गर्ने, Radiography testगर्ने Coating, Wrappingगर्नुका साथै Holiday testingकार्य 100% confirmगर्नुपर्छ त्यसपछि माथि उल्लेख गरिएको प्रक्रिया अनुसार पाइप पुर्ने गरिन्छ ।

**Cathodic Protection:**

बिभिन्न रासायनिक प्रक्रियाबाट पाइपलाइन खिइएर जाने क्रमलाई रोक्नको लागि Cathodic Protectionगरिन्छ । पाइपलाइनको प्रत्येक किलोमिटरको दूरीमा Cathodic Protection को लागि बिछ्याईएको पाइपमा १" स्वायर पाइपको Coatingकाटेर दुइवटा electric wireलाई thermit welding प्रक्रियाद्वारा पाइपसँग जोडिन्छ । त्यस तारहरुलाई sactifice ZINC Anode सँग जोडिन्छ । त्यसपछि Reading गर्नको लागि सडक बाहिर Junction Box राखेर readingप्रक्रिया मिलाईएको हुन्छ । यस किसिमको Cathodic protection system प्रत्येक १ कि.मि.को दूरीमा राखिन्छ ।

पेट्रोलियम पाइपलाईन निर्माण कार्य निम्न उल्लेखित Codes/Standard को अनुसरण गरी गरिएको छ ।

**Codes/Standards used in Pipeline design and construction.**

| | |
|---|---|
| 1. API-5L-1995 | -Line Pipe |
| 2. API-6D | -Pipeling Valves |
| 3. API-RP-1102 | -Liquid petroleum pipelines, crossing railroads and highways |
| 4. API-1104 | -Standard for welding pipelines and related facilities. |
| 5. API-RP-1107 | -Pipeline maintenance, welding practices. |
| 6. API-RP-1109 | -Marketing liquid |
| 7. API-RP-1110 | -Pressure testing of liquid petroleum pipeline. |
| 8. API-RP-1113 | -Pipeline supervisory control centre checklist. |
| 9 API-1115 | -Evaluation methodology for software based leak direction system |

साथै IS Standard, BS Standard, OISD, ASTM, ASME लगायतका अन्य कोडहरु पनि बिभिन्न कार्यमा प्रयोग गरिएको छ ।

# A need of Women Empowerment for Better Environmental Management in Nepal

Babu Ram Rai

Women empowerment is essential need to better environmental management in Nepal. Few number of women are found in decision making level where as most women are unemployed due to the low level of education. Education is provided to them firstly and training and active participation are shown secondly. In this condition, there is not possible to proper manage environment it needs actively participation of women in the setting environmental policy, preparing planning tool and implementing mechanism as well as monitoring wings. Environmental components are air, water, land, noise and land use pattern. These components are deteriorating day by day and down warding from ambient level. In other word, gradually ice melting from mountain then disappearing small islands by increasing sea level. One of the causes is increasing temperature because the volumes of green house gases are adding gradually on the earth surface. Presently, sea absorbing heat as a result, sea belt area have found huge bio diversity lose in large scale that issue is being great challenge over the world.

Education is important for the development of women carrier while scholarship is a key factor to pursue higher education so that women are highly required to scholarship for their better education. Most foreign universities have preferred women to provide scholarship to pursue higher education as well as for their secured carrier In the context, scholarship should be provided to women because they are in backward with compared to men in Nepal. Constitutions of Nepal have provided a reservation although most women are still in unemployment condition hence education facilities are required to them. Training is also play major role to assured for job and to upgrade from present position. For example, natural disaster of 2072 BS had affected to Sindhupalchok, Gorkha and other districts. Many of houses were collapsed from this disaster. Whereas new houses are constructing now a days but many of young men had gone to Arab and other countries to earn money and to run their families smoothly. However, these areas have lack of man workers. In this regard most women are working as masons and preparing new houses in the affected areas they were trained by public and private sector' organization these were actively providing training to women. One more example, electric vehicle locally named Safa Tempoos have been plied in Kathmandu since 1990s. Many of women have been encouraged to drive the tempoos due to the successive training. Therefore many women have been driving the tempoo which is environmentally very friendly with compared to diesel and petrol driven vehicles.

The constitution of Nepal has secured seats for women in the central, province and district levels. It certainly helps to all women representatives to address gender issues in the effective way. In other word many of women have got opportunities to be minister as well as to represent other government decision making bodies which help to eliminate gender biasness then after they automatically involve to the environmental management sector. The sustainability of every development work is not found without proper management of environment. Environment consists of air, water, land, noise and land use pattern which are being pullulated and worsened day by day in Nepal and over the world. Various international summit were happened and produced many of commitments to reduce temperature as well as many of agreements were signed by head of the governments or their represents of developed and developing countries.

Global warming is occurring due to the increasing temperature day by day and resulting misbalance on eco system as well as biodiversity lose. In other, word it affecting on heat balance over the world whereas Mount Everest of Nepal has got high volume of ice melting problem due to the increasing temperature. On the other side Maldives has facing the problem of covering island by water due to the increasing sea level, Nepal has also facing air pollution whereas industries and vehicles are major sources of air pollution. Most industries are exhausting emission without installing control measures for example; brick kilns are locating in the Bhaktapur, Lalitpur and Kathmandu districts. Similarly, most vehicles are plying over the cities of Kathmandu valley with producing pollutants because of poor maintenance as well as old vehicles. The particulate matter is also increasing due to the Melamchi drinking water project of which piping on the road as well as dust particles is also high cause by depositing construction materials on the road side which make high air pollution in and around the Kathmandu valley. Water pollution is found in the river of Bagmati due to the sewage and garbage. Many of religious people were able to bath in the river in 1980s but we cannot wash our hand now a day due to the highly contaminated and pullulated water. In the same way, Dhobi khola and Bishnumati River were polluted by directly adjoining domestic sewage and industrial effluent. Moreover, other urban areas of Nepal have facing air and water pollution as well. Excessive uses of pesticides are also causing to be high water pollution in rural area of Nepal. Most peasants are applying pesticides on their farm line to prevent insect attacks for plants however the volume of pesticides over the agriculture land may cause to pollute adjoining streams and kholas. As a result living creatures are affected by the pesticides reaction in the ingredients of water.

Noise pollution is also remarkable pollution in the Kathmandu valley. Industries, vehicles and air-crafts play major role to be the pollution. Jorpati, Sinamangal, Koteshwor, Pepsicola & Kadaghari of Kathmandu and Bhaktapur districts has found high noise pollution caused by air-crafts. Most air-crafts are flying over the areas every day. Likewise, vehicles produce

noise pollutions with their horns and exhausts in Kathmandu Valley. Most industries are also producing noise pollution over their surroundings in the Kathmandu valley. For example, Balaju Yantrashala of Balaju industrial district, Kathmandu and similar industries of Patan industrial districts, Lalitpur have been producing high sound volumes. Most agriculture land of Nepal are getting productivity lose and major reason of the productivity loses are excessive use of chemical fertilizer and pesticides. Most industrial affluent of Balaju industrial district is directly joined to Bishnumati River of which damages are found the adjoining land of the river. Many of peasants of Nepal have lack of domestic composed fertilizer because of very small number of livestock ranching and it also became to be high land pollution in Nepal. Similarly solid waste is dumped then it has leakages and cause to be land pollution as well.

Most urban areas of Nepal have got environmental pollution due to the lack of land use planning. In other word land use pattern look likes in poor manner because of not adopting proper planning tools. Most urban agriculture lands are being encroached higher and higher by buildings, roads and other infrastructures day by day lack of poor land use planning resulting poor accessibility is found and raised traffic congestion makes high air pollution. If land use planning tools are used to land where residential, industrial, educational, recreational, commercial, agricultural and forest areas are clearly separated and allocated as well. Nepal has 55% forest land due to the land fallow in huge scale and actively involvement of women in the community forest development which makes easy to claimed carbon trade monitory values in dollar from the highly developed countries who produce high volume of carbon.  Women empowerment is necessary to the preservation of natural resources of Nepal which make healthy environment. Appropriate policies and planning tools are required to the women empowerment and environmental management.

Almost women are fighting for gender equality. In the same time, trans gender women are seeking their identity in the society. Both of them are also fighting with poverty because of their facing the hand to mouth problem. Similarly, most women are unemployed so that they need education and training for getting better employment opportunities. If they have good income sources they shall turn to another sector i.e. environmental management, etc. There is impossible to manage environment without women participation. Women are half sky for every development where men are involved therefore women should be known how to increase pollution as well as their active involvement to reduce pollution is became a key role for friendly environment in Nepal. There needs to steps further setting environmental and women empowerment policies; preparing environmental act, rule and guideline; strengthening institutional capabilities to implement policy as well as to enforce rule and regulation; and campaigning public awareness.

# सार्वजनिक संस्थान र संघीय संरचनामा नेपाल आयल निगम

✍ **पुस्कर कार्की**

सर्वसाधारण जनतालाई आधारभूत वस्तु तथा सेवा सर्वसुलभ र सुपथ मूल्यमा बिक्री वितरण गर्दै लोक कल्याणकारी राज्य व्यवस्था निर्माणका लागि वि.सं. १९९४ देखि नेपालमा सार्वजनिक संस्थानहरूको स्थापना हुन थालेको हो । सार्वजनिक सेवा प्रवाह तथा व्यावसायिक दक्षता अभिवृद्धि र आर्थिक रुपले आत्मनिर्भरता हासिल गर्न सार्वजनिक संस्थानले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । समाजमा वस्तु तथा सेवाको व्यापार वा वित्तीय व्यवसाय संचालन गर्नका लागि प्रचलित कानून बमोजिम सरकारद्वारा आफ्नै स्वामित्वमा सार्वजनिक संस्थानको स्थापना गरिएको हुन्छ । सार्वजनिक संस्थानलाई विभिन्न व्यक्ति तथा संस्था मिली बनेको कानूनी अधिकार प्राप्त एउटा कृत्रिम व्यक्ति पनि मानिन्छ ।

सार्वजनिक संस्था भन्नाले पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको प्रचलित कानून बमोजिम स्थापित संगठित संस्थालाई सम्झनुपर्छ भनी नेपाल सरकारद्वारा गठित प्रशासन पुनः संरचना आयोग, २०६५ को दोस्रो अन्तरिम प्रतिवेदनमा उल्लेख गरिएको छ । नेपालमा सार्वजनिक संस्थान सुधारका कुरा सरकारका सवै नीति, योजना र कार्यक्रममा गरिएको भए तापनि सुधारको पक्षमा उत्साहजनक कार्य हुन सकेको छैन । सरकारले सार्वजनिक संस्थानमा गरेको लगानीको उचित प्रतिफल प्राप्ति र सेवा व्यवस्थापनमा सफलता पाएको छैन । सार्वजनिक संस्थानको कमजोर व्यवस्थापन क्षमताका कारण राजनीतिक हस्तक्षेप, व्यावसायिक दक्षतामा कमी, न्यून जवाफदेहिता, ट्रेड युनियनहरूको प्रभावकारिताको अभाव एवं स्रोत र साधनको विविधीकरण गर्न नसक्नु जस्ता विविध कारणले गर्दा लक्षित उद्देश्य हासिल गर्न तथा जनतालाई सेवा सुविधा गराउन पूर्ण रुपमा सफल हुन सकेको छैन ।
विभिन्न समस्या र चुनौतीहरु विद्यमान हुँदाहुँदै पनि देशका जनतालाई प्रभावकारी रुपमा वस्तु तथा सेवाहरू उपलब्ध गराउने कार्यमा सार्वजनिक संस्थानको योगदान उच्च रहन गएको छ । बदलिँदो परिस्थितिमा सार्वजनिक संस्थान महत्वपूर्ण भएको अवस्थामा पनि निजीकरण र उदारीकरणले प्रश्रय पाउन थालेको छ । यद्यपी यसले आमजनताको मन जित्न सकेको छैन । विगतमा सफलता साथ संचालन भई ठूलो नाफा आर्जन गरी रोजगारी उपलब्ध गराएका कतिपय सार्वजनिक संस्थानहरू बहुदलीय व्यवस्थाको स्थापना पछि निजीकरणमा गए पश्चात् लामो समयदेखि बन्द भएको वा खारेजीमा गएका छन् । अतः वैदेशिक लगानी र उद्योग प्रवर्द्धनका लागि राज्यले उचित वातावरण निर्माण गर्न सक्नुपर्दछ ।

सार्वजनिक सेवालाई प्रभावकारी बनाइ उपभोक्ताहरूलाई सेवा सुविधा उपलब्ध गराउनका लागि सार्वजनिक संस्थानका समस्याको पहिचान गरी सुधारका उपायहरू अवलम्वन गर्नुपर्दछ । लोक कल्याणकारी भावनाले स्थापना भएपनि राजनीतिक कार्यकर्ता भर्ती केन्द्र बनाइनु, संचालन तथा प्रशासनिक खर्च उच्च रहनु, संस्थानलाई सेतो हात्तीको रुपमा हेरिनु आदि जस्ता कारणले सार्वजनिक संस्थानहरूको व्यवस्थापनमा सुधार गरिनु आवश्यक छ । देशमा भएका सार्वजनिक संस्थानहरुको

सरसर्ती अध्ययन गरिँदा उद्देश्यमा अस्पष्टता रहेको पाइन्छ । संस्थान नाफा आर्जन उद्देश्यका साथ स्थापना भएको हो कि नागरिकलाई सेवा प्रवाह गर्न भन्ने कुरामा स्पष्टता छैन । नेपाल आयल निगम देशको सबभन्दा ठूलो आर्थिक कारोवार गर्ने संस्था भएपनि निगमले नाफामूलक उद्देश्यमा जोड दिने कि सेवामूलक भन्ने विषयमा स्पष्ट धारणा रहेको छैन भनी विभिन्न समयमा जनगुनासाहरु सुन्नमा आइ रहन्छन् । संस्थानहरूलाई स्वायत्त निकाय भनिए पनि देशमा सरकार परिवर्तन सँगै अनावश्यक हस्तक्षेपको सामना गर्नुपर्ने स्थिति रहेकोले संस्थानमा व्यवस्थापकीय स्वायत्तताको अभाव रहेको छ । त्यसमा पनि योग्यता, क्षमताका आधारमा संस्थान प्रमुखको नियुक्ति हुनुपर्नेमा सो भएको पाइँदैन । जसले गर्दा प्रतिस्पर्धात्मक क्षमताका साथ संस्थानहरु अघि बढ्न सकेका छैनन् । अर्कोतिर प्रतिस्पर्धात्मक परीक्षाबाट संस्थानमा नोकरीका लागि आउने जनशक्तिहरूको क्षमता विकास एवं वृत्ति विकासमा उचित ध्यान नदिँदा पनि जनशक्तिको क्षमता विकास नभएको स्थिति छ । साथै त्यस्ता क्षमतावान् जनशक्तिलाई संस्थानमा टिकाउका साथ राख्न सकिएको अवस्था छैन । निगममा विगतको जनशक्ति व्यवस्थापनको इतिहास हेर्दा खुला प्रतिस्पर्धात्मक परीक्षाबाट उत्तीर्ण भएर आएका जनशक्तिहरू केही समय बस्ने र विविध कारणहरुले अन्य निकायतर्फ आकर्षित भई जाने गरेको देखिन्छ । यसको वास्तविक कारण व्यवस्थापनबाट पहिचान गरी समयमै समस्या समाधान गर्नेतर्फ ध्यान नदिने हो भने भविष्यमा ठूलो समस्या नआउला भन्न सकिन्न ।

**सार्वजनिक संस्थानको वर्तमान स्थिति**

जनतालाई सुलभ ढंगले वस्तु तथा सेवाको उत्पादन र वितरणमा महत्वपूर्ण योगदान पुऱ्याउन सार्वजनिक संस्थानको स्थापना गरिएको हुन्छ । नेपालमा वि.सं. १९९४ मा संस्थान स्थापना हुन थालेकोमा वि.सं. २०४९ सालसम्म आईपुग्दा सार्वजनिक संस्थान ६९ पुगेकोमा नेपाल सरकारको निजीकरण नीति बमोजिम करीव आधा संस्थान निजीकरण भए भने हाल ३५ वटा सरकारी स्वामित्वमा संचालित छन् । सार्वजनिक संस्थानहरुले प्रकाशन गरेका आर्थिक वर्ष २०७३।०७४ को वित्तीय विवरणलाई आधार मान्दा २३ वटा नाफामा र १२ वटा घाटामा संचालित छन् । केही सार्वजनिक संस्थानहरू सुधारको क्रममा नै रहेका छन् ।

**संघीय संरचनामा नेपाल आयल निगम**

नेपालमा २०७२ सालमा लागु भएको नेपालको संविधानले नेपाललाई गणतान्त्रिक, धर्मनिरपेक्ष, संघीय राज्यको घोषणा गरी राज्यलाई ७ प्रदेश र ७५३ स्थानीय तहमा विभाजन गरेको छ । निगमको संगठन तथा व्यवस्थापन गणनाको कार्य सम्पन्न भए पश्चात् निगमका सवै कार्यालयहरुलाई केन्द्रीय कार्यालयका साथै सात प्रादेशिक कार्यालयहरुमा रुपान्तरण गरी सकिएको छ । जसले गर्दा प्रदेशमा दैनिक तथा प्रशासनिक कार्यहरु संचालनमा निकै सहजता हुनुका साथै संघीयताको विकासमा समेत टेवा पुगेको छ । निगमको केन्द्रीय कार्यालयका साथै सात प्रादेशिक कार्यालय, डिपो कार्यालय, हवाई ईन्धन डिपो लगायत अन्य कार्यालयहरु संघीय सरकारको मातहतमा रही देशभर पेट्रोलियम पदार्थको आपूर्ति तथा विक्री वितरणको कार्यमा संलग्न छन् । निगमको सबै कार्यालयहरुको मुख्य उद्देश्य देशभर सर्वसुलभ रुपमा पेट्रोलियम पदार्थको आपूर्ति र विक्री वितरण गर्नु नै हो ।

देशमा संघीयताको कार्यान्वयनसँगै राजनीतिक र प्रशासनिक जटिलताका बीच सार्वजनिक संस्थान सुधार गर्न जोखिम बढेको हुँदा राज्यका तीन तह र अन्य निकायहरूका वीचमा उचित समन्वय गरी गुरुयोजना सहित अघि बढ्नुपर्ने स्थिति देखिन्छ। आर्थिक उदारीकरण र निजी क्षेत्रको प्रोत्साहनको क्षेत्रमा सरकारको आकार छरितो हुँदै जानुपर्ने मान्यता र अत्यावश्यकीय सार्वजनिक सेवाहरू प्रदान गर्ने दायित्वलाई सरकारले उचित तवरले व्यवस्थापन गराउनका लागि राज्य चनाखो भई अगाडि बढ्नु पर्दछ।

**सुधारका लागि गर्नुपर्ने प्रकृया**

नेपाल आयल निगम लिमिटेडको सुधारका लागि निगम व्यवस्थापनले नियमित कार्यहरुका अतिरिक्त प्रवर्द्धनात्मक कार्यहरु गर्नुपर्ने हुन्छ । पेट्रोलियम पदार्थको मूल्य लागत मूल्यको आधारमा पेट्रोलियम पदार्थको स्वचालित मूल्य प्रणाली कार्यान्वयन कार्यविधि, २०७१ को आधारमा गरिनु पर्दछ । हालै ईण्डियन आयल कर्पोरेशनवाट निगमको डिपोमा पेट्रोलियम पदार्थको ढुवानी गर्ने टैंकट्रकमा लकिङ्ग प्रणाली जडान गरी स्वागतयोग्य कार्य भएको छ। अव निगमको डिपोवाट विक्रेताको पम्पसँग पेट्रोलियम पदार्थको ढुवानी गर्ने टैंकट्रकमा पनि यो प्रणालीको जडान भई चुहावटको नियन्त्रण गर्नुपर्दछ। यसका साथै निगम व्यवस्थापनले देहाय बमोजिमका कार्यहरु गरी निगम सुधारका कार्यहरु गर्न सक्नुपर्दछ।

**पेट्रोलियम पदार्थको भण्डारण क्षमतामा वृद्धि**

नेपाल सरकारको नीति बमोजिम पेट्रोल, डिजल, मट्टितेल र हवाई इन्धनको प्रादेशिक भण्डारण क्षमता वृद्धि गरी प्रत्येक प्रदेशको लागि ९० दिनको माग धान्न सक्ने गरी भण्डारण गृह बनाउने निगमको लक्ष्य रहेको छ। प्रादेशिक प्रदेशको रुपमा अध्ययन गर्दा पेट्रोलियम पदार्थको हालको भण्डारण गृह प्रदेश नं. १ मा ११,९७४ कि.लि., प्रदेश नं. २ मा २३,४२३ कि.लि., प्रदेश नं. ३ मा २२,८९७ कि.लि., प्रदेश नं. ४ मा ३,४५४ कि.लि., प्रदेश नं. ५ मा ७,१९८ कि.लि., प्रदेश नं. ६ मा १०५ कि.लि. र प्रदेश नं. ७ मा २,६०९ कि.लि. गरी जम्मा ७१,७०७ कि.लि. भण्डारण क्षमता रहेको छ । उल्लिखित तथ्याङ्कलाई विश्लेषण गर्दा प्रदेश नं. ६ को लागि सुर्खेतमा रहेको पेट्रोलियम पदार्थको भण्डारण अत्यन्त न्यून रहेको छ। तीव्र गतिमा पूर्वाधारको विकासतर्फ लम्किरहेको यस प्रदेशमा तत्काल भण्डारण क्षमता वृद्धि नगर्ने हो भने निकट भविष्यमा नै समस्या उत्पन्न हुने स्थिति नआउला भन्न सकिन्न।

पेट्रोलियम पदार्थको दैनिक खपतको विवरणलाई विश्लेषण गर्दा हालको भण्डारणले पेट्रोल ५ दिन, डिजल ८ दिन, हवाई इन्धन १० दिन र मट्टितेलले ६० दिनको खपत धान्दछ। यसलाई ९० दिनको स्थितिमा पुऱ्याउन सातै प्रदेशमा गरी ५ लाख ३० हजार कि.लि. क्षमताको भण्डारण गृह निर्माण गर्न झापा, सर्लाही, चितवन र भैरहवामा निगमले करिव ७४ विगाहा जमिन खरीदको कार्य सम्पन्न गरेको छ। जहाँ पूर्वाधार विकासको कार्यलाई तत्काल सुरु गर्नुपर्ने तर्फ नेपाल सरकार र निगमले ध्यान दिनुपर्ने देखिन्छ। काठमाडौं उपत्यकाका लागि नुवाकोट वा पाँचखाल वा तराई-काठमाडौं फास्ट ट्र्याकको प्रवेश विन्दुमा जग्गा प्राप्ति गरी भण्डारणको कार्य अघि वढाउनुपर्ने देखिन्छ।

निगमसँग हाल एल.पि. ग्यासको कुनै भण्डारण गृह छैन । देशको ९० दिनको खपत धान्ने भण्डारण गृहको लागि हालको माग अनुसार करिव १ लाख ३५ हजार मेट्रिक टन क्षमताको भण्डारण बनाउनुपर्ने देखिन्छ । हाल प्रदेश २ वा ३ मा यथाशीघ्र करिव ३० हजार मेट्रिक टन क्षमताको एल.पि. ग्यास भण्डारण गृह निर्माण गर्नु आवश्यक छ ।

**जनशक्तिको उचित व्यवस्थापन :**

निगममा अधिकृतस्तरमा अप्राविधिक र प्राविधिक दरवन्दी गरी जम्मा २५६ जना, सहायक स्तरमा अप्राविधिक र प्राविधिक गरी जम्मा २२५ र तहविहीनतर्फ प्राविधिक दरवन्दी ३९१ गरी कुल ८७२ जनाको दरवन्दी रहेको छ । निगमको केन्द्रीय कार्यालयमा २२४ जना, प्रादेशिक कार्यालय, प्रादेशिक कार्यालयहरु अन्तर्गतका शाखा कार्यालय, इन्धन डिपो, हवाई इन्धन डिपो र पेट्रोल पम्पहरुमा ६४८ दरवन्दी कायमगरिएको छ । प्रदेशगत आधारमा प्रदेश नं. १ र अन्तर्गतको लागि ११८ जना, प्रदेश नं. २ र अन्तर्गतको लागि १३५ जना, प्रदेश नं. ३ र अन्तर्गतको लागि १३३ जना, प्रदेश नं. ४ र अन्तर्गतको लागि ४५ जना, प्रदेश नं. ५ र अन्तर्गतको लागि १२८ जना, प्रदेश नं. ६ र अन्तर्गतको लागि ३५ जना तथा प्रदेश नं. ७ र अन्तर्गतको लागि ५४ जना दरवन्दी कायम गरिएको छ ।

निगममा वि. सं. २०७४ सालमा डा. हरिदत्त पाण्डेले तयार पारी निगम संचालक समितिवाट स्वीकृत दरबन्दी संरचना बमोजिम कुल दरवन्दीमा आधा अर्थात् करीव ५० प्रतिशत प्राविधिक जनशक्तिको दरवन्दी रहेको छ । तर विभिन्न कारणले गर्दा दरबन्दी बमोजिम पदपूर्ति हुन सकिरहेको स्थिति छैन । निगममा पूर्वाधारको विकास तीब्र गतिमा गर्नको लागि आवश्यक पर्ने प्राविधिक जनशक्तिको अभाव छ । कतिपय ठूला ठूला परियोजनाहरू संचालन गर्नका लागि उच्च प्राविधिक क्षमतायुक्त जनशक्तिको आवश्यकता रहेको हुँदा विदेशी परामर्शदाता वा रणनीतिक साझेदारसँग सहकार्यको आवश्यकता रहेको छ ।

निगमको उच्च व्यवस्थापन तहमा हेर्ने हो भने ६०% भन्दा बढी अधिकारीहरू विभिन्न क्षेत्रका दक्ष प्राविधिक जनशक्ति नै रहेको स्थिति छ । यस्तो अवस्थामा निगमको कार्य प्रकृति, जनशक्तिको आवश्यकता अध्ययन तथा विश्लेषण गरी कार्यरत जनशक्तिहरूलाई उचित ठाउँमा उचित जनशक्ति (Right Man in Right Place) भन्ने अवधारणा बमोजिम योग्यता र क्षमताका आधारमा कार्य विभाजन र जिम्मेवारी निर्धारण गर्नुपर्दछ । जनशक्तिलाई संस्थाको महत्वपूर्ण सम्पत्ति मानी सरुवा, बढुवा र अन्य वृत्ति विकासका लागि विद्यमान कर्मचारी प्रशासन विनियमावलीमा समयानुकूल आवश्यक सुधार गरी पूर्ण रुपमा कार्यान्वयन गर्नु आवश्यक छ ।

**भौतिक पूर्वाधारको संरचनामा आधुनिकीकरण :**

निगमको डिपोमा रहेको तेल खाली गर्ने विन्दु (Unloading point) र तेल भर्ने विन्दु (Loading point)को सबै ठाउँमा फ्लो मिटर (Flow meter)जडान नभएको, भण्डारण टैंकको तेल मापनको लागि आधुनिक प्रविधि नभएको, डिपोमा process indicatorहरू नभएको, तापक्रम, चाप, धनत्व मापन गर्ने

online equipmentनभएको, गाडी सहित तेलको तौल गर्ने डिजिटल उपकरण (weighing bridge)को उचित व्यवस्था नभएको, हवाइ इन्धन भर्ने रिफ्युलरहरू पुराना एवं अपुग भएको, स्टोरेज टैंक लगायतका पूर्वाधारहरू पुराना, अपुग एवं जीर्ण भएका, केन्द्रीय प्रयोगशालामा अत्यन्त न्यून उपकरण रहेको, पेट्रोलियम पदार्थहरूको फुल स्पेशिफिकेसन टेष्ट गर्ने क्षमता एवं प्रविधि नभएको स्थिति छ । अतः उल्लिखित सबै अवस्थाहरूमा सुधार गर्नका लागि भौतिक पूर्वाधारहरूको संरचनामा समेत समयानुकूल आधुनिकीकरण गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**सुधार प्रतिवेदनको कार्यान्वयन :**

नेपाल आयल निगम आर्थिक कारोवार, कर दाखिलाको आधारमा नेपालको सबैभन्दा ठूलो सार्वजनिक संस्थान हो । निगमले कारोवार गर्ने पेट्रोलियम पदार्थको मूल्यमा हुने उतारचढावले राष्ट्रिय अर्थतन्त्रमा नै ठूलो असर गर्दछ । निगमको कार्य संचालन र व्यवस्थापनमा गर्नुपर्ने सुधार, पेट्रोलियम पदार्थको आपूर्ति र वितरण व्यवस्थालाई व्यवस्थित गर्ने, निगमको डिपोहरूमा हुने गरेको संचालन एवं प्राविधिक नोक्सानीका सम्बन्धमा अध्ययन गरी निगम सुधारका लागि सुझावहरू दिन विभिन्न समयमा नेपाल सरकारबाट अध्ययन तथा सुझाव समितिहरू गठन भएका थिए ।

डा. युवराज खतिवडाले वि.सं. २०६१ भदौमा पेश गर्नुभएको "नेपालमा पेट्रोलियम पदार्थको आपूर्ति र मूल्यस्थिति अध्ययन अन्तरिम प्रतिवेदन, पेट्रोलियम पदार्थको आपूर्ति र मूल्य स्थिति अध्ययन तथा सुझाव कार्यदल २०६१" को प्रतिवेदन, डा. शंकर प्रसाद शर्माको "वर्तमान स्थितिको अध्ययन गरी पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्थालाई सरल र सहज तुल्याउने विषयमा श्री ५ को सरकारलाई उपयुक्त निर्णय लिने बारे सुझाव दिन गठित समितिको प्रतिवेदन २०६१", भीम आचार्यको "नेपाल आयल निगमको कार्य सञ्चालन र व्यवस्थापनमा गर्नुपर्ने सुधारका सम्बन्धमा अध्ययन एवं छानविन गरी प्रतिवेदन पेश गर्न गठित उच्चस्तरीय समितिले पेश गरेको प्रतिवेदन २०६८", संविधान सभा व्यवस्थापिका संसदले २०७१ मा "संसदीय अध्ययन तथा सुझाव समिति (पेट्रोलियम पदार्थको आपूर्ति र वितरण व्यवस्थालाई व्यवस्थित गर्ने सम्बन्धमा अध्ययन गरी राय सुझाव सहितको प्रतिवेदन पेश गर्ने) प्रतिवेदन २०७१", डा. हरिदत्त पाण्डेयले २०७४ असारमा तयार पार्नुभएको "नेपाल आयल निगम लिमिटेडको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०७४" लगायत अन्य धेरै विज्ञ तथा निकायबाट अध्ययन प्रतिवेदन तयार भएका छन् । विभिन्न विज्ञ विद्वान् व्यक्तिहरूले तयार पारेका सुझाव सहितको प्रतिवेदनमा उल्लिखित सुझावहरूमध्ये उपयुक्त सुझावहरूको पूर्ण पालना वा कार्यान्वयनका साथ निगम व्यवस्थापन अघि बढेको खण्डमा निगमले भोग्नुपरेका धेरै समस्याहरू समाधान भई आम जनमानसमा सकारात्मक सन्देश जान्छ भने निगम निर्दिष्ट लक्ष्य हासिल गर्न सफल हुन्छ ।

**व्यवस्थापनमा व्यावसायिक कार्यकुशलता :**

देश संघीय संरचनामा प्रवेश गरिसकेको अवस्थामा निगम व्यवस्थापनले व्यावसायिक कार्यकुशलताका साथ निगमलाई हाँक्नुपर्ने वर्तमान समयको माग छ । निगमसँग उपलब्ध स्रोत र साधनले उचित व्यवस्थापन गर्नुपर्ने, पेट्रोलियम पदार्थको आपूर्ति र वितरण कार्यमा बढी विवाद उत्पन्न हुने विषयवस्तु उपर पारदर्शी र वैज्ञानिक अध्ययन तथा मापन गर्नुपर्ने, डिपोहरूमा हुने चुहावट तथा नोक्सानीको

नियन्त्रण गर्नुपर्ने, विभिन्न निकायहरूबाट आएका गुनासो, उजूरी तथा सुझाव जस्ता विषयवस्तु उपर तत्काल अध्ययन तथा छानविन गरी उचित संवोधन गर्नु पर्दछ । यसका साथै निगम संचालनको मूल आधार प्रवन्धपत्र तथा नियमावली, विनियमावली एवं कार्यविधिहरूमा समयानुकूल संशोधन वा परिमार्जन गर्नेतर्फ व्यवस्थापनले ध्यान दिनुपर्ने देखिन्छ ।

**निर्णयहरूको कार्यान्वयन :**

निगम र उपभोक्ताहरुको हितका लागि निगम संचालक समितिले विभिन्न महत्वपूर्ण निर्णयहरु गरेको छ । निगमको केन्द्रीय कार्यालय लगायतका सबै कार्यालयहरुमा प्रयोग हुने उपकरणहरुलाई चुस्त दुरुस्त राख्न, निगमका कार्यालय भवन, कर्मचारी आवासहरु व्यवस्थित बनाउन, निगमले पूर्ववत् रुपमा कारोबार गर्दै आएको विटुमिनको व्यवसायलाई पुनः संचालनमा ल्याउने सम्बन्धमा निगमलाई आवश्यक अध्ययन गरी विटुमिनको व्यावसायिक कारोबार पुनः संचालनमा ल्याउन आवश्यक कार्य प्रकृया अघि बढाउन निर्देशन दिएको थियो ।

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार नेशनल ट्रेडिङ्ग लिमिटेडको टेकुस्थित निगमले खरीद गरेको जग्गाको प्रयोग के-कसरी गर्ने भन्ने सम्वन्धमा अध्ययन गरी विकल्प सहितको प्रतिवेदन पेश गर्न निगम व्यवस्थापनलाई निर्देशन दिइएको थियो । त्यसैगरी  निगमको केन्द्रीय कार्यालय, बबरमहलको जमिनमा निर्माण गरिने अत्याधुनिक सुविधासम्पन्न कर्पोरेट विल्डिङ्ग सम्बन्धमा छलफल हुँदा प्रस्तावित भवनको विशेषता तथा ड्इङ्ग सन्तोषजनक पाईयो भन्ने उल्लेख भएकोले सोको निर्माण सम्वन्धी कार्य अगाडि वढाउनमा ढिलाइ गरिनु हुँदैन । तसर्थ निगम र आम उपभोक्ताहरुको हितका लागि निगम संचालक समितिवाट भएका  महत्वपूर्ण निर्णयहरुको कार्यान्वयनमा निगम व्यवस्थापनले उचित ध्यान दिनु आवश्यक छ ।

**निर्माणाधीन पेट्रोलियम पाइपलाइन परियोजना :**

नेपालका लागि आवश्यक पर्ने पेट्रोलियम पदार्थ आपूर्ति गर्ने उद्देश्यका साथ नेपाल सरकार र भारत सरकारका वीच सन् २०१५ अगस्टमा भारतको रक्सौलवाट नेपालको अमलेखगंजसम्म पेट्रोलियम पाइपलाइन परियोजना निर्माणका लागि दुईपक्षीय संझौता पत्रमा हस्ताक्षर भएको थियो । पछि पाइपलाइन निर्माण स्थल बिस्तार गरी प्रदेश नं. ३ को चितवनसम्म विस्तार गर्ने योजना पनि बनाईयो । यो भारत सरकारको समेत पहिलो अन्तर्देशीय पाइपलाइन परियोजना हो । यो आयोजना नेपालतर्फ ३६.२ कि.मि. र भारततर्फ ३२.७ कि. मि. गरी जम्मा ६८.९ कि. मि. लामो रहेको छ । यो परियोजनाको समाप्ती पछि नेपालतर्फ ढुवानी हुने पेट्रोलियम पदार्थको आपूर्तिको सुनिश्चितता हुन्छ । विभिन्न पक्षहरुवाट हुने वन्द, हडताल र अवरोधका समयमा पनि व्यवस्थित रुपमा पेट्रोलियम पदार्थको आपूर्तिमा सहजता हुन्छ । साथै पेट्रोलियम पदार्थको चुहावट र ढुवानीमा खर्च हुने उच्च ढुवानी भाडाको समेत वचत हुन्छ । अतः समयमै यो परियोजना सम्पन्न गर्नेतर्फ उचित ध्यान दिनु आवश्यक छ ।

**निष्कर्ष:**

देशको आर्थिक अवस्थामा सुधार नभई सकेको अवस्थामा नेपालमा सार्वजनिक संस्थानहरू अझै पनि रोजगारी सृजनाका माध्यम भएका छन् । सहज एवं सुपथ मूल्यमा वस्तु तथा सेवाको बिक्री वितरण कार्यमा सार्वजनिक संस्थानहरूको महत्वपूर्ण योगदान रहेको छ । राज्यले लिएको समावेशीकरणको सिद्धान्त बमोजिम सामाजिक एवं आर्थिक उद्देश्य र नीति हासिल गर्न सार्वजनिक संस्थानले मद्दत गरेको छ । यसको लागि नेपाल सरकार प्रशासन पुनः संरचना आयोग, २०६५ ले देशका सार्वजनिक संस्थानहरूको विस्तृत अध्ययन गरी तर्जूमा भएको प्रतिवेदनले पहिचान गरेको तत्कालीन र दीर्घकालीन विषयवस्तुलाई कार्यान्वयन गर्न सकेमा नेपालमा सार्वजनिक संस्थानहरूको भविष्य उज्ज्वल हुनेछ भने आम नागरिकले पनि आवश्यक वस्तु तथा सेवा सहज रुपमा प्राप्त गर्न सफल भई जीवनस्तरमा समेत सुधार भई देशको आर्थिक तथा सामाजिक विकास सम्भव हुन सक्छ ।

**सन्दर्भ सामग्री :**


- *"ईनर्जी नेपाल"* मासिकको वर्ष २, अङ्क ३, मंसिर-पुष, २०७५ ।
- नेपाल सरकारद्वारा गठित *"प्रशासन पुनः संरचना आयोग, २०६५"* को दोस्रो अन्तरिम प्रतिवेदन ।
- *नेपालको संविधान, २०७२*।
- नेपाल आयल निगम लिमिटेडको वार्षिक मुखपत्र *"प्रभात"* २०७४ ।
- *"सार्वजनिक व्यवस्थापन स्रोत सामग्री, २०७२"* प्रकाशक सोपान मासिक डिल्लीबजार, काठमाडौं ।
- डा. हरिदत्त पाण्डेय, *"नेपाल आयल निगम लिमिटेडको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७४"* ।

# निगमले कारोबार गर्ने एल.पि.ग्यास र हवाई इन्धन

प्रलयङ्कर आचार्य

## पृष्ठभूमि

नेपाल आयल निगम लिमिटेड (निगम) ले कारोबार गर्ने विभिन्न पेट्रोलियम पदार्थहरु पेट्रोल(MS: Motor Sprit), l8h]n (HSD: High Speed Diesel), मट्टितेल (SKO: Super Kerosene Oil),हवाई इन्धन (ATF: Aviation Turbine Fuel), एल.पि.जि(LPG: Liquefied Petroleum Gas), एफ.ओ. (FO: Furnace Oil) जस्ता पदार्थहरुको कारोबारलाई व्यवस्थित गर्न हाल कार्यान्वयनमा रहेका विभिन्न नियम विनियमहरु पर्याप्त नभएकोले त्यसलाई परिमार्जन तथा नयाँ नियम विनियम र कार्यविधिहरु निर्माण गर्नु नितान्त आवश्यक भैरसेको छ । नियम विनियम कार्यविधि पर्याप्त नभएकै कारणले तजविजि नियम कानून लागु हुन बाट बन्चित भइन्छ । यी माथिका पेट्रोलियम पदार्थहरु मध्ये निगमको एल.पि.ग्यास तथा हवाई इन्धनको हालको अवस्थाको मूल्याङ्कन तल गरिएको छ ।

## एल.पी.ग्यासः

विश्वमा पहिलो पटक सन् १९१० मा पेट्रोलियम पदार्थबाट प्राप्त हुने पदार्थहरु मध्ये एल.पी.ग्यास एक महत्वपूर्ण अशं हो भन्ने कुरा पत्ता लागेको थियो । उक्त एल.पी.ग्यासको अन्वेषण Dr. Walter O. Snellingले गरेका थिए र उहाँलाई एल.पी.ग्यासका पिता भनेर पनि चिनिन्छ ।

उहाँले आफ्नो ल्याव जाने क्रममा एक वटा जारमा पेट्रोल खरीद गर्दा उक्त जारको कर्क (Cork)केही वाहिर निस्किरहेको र त्यसको आधा पेट्रोल उडेको भेटे तत् पश्चात उक्त पेट्रोलमा अन्य पदार्थहरु मिसिएको हुन सक्ने अनुमान गरी उक्त पेट्रोललाई पुरानो हिटर तथा अन्य प्रयोगशालामा प्रयोग हुने उपकरणको सहायताले तताई त्यसबाट अन्य तरल पदार्थ र ग्यास उत्पन्न हुन्छ वा हुदैन भनी प्रयोग गर्दा उक्त पेट्रोलमा अधिकतम मात्रामा एल.पी.ग्यास (प्रोपेन, व्यूटेन तथा अन्य हाइड्रोकार्वन) रहेको प्रमाणित भयो । सो पश्चात उनले ती ग्यासहरुलाई प्रयोगशालामा विभिन्न प्रयोग गरी त्यसबाट विभिन्न ग्यासहरु कसरी प्राप्त गर्न सकिन्छ र त्यसको प्रयोग कसरी गर्न सकिन्छ भनी अन्वेषण गर्न थाल्नु भयो । सो प्रयोग पश्चात Dr. Snellingले एल.पी.ग्यासलाई वत्ती वाल्न, खाना पकाउन तथा धातुहरु काट्न प्रयोग गर्न सकिने भनी एल.पी.ग्यास को उत्पादन गरेकाले यसैलाईनै एल.पी.ग्यासको प्रथम उत्पती भनेर चिनिन्छ । अन्य विज्ञहरुको सहायता लिई Dr. Snelling ले प्राकृतिक ग्यासलाई रिफाइन गर्न थाले र उनले पहिलो पटक विश्व बजारमा American Gasol Companyको शुरुवात गरे । सन् १९११ र सन् १९१३ मा उनले शुद्ध प्रोपेन को आविस्कार गरेकाले Dr. Snellingलाई उनको एल.पी.जी.को आविष्कारलाई U.S. Patentले सम्मान गरेको पाईन्छ ।

हाल नेपालमा प्रयोग भईरहेको एल.पी.ग्यासमा प्रोपेन (Propane: $C_3H_8$) – 60प्रतिशत र व्यूटेन (Butane: $C_4H_{10}$)- ४० प्रतिशत को मिश्रण गरिएको पाईन्छ । उक्त मिश्रण गन्धरहित (Odorless)हुने भएकोले यसको प्रयोग गर्दा हुनसक्ने रिसाव (Leakage)पत्ता लगाउनको निमित्त यसमा Ethyl Mercaptan ($C_2H_6S$)भन्ने यौगिक मिसाईन्छ, जसको गन्ध सजिलै थाहा पाउन सकिन्छ ।

नेपाल आयल निगम लिमिटेडको स्थापना हुनु भन्दा पहिला नै एल.पि.ग्यासको आयात तथा बिक्री वितरण भैसकेको तथ्याङ्कबाट प्राप्त हुन्छ जुन नेपाल ग्यास उद्योग भन्ने संस्थाबाट शुरु भएको पाइन्छ। नेपालमा एल.पी.ग्यास घरायसी प्रयोजन (खाना पकाउन, पानी तताउन र हिटर बाल्न आदि) तथा व्यावसायिक प्रयोजन (चमेना गृह, होटल, रेष्टुरेण्ट आदि) र सवारी साधन चलाउनमा प्रयोग हुँदै आएकोमा हाल केही वर्ष देखि औद्योगिक प्रयोजन (फोम उत्पादन, सिसा उत्पादन, धातु काट्ने आदि) मा समेत यसको प्रयोग हुन थालेको पाईन्छ। नेपालमा एल.पि.ग्यास सम्बन्धमा रहेको केही विवरणहरु निम्नानुसार रहेको छ :

**नेपालमा एल.पी.ग्यासको आयात बिक्री विवरणको अवस्था :**

| आर्थिक वर्ष | आयात (मे.टन) | बिक्री (मे.टन) | वृद्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| **२०७० / ७१** | २,३२,६६० | २,३२,६६० | १२.३७५ | |
| **२०७१ / ७२** | २,५८,२९९ | २,५८,२९९ | ११.०२० | |
| **२०७२ / ७३** | २,१४,१९४ | २,१४,१९४ | -१७.०७५ | सीमा अवरोध |
| **२०७३ / ७४** | ३,१२,९२८ | ३,१२,९२८ | ४६.०९५ | |
| **२०७४ / ७५** | ३,७०,५६० | ३,७०,५६० | १८.४१७ | |
| **जम्मा** | १३,८८,६४१ | १३,८८,६४१ | **१४.१६८** | **५ वर्षको औषत** |

विगत ५ वर्षको तथ्याङ्कहरुको विश्लेषण गर्दा एल.पि.ग्याँसका वार्षिक वृद्धि दर करीव १४ प्रतिशत देखिन्छ।

सन् २०१८ को जनवरी देखि नोभेम्वर सम्म ३,५५,२५३ मे.टन एल.पि.ग्यास आयात एवं विक्री वितरण भईसकेको र यो वर्षमा एल.पि.ग्याँसको औसत मासिक खपत ३२,००० मे.टन. हुने प्रक्षेपण गरिएको छ। नेपालमा प्रयोग भई रहेको उर्जा क्षेत्रको करिब २१ प्रतिशत उर्जा एल.पि.ग्यासबाट प्राप्त भईरहेको पाइन्छ। नेपालमा एल.पि.ग्याँसको आपूर्ति नेपाल आयल निगमबाट हुँदै आएको छ। निगमसंग आवद्ध भई मुलुक भर एल.पि.ग्यासको कारोवार गर्ने मुख्य उद्योग तथा शाखा उद्योग गरी ५९ वटा एल.पि.ग्यास बोटलिङ्ग प्लाण्ट रहेका छन्, त्यसमध्ये १ वटा सरकारी स्वामित्वको तथा २ वटा अटो ग्यास (सवारी साधनमा प्रयोग गरिने एल.पि.ग्यास) रहेकोमा उपरोक्त ५९ वटा उद्योगहरुसंग एल.पि.ग्यास भण्डारण क्षमता जम्मा ६,८२१ मे.टन रहेको छ। हालसम्म २८ वटा एल.पि.ग्यास बोटलिङ्ग प्लाण्टहरुले **नेपाल स्ट्याण्डर्ड २०७०:५३३** को गुणस्तर प्रमाण पत्र प्राप्त गरिसकेका छन्।

**प्रादेशिकरुपमा एल.पी.ग्यास बोटलिङ्ग प्लाण्टहरुको अवस्था:**

| प्रदेश/जिल्ला | बोटलर्स संख्या |
|---|---|
| प्रदेश नं. १ | **९** |
| **झापा** | ४ |
| **मोरङ्ग** | १ |
| **सुनसरी** | ४ |
| प्रदेश नं. २ | **८** |

| | |
|---|---|
| **वारा** | ५ |
| **धनुषा** | १ |
| **पर्सा** | २ |
| प्रदेश नं. ३ | **२६** |
| **चितवन** | ५ |
| **धादिङ्ग (१ वटा सरकारी स्वामित्व समेत)** | ११ |
| **काठमाडौं (२ वटा अटो ग्यास समेत)** | ४ |
| **काभ्रेपलाञ्चोक** | ५ |
| **मकवानपुर** | १ |
| प्रदेश नं. ४ | **८** |
| **कास्की** | २ |
| **नवलपरासी** | ६ |
| प्रदेश नं. ५ | **७** |
| **बाँके** | २ |
| **दाङ्ग** | १ |
| **रुपन्देही** | ४ |
| प्रदेश नं. ६ | – |
| **-** | – |
| प्रदेश नं. ७ | **१** |
| **कैलाली** | १ |
| कुल जम्मा | **५९** |

नेपाल आयल निगमले एल.पि.ग्यास आयत गर्न प्रयोग गर्ने ईण्डियन आयल कर्पोरेशनका मुख्य रिफाइनरीहरु निम्न रहेको र काठमाडौं देखि उक्त रिफाइनरीहरुको दुरी निम्नानुसार रहेको पाईन्छ ।

| | वरौनी | हल्दीया | पारादीप | मथुरा | कर्णाल |
|---|---|---|---|---|---|
| **RTKM** | १,०५२ | २,२९८ | २,९३२ | २,१३८ | २,१३८ |

नेपाल आयल निगमले मन्त्रीपरिसदबाट स्वीकृत प्राप्त गरी मिति २०७०/०६/१३ देखि स्वत मूल्य समायोजन लागु गरेको र त्यसमा एल.पि.ग्यासको मूल्य समायोजन गर्दा रु.२५।- का दरले गर्ने व्यवस्था भए तापनि निगमले कारोबार गर्ने अन्य पेट्रोलियम पदार्थ जस्तै एल.पि.ग्यासको मूल्य समायोजन गर्न नसकेको कारण पछिल्लो मूल्य समायोजन पश्चात हाल एल.पि.ग्यासमा प्रति सिलिण्डर रु.२८४।८३ घाटा रहेको छ । यसरी एल.पि.ग्यासमा प्रति सिलिण्डर रु.२८४।८३ घाटा रहेको अवस्थालाई आत्मासाथ गरी औद्योगिक प्रयोजनको (फोम उत्पादन, सिसा उत्पादन, धातु काट्ने आदी) लागि प्रयोग हुने एल.पि.ग्यासको परलमूल्यमा केहि नाफा राखि बिक्री वितरण गर्ने व्यवस्था कायम गर्न एल.पि.ग्यास विनियमावलीमा परिमार्जन गरी कार्यगर्नु नितान्त आवश्यक भैसकेको देखिन्छ ।

**हवाई इन्धनः**

नेपाल आयल निगम लिमिटेड (निगम) स्थापना हुन पूर्व विदेशि कम्पनीहरुबाट नेपालमा संचालन हुने विमान सेवाहरुलाई हवाई इन्धन उपलब्ध गराउँदै आएकोमा निगमको स्थापना पछि नेपालमा संचालन हुने विमान सेवालाई विमान संचालनको लागि आवश्यक हुने इन्धन ए.टि.एफ. (ATF: Aviation Turbine Fuel) - (unleaded kerosene (Jet A-1)) को आपूर्ति, भण्डारण तथा बिक्री वितरणको पूर्ण स्वामित्व निगमले लिई कारोबार गर्दै आएको छ । निगममा हाल सम्म विमान कम्पनीहरुलाई हवाई इन्धन उपलब्ध गराउने नियम तथा विनियमावली नरहे तापनि हवाई इन्धनको गुणस्तर कायम गर्न निगमले तयार गरेको Aviation Operation Manualरहेको छ । त्यसैगरी नियम/ विनियमको कमिले गर्दा विज्ञहरुद्वारा तयार गरिएको हवाई कम्पनीलाई इन्धन उपलब्ध गराउने सम्बन्धी स्वीकृत सम्झौता पत्र अनुसार विमान कम्पनीहरुलाई हवाई इन्धन उपलब्ध गराउँदा विमान कम्पनीको २१ (एक्काईस) दिनको खपत अनुसारको धरौटी रकम निगमको खातामा जम्मा गरे पश्चात मात्र सम्झौता गरी गुणस्तरयुक्त हवाई ईन्धन (Jet A-1) उपलब्ध गराउने गरेको छ।

निगमले सर्वसाधारणको हितलाई मध्यनजर गर्दै देशको विभिन्न ९ स्थानहरुमा हवाई इन्धन डिपो संचालन गरी सेवा प्रदान गरिरहेको छ।

| सि.नं | हवाई इन्धन डिपो/शाखा कार्यालय | भण्डारण क्षमता (की.ली.) |
|---|---|---|
| १ | विराटनगर | २८० |
| २ | भद्रपुर (शाखा कार्यालय) | - |
| ३ | मन्थली (शाखा कार्यालय) | - |
| ४ | सिनामंगल | ७,७१० |
| ५ | पोखरा | ६४ |
| ६ | भैरहवा | ५६ |
| ७ | नेपालगंज | २८० |
| ८ | सुर्खेत | ६० |
| ९ | धनगढी | ४५ |
| | जम्मा | **८,४९५** |

निगमले भारतको विभिन्न रिफाइनरीहरु जस्तै वरौनी, हल्दीया, वन्थरा, गोण्डाबाट हवाई इन्धनको आपूर्ति गर्दै आईरहेको छ र निगमको उपरोक्त ९ हवाई इन्धन डिपोहरुमा भैरहेको आयात तथा विक्री वितरण निम्नानुसारको रहेको छ।

| आर्थिक वर्ष | आयात (कि.ली.) | विक्री (कि.ली) |
|---|---|---|
| **२०७४/७५** | १,९७,२२० | १,९४,३५८ |
| **२०७३/७४** | १,६४,८३६ | १,६४,२९९ |
| **२०७२/७३** | ८३,८१९ | ८०,११९ |
| **२०७१/७२** | १,४१,४०४ | १,३९,४०४ |
| **२०७०/७१** | १,२५,६७८ | १,२३,५२७ |

निगमले उपरोक्त ९ हवाई इन्धन डिपोबाट निम्न हवाई कम्पनीहरुलाई सेवा दिईरहेको छ :

| सि.नं | अन्तराष्ट्रिय हवाई कम्पनी | सि.नं | राष्ट्रिय हवाई कम्पनी |
|---|---|---|---|
| १. | एअर अरेवीया | १. | बुद्ध एअर |
| २. | विमान वंगलादेश | २. | गोमा एअर |
| ३. | भुटान एअरलाइन्स | ३. | एन.ए. नं ११, विग्रेड |
| ४. | बुद्ध एअर | ४. | नेपाल एअरलाइन्स |
| ५. | ड्रुक एअर | ५. | सौर्य एअरलाइन्स |
| ६. | इतिहाद एअरवेज | ६. | श्री एअरलाइन्स |
| ७. | फ्लाइ दुवई | ७. | सिम्रीक एअरलाइन्स |
| ८. | हिमालयन एअरलाइन्स | ८. | सिता एअर |
| ९. | इण्डियन एअरवेज | ९. | तारा एअर |
| १०. | इन्डिगो | १०. | यती एअर |
| ११. | जेट एअरवेज | | **हेली सर्भिसेस** |
| १२. | नेपाल एअरलाइन्स | १. | एअर डाइनेष्टी |
| १३. | ओमान एअर | २. | एअर काष्ठमण्डप |
| १४. | कतार एअरवेज | ३. | अल्टिच्युड एअर |
| १५. | थाई एअरवेज | ४. | फिसटेल एअर |
| १६. | टरकिस एअरलाइन्स | ५. | हेली एभरेष्ट |
| | **मार्फतः वर्ल्ड फ्यूल सर्भिसेस** | ६. | मकालु एअर |
| १७. | एअर एशिया | ७. | मनाङ्ग एअर |
| १८. | चाइना इस्टर्न | ८. | माउण्टेन हेली |
| १९. | ड्रागन एअर | ९. | एन.ए. नं ११, विग्रेड |
| २०. | मलेशियन एअरलाइन्स | १०. | प्रभु हेली |
| २१. | सिल्क एअर | ११. | सिम्रीक एअर |
| | **मार्फतः एसोसियट्स इनर्जी ग्रुप** | १२. | भी.भी.आईपी |
| २२. | एअर चाइना | | |
| २३. | चाइना साउर्थन | | |
| २४. | मालिन्दो एअर | | |
| २५. | सिचुवान | | |
| २६. | टिवेट एअरलाइन्स | | |
| | **मार्फतः एभिएशन सर्भिस म्यानेजमेन्ट** | | |
| २७. | कोरियन एअर | | |
| | **मार्फतः अउरा एभिएशन** | | |
| २८. | इथोपियन ( यूनाइटेड नेशन) | | |

नेपाल आयल निगम लि.

नेपालमा संघियता लागू भएसंगै देशको चौतर्फि विकास तथा पर्यटन क्षेत्रको विकास गर्न देश भित्र विभिन्न स्थानहरुमा अन्तर्राष्ट्रिय विमानस्थल संचालन गर्ने नीतिलाई आत्मसात गर्दै निगमले विभिन्न हवाई इन्धन डिपोहरुको स्तरोन्नती गर्ने कार्य अगाडि वढाउदै झापाको चन्द्रगढीमा भण्डारण सहितको हवाई इन्धन डिपो तयार गर्न लागेको र भैरहवाको हवाई इन्धन डिपोको स्तरोन्नतीकोलागि थप आवश्यक जग्गा लिई हवाई इन्धनकोलागि नयाँ भण्डारण बनाउन लागेको छ ।

**अन्त्यमा,**

निगममा कार्यरत कर्मचारीहरुको वृत्ति विकासका गर्नुको साथसाथै दैनिक कार्य सञ्चालनको लागि नियम, विनियम तथा कार्यविधिहरु तयार गरी तुरुन्त लागु गर्नु पर्ने अपरिहार्यता भैसकेका छ । यसका अलावा निगमले हाल गर्दै आएको पेट्रोलियम पदार्थको कारोबारमा लुब्रिक्यान्ट, विटुमिन जस्ता पेट्रोलियम पदार्थको कारोबारलाई थप गर्नु नितान्त आवश्यक भैसकेकोले त्यस तर्फ अतिशीघ्र कार्य गर्नु निगमकोलागि हितकर नै हुने देखिन्छ ।



# अग्नि, अग्निजन्य सुरक्षा र नेपाल आयल निगम

✍ नवविनोद पोखरेल

आगो एउटा रासायानिक प्रकृयाबाट उत्पन्न हुने वस्तु हो। अक्सिजन (oxygen), ताप (Heat) र इन्धन (Fuel) एकसाथ समिश्रण (Reaction) हुँदा आगो उत्पन्न हुन्छ। मानव जीवनको सभ्यतासगै आगोलाई मानिसले आफ्ना विभिनन्न किसिमको आवश्यकतालाई परिपूर्ति गर्न प्रयोगमा ल्याइएको पाइन्छ। यसलाई सही ढंगबाट प्रयोग गर्न सकेमा मानवीय जीवन अत्यन्त उपयोगी हुन्छ भने गलत र लापरवाही तवरबाट प्रयोग हुन पुग्यो भने सवै भौतिक संरचना र सम्पूर्ण मानव जीवनकै लागि अभिशाप वन्न पुग्छ।

ढुंगेयुगको मानव विभिन्न कालखण्ड पारगर्दै आजको अत्याधुनिक विभिन्न प्रविधिको विकासमा रुमलिरहदा भइरहेको विकास तथा सांसरिक विनास नहोस भन्नाका लागि विभिन्न किसिमको सावधानी सचेत रहेको छ। सचेत रहदा रहदै पनि कहिले काही प्रकृति स्वयं सिर्जित वा मानवीय सानो त्रुटिले पनि ठूलो विनासलाई निम्त्याउन पुग्छ। यस्तो अवस्थालाई कसरी नियन्त्रण वा न्यून गर्न सकिन्छ भन्ने हेतुले विभिन्न किसिमका अग्नि निरोधक संयन्त्रहरुको पनि संगसंगै विकास भएका छन्। प्रविधिको उच्च विकास हुन भन्दा अगाडि जुनसुकै किसिमका आगलागी हुँदा पानी, सेउला, माटो, बालुवाको सहयोगबाट आगोलाई वुताउने काम गरिन्थ्यो। हिजो आज भने आगो कुन वस्तुमा वा श्रोतमा लागेको त्यसको आधारमा आगोलाई बर्गीकरणगरी कुन किसिमको आगोलाई कसरी निभाउने भन्ने सम्वन्धमा विभिन्न किसिमका अग्नि निरोधक सम्यन्त्रहरुको दिनानु दिन विकास भएको पाइन्छ।

मानवीय आवश्यकताका विभिन्न चरण र कालखण्डमा विभिन्न किसिमका प्रविधिको विकास हुदै गयो। तेल प्लाष्टिक, प्रज्वलनशील धातु, उद्योग धन्दा, घरघरमा प्रयोग गरिने ग्यॉस, इलेक्ट्रिकल सामाग्रीहरु, काठ दाउरा आदिको दिनानुदिन प्रयोगमा ल्याउनु पर्छ। काम गर्दा सावधानी नअप्नाउदा विशेष गरी अग्निजन्य दुर्घटना हुन जान्छन। घरगृहस्थी, उद्योग, कलकारखाना, वायुसेवा, यातायात, विजुली, रातो दिन चुलामा कार्य गर्ने गृहिणी आदिले आगलागी हुन नदिन र भएको खण्डमा सजिलै निभाउन सक्ने उपायको बारेमा ज्ञान राख्नु जरुरी छ। अधिकतम समय प्रज्वलनशील क्षेत्रमा काम गर्नु पर्ने नेपाल आयल निगम जसले ठूलो संजाल बनाएर पेट्रोलियम पदार्थको कारोबार गरिरहेको छ। विशेषत निगमका ढुवानीकर्ता, चालक, (डिलर्स) पम्पमा काम गर्ने मजदूर आदिलाई यस्तो अग्निजन्य सुरक्षा सम्वन्धी ज्ञान दिलाउनु आजको ट्डकारो आवश्यकता छ।

अग्निजन्य दुर्घटना हुन नदिन र भैईहालेको खण्डमा आगोलाई कसरी नियन्त्रण गर्ने भन्ने विषयमा आम जनमानस, निगमका डिपाको अप्रेसनमा कार्य गर्ने कर्मचारी, निगमका विक्रेताहरुको विक्री स्थलमा कार्य गर्ने कर्मचारी, कामदार मजदूर, चालक, सह चालकहरुले पेट्रोलियम पदार्थको कार्य प्रकृति र यसको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीका विषयलाई यहाँ समेट्ने जमर्को गरिएको छ।

आगो आफै लाग्दैन, आगो बन्नका लागि कम्तीमा तीनवटा तत्वहरुको संमिश्रण हुन पर्ने विषयमा माथि चर्चा गरिएकै छ । अक्सिजन (oxygen), ताप (Heat) र इन्धन (Fuel)एकसाथ समिश्रण (Reaction)भएर आगो बन्छ । उल्लेखित तीनवटा तत्वलाई एकसाथ समिश्रण हुन नदिन र भइहालको खण्डमा तीनवटाको मध्ये एकलाई Cut off गर्नु जरुरी हुन्छ । यसर्थ कुनै पनि ठोस र तरल बस्तुहरुमा आगलागी भएको खण्डमा कस्तो किसिमको अग्नि नियन्त्रक साधनहरुको प्रयोग गर्दा आगोलाई चाडै निभाउन सकिन्छ भन्नका लागि वस्तुमा लाग्ने आगोको आधारमा आगोलाई विभिन्न वर्गमा वर्गीकरण गरिएकोछ । आगो केमा लागेको हो कुन प्रकृतिको छ ? त्यसको पहिचानबाट मात्र कुन अग्नि नियन्त्रक प्रयोग गर्ने भन्ने यकीन गर्न सकिन्छ । आगो लागेको वस्तु र प्रकृति थाहापाउन आगोलाई निम्न वर्गमा वर्गीकरण गरिएको छ ।

**Class 'A' Fire -** सामान्य रुपमा बाल्न सक्ने ठोस वस्तुहरु जस्तो काठ, घाँस, कपडा, प्लाष्टिक, रवर आदिमा लाग्न जाने आगो जसलाई Class A मा वर्गीकरण गरिएको छ ।

**Class 'B' Fire -** प्रज्वलनशील तरल पदार्थ, तरल रुपमा परिवर्तन हुन सक्ने ठोस पदार्थहरु जस्तो पेट्रोल, डिजल, पेन्ट घिउ, मोविल, ग्रिज आदिमा लाग्न जाने आगोलाई Class 'B' fire को किसिममा बर्गिकरण गरिएको छ ।

**Class 'C' Fire -** ग्याँस अर्थात तरल रुपमा परिवर्तन भएका वुटेन, प्रोपेन, मिथेन लगायतका पदार्थमा लाग्ने आगोलाई यस वर्गमा वर्गीकरण गरिएको छ ।

**Class 'D' Fire -** धातुहरु विशेषतः आल्मुनियम, मेटल, म्याग्नेशियम आदिमा लाग्ने आगो ।

**Class 'E' Fire -** विशेषत विद्युतबाट लाग्ने आगोहरु पर्छ ।

**Class 'F' Fire -** खाना पकाउन भान्सामा प्रयोग हुने तेल, वोसोजन्य पदार्थहरुबाट उत्पन्न हुने आगो जो किचन फायरका नामबाट पनि चिनिन्छ ।

विभिन्न वस्तु तथा पदार्थमा लाग्न सक्ने आगो र सोको वर्गीकरण बारेमा माथि चर्चा गरियो । वस्तु तथा पदार्थहरुमा लाग्ने आगोलाई छिटो र सहजरुपमा निभाउन विज्ञान तथा प्रविधिले विभिन्न किसिमका अग्निजन्य सुरक्षाका संयन्त्र विकास गरेको छ कस्तो वस्तुमा लागेको आगो कुन संयन्त्रले निभाउन सकिन्छ सोको बारेमा यहाँ चर्चा गरिन्छ ।

**आगो निभाउने साधनहरु (अग्नि सुरक्षा संयन्त्र)**

**Water Extinguishers -** यो आगो लागेको क्षेत्र वा स्थानमा सजिलै बोकेर जान सकियोस भन्ने हेतुले विभिन्न साइजका (३/५/१० केजी) बोतलहरुमा राखिएको हुन्छ जो बजारमा सजिलै उपलव्ध छन । यसलाई सजिलै पहिचान गर्न सकियोस भन्नाका लीग Bright Red कलरमा लेवलिङ्ग राखिएको पाइन्छ । यसले विशेष गरी Class 'A' type को आगोलाई सजिलै निभाउन मद्दत गर्छ ।

**Foam Extinguisher -**तरल पदार्थबाट वनेको जो हावा भरिएका फोकाहरु सामान्य सावुनबाट वनेको जस्तो देखिन्छ । पानी र फोमको संमिश्रण आगो लागेको ठाँउमा कुनै उपकरणको प्रयोग गरी चलाउदा हावा भरिएर फोका वन्छ जसले तरल पदार्थ माथि ढक्क भएर वस्ने गर्छ जसका कारण थप आगलागी हुन दिदैन । यो पनि बजारमा विभिन्न साइजका (३/५/१० केजी) बोतलमा उपलब्ध छ । जो आगलागी भएको ठाँउमा लिएर हिड्न सजिलो किसिमको हुन्छ । यसले विशेष गरी Class 'B' Typeको आगोलाई निभाउन मद्दत गर्छ ।

**Dry Chemical Powder Extinguisher** – यसलाई ABC extinguisher पनि भनिन्छ । यसले तीनवटै क्लासका आगोलाई निभाउन सहयोग गर्दछ । यो पनि बजारमा आवश्यकता अनुसारको साइजको बोतलहरुमा उपलब्ध हुन्छ । यसलाई सजिलै पहिचान गर्न सकियोस भन्नाका लागिBlue color को लेवल लगाइएको हुन्छ । यसलाई इलेक्ट्रिकल वस्तुमा लागेको आगोमा विलकुल प्रयोग गर्नु हुदैन ।

**कार्वनडाई अक्साइड Co2 Extinguisher** - यो ग्यासलाई प्रेसर दिएर सिलिण्डर भित्र राखिएकोले तरल रुपमा परिणत हुन्छ । धैरै कम्प्रेस गरेर सिलिन्डरमा राखिनाले यो बरफ जस्तो हुन्छ । यो ग्यास प्रज्वलनशील पदार्थ Class B, Cr विद्युतीय उपकरणमा लागेको आगो निभाउन प्रयोगमा ल्याउने गरिएको छ । यसलाई सजिलै पहिचान गर्न सकियोस भन्नाका लागिBlack Colorको लेवल लगाइएको हुन्छ ।

**Wet Chemical Extinguisher** - खाना पकाउने भान्साबाट उत्पन्न हुने Class F का फायरहरु लागेको आगो निभाउन यस किसिमको Extinguisher को प्रयोग हुन्छ । Class A fire निभाउन पनि यसको प्रयोग हुन्छ । यसको वोटलमा Yellow color को लेवल लगाइएको हुन्छ ।

**पानी (Water) -** पानी प्रयोग गरेर आगो निभाउने प्रकृया सवैभन्दा पुरानो परिचित साधन हो । यो Class A Type को आगलागी निभाउन प्रभावकारी हुन्छ । Fire Hydrant पानीको फोहरा, दमकल आदिको माध्यमबाट पानी फालिन्छ जसको प्रेसरले आगो निभाउछ ।

आगोको प्रकृतिलाई हेरी उपलव्ध साधन र श्रोतको आधारमा आगो निभाउनु बुद्धिमानी हुन्छ । आधुनिक उपकरण नभएको खण्डमा पानी, वालुवा, माटो, स्याउला, कटन तथा जुटका कपडाहरु पानीमा भिजाएर पनि सामान्य प्रकृतिको आगोलाई निभाउन सकिन्छ । यी भए कुन किसिमको वस्तु तथा पदार्थमा लागेको आगोलाई कस्तो किसिमको अग्नि सुरक्षा संयन्त्र प्रयोगमा ल्याई आगो निभाउन सकिन्छ भन्ने जानकारी । वस्तुमा लागेको आगोको पहिचान गरी सोही अनुसारको सुरक्षा संयन्त्र प्रयोग हुन नसकेको खण्डमा आगो झनै फैलिएर विकराल रुप लिन सक्छ तसर्थ आगो लागेको वस्तुको पहिचान गरीअग्नि नियन्त्रक संयन्त्र प्रयोग गर्नु जरुरी छ ।

**नेपाल आयल निगम र अग्नि तथा सुरक्षा**

नेपाल आयल निगम जो अत्यन्त प्रज्वलनशील पदार्थको कारोबारमा अहोरात्र जुटिरहन्छ । आयात, वितरण र भण्डारणमा विभिन्न साधन श्रोत प्रयोग गरी बाह्रै महिना बाह्रैकाल खटिरहनु पर्ने हुन्छ । कार्य गर्दा कहिले मानवीय त्रुटिबाट तथा कहिले वाहय पक्षको कमी कमजोरीबाट आगलागिको संभावना रहन सक्छन यसबाट वच्न विभिन्न किसिमको सुरक्षाका उपायहरु अपनाउनु पर्ने हुन्छ । पेट्रोलियम क्षेत्रमा काम गर्ने विभिन्न कम्पनीहरुले विशेषत Oil Industry security directives (OISD) मा उल्लेख भएका विषयहरुलाई समेटेर कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्दै आधुनिक विकासका विधिहरुलाई प्रयोग गरी सुरक्षात्मक रहनु अत्यन्त आवश्यक मानिन्छ ।

निगममा भौतिक पूर्वाधारहरु विगत धेरै वर्ष पुरानो तथा कार्य गर्ने पुरानो मानवीय श्रोत र साधनहरुलाई आधुनिक प्रविधिका विकासका उपकरणहरुसंग फेमेलियर वनाउदै लैजान अत्यन्त जरुरी हुदै गएको छ । हामीले प्रयोग गर्ने पेट्रोलियम पदार्थ सम्पूर्णरुपमा इण्डियन आयल कर्पोरेशन भारतबाट सप्लाई हुने गर्दछ । सुरक्षालाई अधिकतम प्राथमिकतामा राख्ने इण्डियन आइल कर्पोरेशनले आयल कम्पनीहरुको कारोबार गर्दा अपनाउनु पर्ने सुरक्षात्मक निर्देशिका Oil Industry security directives (OISD) अनुरुप कार्य गर्न अनिवार्य गरेका कारण निगमले पनि आफ्ना टैंकर चालकका चालक, सहचालकका अतिरिक्त कार्य गर्ने कर्मचारी, पेट्रोल पम्पमा संलग्न रहने जनशक्तिको क्षमता अभिवृद्धि गर्नु पर्ने विषयलाई ह्दयगंम गरी विगत वर्षहरुदेखि लामो अनुभव संगालेका प्रशिक्षकहरुबाट तालिम दिने कार्यको शुरुवात गरिसकेको छ । काठमाडौं, पोखरा, अमलेखगञ्ज क्षेत्रमा यस किसिमको जानकारीमूलक तालिम संन्चालनमा ल्याइसकेको छ भने अन्य क्षेत्रमा निकट भविष्यमा नै संचालन गर्ने तयारी गरिरहेको छ ।

यसै तालिमको परिप्रेक्षलाई दृष्टिगत गरी डिपो तथा पम्पहरुले पेट्रोलियम पदार्थको कारोबार शुरुवात गर्नुभन्दा अगाडि सुरक्षाको दृष्टिबाट अपनाउनु पर्ने विभिन्न उपायहरुको बारेमा सामान्य चर्चा गरिएको छ ।

क) निगमले आयात गर्ने पेट्रोलियम पदार्थको विक्री वितरणलाई अझ विश्वसनीय र भरपर्दो वनाउन टैंक ट्रकमा मेकानिकल लकिङ्ग सिष्टम जडान गरी पेट्रोलियम पदार्थको आयातको शुरुवात गरेको छ । विद्यमान नीति नियम र कार्यविधि अनुसार लकिङ्ग प्रणालीबाट तेल आयात भइरहे नरहेको यकीन गर्नु पर्छ ।

ख) अग्नि निवारणको उपकरण ठिक अवस्थामा रहे नरहेको यकीन गर्ने । पेट्रोलियम पदार्थको कारोबार शुरुवात गर्नु अघि डिपो विक्रीस्थल, टैंक ट्रक आदिमा Fire Hydrant, Foam, Co2 Extinguisher, Fire Brigadeठिक अवस्थामा रहे नरहेको चेक जाँच गर्नु पर्छ ।

ग) अर्थिङ्ग ठिक भए नभएको यकीन गर्ने, डिपोमा रहेको स्टोरेज टैंक तथा अन्य जडित उपकरणहरु राम्रोसंग अर्थिङ्ग नभएमा दुर्घटनाको सम्भावना बढी हुनु टैंक अर्थिङ्ग सिष्टम चेक गर्ने अनलोडिङ्ग गर्दा टैंक ट्रक अनलोड गर्दा अनिवार्य रुपमा कोइला क्लिप प्रयोग गरी अर्थिक सिष्टममा जोड्नु आवश्यक हुन्छ ।

घ) डिपो विक्रीस्थल भित्रको विद्युतीय सर्किट बत्ती तथा मोवाइलहरु फायर प्रुप तथा लिकेज रहित हुनु पर्छ । जसले गर्दा पेट्रोलियम पदार्थको भ्यापर विद्युतीय सम्पर्कमा आई आगलागी खतरा हुन नसकोस्

ङ.) धुम्रपान निषेध : विक्रीस्थल धुम्रपान गर्न मनाही गर्न सलाई लाइटर जस्ता चिज निरोधात्मक गर्ने सुरक्षाजन्य सचेत सूचनामूलक जानकारी प्रथम दृष्टि पर्ने गरी राख्ने ।

च) मोवाइल फोन तथा अन्य इलेक्ट्रिकल साधनहरुको प्रयोग निषेध, इलेक्ट्रोनिक साधनहरु प्रयोग गर्दा निस्कने फ्रिक्वेन्सि पेट्रोलियम पदार्थको भ्यापरको सम्पर्क आउदा आगलागीको दुर्घटना हुन सक्ने भएकोले मोवाइल फोन तथा अन्य साधन लैजान निषेध गर्नु पर्छ ।

छ) टैंकट्रकको ढकनी खोल्दा, वन्द गर्दा सावधानी अपनाउनु पर्छ, चेम्बरको ढकनी, फिलिङ्ग तथा ग्यास पाइपको क्याप खोल्दा र बन्दा गर्दा सावधानी अपनाउने, फलाम तथा ढुँगाले हान्न नदिने आवश्यक भएको खण्डमा काठको टुक्राको प्रयोग गर्न लगाउने ।

ज) टैंकट्रकको गतिविधि, डिपो भित्र निश्चित स्थानमा पार्किङ्ग गर्न लगाउने, गति सीमित गर्ने, हर्न निषेध गर्ने, कम्प्रेशर तथा एक्सिलेटर थिची टैंकर वार्मिङ्ग गर्न निषेध गर्ने । आउने जाने बाटो फरक पार्ने ।

झ) डिपोलाई खतरायुक्त क्षेत्रको रुपमा वर्गीकरण गर्नु पर्छ । काम गर्ने स्थलको वनावट, वातावरण आदि हेरी प्रवेश तथा संवेदनशील प्राथमिकताका क्षेत्र तोक्नु पर्छ । उदारहणका लागि लगातार पेट्रोलियम पदार्थको वास्पीकरण भइरहने क्षेत्र, कारोबार भएको अवस्थामा मात्र वास्पीकरण हुने क्षेत्र, असामान्य स्थितिमा वास्पीकरण हुने क्षेत्र निर्धारण गर्नु राम्रो हुन्छ ।

उल्लेखित सर्तकताका अतिरिक्त डिपोमा कार्यगर्ने कर्मचारीहरुको लागि आवश्यक पर्ने Personal Protective Equipment,Frist Aid box, Fire Blanket, Fire hydrant, Fire Brigade, Fire sprinkler system, Fire Extinguishers हरुको चुस्तता सहितको यथेष्ट व्यवस्था रहेको हुनु पर्छ ।

अन्त्यमा कस्तो आगलागी हुँदा कुन किसिमको आगो निभाउनFire Extinguishersप्रयोग गर्न सकिन्छ, सम्झन सहयोग पुगोस भन्नाका लागि यहाँ एक तालिका प्रस्तुत गरिएको छ ।

## कस्तो किसिमका आगलागीमा कुन Extinguisherप्रयोगबाट आगो नियन्त्रण गर्ने सम्वन्धि छोटकरी तालिका प्रस्तुत गरिएको छ

| साधन / प्रयोग | Class A | Class B | Class C | Class D | Class E | Class F |
|---|---|---|---|---|---|---|
| | ठोस पदार्थमा लागेको आगो जस्तै कागज काठ, प्लाष्टिक आदी | तरल पदार्थमा लागेको आगो , जस्तै ग्रिज, पेन्ट, पेट्रोल आदि | अग्निजन्य ग्यासमा लागेको आगो जस्तै : वुटेन, मिथेन | धातुमा लागेको आगो जस्तै आल्मुनियम, फलाम आदी | इलेक्ट्रिकल वस्तुमा लागेको आगो जस्तै केवल, कम्प्युटर, टिभि आदि | किचेनबाट हुने आगलाी जस्तै : प्यान, कराई |
| पानी | ✓ | × | × | × | × | × |
| फोम | ✓ | ✓ | × | × | × | × |
| ड्राई पाउडर | ✓ | ✓ | ✓ | ✓ | ✓ | × |
| **CO2** | × | ✓ | × | × | ✓ | × |
| वेट केमिकल | ✓ | × | × | × | × | ✓ |



# नेपाल आयल निगम सुधार प्रकिृया

✍ ई. मोहन कुमार साह

नेपाल आयल निगम देशको एकमात्र इन्धन कारोबार गर्ने संस्था भएको र राज्यबाट नै यसको कारोबारको सुनिश्चितता भएको सन्दर्भमा निगमले समेत समयानुकुल आफुलाई सुधार गर्दै लानु अत्यन्त जरुरी रहेको छ ।नेपाल आयल निगमको सुधारको लागि डिपो प्रमूख एवं सहायक प्रमूख लगायत विभिन्न पदमा रही कार्य गर्दा हासिल गरेका अनुभवहरुलाई बुदागत रुपमा प्रस्तुत छ ।

१) प्रत्येक डिपोहरुको मूल गेट (Main Gate) देखि Drivewayर Loading / Unloading सम्म लाई कालोपत्रे पिच गर्नुको सट्टा RCC गर्नुपर्ने । साथै VT/UG ठाउमा घासपात झाडी नआओस् भनी 2 inch thickको PCC गर्ने व्यवस्था गर्ने ।

२) प्रत्येक डिपोहरुको पेट्रोलियम पदार्थ Loading/Unloading Shed मा जस्तापाता को Shed पुरानो भइ जिर्ण अवस्थामा भएकोले प्रत्येक डिपोकाLoading/ Unloading Shedलाई जस्तापाताको Shed को सट्टा UPVC को Shed राख्नुपर्ने ।

३) प्रत्येक डिपोको अफिसमा गाडीहरुलाई घाम पानीबाट वचाउन प्रत्येक डिपोमाUPVCShed को व्यवस्था गर्नुपर्ने ।

४) कर्मचारीहरुको आवास जिर्ण अवस्थामा रहेकोले जुन डिपोमा आवास मर्मत गर्नुपर्ने हो त्यहा मर्मत गर्ने र नयाँ आवास वनाउनुपर्नेमा नयाँ आवास वनाउने व्यवस्था गर्ने ।

५) प्रत्येक डिपोहरुको Bounding wallकम्तीमा 10 feetउचाइको राख्ने र त्यस माथि 3'-5'को काटी जाली लगाई डिपोलाई सुरक्षित वनाउने ।

६) प्रत्येक ढुवानी टैंकरहरुलाई प्रत्येक वर्ष नवीकरण गराई प्रत्येक टैंकरमा LockingSystem / GPRSअनिवार्य रुपमा लगाई ढुवानी गर्ने व्यवस्था मिलाउने ।

७) निगमको सम्पूर्ण डिपोहरुमा रहेको Weighing Bridgeलाई मर्मत सम्भार गरी पुन : प्रयोगमा ल्याउने साथै नभएको डिपोमा WeighingBridge निर्माण गर्ने व्यवस्था गर्ने ।

८) प्रत्येक डिपोहरुमा निर्माण भएकोCalibration Towerप्रयोगमा ल्याउने । यदि Calibration Towerमर्मत सम्भार गर्नु परेमा मर्मत सम्भार गरी पुन : प्रयोगमा ल्याउने साथै नभएको डिपोमा Calibration Towerनिर्माण गरी प्रयोगमा ल्याउने व्यवस्था गर्ने ।

९) प्रत्येक डिपोमा Tank Conversionसम्बन्धमा SKO को Tank लाई MS/HSDको TANKमा Convert गर्ने व्यवस्था मिलाउने । जसले गर्दा MS/HSDको Storage को क्षमता वढाउन सकिन्छ ।

१०) कतिपय डिपोमा रहेको Vertical tankसानो कारणले विग्रेको अवस्थामा रहेकोले मर्मत सम्भार गरी पुन : सुचारु अवस्थामा ल्याउने व्यावस्था मिलाउने ।

११) प्रत्येक डिपोमा रहेको VT/UG Tankहरुलाई नियमित ६-६ वर्षमा सफा (Cleaning) गरी पेट्रोलियम पदार्थको Quality को स्तर वृद्धि हुने अवस्थामा ल्याउने व्यवस्था मिलाउने ।

१२) प्रत्येक डिपोहरुको सरसफाइ, रंगरोवन (अफिस) आवास र Vertical Tank / Shed / pipe / Calibration Tower / Electricpole / Boundary wall / Symbols / Name plate / Templeआदिको ) रंगरोवन गरी Safety को साथै सुन्दरता देखाउने व्यवस्था मिलाउने ।

१३) प्रत्येक डिपोमा CCTVको व्यवस्था मिलाउने । डिपोको Operation / field / Lab / लेखा / प्रशासन / कम्प्युटर Billingशाखाहरु आदिमा CCTV राखी IP Base मा आधारित वनाइ केन्द्रसम्म हेर्ने व्यवस्था मिलाउने ।

१४) जनशक्तिको व्यवस्थापन पद/समूह अनुसारको कर्मचारीहरुको व्यवस्था गरी ChainofCommandआधारमा राख्ने ।

१५) निगमको कर्मचारीहरुलाई Noc को डिपो, लेखा, प्रशासन, एभिएशन, Computer कोNew Technologyसम्बन्धी समय समयमा तालिम दिन Calender बनाई In-house Trainingर off -house Trainingको व्यवस्था गर्ने ।

१६) सण्ड्री हिसावमा पेट्रोलियम पदार्थको कारोबार गर्न छोडेका पाँच वर्ष पुराना डिलरहरु स्वत: खारेजी हुने व्यवस्था भए अनुसार त्यस्ता विक्रेताहरुको लेनदेन हिसाव मिलान गरी निगमको अभिलेखबाट विक्रेताको नाम लागत कटा गर्ने व्यवस्था गर्ने ।

१७) Trial Balanceसम्बन्धमा प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र बनाइ सम्बन्धी विभागमा पठाउन कडा निर्देशन दिने ।

१८) प्रत्येक प्रदेशको सदरमुकाममा एउटा नमुना पेट्रोलपम्प स्थापना गराउने । साथै ठूला ठूला शहरमा एउटा एउटा नमूना पम्प स्थापना गराउने व्यवस्था गर्ने ।

१९) सामाजिक उत्तरदायित्व वहन गर्ने कामको व्यवस्था गर्ने ।

२०) पेट्रोलियम पदार्थ जस्तै अन्य पदार्थ (Bitumin/Tar) आदिको पनि कारोवार गर्ने ।

२१) निश्चित प्रतिशत शेयरहरु खुल्ला रुपमा सर्वसाधारणलाई विक्री गरी नेपाल आयल निगममा सर्वसाधारणको लगानी वढाउने व्यवस्था गर्ने ।

२२) अर्न्तराष्ट्रिय वजारको परल मूल्य वमोजिमको पेट्रोलियम पदार्थहरु (MS,HSD,SKO,ATF,LPG etc) को मूल्य स्वत : सञ्चालित मूल्य प्रणाली ( Auto Pricing mechanism) र BEP( Break Even Point) को कार्यान्वयन तदारुकताका साथ लागु गराउने । यसका लागि १५-१५ दिनमा मूल्य सूची सार्वजनिक गर्ने ।

२३) अन्तराष्ट्रिय वजारमा पे. पदार्थको मूल्य वृद्धिवाट र डलर Rate परिवर्तनको कारणले आन्तरिक वजारमा पर्ने असरलाई कम गर्न RateAdjustment factorव्यवस्थापनको कार्यान्वयन गरी मूल्य स्थिरीकरण कोष ( Price Stabilizationfund ) को व्यवस्था तदारुकताका साथ लागु गराउने ।

२४) समय सापेक्ष विक्रेता विनियमावली, ढुवानी विनियमावली, LPG विनियमावली, लेखा तथा प्रशासन विनियमावली Up to date/changeगरी पूर्ण कार्यान्वयन गराउने ।

२५) निगमको संगठन र व्यवस्थापन (O&M) Surveyकार्यान्वयन लागु गराउने ।

२६) कार्यालयको काम चुस्तदुरुस्त राख्न र कर्मचारीहरुको वृत्ति विकास (career Development)गर्नको लागि vacancy, बढुवा, सरुवा, पदपूर्तिको कार्य समय समयमा गराउने ।

२७) काम गर्न नसक्ने कर्मचारी, काम गर्न नचाहने कर्मचारी, पुराना कर्मचारीलाई स्वेच्छिक अवकाश VRS लागु गराउने ।

२८) कर्मचारीहरुलाई Role, Responsibility र Accountabilityप्रदान गर्ने गरी कार्य विभाजन गरी कार्यलयको काम चुस्तदुरुस्त राख्न लगाउने ।

२९) डिपोहरुमाLoading/Unloading shed कम भएको र दिन प्रति दिन पे. पदार्थकोDemand बढेको हुनाले समय सापेक्ष डिपोहरुमाLoading/Unloading shedथप गर्ने ।

३०) नेशनल ट्रेडिङ्ग लिमिटेड र Storage को लागि प्रत्येक प्रदेशमा किनेको जग्गा लाई उचित व्यवस्था गरी ATFको Storage/MS, HSD, SKOको Storage/LPG Botting Plantको Storage/प्रदेश WiseOffice Building/ कर्मचारीहरुको आवास (Quarter) वनाइ उपयोग गर्ने

३१) Motihari-Amlekhgung पेट्रोलियमPipeline तदारुकताका साथ वनाउने ।

३२) LAB Equipment, Fire Fighting Equipment up to dateराख्न लगाउने ।

३३) समय सापक्ष नयाTankTruck थप्ने , नया नमुना पेट्रोल पम्म थप्ने, LPGको लागिLPG Bulletथप्ने ।

३४) LPGसिलिण्डरको लागि Steel /ironसिलिण्डर को साटो Fiber का सिलिण्डर वनाई प्रयोगमा ल्याउने । वरु Iron सिलिण्डर उद्योग, पसल, व्यवसाय, होटल, आदिमा प्रयोगमा ल्याउने र Fiber सिलिण्डरलाई सर्वसाधारण जनताको लागि ल्याउने ।

३५) निगमको प्रत्येक डिपोहरुमा नयाँ प्रविधि Software, Computerization, CCTV, Digital Display, Symbolआदि लागु गराउने ।

# नेपाल आयल निगमको आपूर्ति, भण्डारण तथा वितरण

कमला न्यौपाने

नेपाल आयल निगम एक सेवामूलक व्यापारिक सस्था हो । यस्को उद्देश्य नेपाल राज्यभर सर्वसुलभ एंव व्यवस्थित तरिकाले पेट्रोलियम पदार्थको आपूर्ति, भण्डारण तथा विक्री वितरण गर्नु हो । निगमले आफ्नो स्थापना कालदेखि नै आफ्नो उद्देश्य पूर्तिका लागि सदैव जिम्मेवार तरिकाले काम कार्वाहीलाई अगाडि वढाउदै आएको छ । यसले गर्ने कामको सवै भन्दा प्रमुख कार्य भनेको पेट्रोलियम पदार्थको आपूर्ति हो भने आपूर्ति गरिएको पेट्रोलियम पदार्थलाई सुरक्षित एंव व्यवस्थित तरिकाले भण्डारण गर्नु र आवश्यकता अनुसार विक्री वितरण गर्नु हो । नेपालमा पेट्रोलियम पदार्थको आपूर्ति पूर्णरुपमा भारतवाट गरिदै आएको छ । यस्को लागि नेपाल आयल निगम र भारतीय सरकारी तेल निगम इण्डियन आयल कर्पोरेशिन वीच ५/५ वर्षको आपूर्ति सम्झौता हुने गरेको छ । पछिल्लो समय सन् २०१७ को मार्च २७ तारिखमा यस किसिमको सम्झौता भएको थियो । उक्त सम्झौतामा आपूर्ति नीति तथा भुक्तानी सम्वन्धी व्यवस्था पनि उल्लेख भएको छ । जस अनुसार निगमले प्रत्येक अग्रेजी महिनाको ८ र २३ तारिखमा निगमले गत महिना आपूर्ति गरेको पेट्रोलियम पदार्थको परिमाणको आधारमा इण्डियन आयल कर्पोरेशनलाई रकम भुक्तानी गर्ने गर्दछ ।

पेट्रोलियम पदार्थको आपूर्ति गर्ने विभिन्न साधन र श्रोत मार्फत निगमले इण्डियन आयल कर्पोरेशनको विभिन्न डिपो/रिफाइनरीहरुवाट आफ्नो डिपोसम्म र डिपोबाट विक्रेताहरु मार्फत उपभोक्तासम्म पेट्रोलियम पदार्थ पुऱ्याउदै आएको छ । नेपालमा आयात हुने करिव ६० प्रतिशत इन्धन वीरगंज नाकावाट भित्रिदै आएको छ । ढुवानी प्रणालीमा देखिने विविध समस्यालाई मध्यनजर गर्दै पेट्रोलियम पदार्थ ढुवानी कार्यलाई सहज र भरपर्दो वनाउने कार्यलाई प्राथमिकतामा राखी भारत र नेपाल सरकार वीच दुई पक्षीय मन्त्रीस्तरीय सम्झौता २०७२ साल भाद्र ७ गते भई पेट्रोलियम पाइपलाइन परियोजना निर्माण गर्न भारतको मोतिहारी देखि नेपालको अमलेखगंजसम्म करिव ६८.९ कि.मि. पाइपलाइन विछ्याउने कार्य अन्तर्गत भारतको मोतिहारी देखि रक्सौलसम्म ३२.७ किलोमिटर र नेपाल भारत शंकाराचार्य द्धार विरगञ्ज वोर्डरदेखि अमलेखगंजसम्म करिव ३६.२ कि.मि.पाइपलाइन विछ्याउने कार्यसम्पन्न भई सकेको छ भने नेपाल तर्फ निकुञ्ज क्षेत्रमा मात्र करिव ९ किलोमिटर पाइपलान विछ्याउने कार्य बाँकी रहेको अवस्था छ । पाइपलाइनको कार्य सम्पन्न भई पाइपलाइनवाट तेल आयात गर्ने कार्य प्रारम्भ भए पछि ढुवानीमा देखिने धेरै समस्याको समाधान हुनेछ । तथापि पाइपलाइन सगसंगै निगमले विभिन्न स्थानमा रहेका आफ्ना डिपोहरुका लागि इण्डियन आयल कर्पोरेशिनको विभिन्न डिपो/रिफाइनरीवाट टैंकट्रक मार्फत आपूर्ति गरी विक्री वितरण तथा भण्डारण गर्नु पर्ने नै छ ।

निगमले पेट्रोलियम पदार्थको आपूर्तिका लागि निगमको विभिन्न प्रादेशिक कार्यालय/इन्धन डिपो तथा हवाई इन्धन डिपोको लागि इण्डियन आयल कर्पोरेशनको निम्न डिपो/रिफाइनरीवाट आपूर्ति गर्ने पेट्रोलियम पदार्थको ढुवानी कार्यको लागि निगमले ढुवानी ठेकेदारसंग ढुवानी करार सम्झौता गरी आपूर्ति गर्दै आएको छ । निगमले इण्डियन आयल कर्पोरेशनको निम्न डिपो/रिफाइनरीवाट निगमको निम्न प्रादेशिक कार्यालय/इन्धन डिपो/हवाई इन्धन डिपो/शाखा कार्यालयहरुमा पेट्रोलियम पदार्थको आयात गर्दै आएको छ ।

**प्रादेशिक कार्यालय तथा आपूर्ति विन्दुहरु**

| सि.नं. | प्रादेशिक कार्यालय | आपूर्ति विन्दु |
|---|---|---|
| १ | १ नं. प्रादेशिक कार्यालय, विराटनगर | वरौनी |
| २ | २ नं. प्रादेशिक कार्यालय, अमलेखगंज* | रक्सौल/वरौनी |
| ३ | ३ नं. प्रादेशिक कार्यालय, थानकोट* | रक्सौल/वरौनी |
| ४ | ४ नं. प्रादेशिक कार्यालय, पोखरा* | रक्सौल/वरौनी |
| ५ | ५ नं. प्रादेशिक कार्यालय, भलवारी | वेतालपुर/मुगलसराय |

| सि.नं. | प्रादेशिक कार्यालय | आपूर्ति विन्दु |
|---|---|---|
| ६ | ६ नं. प्रादेशिक कार्यालय, सुर्खेत | गोण्डा |
| ७ | ७ नं. प्रादेशिक कार्यालय, धनगढी | वन्थरा |

*परियोजना सम्पन्न भएपश्चात पाइपलाइन माफर्त इन्धन आपूर्ति गरिने कार्यालयहरु ।

**इन्धन डिपो, शाखा कार्यालय तथा आपूर्ति विन्दुहरु**

| सि.नं. | इन्धन डिपो/ शाखा कार्यालय | आपूर्ति विन्दु |
|---|---|---|
| १ | इन्धन डिपो झापा (चारआली) | सिलगुडी |
| २ | शाखा कार्यालय वीरगंज,इन्धन डिपो जनकपुर | रक्सौल/वरौनी |
| ३ | इन्धन डिपो नेपालगंज/दाङ्ग | गोण्डा |
| ४ | शाखा कार्यालय दिपायल | वन्थरा |

**हवाई इन्धन डिपो तथा आपूर्ति विन्दुहरु**

| सि.नं. | हवाई इन्धन डिपो | आपूर्ति विन्दु |
|---|---|---|
| १ | हवाई इन्धन डिपो भद्रपुर,झापा/विराटनगर | सिलगुडी |
| २ | हवाई इन्धन डिपो सिनामंगल, काठमाडौं | रक्सौल |
| ३ | हवाई इन्धन डिपो भलवारी/पोखरा | रक्सौल |
| ४ | हवाई इन्धन डिपो नेपालगंज/सुर्खेत | इलाहावाद |
| ५ | हवाई इन्धन डिपो धनगढी | इलाहावाद |

उपरोक्त अनुसार आयात गरिने पेट्रोलियम पदार्थको भण्डारणको लागि निगमले निम्न अनुसारको भण्डारण टैकको व्यवस्था गरेको छ ।

*क्षमता किलोलिटरमा*

| कार्यालय | पेट्रोल | डिजल | मट्टितेल | हवाई इन्धन | जम्मा |
|---|---|---|---|---|---|
| **भद्रपुर** | | | | ५४ | ५४ |
| **विराटनगर** | ५६० | ८,९१० | २,१७० | २८० | ११,९२० |
| **जनकपुर** | ३० | १४० | ७० | | २४० |
| **अमलेखगंज** | १,९३० | १९,८०० | १,५०० | | २३,२३० |
| **काठमाण्डौ** | ६,०७० | ८,४०० | ७६० | ७,६४० | २२,७८० |
| **मन्थली** | | | | २७ | २७ |
| **पोखरा** | ३५० | २,२८० | ७६० | ६४ | ३,४५४ |
| **भैरहवा** | १४० | ३,०५५ | ३९४ | ५६ | ३,६४५ |
| **भैरहवा पम्प** | ९ | १५ | | | २४ |
| **नेपालगंज** | २१० | २,२८० | ७६० | २८० | ३,५३० |
| **सुर्खेत** | | | ४५ | ६० | १०५ |
| **धनगढी** | ८५ | १,५९० | ८३० | ४५ | २,५५० |
| **दिपायल** | | ३० | ३० | | ६० |
| जम्मा | **९,३८४** | **४६,५००** | **७,३१९** | **८,५०६** | **७१,७०९** |
| मासिक विक्री (आश्विन) | **५०,८१४** | **१२४,१५४** | **२,४६५** | **२०,७९७** | |
| औसत दैनिक विक्री | **१,६९३.७८** | **४,१३८.४८** | **८२.१८** | **६९३.२२** | |
| धान्न सक्ने दिन | **५.५४** | **११.२४** | **८९.०६** | **१२.२७** | |

***( २०७५ आश्विन महिनाको विक्री वितरणको आधारमा औसत निकालिएको )***

पेट्रोलियम पदार्थको मागलाई हेर्ने हो भने हाल निगमसंग भएको भण्डारण क्षमताले पेट्रोल करिव ६ दिन, डिजल ११ दिन र हवाई इन्धन करिव १२ दिनको लागि मात्र धान्न सक्ने देखिन्छ भने मट्टितेलको माग भने खाना पकाउने ग्याँसले प्रतिस्थापन गरिसकेको अवस्था रहेकोले करिव ९० दिन नै पुग्न सक्ने देखिन्छ । पेट्रोलियम पदार्थको दिन प्रति दिनको मागलाई ध्यानमा राखेर र संघीय राष्ट्रको संरचना अनुरुप देश विकासका कार्यक्रम लगायत पूर्वाधार निर्माण समेत संघीयता वमोजिम विस्तार हुर्दै जाने ब्यहोरालाई दृष्टिगत गरी नेपाल सरकारको नीति तथा कार्यक्रममा प्राथमिकतामा परी सात वटै प्रदेशमा करिव ९० दिनको लागि पुग्ने गरी भण्डारण क्षमता वढाउन आवश्यक भएको र सोही वमोजिम निगमले हाल झापा, सिराहा, चितवन र भैरहवामा गरी ४ स्थानमा जग्गा खरिद गरीसकेको छ भने भण्डारण टैंक निमार्ण कार्यलाई समेत अगाडि बढाउनु पर्ने देखिन्छ ।

निगमले आपूर्ति गर्ने पेट्रोलियम पदार्थको सम्पूर्ण परिमाण निगमसंग ढुवानी करार सम्झौतामा रहेका टैंकट्रकहरुले ढुवानी गर्दै आएका छन् । निगमको डिपोवाट पेट्रोलियम पदार्थ ढुवानी गरी आफ्नो पम्पसम्म लैजाने कार्यको लागि विक्रेताले नीजि टैंकर पनि राख्दै आएका छन् । ढुवानी कार्यमा संलग्न टैंकट्रकको संचालित रुट अनुसारका विवरण यस प्रकार रहेको छ ।

| सि.नं. | रुट | जम्मा सख्या | सि.नं. | रुट | जम्मा सख्या |
|---|---|---|---|---|---|
| १ | सिलगुडी - चारआली | ३० | ११ | वरौनी -थानकोट | ५७ |
| २ | सिलगुडी - विराटनगर | २ | १२ | रक्सौल -सिनामंगल | १८० |
| ३ | रक्सौल - विराटनगर | १ | १३ | रक्सौल -पोखरा | ७७ |
| ४ | वरौनी - विराटनगर | ३४१ | १४ | वेतालपुर- भलवारी | २३१ |
| ५ | रक्सौल -जनकपुर | ५६ | १५ | रक्सौल - भैरहवा | १ |
| ६ | वरौनी - जनकपुर | ३२ | १६ | गोण्डा - नेपालर्गज | १११ |
| ७ | रक्सौल -वीरगंज | ४५ | १७ | इलाहावाद - नेपालगंज | १२ |
| ८ | रक्सौल -अमलेखगंज | १६१ | १८ | इलाहावाद - धनगढी | २ |
| ९ | वरौनी - अमलेखगंज | ६९ | १९ | वन्थरा -धनगढी | ६९ |
| १० | रक्सौल -थानकोट | ४१८ | | **जम्मा** | **१,८९५** |

***(वितरण विभागमा भएको रेकर्ड अनुसार)***


निगमसंग भएको उपरोक्त वमोजिमको करार सम्झौताका कूल १८९५ टैंकट्रकले इण्डियन आयल कर्पोरेशनका डिपो तथा रिफाइनरीवाट पेट्रोलियम पदार्थ ढुवानी गरी निगमको डिपोसम्म र निगमको डिपोवाट विक्रेताको पम्पसम्म ढुवानी कार्य गर्दै आएका छन् । कतिपय समयमा यो सख्या नपुग भई ढुवानी कार्यमाअवरोध हुने गरेको छ । देश विकास र सम्वृद्धिका लागि देशमा निमार्ण कार्यले तिव्रता पाए सगै सडक सञ्चालको पनि विस्तार भएको छ । देश विकासको लागि आवश्यक पर्ने सडक, विद्युत, उद्योगधन्दा,कलकारखाना लगायत अन्य विकास निमार्णका काम देशको सवै क्षेत्रमा भई रहेको र पेट्रोलियम पदार्थको माग पनि सोही अनुरुप वढ्दै गएको अवस्थामा सर्वसुलभ तरिकाले विक्री वितरण गर्नु निगमको दायित्व हो । निगमले विक्री वितरण व्यवस्थित गर्नका लागि सवै क्षेत्रमा विक्रेता नियूक्ति गर्ने गरेको र हाल निगमसंग स्विकृत प्राप्त नमुना तथा साधारण विक्रेताको प्रदेश अनुसारको सख्या निम्नानुसारको रहेको छ । उल्लेखित विवरण डिस्पेन्सीङ्ग मेसिन जडान गरी पेट्रोलियम पदार्थको विक्री वितरण गर्नका लागि नियूक्तिको स्विकृती प्राप्त विक्रेताको हो जसमा पूर्वाधार सम्पन्न नभई सकेका विक्रेताहरुको सख्या पनि समावेश भएका छन् ।यसका साथै निगमले ड्रममा डिजल राखी विक्री वितरण गर्ने गरी प्याक्ड र मट्टितेल विक्रेताको समेत नियूक्ति गर्ने गरेको छ ।


| प्रदेश | नमुना विक्रेता | साधारण विक्रेता |
|---|---|---|
| **१ नं. प्रदेश** | ४ | १९५ |
| **२ नं. प्रदेश** | ५ | ३६९ |
| **३ नं. प्रदेश** | १० | ३२४ |
| **४ नं. प्रदेश** | ५ | १०० |
| **५ नं. प्रदेश** | ५ | ४३३ |
| **६ नं. प्रदेश** | | २१ |
| **७ नं. प्रदेश** | | १०३ |
| जम्मा | **२९** | **१५४५** |


***(वितरण विभागमा भएको रेकर्ड अनुसार)***


पेट्रोलियम पदार्थको माग वढ्नु र विक्रेताको सख्या पनि वढ्नु भनेको एकातर्फ सडक सञ्चाल, उद्योगधन्दा, कलकारखानाको विस्तार लगायतका विकासका कार्यले तिव्रता पाउनु हो भने अर्को तर्फ आम नागरिकको


क्रयशक्तिमा सुधार भएकोले पनि हो । हाल नेपालमा पेट्रोलियम पदार्थको आयात तथा विक्री वितरणमा विगतको तुलनामा उल्लेख्य मात्रमा वृद्धि भएको अवस्था छ जसलाई विगत ५ वर्षको आयात तथा विक्री वितरणको तथ्याङ्कले पुष्टि गर्दछ ।




SKO
2070/71
2071/72
2072/73
2073/74
2074/75
0
6.76
(27.78%)
38.14
13.92
-
(2.28)
(20.24%)
30.97
14.66
Import Growth rate
Sales Growth rate


LPG
2070/71
2071/72
2072/73
2073/74
2074/75
-
11.02
(17.08%)
46.10
18.42
-
11.02
(17.08%)
46.10
18.42
Import Growth rate
Sales Growth rate




उल्लेखित चार्टले विगत ५ वर्षको आयात तथा विक्रीको अवस्थालाई स्पष्ट चित्रण गरेको छ । जस अनुसार मट्टितेलमा वाहेक अन्य पेट्रोलियम पदार्थको सवै आर्थिक वर्षमा समानुपातिक रुपमा वृद्धि भएता पनिआ.व.२०७२।२०७३ मा आयात तथा विक्री दुवै अप्रत्याशित रुपले घटेको देखिन्छ जसको कारण देशमा भएको अघोषित नाकावन्दी थियो । सोही अनुरुप आ.व.२०७३/२०७४ मा अप्रत्याशित रुपले वढेको देखिन्छ जुन गत वर्षको नाकावन्दीको कारण विकास निर्माण लगायतका कार्यहरुमा अवरोध भएकोमा नाकावन्दी पश्चात सवै कार्यहरुले निरन्तरता पाउदा मागमा वृद्धि भएको हो ।

पेट्रोलियम पदार्थको हालको मागलाई हेर्ने हो भने निगमले जति सक्दो छिटो भण्डारण क्षमताको विस्तार गर्नु पर्ने देखिन्छ भने भै रहेको पुरानो संरचना तथा प्रविधिले कार्य सम्पादनमा सदैव प्रश्न उड्ने र समयमै सेवा प्रवाह गर्न नसकिने हुन्छ । त्यसैले निगमले पुराना संरचनाको मर्मत संभार एंव नयाँ प्रविधिवाट अप्रेशन लगायतका कार्यको यथाशिघ्र शुरुवात गर्नुपर्ने देखिन्छ । यसका साथै निगमले आफ्नो जनशक्तिलाई समय सापेक्ष विषयगत ज्ञानका तालिम प्रदान गरी दक्ष वनाउनु पनि त्यत्तिकै आवश्यक छ । जसरी निगमको कारोवार गुणात्मक तरिकाले वृद्धि भएको छ त्यसरी नै काम कार्वाहीमा पनि गुणात्मक तरिकाले स्तरीय एंव भरपर्दो वनाउन जरुरी छ । प्रविधि मैत्री वातावरणमा कार्य गर्न सक्ने गरी प्रविधि मैत्री जनशक्तिको विकास गर्न सके निगमको कार्य पद्धति चुस्त दुरुस्त र भरपर्दो हुनेछ ।

## Fuel Price in Nepal

✍Monika Manandhar

Nepal is a landlocked country with no proven reserve of crude oil, hence has to depend completely on the neighboring countries for its petroleum product demand. With difficult terrain on the northern part of the country, Nepal has been relying solely on India for the import of fossil fuel and its derivatives. Nepal Oil Corporation (NOC), the state owned sole company of its kind, imports all of its demand of petroleum products mainly petrol, diesel, kerosene, aviation fuel and LPG from Indian Oil Corporation (IOC) in refined form. The fuel thus imported is mainly used in transport sector (petrol, diesel and Aviation Fuel) and residential/commercial sector (Liquefied Petroleum Gas, LPG), thereupon making price of petroleum fuel an important part of the economy.

The price of oil in international market is very volatile. The price of crude oil over a period of a year is shown in the graph below.The price of Brent crude oil was recorded highest in the year on 3rd October 2018 with a soaring price of $ 86.29 per bbl and over a period of less than 3 months the price plunged by 38 % to $53.82 on 21st December.





Figure 1: Daily brent crude oil price in 2018
(https://www.investing.com/commodities/brent-oil-historical-data)

NOC receives revised import price of petroleum product from IOC twice a month (petrol, diesel and kerosene on every 1st and 16th date of English calendar and Aviation fuel and LPG on 1st date). The price of the petroleum products is based upon a mutual agreement that took place between NOC and IOC in March 2017, which is reviewed every 5 years. IOC evaluates the price based upon import parity prices. The price received from IOC is mainly derived from the price of the refined petroleum products in the international oil market over the previous pricing period (an average price over such period is considered). Hence any changes in the international oil market doesn't affect the import price of NOC instantaneously, instead it can be observed only in the upcoming pricing period.This can be clearly observed from the price of LPG in the following graph. The price of LPG remains constant over the entire month unlike other refined petroleum which fluctuates every trading day. The price for LPG is derived from the price of butane and propane in the ratio of 60:40.





Figure 2: comparison of LPG price in international market and the price quoted for NOC

The other components involved in the import cost includes the ocean freight of the cargo vessel, insurance and losses involved during the ocean transportation, land freight and marketing cost/ margin for IOC. The other main factor that influences the import price of the POL is the exchange rate between USD and Indian currency.

Based on this revised price, NOC analyses the price of Petrol, diesel and LPG according to the "Automatic Petroleum product Price System Implementation

Procedure, 2071 (third revision). In case of kerosene, its retail selling priceis determined by the retail selling price of diesel, i.e. RSP of diesel and kerosene is kept same.This guideline is based on the partial pass through mechanism pricing method which means that only a part of the change in the import price is passed over to the consumer price. The change in the price is limited by a price band of 2% for petrol and diesel and a price band of NRs 25 has been maintained in the case of LPG. The following components are added to the import price to receive the retail selling price

- Freight cost from import location to corresponding NOC depot
- Insurance
- Administration cost of NOC
- TechnicalLosses
- NOC margin
- Petroleum Dealers/Gas Company's Expenses
- Government taxes (custom duty, Road maintenance charge, VAT, pollution charge, infrastructure development tax, Price Stabilization Fund Transfer)

Despite such mechanism,NOC has not been able to fully implement the Automatic pricing mechanism due to various reasons, especially in the case of LPG.




Figure 3: Comparison of the landed cost with the Ex-depot Price of LPG (Based on Barauni Refinery, IOC)

As can be seen from the figure 3, though the price of LPG fluctuated through the year 2018, the selling price of LPG remained almost constant except for an increase of NRs 25 per cylinder in the month of September.A huge gap between RSP and Landed cost can be observed. The selling price remained below the cost price throughout the year i.e. NOC accrued loss in LPG business.When there is an increase in the import price, corresponding to the increase of price of LPG in the international market, NOC has not been able to maintain RSP of LPG in the same level. Usuallythe changes in the LPG price is in order of more than NRs 100 per cylinder, the highest being increment of NRs 364 per cylinder in the month of September whereas NOC could increase the RSP only by NRs 25 per cylinder. And increasing the price of LPG cylinder in the order of increment in the cost price is not practical aswell sinceLPG is the main fuel for cooking in residential sector. Hence the losses incurred in LPG aremostly compensated by the profit NOC makes in the Aviation Fuel.





Figure 4: Comparison of the landed costwith the Ex-depot Price of Petrol at Thankot Depot (import price based on Raxaul depot)





Figure 5: Comparison of the landed cost with the Ex-depot Price of Diesel at Thankot Depot (import price based on Raxaul depot)

As can be seen from figure 4 and figure 5, NOC revised the selling price of Petrol and Diesel more frequently as compared to the selling price of LPG. In case of petrol, NOC maintained margin most of the period whereas in case of diesel, the selling price and landed cost remained same most of the time, moreover the landed cost of the diesel exceeded the selling price, which means NOC accrued loss indiesel in those period. For both product, between the period of September and October, the landed cost increased to the maximum value corresponding to increment in the crude oil price.At the same time, the exchange rate between NRs and USD reached a record highest point of NRs 119.33 which made an  additional impact in the import price.However the selling price of NOC remained constant at the same period owing to the government decision not to revise the prices of petroleum product during the period of the major festival season (Dashain, Tihar and Chhat festival) as a way to provide relief to public, as a result of which huge losses in order of more than 2 Billion rupees per month in the same period. This will have substantial effect in the financial position of NOC. To much relief, the price of crude oil has now decreased to level of $55-60 per bbl and NOC has been able to recover a part of losses mentioned. But it will take quite a long time to recover the losses.

Another important aspect of the price of petroleum product is the difference in the price of petrol and diesel between Nepal and India where there is an arrangement of open border system.





Figure 6 : Comparison of the border price of Petrol at Birgunj-Raxaul Border





Figure 7 : Comparison of the border price of Diesel at Birgunj-Raxaul Border

An analysis of the price of fuel at the open border areas of Nepal (Birgunj) and India (Raxaul) shows that there exists a huge difference between the difference in the border prices between Nepal and India Border the highest being NRs 32.18/liter for petrol and NRs 31.44/liter for diesel. In such situation there exist chances of undeclared cross country transfer of fuel.

The price of petroleum fuel has an influence in the price of other commodity as well. Diesel price is a major driver for operation cost of transport sector, thus affecting the consumer price of the entire commodity that involves freight in its chain. Hence there needs to be an effective policy for regulating the volatility of the petroleum prices especially in the case of LPG. A good proportion of LPG is used in the commercial and industrial sector. LPG consumed in those sectors should be supplied at a price no lesser than the cost price of NOC. An integrated energy system policy is a must in the present context of the country. There must also be an efficient policy regarding the consumption of the fuel which is imported at an expense offoreign currency.

# Overview of Renewable Energy

✍ **Basudev Devkota**

**Why?**

The natural resources continue to be used in incredible speed. 28% of total energy needs are fulfilled via coal. However, the coal mines are limited and being exhausted day by day. The scenario is same with the oil. These resources are being used more rapidly than they are created. Therefore, it reveals an issue of energy sustainability. The other important concern is regarding the environment. Burning fossil fuels produces greenhouse gases, contributing to global warming. This rises the global temperature and rise in the sea level. To address the aforementioned problems, the only alternative is to come up with the energy source which is renewable in nature.

**What?**

Renewable energy uses sources of energy that are continually replenished by nature, such as sun, wind, water, heat and plants. Renewable technologies convert these sources to usable forms of energy – mostly electricity, heat, mechanical power etc. Renewable energy is considered green and clean as it produces few pollutants or none. Renewable energy is abundant and the technology is being efficiency day by day. We already use renewable energies in our daily lives.

**Types:**

Hydropower is most matured and largest source of the renewable energy. They convert energy flowing from water to the electricity. Most common form uses dam on river as reservoir of water, which later is released through turbines to produce the electricity. Hydropower produces no air emission but can affect the water quality and natural habitat of animals.

Solar technologies use the power of sun and convert to energy to produce heat, light and power. For centuries, people have used sun to heat and light their homes, Modern version is called passive solar as it is completely free of mechanical devices. This system is combined with energy efficiency features, such as energy saving window, appliances and insulation. The most important use of solar energy currently is as solar electricity of photovoltaic (PV). During last decade, a highly efficient PV

with strong solar electric market has emerged. Similarly, other forms of solar energy are solar thermal, solar heating, solar lighting etc.

People have used windmill to harness wind energy for centuries. Today’s wind turbine produces electricity of few megawatts from the single turbine. Wind turbines are highly sophisticated system to capture the wind energy by means of efficient blade design. Wind energy is one of the fastest growing energy sources, which is driven primarily by the advancement in the technology.

Bioenergy is the energy derived from organic matter, such as plants. Bioenergy can be acquired in the different forms. A gasification process-which convert biomass to gas, burnt later in turbine, produces electricity. Biomass can also be heated in absence of oxygen to produce pyrolysis oil, which can be used for power generation. Similarly, biomass can be directly converted into fuels, called biofuels. As they are easy to transport and has higher energy density, they are favored to stationary power generation and vehicles.

Geothermal energy, ocean energy, hydrogen etc. are other few form of renewable sources that offer tremendous potential to produce power.

**Renewable in Nepal:**

Nepal is rapidly growing in terms of both its industrial production and population. Parallel to this, its demand for energy is amounting fast. Energy is one of Nepal's most important development preferences. Today, Nepal's energy necessity is fundamentally dependent on oil, wood, and electricity. On the other hand, Nepal's energy production meets only part of its total energy consumption and thereby is an energy importing country. On the other hand, Nepal has a large potential for renewable energies. The renewable sources in Nepal are solar, wind, biomass, hydro, solar and geothermal. Most of Nepal's production facilities are based on hydropower. Every year, Nepal has to meet a great burden to meet the costs of importing fossil fuel and the costs of the damages that occur in the environment by the utilization of fossil fuel and their byproducts which degrades environment. Besides, Nepal is an abundant country with respect to renewable energy sources and could benefit considerably by the utilization of this green type energy. Moreover, the implementation of renewable energy technologies can lower the

current national and global environmental problems as well as secure energy necessities of Nepal associated with the use of fossil energies.

**Conclusion**:

This is the century of advanced technology with high rates of industrialization and to keep this momentum going, role of energy is very important. The need for renewable energy is ever increasing throughout the world. Many developed nations have already made efficient use of renewable energy sources. During the past few years, the consumption of renewable energy sources in Asia has augmented. There is a tremendous potential of various renewable energy sources in Nepal but lack of funds, poor infrastructure and a meager effort on the part of government are ruining the energy situation. Today, the commonly used energy sources in the world are fossil fuels such as coal, natural gas and oil. Moreover, most of the technologies are designed to run by these sources. However, their utilization means polluting the environment and causing ecological imbalance. Nepal is facing relentless energy crisis and it must do something substantial in order to cope with the ever-increasing energy demand. It should minimize the usage of contaminative energy sources and resort to renewable sources likewind, hydropower, biomass and solar to counter the huge problem of energy demand. The country possesses huge potential in this zone and renewable energy can play a significant role in solving the dilemma of energy.

# नागरिक वडापत्रको निगममा प्रभावकारिता

**करुणा कार्की (बस्नेत)**

सेवा प्रदायक सार्वजनिक निकायहरुले आफूले प्रवाह गर्ने सेवा र सेवा प्राप्ति प्रक्रियाको सम्बन्धमा नागरिकप्रति गरेको लिखित प्रतिवद्धतालाई नै नागरिक वडापत्र भनिन्छ । सार्वजनिक निकायबाट सेवा प्रापकको रुपमा सम्बन्धित राज्यका नागरिक मात्र नभएर अन्य देशका नागरिक तथा संस्थाहरु समेत रहने भएकोले आजभोलि नागरिक बडापत्रलाई सार्वजनिक सेवा वडापत्र पनि भन्ने गरिन्छ ।

सार्वजनिक सेवा प्रवाहमा सार्वभौमसत्ताको नियम अनुसार, राज्यको मालिक भनेका सार्वभौमसत्ता सम्पन्न जनता हुन् । त्यसैले राज्य र यसका निकायहरुले जनतालाई मालिक र आफूलाई सेवक मानी जनतालाई छिटो छरितो तथा गुणस्तरीय सेवा प्रदान गर्नको लागि सधै क्रियाशील हुनुपर्छ । सार्वजनिक सेवा प्रदायकलाई आफ्ना सेवाग्राही प्रति थप मानी जनतालाई छिटो छरितो तथा गुणस्तरीय सेवा प्रदान गर्नको लागि सधै क्रियाशील हुनुपर्छ । सार्वजनिक सेवा प्रदायकलाई आफ्ना सेवाग्राही प्रति थप उत्तरदायी र जवाफदेही बनाएर सार्वजनिक सेवामा सुधार गर्ने नवीन साधन हो सार्वजनिक सेवा वडापत्र ।

प्रशासनलाई नागरिकमैत्री तथा जनउत्तरदायी बनाउने, कानूनको शासनलाई प्रत्याभूति गर्ने, सार्वजनिक निकायहरुमा पारदर्शिताको प्रवर्द्धन गर्ने, सरकारी काम कारवाहीमा अनियमितता, ढिलासुस्ती र भ्रष्टाचार हटाउने, सेवा वितरण प्रणालीमा सुधारको लागि पृष्ठपोषण प्राप्त गर्ने, दण्ड पुरस्कार प्रणालीको विकास गर्ने तथा समग्रमा भन्दा मुलुकमा सुशासन कायम गर्ने उद्देश्यले नागरिक वडापत्र राख्ने परम्पराको विकास भएको पाइन्छ ।

**विकासक्रम**

यसको सुरुवात बेलायतका तत्कालीन प्रधानमन्त्री जोन मेजरले बेलायती निजामती सेवामा सन् १९९१ मा गरेका थिए । सन् १९९२ मा फ्रान्सले सर्भिस चार्टरकोरुपमा लागू गऱ्यो । त्यसपछि न्यूजिल्याण्ड, सिंगापुर हुदै विश्वका विभिन्न देशहरुले अनुकरण गर्न थाले । यसै क्रममा हाम्रो छिमेकी मुलुक भारतमा सन् १९९७ देखि शुरुवात भएको हो ।

नेपालको सन्दर्भमा वि.सं. २०६१ सालदेखि यसलाई लागू गरियो भने सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ ले सबै सरकारी निकायहरुमा सबैले देख्ने ठाँउमा नागरिक वडापत्र राख्नुपर्ने बाध्यकारी कानूनी व्यवस्था गऱ्यो । साथै प्रभावकारी कार्यान्वयनको लागि त्यसको पछिल्लो वर्ष सुशासन (सञ्चालन तथा व्यवस्थापन ) नियमावली २०६५ समेत ल्याइयो । यही नागरिक वडापत्रलाई थप प्रभावकारी र चुस्त बनाई सेवाप्रदायक प्रशासकीय निकायहरुलाई उत्तरदायी एंव नागरिकमैत्री तुल्याउन बडापत्रमा उल्लेखित समयावधिभित्र सेवा प्राप्त गर्न नसके सेवाग्राहीले क्षतिपूर्तिको दावी गर्न सक्ने गरी वि.सं.२०७० सालमा पहिलो चरणमा वढी जनसम्पर्क हुने ५वटा विभागहरु ( अध्यागमन विभाग, बैदेशिक रोजगार विभाग, यातायात व्यवस्था विभाग, भूमिसुधार तथा व्यवस्था विभाग, नापी विभाग) मा क्षतिपूर्ति सहितको नागरिक वडापत्र समेत लागू गरिएकोमा हालसम्म आइपुग्दा यी विभाग मातहतका कार्यालयका साथै खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, वाणिज्य विभाग, कृषि विभाग तथा मातहतका कार्यालय लगायत धेरै सरकारी निकायमा क्षतिपूर्तिसहितको नागरिक बडापत्र कार्यान्वयनमा रहेको छ ।

नागरिक वडापत्र सम्बन्धी सुशासन ऐन तथा नियममा भएको व्यवस्था अनुसार नेपालमा प्रत्येक सरकारी कार्यालय परिसरमा सबैले देख्न सकिने ठाँउमा नागरिक वडापत्र राख्नुपर्दछ । यसरी नागरिक वडापत्र राख्नुपर्दछ । यसरी नागरिक वडापत्र राख्नुपर्ने कार्य स्वेच्छिक नभई बाध्यात्मक हुने कुरा उल्लेख गर्दे देहाय बमोजिमका कुराहरु व्यवस्था गरिएको छ ।

- सम्वन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति
- सेवाग्राहीले सेवा प्राप्त गर्न पुरा गर्नुपर्ने कार्यविधि
- सेवा प्रदान गर्न लाग्ने समयावधि
- सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण
- सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम समेत लाग्ने भए सोको विवरण
- सेवा प्राप्त गर्न सेवाग्राहीले पेश गर्नुपर्ने कागजात
- सेवाग्राहीले सेवा सम्बन्धमा गरेका गुनासो सुन्ने अधिकारीको पद र नाम
- सेवा प्रदायक निकायको तालुक कार्यालय र टेलिफोन न.
- सेवा प्रवाहको प्राथमिकता
- क्षतिपूर्ति प्राप्त हुने र नहुने सेवाहरु
- मनासिव कारण विना बडापत्रबमोजिम कार्यसम्पादन नभई सेवाग्राहीले सेवा प्राप्त गर्न नसकेमा सम्वन्धित कार्यालयको प्रमुख तथा साको जिम्मेवार कर्मचारी उपर विभागीय कारवाही हुन सक्नेछ ।
- मनासिव कारणविना नागरिक वडापत्र बमोजिम कार्यसम्पादन नभई सेवाग्राहीले सेवा प्राप्त गर्न नसकीसेवाग्राहीलाई कुनै हानी नोक्सानी हुन गएकोमा सो हानी नोक्सानी वापत क्षतिपूर्ति समेतको व्यवस्था गरिएको छ ।
- सेवाग्राहीलाई हानी नोक्सानी पुग्न गएको देखिएमा हानी नोक्सानीको परिमाणको विचार गरी त्यस्तो सेवा पुनः प्रदान गर्दा निःशुल्क रुपमा दिन वा बढीमा पाँच हजार रुपैयासम्म क्षतिपूर्ति दिन सम्वन्धित समितिले सम्बन्धित निकायका पदाधिकारीका नाममा आदेश दिन सक्ने ।
- यसरी पाउने क्षतिपूर्ति सम्वन्धित निकायका प्रमुख पदाधिकारीले तत्काल सेवा प्रदान नगर्ने जिम्मेवार कर्मचारीबाट असुलउपर गरी सेवाग्राहीलाई उपलब्ध गराउनुपर्ने ।

**नेपालमा नागरिक वडापत्रको कार्यान्वयन प्रभावकारी हुन नसक्नुका कारणहरुः**

नेपालमा सार्वजनिक सेवा वडापत्र लागू भएको लामै समय भइसकेको छ तथापि यसको कायान्वयन प्रभावकारी हुन सकेको छैन । यसो हुनुको विविध कारणहरु रहेका छन् । प्रमुख कारणहरुलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

- नागरिक वडापत्रको निर्माणमा जनता तथा अन्य सरोकारवालाहरुको सहभागिता छैन । वास्तवमा जसको लागि सेवा प्रवाह गरिने हो उनीहरुकै सहभागिता विना एकतर्फी ढंगले वडापत्र निर्माण गरिनु विडम्बनापूर्ण नै छ ।
- जनताहरु शिक्षित तथा सचेत छैनन् करिव एक तिहाई जनसंख्या निरक्षर भएको मुलुकमा सार्वजनिक सेवा वडापत्रको लक्षित सेवाग्राहीले उपयोग नै गर्न सक्ने अवस्था छैन ।
- नागरिक वडापत्रको आत्मा भनेकै क्षतिपूर्ति हो । नेपालमा वडापत्र लागु भएको लामो समयसम्म यसको व्यवस्था नै गरिएन । वि.सं. २०७० सालदेखि केही कार्यालयहरुबाट यसको थालनी गरिए तापनि एकातिर क्षतिपूर्ति रकम न्यून छ भने अर्कोतिर क्षतिपूर्ति प्राप्त गर्ने प्रक्रिया जटिल र झन्झटिलो छ ।

- सेवा प्रदायकहरुमा आवश्यक ज्ञान, सिप तथा दक्षताको अभाव छ । कतिपय कर्मचारीहरुमा नै यस सम्बन्धी ज्ञानको कमी छ ।
- वडापत्रको कार्यान्वयन भए नभएको अनुगमन, सुपरीवेक्षण गर्ने पद्धतिको अभाव छ ।
- नागरिकहरु अत्याधिक सहनशील भएकोले प्राय अवस्थामा उजुरी नै गर्ने चलन छैन ।
- हाम्रो राजनीतिक, सामाजिक परिवेशमा दवाव, भनसुन र आर्थिक प्रलोभनमा काम गर्ने गरिन्छ । यस्तो परम्परा विद्यमान रहेसम्म वडापत्रले काम नै गर्न सक्दैन ।
- हाम्रा सार्वजनिक निकायमा अभिलेख प्रणाली कमजोर छ, कार्य प्रणाली परम्परागत भएकोले समयमा कार्य सम्पादन गर्न कठिन भएको छ ।
- सवैतिर कार्यवोझ र कर्मचारीको संख्यावीच तालमेल नभएकोले कतिपय कार्यालयहरुमा अत्याधिक कार्यवोझ भई समयमा नै गुणस्तरीय सेवा प्रवाह गर्न कठिन छ ।
- क्षतिपूर्तिको व्यवस्था लागु गर्न खोजिएको छ तर कर्मचारीको कारणले मात्र नभई व्यवस्थापकीय र वातावरणीय कारणले काममा ढिलासुस्ती हुने संभावना भएको देखिन्छ । यस्तो अवस्थामा वडापत्रको कार्यान्वयन गर्ने कार्य चुनौतीपूर्ण छ ।
- प्रचार प्रसारको कमी छ ।

**सार्वजनिक सेवा वडापत्रको प्रभावकारिताको लागि सुझावः**

- नागरिक वडापत्रको निर्माणमा सेवाग्राही जनता तथा अन्य सरोकारवालाहरुको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।
- मुलुकबाट निरक्षरता उन्मूलन गर्न विशेष अभियान सञ्चालन गर्ने । साथै, नागरिक वडापत्र सम्बन्धी आम जनतालाई अभिमुखीकरण गर्ने व्यापक प्रचार प्रसार गर्ने ।
- नागरिक वडापत्र स्थानीय भाषामा पनि राख्ने व्यवस्था गर्ने ।
- क्षतिपूर्ति सहितको वडापत्रलाई सबैतिर विस्तार गर्ने साथै क्षतिपूर्ति रकम प्राप्त गर्ने प्रक्रिया सरल, सहज बनाउने र क्षतिपूर्ति रकममा सामयिक रुपमा वृद्धि गर्ने ।
- सेवा प्रदायकहरुमा आवश्यक ज्ञान, सिप तथा दक्षताको विकास गर्न तालिम, प्रशिक्षण प्रदान गर्ने ।
- वडापत्रको कार्यान्वयन भए नभएको अनुगमन, सुपरीवेक्षण गर्ने पद्धतिको स्थापना र अभ्यास गर्ने ।
- सरकारी कामलाई स्वचालित बनाउने, बढीभन्दा बढी आइसीटीको प्रयाोग गर्ने ।
- अभिलेख प्रणालीको सुदृढीकरण गर्ने ।
- केन्द्रमा भन्दा कार्यस्थलमा बढी कर्मचारी रहने गरी सार्वजनिक प्रशासनको पुनसंरचना गर्ने ।
- सार्वजनिक सेवा वडापत्रको व्यापक प्रचार प्रसार गर्ने ।
- गैर सरकारी संस्था तथा नागरिक समाजका व्यक्ति र संस्थासँग सहकार्य गर्ने, प्रभावकारी समन्वय स्थापना र अभ्यास गर्ने ।

**निष्कर्ष :**

नागरिक सेवा वडापत्र सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने र सु-सज्जित गराउने एक महत्वपूर्ण नवीनतम जानकारीमूलक श्रोत हो । यसको प्रभावकारी कार्यान्वयनको लागि राज्यका साथसाथै सञ्चार जगत लगायत अन्य निजी एंव गैरसरकारी सवै क्षेत्रको महत्वपूर्ण भूमिका हुने भएतापनि अन्तिम दायित्व भने राज्यको नै भएकोले राज्यले यसमा विशेष कदम चाल्न जरुरी देखिन्छ ।

नेपाल आयल निगमको सन्दर्भमा भन्नुपर्दा निगम जनतासंग प्रत्यक्ष सरोकार राख्ने संस्था भएको हुदा निगमले प्रदान गर्ने सेवाको वारेमा निगमले सोही बमोजिमको प्रभावकारी नागरिक वडापत्रको व्यवस्था गर्नुपर्ने हुन्छ। त्यसका साथै सोधपुछ कक्ष स्थापना गरी सेवाग्राहीलाई कुन काम कुन विभाग वा शाखामा सम्पादन गरिन्छ सोको जानकारी दिदा सेवाग्राहीले समयमै सहज तरिकाले विना झन्झट आफ्नो कार्यसम्पादन गर्न सक्नेछन्।

यसको लागि सरोकारवालाको सक्रिय सहभागितामा यसको निर्माण गर्ने, यसको व्यापक प्रचार प्रसार गर्ने , क्षतिपूर्ति प्राप्ति प्रक्रियालाई थप सरल बनाई यसलाई सबैतिर विस्तार गर्ने, आधुनिक विधि र प्रविधिको प्रयोग गरी सरकारी कामलाई स्वचालित बनाउने , प्रभावकारी कार्यान्यवन भए नभएको अनुगमन, मूल्यांकन गरी दण्ड र पुरस्कारको उचित व्यवस्था गर्न जरुरी देखिन्छ। निगम यस तर्फ समयमै सचेत भई यसको कार्यान्वयन पक्षलाई समयमै प्रभावकारी रुपले अघि बढ्न सकेमा निगम प्रतिको आम जनमानमा रहेको भ्रामक प्रचार प्रसारलाई सकारात्मक सन्देश दिन यसले सहयोग पुग्ने देखिन्छ।

# सार्वजनिक संस्थान र सेवा प्रवाहको प्रभावकारिता सन्दर्भ : नेपाल आयल निगम

दिपक प्रसाद घिमिरे

सर्वसाधारणलाई आवश्यक पर्ने वस्तु तथा सेवा सर्वसुलभ बनाउने, रोजगारी वृद्धि गर्ने, राजस्व अभिवृद्धि गर्ने लगायतका अन्य विभिन्न उद्देश्यका साथ सार्वजनिक संस्थानहरू स्थापना गरिएका हुन्छन् । हाल नेपाल सरकारको स्वामित्वमा रहेका ३७ वटा संस्थानमध्ये औद्योगिक क्षेत्रमा सातवटा, व्यापारिक क्षेत्रमा छ वटा, सेवा क्षेत्रमा सातवटा, सामाजिक क्षेत्रमा पाँचवटा, जनोपयोगी क्षेत्रमा तीनवटा र वित्तीय क्षेत्रमा नौवटा संस्थान रहेका छन् । जनताको आधारभूत वस्तु तथा सेवा उत्पादन, खरीद गरी सर्वसाधारण जनतालाई सर्वसुलभ र सुपथ मूल्यमा बिक्री वितरण गर्ने, विकासको आधारभूत संरचना निर्माण गर्ने, वस्तु र सेवा उत्पादन तथा बिक्रीमा व्यावसायिक सिद्धान्त अवलम्बन गरी ती कार्यमा दक्षता एवं प्रभावकारिता बढाई नाफासमेत आर्जन गरी आर्थिक रूपले आत्मनिर्भर रहने र आर्थिक वृद्धि गरी सामाजिक न्याय प्रवर्द्धन गर्ने उद्देश्यले सार्वजनिक संस्थान सञ्चालन भएका छन् ।

देशमा आर्थिक एवं सामाजिक दृष्टिले हुने र नहुने बीचको अन्तर कायमै रहेको, आर्थिक एवं व्यावसायिक दृष्टिले सहरी क्षेत्र सबल भए पनि दुर्गम र ग्रामीण क्षेत्र अझै कमजोर अवस्थामा रहेका कारण मुलुकको समग्र विकासका साथै सार्वजनिक सेवा, उद्योग, व्यापार, वित्त, उत्पादनमूलक क्षेत्रको सहजताका लागि सार्वजनिक संस्थानको सञ्चालनलाई निरन्तरता दिनुपर्ने अवस्था कायमै छ ।

सार्वजनिक संस्थान मध्ये नेपाल आयल निगम लिमिटेड स्थापनाकालदेखि अनेकौ आरोह अबरोह पार गर्दै आफ्नो स्थापनाको ४९ औ वर्षमा प्रवेश गरेको छ । स्थापनाकाल देखिनै अनेकौ बाधा र व्यवधानका बीच निगम र निगममा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको काम प्रतिको निष्ठा र कर्तब्यपरायणताले निगमले सहज र सुलभ तरिकाबाट उपभोक्तालाई पेट्रोलियम पदार्थको आपूर्ति सहज र सर्वसुलभ तुल्याउने र गुणस्तरीय सेवा प्रवाह गर्ने लक्ष्यमा नेपालका सार्वजनिक संस्थानमा अग्रणी भूमिका निर्वाह गरेको कुरामा सन्देह छैन ।

निगमको कार्यप्रकृति एवं परिवर्तित सन्दर्भ अनुकूल अनुरुप कर्मचारीको प्रतिस्पर्धात्मक क्षमताको गुणात्मक बिकास हुन नसक्नु, निगमको विनिवेश प्रक्रियामा अनावश्यक स्वार्थ, हस्तक्षेप, निगमको कार्य प्रकृति अनुकूल आवश्यक लगानी, प्रविधि विकास र कार्य समायोजनका कार्य हुन नसक्नु जस्ता समस्याका बीच कुनै समय करिब ३८ अर्बको ऋणभार बोकेको संस्थाले वर्तमान कुशल नेतृत्व तथा ब्यबस्थापकको दूरदर्शिताका कारण स्वचालित मूल्य प्रणाली र अर्न्तराष्ट्रिय बजार तथा मूल्यको विश्लेषणबाट संस्था ऋणमुक्त भई हाल केही सहजताको अनुभूति गरेको छ ।

राष्ट्रको माग बमोजिमको पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि इमान्दारीपूर्वक आ-आफ्नो दायित्व निर्वाह गर्दै आएका कर्मचारीहरुमा उच्च मनोबल कायम राख्दै उपभोक्ताको विश्वास समेत आर्जन गर्दै निर्वाध रुपमा पेट्रोलियम पदार्थको आपूर्तिलाई सुनिश्चित गर्नु आफैमा चुनौतीपूर्ण कार्य हो भने यसका

लागि निगम ब्यबस्थापन तथा निगम सम्बद्ध अन्य सरोकारवाला तालुक मन्त्रालय, निगम संचालक समिति तथा सरोकारवालाहरुको सहकार्यमा यो कार्य सम्पन्न हुदै आएको छ ।

देशको बदलिदो राज्य संचालनको प्रारुप तथा संरचनामा निगमले समेत आफूलाई समयमा नै रुपान्तरण गर्दै राज्य अन्तर्गत रही आफूले निर्वाह गर्नु पर्ने दायित्व निर्वाहमा उल्लेखनीय भूमिका निर्वाह गरेको तथ्य बिद्यमान रहिआएको छ । प्रादेशिक संरचना अनुसार निगम तथा सोमा कार्यरत कर्मचारीहरुको अथक प्रयासबाट पेट्रोलियम पदार्थको आयात,ढुवानी,भण्डारण र वितरणको जटिल र चुनौतीपूर्ण कार्य सफलतापुर्वक सम्पन्न गर्दै निगमको लक्ष्य प्राप्तिमा कर्मचारीको भूमिकाको कारणले निगम सफलता उन्मुख रहेको तथ्य निगम सम्बद्ध विभिन्न तथ्यांकले पुष्टि गर्दै आएको छ।

यदाकदा निगमले आयात तथा बिक्री वितरण गर्ने वस्तु तथा सेवा समयमा नपाउँदा सर्वसाधारणमा निगमप्रति नकारात्मक धारणा विकास हुँदै गएको पाइन्छ । मूल्य प्रणालीमा वृद्धी गर्दा सीमितता तोकिनु,अन्तराष्ट्रिय रुपमा पेट्रोलियम् पदार्थमा भएको मूल्य वृद्धि तथा अमेरिकी डलरसँग नेपाली मुद्रा कमजोर हुने क्रममा अर्न्तराष्ट्रिय बजारमा इन्धनको मूल्य बढ्दा निगमको घाटा बढ्ने हुदाँ निगमले ईन्डियन आयल कर्पोरेशनबाट प्राप्त मूल्य बमोजिम नै स्वचालित मूल्य प्रणाली बमोजिम मूल्य समायोजन् गर्नुपर्नेमा सो कार्य समयमा नै नहुदा समग्र आयात तथा बिक्री बितरणमा अबरोध हुने हुदा सर्वसाधारणमा निगम प्रति नकारात्मकता वा संशय पैदा हुनु स्वाभाविकै मान्न सकिन्छ ।

मूल्य समायोजन् प्रणालीलाई सधै राजनैतिक आँखा बाट हेर्ने र यसको ब्यापारिक कारोबारको सिद्दान्त नहेर्दा निगम बेला बेलामा घाटा तर्फ उन्मुख हुने गरेको तथ्य एकातिर छ भने निगमले समेत संस्थागत सुशासन र पारदर्शिता अबलम्बन गर्नुपर्ने माग समेत संगै उठ्ने गरेको पाइन्छ । संस्थागत सुशासन तथा सेवामा प्रभाबकारिता ल्याउन निगमले हाल थुप्रै संस्थागत सुशासनका कार्यको थालनी गरेको पाइन्छ ।

निगमलाई जनमुखी ,आधुनिक, सबल र सक्षम सार्वजनिक संस्थानका रुपमा स्थापित गराउन न्यून अधिकृत तथा चुक्ता पूँजीका कारण संचालन पूँजीमा नकारात्मक असर परिरहेको अवस्था दृष्टिगत गर्दै निगमको चुक्ता पुजीमा बृद्धि गरिएको छ । बार्षिक करिब १ खर्ब ५० अर्ब रुपैयाँ बराबरको पेट्रोलियम पदार्थको कारोबार गर्ने संस्थाको चुक्ता पूँजी जम्मा रु २९ कारोड २३ लाख रुपैयाँ मात्र रहेको थियो ।

निगमको पूँजी २० अर्ब पुर्‍याउने प्रस्ताव विशेष साधारणसभाबाट यस अगाडि नै स्वीकृत भएकोमा निगम संचालक समितिद्वारा गठित विज्ञसहितको अध्ययन कमिटीले निगमको पूँजी वृद्धि सम्वन्धमा तयार पारेको प्रतिवेदन अनुसार आज संपन्न ३६ औ साधारण सभाबाट निगमको चुक्ता पूँजी ११ अर्ब रुपैयाँ पुर्‍याउने निर्णय गरिएको हो । रणनीतिक महत्वको संस्थान लाई व्यावसायिक र संस्थागत सुशासन सहित पारदर्शी बनाएर अघि बढाउन सहयोग पुर्याउन पुजी बृदिको अन्य योजनालाई मूर्तरुप दिन शेयरमा सर्बसाधारण नागरिक, अन्य रणनितिक साझेदार ब्यक्ति वा संगठित संस्था, कर्मचारी लगायतलाई सहभागी गराउनुपर्छ। यस बाट संस्था थप जनउत्तरदायी हुने र जनविश्वास समेत आर्जन गर्दै सेवा प्रवाहमा समेत गुणात्मक अभिबृद्धी हुन जाने तथ्यलाई नकार्न सकिदैन ।

निगमको आन्तरिक क्षमता सबलीकरणबाट समेत सेवा प्रवाहमा गुणात्मक नतिजा प्राप्त गर्न सकिने तथा संस्थागत उद्धेश्य हासिल गर्न सकिने हुदा कर्मचारीहरूको तालिम तथा क्षमता विकास लगायतका कुरामा स्पष्ट नीतिका साथ्  प्राथमिकता निर्धारण गरी कर्मचारीको क्षमता, सीप र दक्षतामा थप उर्जा सिर्जना गर्नु आजको आबश्यकता रही आएको छ । निगम भित्र उपयुक्त कार्य संस्कृतिको अभावले गर्दा अनुगमन र मूल्याङ्कनले स्थायित्व प्राप्त गर्न सकेको छैन । यसका अतिरिक्त कर्मचारीको ब्यावसायिक सुरक्षा र सेवा तथा सुबिधाको कमजोर स्थिति त बाह्य समस्याका रूपमा रहेको पाइन्छ ।

निगमको संस्थागत विकास गरी सेवा प्रवाहको प्रभावकारिता सुधार गर्नु पर्ने आवश्यकता रही आएको बर्तमान परिप्रेक्ष्यमा सो सम्बन्धमा निगमको सुधार तथा बिकासका लागि बिभिन्न समयमा समिति तथा आयोगमार्फत निगमको सुधारका लागि थुप्रै प्रयास भएका छन् । हरेकजसो आयोग तथा समितिले ‘राजनीतिकरणबाट मुक्त र संस्थागत् सुशासन कायम नगरिएसम्म निगम उँभो लाग्न नसक्ने’ सुझाव दिँदै आएका छन् । सुझावअनुरूप सुधारका क्रियाकलाप क्रमिक रुपमा सञ्चालन हुदै आए पनि समग्र कार्य समयमा नै सम्पन्न तथा कार्यान्वयन गर्न नसक्दा निगमको विकास प्रमुख भार/चुनौतीका रूपमा रहन पुगेको छ ।

निगमको प्रतिस्पर्धात्मक क्षमता बढाउनका लागि नयाँ प्रविधिको प्रयोग, दक्ष र व्यावसायिक नेतृत्व र संस्थाप्रति वफादार/क्षमतावान कर्मचारीको आवश्यकता पर्छ । यसका लागि समयानुकूल तालिम तथा क्षमता विकासको माध्यमबाट कर्मचारीको सीप र दक्षतामा निखार ल्याउनुपर्छ । कर्मचारीको संख्यालाई उपयुक्त आकारमा राख्दै खुला प्रतिस्पर्धाका माध्यमबाट कर्मचारी नियुक्तिमा विशेष जोड दिई कार्य सम्पादनलाई दण्ड/पुरस्कारसँग आबद्ध गर्नैपर्ने हुन्छ । अर्कोतर्फ निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष र व्यावसायिक नेतृत्वको नियुक्ति र सोही अनुरूपको व्यवस्थापन र स्वायत्तता अपरिहार्य देखिन्छ ।

निगमको बिकास तथा प्रगतिको लागि कर्मचारीको वृत्ति विकास सम्बन्धी स्पस्ट नीति नियमको निर्माण तथा बिद्यमान नीति तथा नियमको समयानुकूल परिमार्जन गर्दै निगममा कार्यरत कर्मचारीहरुको सेवा तथा सुबिधालाई समय सापेक्ष बनाउनु अत्यन्तै जरुरी रहेको छ । कर्मचारीको उच्च मनोबलबाट नै निगमले आफ्नो उद्धेश्य हासिल गर्न सक्ने हुदा कर्मचारीहरुलाई मौद्रिक तथा गैर मौद्रिक माध्यमबाट समय सापेक्ष रुपमा प्रोत्साहन गरिनु पर्दछ । सबल बित्तीय क्षमता भएका अन्य सार्वजनिक संस्था हरुमा ब्याप्त सेवा तथा सुबिधा भन्दा निगममा प्राप्त हुने कर्मचारी सेवा सुबिधा अत्यन्त कम रहेको तथ्यलाइ स्वीकार्दै बस्तुनिस्थ रुपमा सेवा तथा सुविधामा समेत वृद्धि गरिनु पर्दछ । कर्मचारीहरुले संस्थागत हितलाईनै सर्वोपरी ठान्दै समय अनुसार सापेक्षिक सेवा तथा सुबिधा वृद्धी हुने आशा गरेको बर्षौ हुदा समेत सो तर्फ कसैको ध्यानाकर्षण नपुग्नु अत्यन्त बिडम्बनाको बिषय हुन पुगेको छ ।

देश संघीय साशन प्रणालीमा रुपान्तरित भएता पनि मुलुकको विकासमा हाल सम्म क्षेत्रगत असन्तुलन कायमै रहेको, पिछडिएको वर्ग, लिङ्ग, समूह, क्षेत्रको संरक्षणमा सरकारको भूमिका अझै आवश्यक भएको र पेट्रोलियम पदार्थ जस्तो उच्च लगानी तथा अति आबश्यक पदार्थको कारोबार गर्ने निगमलाइ स्वायत्तता प्रदान गरी राखी सो सन्दर्भमा निगमको समग्र व्यवस्थापकीय पक्षमा सुधार गर्नु आवश्यक

भएको छ तर सरकारको भूमिकामा आएको परिवर्तनलाई दृष्टिगत गरी निगमलाई पुनर्संरचना गरी व्यावसायिक रूपमा सञ्चालन गर्ने कार्यलाई उच्च प्राथमिकता दिनुपर्छ । यसका लागि निगम सञ्चालन र व्यवस्थापनको दीर्घकालीन सोच तथा नीति बनाउने, निगममा कार्यकारी प्रमुखमा खुला प्रतिस्पर्धा गराई योग्य व्यक्तिलाई नियुक्त गर्ने, निगमको समग्र ब्यबस्थापकीय कार्यको नियमित अनगुमन, मूल्याङ्कन र सुपरिवेक्षण गर्ने, लेखा परीक्षणको कार्य अद्यावधिक गराई वित्तीय अनुशासन कायम गराउने, निगमको कारोबारमा विविधिकरण गर्ने, कर्मचारीहरूलाई सक्षम, उत्पादनशील र जिम्मेवार गराउने कार्यलाई प्राथमिकता दिनु अपरिहार्य भएको छ । जस बाट निगमको सेवा प्रवाहको प्रभावकारितामा वृद्धि गर्न सकिने देखिन्छ ।

# विद्युतीय शासकीय प्रणाली

ई. धिरज बिक्रम खडका

सामान्यार्थमा विद्युतीय शासकीय प्रणाली भन्नाले सर्वसाधारण जनताका आवश्यकता परिपूर्ति प्रयोजनार्थ राज्यद्वारा प्रवाह गरिने सार्वजनिक सेवामा आधुनिक सूचना तथा संचार प्रविधिको उच्चतम उपयोग गर्दै सुशासनको (कार्य प्रक्रिया, पद्धति र प्रवाहमा उत्तरदायित्व एवं जवाफदेहिता अभिबृद्धि) प्रत्याभूति दिलाउनु हो । यसले सबै प्रकारका सरकारी सम्वन्धहरु जस्तै Government-to-Citizen (G2C) , Government-to-Business (G2B), Government-to-Government (G2G), Government-to-Employees (G2E) को परिधिभित्र सूचनाको आदान प्रदान, आर्थिक कारोबार एवं राज्यको दैनिक काम कार्यवाहीहरुमा विद्युतीय प्रविधिको उच्चतम उपयोग गर्दै सरलीकृत सेवा प्रवाहको पक्षपोषण गर्दछ ।

समकालीन समाजमा सूचना तथा संचार प्रविधिले कुनै पनि सूचनाको रचना, परिमार्जन, विश्लेषण, संश्लेषण, प्रशोधन  तथा प्रयोगमा निर्णायक भूमिका खेल्दछ । यसले नै परम्परागत मान्यतामा प्रतिवद्ध सरकारलाई जनपहुँचयोग्य, पारदर्शी, प्रभावकारी तथा उत्तरदायी सरकारको रुपमा परिवर्तित गर्दछ । त्यसैले सरकारी प्रक्रिया, कार्य प्रशोधन र संयन्त्रमा सूचना प्रविधिको प्रयोग केवल दैनिक सरकार संचालनमा मात्र सीमित रहेको छैन, यसले भ्रष्टाचार नियन्त्रण, प्रणालीगत सहजता वृद्धि, समग्र खर्चमा कमी, सरकारको जनतासंगको सम्वन्ध विस्तारको प्रत्याभूति दिलाउँछ ।

सरकार, नागरिक  र व्यवसाय/स्वार्थ समूह (Interest Groups) कुनै पनि शासकीय प्रणालीका तीन महत्वपूर्ण अवयवहरु हुन । यी तीन अवयव वा लक्ष्य समूहहरु (Target Groups) वीच शासकीय प्रणालीमा विभिन्न अन्तरक्रियाहरु हुने गर्दछ जस अनुसार निम्न बमोजिमका सरकार-नागरिक-व्यवसायका सेवा प्रवाह ढाँचाहरु विकसित हुन्छन ।

१. Government-to-Citizen (G2C): यस प्रकारको अन्तरक्रियामा सरकार (केन्द्र, प्रदेश, स्थानीय) र नागरिकबीच अव्यावसायिक प्रकृतिको सम्वन्ध हुन्छ । यस प्रकारको शासकीय प्रणालीमा सरकारका तर्फबाट जनतालाई सूचना तथा संचार प्रविधिको प्रयोग गरी प्रभावकारी र किफायती तरिकाबाट विविध सेवाहरु प्रदान गरिन्छ । जस्तै: राष्ट्रिय परिचय पत्र, ई-पासपोर्ट, जन्म/मृत्यु/विवाह दर्ता प्रमाणपत्र, सवारी चालक प्रमाण पत्र ईत्यादि । नेपाल आयल निगमको परिवेशमा यो संस्था सार्वजनिक सेवा प्रवाहमा अहोरात्र खटिनु पर्ने अति आवश्यकीय प्रकृतिको भएकाले यस प्रकारको प्रविधिगत अन्तरक्रिया यस संस्था र समग्र देशको लागि अति महत्वपूर्ण रहेको छ । निगममा हाल वेबसाईट मार्फत विभिन्न जानकारीमूलक सूचनाहरु, दस्तावेज, गुनासो व्यवस्थापन गर्ने गरिएको छ भने सफ्टवेयर र विविध अनुप्रयोगहरु मार्फत नागरिकसंग अझ सम्वन्ध दरिलो बनाउन सकिन्छ ।

२. Government-to-Employee (G2E): यस प्रकारको अन्तरक्रियामा सरकार (केन्द्र, प्रदेश,स्थानीय) र कर्मचारीबीच अव्यावसायिकप्रकृतिको सम्वन्ध हुन्छ । यस प्रकारको अन्तरक्रियाले कर्मचारीलाई विभिन्न

औजारहरु मार्फत सरकारसंग सम्पर्क र सम्वन्ध कायम गर्न मद्दत गर्दछ । यो ढांचाको अन्तरक्रियावाट कर्मचारीहरुले कम्प्युटरकृत नयाँसिकाई विधि सिक्न सक्दछन । जस्तै:e-Payroll नामक सफ्टवेयर प्रयोग गरेर तलब प्राप्ति, कर सम्वन्धी सूचना प्राप्ति, Personal Information System नामक सफ्टवेयर प्रयोग गरेर कर्मचारीको सम्पूर्ण वैयक्तिक विवरण प्राप्ति, e-Training नामक सफ्टवेयर प्रयोग गरेर नयाँ र पुरानो कर्मचारीहरुलाई प्रशिक्षण व्यवस्थापन ईत्यादी । आयल निगमको सन्दर्भमा e-Payroll आदि सफ्टवेयर मार्फत कर्मचारीसंग संस्थाले राखेको सम्वन्ध यो ढाँचाको शासकीय प्रणालीमा पर्दछ ।

३. Government-to-business (G2B): यस प्रकारको शासकीय ढांचामा सरकार (केन्द्र, प्रदेश,स्थानीय) र व्यावसायिक समूहबीच अव्यावसायिक प्रकृतिको सम्वन्ध हुन्छ । यस किसिमको सम्वन्धमा सरकार र व्यावसायिक समूहबीच प्रविधिको मध्यमबाट सम्पर्क स्थापित गरिन्छ । सरकार र व्यावसायिक समूहबीच विभिन्न नीति चयन, नियम, कार्यविधिहरुको निर्माण पनि यसै किसिमको सेवा प्रवाह ढांचामा पर्दछ । सरकार र व्यावसायिक समूह बीचको यस किसिमको सम्वन्धले व्यावसायिक समूहहरुको दैनिक कार्य सम्पादनमा रहेका समस्याहरु निराकरण गर्न मद्दत गर्दछ । उदाहरणहरुमा ई-टेन्डर, ई-लिलामी, व्यावसायिक समूहहरुका लागि सरकारी अनलाईन ऋण सहायता प्रणाली ईत्यादि । नेपाल आयल निगमको सन्दर्भमा निगमले विद्युतीय रुपमा हालसम्म यस किसिमको सेवा प्रवाह ढाँचामा उल्लेख्य कार्य गर्न सकेको देखिंदैन ।

४. Government-to-Government (G2G): यस प्रकारको सेवा प्रवाह ढांचामा विभिन्न सरकारी निकायहरु (सरकारी संस्था, बिभाग, मन्त्रालय, शाखा इत्यादि) बीच अन्तर समन्वयात्मक अव्यावसायिक प्रकृतिको सम्वन्ध हुन्छ । यसको प्रविधिगत उदाहरण अन्तर-कार्यालय दूरसम्मेलन (Inter Office Tele-Conferencing) हो । आयल निगमको सन्दर्भमा सूचना तथा संचार प्रविधि प्रयोग गरी यसका विभिन्न शाखा, बिभाग, डिपो भित्र र अन्य सरकारी निकाय वीचको सम्वन्ध कायम गरिने कार्य यस अन्तरक्रिया ढाँचामा पर्दछ ।

**विद्युतीय शासकीय प्रणाली (e-Governance) का निम्नलिखित लक्ष्यहरु रहेका छन:**

- अपेक्षाकृत श्रेष्ठतम सेवा प्रवाह ।
- उत्तरदायी एवं पारदर्शी सरकार ।
- कुशल एवं दक्ष सरकारी वातावरण ।
- निजी क्षेत्रसंगको सम्वन्ध विस्तार ।
- सूचनाको सहज पहुँचद्वारा जनताको क्षमता अभिबृद्धि ।

**विद्युतीय शासकीय प्रणाली अवलम्बनका फाइदाहरु:**

१. **पारदर्शिता :** प्रविधिको प्रयोगले आम नागरिकले सबै किसिमका सरकारी सूचनाहरु माथि सहज पहुँच राख्न सक्तछन र समग्र रुपमा सरकारी कामकाजमा पारदर्शिता कायम हुन मद्दत पुग्दछ ।

२. **खर्च न्यूनीकरण/समयको बचतरवातावरण संरक्षणमा सहयोग :** कागजातको प्रयोगमा व्यापक कटौती, इन्टरनेट, सफ्टवेयरहरुको प्रयोगले जनशक्ति कटौती, समयको बचत आदिले गर्दा विद्युतीय शासकीय प्रणाली अवलम्बन गर्दा सरकारी खर्च न्यूनीकरण र वातावरण संरक्षणमा सहयोग पुग्दछ ।

३. **कार्य गति :** प्रविधिको प्रयोगले सरकारी क्षेत्रको कार्य सम्पन्न हुने गति बढ्दछ ।

४. **उत्तरदायित्व बृद्धि:** प्रविधिको प्रयोगले पारदर्शिता बृद्धिहुदा स्वत: उत्तरदायित्व र जवाफदेहितामा गुणात्मक बृद्धि हुनपुग्दछ ।

५. **कुशल र किफायती सार्वजनिक सेवा प्रवाह :** विद्युतीय शासकीय प्रणाली अवलम्बन गर्दा सार्वजनिक सेवा प्रवाहमा मितव्ययिता र सहजता आउदछ ।

**विद्युतीय शासकीय प्रणाली अवलम्बनका बेफाइदाहरु:**

- नेपालका सबै जनता कम्प्यूटर साक्षर नभएकाले पूर्ण रुपमा विद्युतीय शासकीय प्रणाली लागु गर्दा उनीहरुले सहज सेवा प्राप्त गर्न नसक्ने ।
- यसले नागरिकहरुको व्यक्तिगत गोपनीयता भंग हुने खतरा हुन्छ, नागरिकको व्यक्तिगत सूचना गलत रुपमा प्रयोग हुने खतरा रहन्छ ।
- कर्मचारीहरुमा धेरै प्रशिक्षणको आवश्यकता पर्दछ ।
- यसले जनशक्ति कटौती गर्ने हुनाले बेरोजगारी बढ्न सक्तछ ।
- नेपालका सबै ठाउँमा कम्प्युटर, फोन, इन्टरनेट नपुगेकाले सबै जनताले अनलाईन सेवा उपयोग गर्न सक्दैनन् ।
- विभिन्न सफ्टवेयर विकास, लागु, मर्मत सम्भार गर्दा धेरै खर्चिलो हुन जान्छ ।

**निष्कर्ष:**

समकालीन विश्वमा राजकीय कार्यहरुमा निर्विवाद रुपले सूचना तथा संचार प्रविधिको प्रयोग व्यापक हुदै गएको छ । परम्परागत सरकार ई-सरकारमा रुपान्तरित हुदैछन् । सरकारको नागरिक, व्यवसायसंगको सम्वन्धमा प्रविधि उपयोगले सहजता ल्याएको छ । यस्तो परिप्रेक्ष्यमा नेपाल सरकार र जनउत्तरदायी संस्थाका रुपमा नेपाल आयल निगमले आफ्नो व्यावसायिक, संस्थागत, नागरिकजन्य सवालहरुमा प्रविधिकोउच्चतम प्रयोग गर्दै विद्युतीय शासकीय प्रणालीका फाइदाहरुलाई आफ्नो संस्थागत परिधिभित्र ल्याउन सक्नुपर्दछ ।

# कर्मचारी अनुशासन तथा आचरण : सन्दर्भ नेपाल आयल निगम लिमिटेड

**हिरा प्रधान**

अनुशासन तथा आचरण दुबै भिन्नाभिन्नै शब्द भएपनि यी दुबै वीच घनिष्ठ सम्बन्ध छ । संगठनको लक्ष्य प्राप्तिका लागि कर्मचारीमा यी दुबैको अपरिहार्यता रहेको हुन्छ । संगठन एक कानुनी सस्था हुने हुनाले त्यससँग सम्बद्ध हरेक कर्मचारीले अनुशासित भइ नियम कानूनको पालना गर्नुपर्दछ । समयको पालना, कर्मचारीहरुसँग उचित व्यवहार, कर्तव्यनिष्ठ, सहयोगी, लगनशीलता आदि विषय अनुशासन तथा आचरण सँग सम्बन्धित छन् ।

अनुशासन व्यक्तिविशेषले स्वतस्फूर्त ढंगले पालना गर्नुपर्ने विषय हो । व्यक्तिले गर्न हुने र नहुने विषय यसको मापन गर्ने आधार हो र सोही अनुरुप कर्मचारीबाट उपयुक्त आचरणको अपेक्षा गरिन्छ । अनुशासन बिना कुनै पनि व्यक्ति तथा संगठनले प्रगति हासिल गर्न सक्दैन । त्यस्तै संस्था वा व्यक्तिले अनुशरण गर्नुपर्ने कानुनी तथा नैतिक बन्धनलाई आचरणको रुपमा बुझ्न सकिन्छ । यसले व्यक्तिलाई अनुशासित संयमी र आज्ञाकारी बनाई आदर्श नागरिक बनाउँछ । संगठनमा आचरणको महललाई मुख्यगरी संगठनको प्रशासनिक विनियमावलीमा संहिताबद्ध गरिएको हुन्छ । विनियममा आचरण तथा अनुशासन सम्बन्धी विषय समेटिनुले व्यक्तिको व्यक्तिगत मूल्य मान्यतालाई सस्थाको हित, मूल्य मान्यतामा  समायोजन गर्ने प्रयासको रुपमा लिन सकिन्छ ।  व्यक्तिगत जीवनमा आचरण लिखित रुपमा नभएपनि आफूभन्दा ठूलाबडाको आदर गर्ने, महिलाको अगाडि शिष्ट रहने जस्ता हाम्रो समाजमा विद्यमान मूल्य मान्यता रहेको छ ।

## नेपाल आयल निगम लिमिटेड र कर्मचारी आचरण तथा अनुशासन

नेपाल आयल निगम लिमिटेड पेट्रोलियम पदार्थको आयात, ढुवानी, भण्डारण गरी मुलुकभर बिक्री वितरण गर्ने नेपाल सरकारको स्वामित्व प्राप्त एक मात्र सस्था हो । त्यसैले सर्वसाधारणको भान्छादेखि दैनिक क्रियाकलापसम्मका गतिविधिहरुमा यस सस्थाले प्रवाह गर्ने सेवासँग सिधा असर पारिरहेको हुन्छ । यस्तो सम्बेदनशील निकायमा काम गर्ने कर्मचारीहरुमा अनुशासन तथा आचरणको महत्वपूर्ण भूमिका रहन्छ । कर्मचारी कामप्रतिको लगनशीलता, उसले प्रदर्शन गर्ने बोलीबचन तथा व्यवहार आदिले यस सस्थाको साखमा प्रत्यक्ष असर पारिरहेको हुन्छ । निगममा कर्मचारीका आचरण तथा अनुशासनको सम्बन्धमा  नेपाल आयल निगम लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६३ मा व्यवस्था गरिएको छ । उक्त विनियमावलीको परिच्छेद १३ मा आचरणको सम्बन्धमा व्यवस्था गरिएको छ र यस अन्तर्गत निगमका कर्मचारीले पालना गर्नुपर्ने आचरण सम्बन्धी व्यस्था गरिएको छ । यसलाई छोटकरीमा निम्न बमोजिम प्रस्तुत गरिएको छ :

(१) निगमको काममा असर पर्ने गरी र निगमसँग सम्बद्ध व्यक्ति तथा संघ सस्थासँग कुनै पनि कर्मचारी तथा निजको परिवारको सदस्यले निगमको स्वीकृति बिना दान, उपहार चन्दा र सापटी लिन नहुने ।

(२) निगमको स्वीकृतीबिना व्यापार व्यवसाय गर्न नहुने ।

(३) निगमले तोकेबमोजिमको ढाँचामा आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा भएको चल अचल सम्पत्तिको विवरण निगममा पेश गर्नु पर्ने ।

(४) निगमको सेवामा रहेका वा जुनसुकै कारणले सेवा छाडेका निगमका कुनै पनि कर्मचारीले निगमका कार्यकारी प्रमुखको स्वीकृति बिना वा प्रचलित कानूनले बाध्य पारेको अवस्था बाहेकका परिस्थितिमा निगमका कामकाज सम्बन्धी प्रचार प्रसार गर्न नहुने ।

(५) निगमलाई आक्षेप लगाउने गरी निगम विरुद्ध लेख्न वा प्रचार प्रसार गर्न नहुने ।

(६) निगमको सेवामा बहाल रहेको कर्मचारी निगमबाट निर्धारित समयमा नियमित कार्यालय हाजिर हुनुपर्ने ।

(७) आफ्नो नोकरीसम्बन्धी मतलब साध्य गर्ने मनशायले अन्य कर्मचारीमाथि राजनीतिक वा अवान्छनीय प्रभाव पार्न नहुने ।

(८) कुनै पनि राजनैतिक पदको लागि हुने निर्वाचनमा भाग लिन वा मत माग्न नहुने ।

(९) हड्ताल थुनछेक तथा घेरा उल्लंघन गर्नमा प्रतिवन्ध ।

(१०) मुलुकी ऐन बिहेवारीको महलको विपरित हुनेगरी निगमका कुनै पनि कर्मचारीले बहुबिवाह, बाल बिवाह र अनमेल बिवाह गर्नु गराउनु नहुने ।

(११) अनुशासन र आज्ञापालनः

- आफ्नो कर्तव्य परिश्रम र तत्परताका साथ पालन गर्ने
- आफ्नो संस्थाको काम सम्बन्धी कुरामा आफू भन्दा माथिका कर्मचारीले दिएको आदेशलाई शीघ्रता र परिश्रम साथ पुरा गर्नुपर्ने ।
- आफूभन्दा माथिका सबै कर्मचारीहरु प्रति उचित आदर देखाउने ।
- आफूभन्दा मुनिका कर्मचारीहरु प्रति र निगमको सम्पर्कमा आउने व्यक्तिसँग नम्रतापूर्वक तथा शिष्टतापूर्वक व्यवहार गर्नुपर्ने ।

(१२) निगमका कर्मचारीले प्रचलित कानून र निगमको नीति विपरित नहुने गरी आफ्नो पेशागत हकहितको लागि बाहेक निगमको पूर्वस्वीकृति बिना अन्य सस्थाको सदस्य बन्न नहुने ।

(१३) अन्य व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न नहुने ।

(१४) कार्यालय समयमा मादक पदार्थ वा लागू पदार्थ सेवन गरी कार्यालय आउनु नहुने ।

(१५) निगमका प्रत्येक कर्मचारीले आफ्नो पद अनुकूलको आचरण गर्नुपर्ने र निगमले तोके बमोजिम पोशाक लगाउनुपर्ने ।

(१६) निगमको अहित हुने काम गर्न नहुने ।

(१७)आफ्नो काबु बाहिरको परिस्थितिमा बाहेक निगमलाई र निगमले कारोबार गर्ने बस्तुहरुको हानी नोक्सानी पुऱ्याउन नहुने ।

(१८) निगमको स्वीकृतीबिना कुनै बैंक वा कम्पनीको स्थापना र संचालन तथा कर्मचारी वा निजको परीवारले समेत निगमको ढुवानीकर्ता, डिलर आदि भइ निगमसँग कारोबार गर्न र निगमको प्रतिस्पर्धी निकायसँग काम गर्न नहुने ।

(१९) खराव आचरण गरेको मानिनेः

- निगमको कार्यमा हानी नोक्सानी हुनेगरी काममा अनुपस्थित रहेमा,
- आफूलाई सुम्पिएको काम गर्न इन्कार गरेमा,

- निगमको सम्पत्ति हिनामिना वा हानीनोक्सानी गरेमा,
- गैरकानूनी तवरले रकम लेनदेन गरेमा
- निगमसम्बन्धी ऐन, नियम, विनियम, आदेश वा निर्देशनको पालना नगरेमा,
- आफूले लिएको शपथको प्रतिकूल हुन कार्य गरेमा,
- कार्यालय समयमा पटकपटक अनुपस्थित तथा गयल भएमा
- निगमको गोप्य सूचना प्रवाह तथा निगमलाई हानी हुनेगरी प्रतिस्पर्धी सस्था वा एजेण्टलाई सहयोग समर्थन गरेमा,
- निगमको कार्यालयस्थलमा निगमका कर्मचारी वा ग्राहकसँग वा अन्य व्यक्तिसँग यौनजन्य दुराचार गरेमा,
- आचरण विपरित अन्य कार्य गरेमा ।

(२०) निगमका कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति लिन आवेदन दिनु नहुने ।

**निष्कर्ष:**

यसरी सर्बसाधारण जनताको जीवनस्तरसँग प्रत्यक्ष सरोकार राख्ने तथा मुलुकको अर्थतन्त्रको प्रमुख हिस्सा ओगटेको पेट्रोलियम पदार्थको आपूर्ति, ढुवानी, भण्डारण तथा बिक्री वितरण गर्ने एक मात्र सार्वजनिक निकाय नेपाल आयल निगमका सम्पूर्ण कर्मचारीहरु आफूलाई उच्च आचरणयुक्त राख्नु अत्यन्त आवश्यक छ । अनुशासन र आचरणको परिपालना सबै तहका कर्मचारीहरुबाट हुन सकेमा सर्बसाधारण जनसमक्ष निगमको साखलाई उँचो बनाउन सहयोग गर्ने सुनिश्चित छ । निगमको छवि स्पष्ट भएमा निश्चय पनि निगमका कर्मचारीहरु उच्च मनोबलयुक्त भई आफू निगमको कर्मचारी भएकोमा गौरवान्वित महशुस गर्ने कुरामा विश्वस्त रहन सकिन्छ ।

# प्रशासनिक सदाचार, नैतिकता र नेपाल आयल निगममा मौजुदा कानून

**प्रचण्ड पाठक**

खासगरी सदाचार मानिसको व्यक्तिगत व्यवहार हो । जुन मानिसको नीजि जीवनसँग मात्र नभएर सांगठनिक जीवनसँग पनि सम्वन्धित रहन्छ । सदाचारलाई असल बानी, व्यवहार र गुणको रुपमा लिने गरिन्छ । सदाचारले मानिसको व्यवहार, कार्यशैली र नैतिक्तालाई व्यवस्थित गराई व्यक्तिगत र सांगठनिक लक्ष्य हासिल गर्न महत्वपूर्ण भूमिका खेल्दछ । त्यसैले सदाचार राम्रो वा असल आचरण र व्यवहार हो ।

नैतिकताले अनुशासनमा बस्नु नीतिवान बन्नु मूलुकको ऐन, नियम र कार्यविधिको पालना गर्नु भन्ने बुझाउछ । नैतिकता कुनै सैद्धान्तिक धारणा नभएर व्यवहारिक विज्ञान हो । सदाचार र नैतिकता असल बानी व्यवहार र शैली सँग सम्बन्धित रहने हुँदा यसलाई हरेक मानिसले पालना गर्नु जरुरी हुन्छ । राज्यका सबै नागरिक लगायत राजनीतिक आर्थिक सामाजिक, व्यावसायिक प्रशासनिक, न्यायिक लगायत सबै क्षेत्रले सदाचार र नैतिकतालाई आत्मसात् गर्नुपर्ने विषय हुन्छ । सदाचार र नैतिकताको परिपालना गर्नाले समाज र राष्ट्रमा शान्ति सुव्यवस्था र अमनचयन एंव भातृत्वको वातावरण सृजना हुन्छ र दिगो विकासलाई टेवा पुग्छ ।

मानवको व्यक्तिगत जीवनमा मात्र नभएर सार्वजनिक प्रशासनमा पनि सदाचार र नैतिकताको महत्व उत्तिकै हुने गर्दछ । सदाचार रनैतिकताको परिपालना नभएको कर्मचारी प्रशासन लगाम विनाको घोडा जस्तै हुन्छ जसले प्रशासनलाई विकृततुल्याई सार्वजनिक प्रशासन प्रतिको जनविश्वास घटन जान्छ र प्रशासनमा व्यक्तिगत स्वार्थ हावि हुने र संस्थागत लक्ष्य ओझेलमा पर्ने सम्भावना उत्तिकै हुन्छ । सदाचार र नैतिकताले पेशागत आचरणको परिपालन गर्दै सरकारी शक्ति एंव सुविधाको दुरुपयोग हुन नदिई सार्वजनिक प्रशासनको सम्मान र विश्वसनियता कायम राख्न अहम भूमिका खेल्दछ । सदाचार र नैतिकताको परिपालनाबाट मात्र कर्मचारी प्रशासन स्वच्छ, निष्पक्ष, पारदर्शी, उत्तरदायी, जवाफदेही र विश्वसनीय बनाउन सकिन्छ ।सदाचार र नैतिकताको अभावमा संस्थाको अस्थित्व समाप्त हुने, व्यक्तिगत स्वार्थ हावी हुने र संस्थागत लक्ष्य ओझेलमा पर्ने, परिवर्तन नचाहने, प्रशासनमा राजनीतिकरण हुने, नातावाद र कृपावाद हावी हुने, इमान्दार कर्मचारीमा हिनतावोध हुने, अनियमितता र भष्ट्राचारले प्रश्रय पाउने, सार्वजनिक सम्पत्तिको दुरुपयोग हुने, कर्मचारीमा द्वन्द्ध सिर्जना हुने, जनविश्वासमा कमी आउने, नागरिक असन्तुष्टि बढने र संस्था धाराशयी हुने गर्दछ जसले गर्दा आर्थिक विकास र आर्थिक वृद्धिमा ह्रास आइ राष्ट्र निर्माण र राज्य निर्माणमा समेत असर पुग्छ ।

**२. सदाचार र नैतिकताले समेटने विषयवस्तु :**

सदाचार र नैतिकता एक व्यापक, वृहत, बहुआयामिक र विश्वव्यापी विषय हो । यसले व्यक्तिगत जीवनमा मात्र नभएर सामाजिक , राजनीतिक, आर्थिक, प्रशासनिक हरेक क्षेत्रमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा प्रभाव पारेको हुन्छ । सार्वजनिक प्रशासनमा आवश्यक सदाचार र नैतिकताका विषयवस्तुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

१. **वैयक्तिक सदाचार र नैतिकता**

- ✓ अनुशासनमा रहने
- ✓ अमर्यादित व्यवहार नगर्ने
- ✓ धुम्रपान मद्यपानबाट टाढा रहने
- ✓ समयको महत्व बुझ्ने, परिश्रम गर्ने, धैर्यवान बन्ने ।
- ✓ सादा जीवन उच्च विचारको व्यवहार गर्ने
- ✓ ठूलालाई सम्मान सानालाई माया गर्ने

२. **सामाजिक सदाचार र नैतिकता**

- ✓ सामाजिक विभेद नगर्ने
- ✓ सामाजिक कार्यमा अग्रसर रहने
- ✓ सामाजिक, धार्मिक र सांस्कृतिक सहिष्णुतामा जोड दिने
- ✓ सामाजिक कुरीति हटाउने
- ✓ सामाजिक सदभाव कायम राख्ने

३. **आर्थिक सदाचार र नैतिकता**

- ✓ सार्वजनिक सम्पत्तिको दुरुपयोग नगर्ने
- ✓ घुस नखाने, नदिने
- ✓ पेसा वा व्यवसायको सम्मान गर्ने
- ✓ पेशागत आचरणको पालना गर्ने

४. **पेशागत सदाचार र नैतिकता**

- ✓ कानूनको जानकारी राख्ने र पालना गर्ने
- ✓ आफ्नो क्षमता विकास गर्न प्रयत्न गर्ने
- ✓ गुणस्तरिय रुपमा कार्यसम्पादन गर्ने
- ✓ व्यवसायिक मापदण्डको पालना गर्ने
- ✓ निर्देशनको पालना गर्ने
- ✓ संगठन प्रतिको सम्मान र मर्यादा कायम गर्ने

## ३. निगममा सदाचार र नैतिकताको मौजुदा कानून:

नेपालमा हाल सदाचार र नैतिकताको अवस्थालाई हेर्ने हो भने नाजुक बन्दै गएको पाइन्छ । ट्रान्सपरेन्सी इन्टरनेशनलको भ्रष्टाचार सम्वन्धी रिर्पोट २०७४ लाई हेर्दा नेपाल विश्वमा भ्रष्टाचार गर्ने २०३ मुलुकमध्ये १५४ औ स्थानमा रहेको छ । जसमा राजनीतिक भ्रष्टाचार ७०% र प्रशासनिक भ्रष्टाचार ४७ % हाराहारिमा रहेको देखिन्छ । नेपालको सार्वजनिक प्रशासन अर्न्तगत नेपाल आयल निगम लिमिटेडको कर्मचारी प्रशासन पनि पर्दछ । निगमको बोनस सम्वन्धी समस्या र निगमको भौतिक बस्तु खरीद

लगायत अनेकन प्रकारको प्रकरणले केहि छविलाई धमिल्याएको आंकलन गर्न सकिन्छ । निगमको कर्मचारी प्रशासनलाई नैतिक र सदाचारमय बनाउन निगमले विभिन्न नियम, कार्यविधि र विनियमावलीको व्यवस्था गरेको छ । विगतमा कर्मचारी प्रशासन राजनीतिक रुपमा तटस्थ हुन नसकेको, हाकिममुखी प्रवृत्ति, अनियमितता, अपारदर्शिता नातावाद र कृपावाद जस्ता समस्याले कर्मचारी प्रशासनलाई कमजोर बनाएकाले कर्मचारी प्रशासनलाई मर्यादित, अनुशासित र प्रशासनिक रुपमा प्रतिवद्ध बनाउन निगमको कर्मचारी प्रशासन विनियमावली २०६३ परिच्छेद १३ मा कर्मचारीको आचरण सम्वन्धी व्यवस्था गरिएको छ । उक्त विनियमावलीमा व्यवस्था गरिएका आचरणहरु निम्नानुसार छन् ।

- दान, उपहार चन्दा र सापटी लिन नहुने ।
- व्यापार व्यावसाय गर्न नहुने
- सम्पत्ति विवरण पेश गर्नुपर्ने
- निगमको कामकाज अथवा समाचार प्रकाशन गर्न प्रतिवन्ध
- रेडियो वा प्रेस वा अदालतको सम्वन्ध
- समय पालना र नियमितता
- राजनीति वा अवाञ्छनीय प्रभाव पार्न नहुने
- निर्वाचनमा भाग लिन नहुने
- हड्ताल घेराउ थुनछेक गर्न प्रतिवन्ध
- बहुविवाह, अनमेल विवाह, बालविवाहमा प्रतिवन्ध
- अनुशासन र आज्ञापालन
- संस्थाको सदस्यता
- प्रतिनिधित्व गर्नमा प्रतिवन्ध
- मादक पर्दाथ वा लागुपदार्थ सेवन गर्न नहुने
- पद अनुसारको आचरण गर्नुपर्ने र पोशाक लगाउनुपर्ने
- निगमको अहित हुने कार्य गर्न नहुने
- कम्पनीको स्थापना, सञ्चालन र संलग्नतामा रोक
- खराव आचरण गर्न नहुने
- स्थायी आवासीय अनुमति लिन नहुने ।

यसरी निगमको कर्मचारी प्रशासन विनियमावलीमा कर्मचारीको आचरण सम्वन्धी व्यवस्था गरी व्यवहारमा लागु गरिएकोले निगमको कर्मचारी प्रशासन स्वच्छ, निष्पक्ष, जनमुखी, पारदर्शि, उत्तरदायी भएको कुरा नागरिकले केहि हदसम्म भने विश्वास गरेका हुन्छन् । तथापि आचरण सम्वन्धि व्यवस्थाको व्यवहारमा अक्षरस पालना नभएको र कर्मचारीमा प्रशासनिक प्रतिवद्धताको कमीले सदाचार र नैतिकताको अवस्था भने कमजोर नै रहेको छ ।

### ४ सदाचार र नैतिकता कमजोर हुनुका कारणहरु :

हाम्रो जस्तो विकासोन्मुख देशमा व्याप्त गरीवी, अशिक्षा, बेरोजगारी, भष्ट्राचार, असमानता जस्ता समस्याहरु विद्यमान रहेका छन् । त्यसको प्रभाव प्रत्येक्ष अप्रत्यक्ष रुपमा राजनीतिक प्रशासनिक क्षेत्रमा परेको हुन्छ । जसको कारण प्रशासनिक क्षेत्रमा भष्ट्राचार, अनियमितता, नातावाद, कृपावाद जस्ता समस्याहरु विद्यमान रहेको पाइन्छ । नीतिगत अष्पस्टता, नियम कानूनको पूर्णपालना नहुनु, राम्रालाई भन्दा हाम्रालाई प्राथमिकता दिनु, पहुँचवालाको वर्चस्व, राजनीतिक हस्तक्षेप जस्ता समस्याले प्रशासनिक सदाचार र नैतिकतालाई कमजोर बनाएको छ । विशेषगरी सदाचार र नैतिकता कमजोर हुनुको पछाडी निम्न कारणहरु रहेको बुझ्न सकिन्छ ।

- ✓ कर्मचारीहरु राजनीतिक आस्था र विचारमा विभाजित हुनु,
- ✓ एक अर्काप्रति सम्मानजनक व्यवहार गर्ने प्रवृति ह्रास हुदै जानु,
- ✓ अनियमितता र प्रशासनिक विकृतिहरु बढ्दै जानु, राजनीतिक संरक्षणको कारण सजायको भागिदार कोहि नहुनु ,
- ✓ संस्थागत हित भन्दा व्यक्तिगत स्वार्थलाई महत्व दिनु,
- ✓ सामान्य प्रशासकिय कार्यहरु सरुवा, बढुवा जस्ता विषयमा समेत आन्दोलन, दबाव जस्ता विषयले प्राथमिकता पाउनु,
- ✓ पेशागत मर्यादा नभई व्यवसायीक प्रतिष्ठा र सम्मानमा ह्रास हुँदै जानु
- ✓ दण्ड र पुरस्कार प्रणालीको कार्यसम्पादनसँग तादाम्यता नहुनु,
- ✓ इमान्दार र नैतिकवान कर्मचारीलाई प्रोत्साहित गर्न नसक्नु ।

### ५. अबको बाटोः

प्रशासनिक सदाचार र नैतिकता कायम गर्न सर्वप्रथम कर्मचारीमा प्रशासनिक प्रतिवद्धता र राजनितिक तटस्थता आवश्यक हुन्छ । कर्मचारी प्रशासन जिम्मेवार, अनुशासित, मर्यादित र नैतिकवान भएमा मात्र संस्थागत सुशासन कायम भई संस्थागत लक्ष्य हासिल गर्न सकिन्छ । यसैले कर्मचारी प्रशासनलाई सदाचार र नैतिकवान बनाइ प्रशासनिक सुशासन कायम गर्न निम्नानुसार कदम चाल्नु आवश्यक छ ।

- ✓ दैनिक रुपमा गरिएको कार्यको पृष्ठपोषण गर्ने पद्धति लागु गरी कार्यसम्पादनलाई संस्थाको उदेश्यमूखी बनाउने
- ✓ कार्यसम्पादन करार गरी करार अनुरुप कार्यसम्पादन हुनुपर्ने सुनिश्चितता गर्ने
- ✓ प्रणालि निर्देशित व्यवस्थापनको व्यवस्था गरी प्रशासनिक तटस्थता र राजनीतिक तटस्थता कायम गराउने वातावरण सृजना गर्ने ।
- ✓ कार्य सम्पादनलाई दण्ड र पुरस्कारसँग आवद्ध गरी इमान्दार कर्मचारीलाई प्रोत्साहित गर्ने,
- ✓ कर्मचारीलाई व्यवहार सुधार तालिमको व्यवस्था गरी सेवा प्रवाहलाई पारदर्शि र नतिजामूखी बनाउने
- ✓ व्यक्तिगत र संगठनात्मक उपलब्धी बीच तादाम्यता कायम गर्दै संस्थागत उद्देश्य हासिल गर्ने ।

**निष्कर्षमा:**

यसरी उल्लेखित कुराहरुलाई विचार गर्दा हरेक व्यक्तिको व्यावहारिक र सांगठनिक जीवनमा सदाचार र नैतिकता पालना गर्नु उत्तिकै आवश्यकता हुन्छ । व्यक्तिको आचरण र व्यवहारबाट पनि संगठन मार्ग निर्देशित हुन्छ र संगठनको निर्धारित लक्ष्य हासिल गर्न, सामुहिक कार्य गर्न, परिणाम मुखी, जनमुखी, उत्तरदायी, जवाफदेहि  मितव्ययी भइ सेवा प्रवाह गर्न सदाचारिता र नैतिकता मूल मन्त्र हो । नैतिकता र सदाचारीताको पालना विना संगठनको लक्ष्य हासिल गर्न कदापि सकिदैन । प्रशासनिक सुशासन कायम गर्न, प्रशासनिक कार्यलाई मितव्ययी, प्रभावकारी र परिणाममूखी बनाउन कर्मचारीको आचरण र व्यवहारले अहम् भूमिका खेलेको हुन्छ । यसैले कर्मचारी प्रशासनलाई प्रशासनिक रुपमा प्रतिवद्ध र राजनीतिक रुपमा तटस्थ भई प्रशासनिक मूल्य मान्यताको अक्षरश पालना हुने उचित वातावरण सृजना गरी प्रशासनिक सुशासन कायम गर्न अति आवश्यक छ ।

# कर्मचारी ट्रेड युनियन, सामुहिक सौदाबाजी र नेपाल आयल निगम

✍ गोपालचन्द्र राई

कामदार कर्मचारीहरुले आफ्नो हक र हितको रक्षाका लागि स्व-विवेकले स्थापना गरेको संगठनलाई नै ट्रेड युनियन भनिन्छ । हक र हितको अलवा मनोरञ्जन वा हरेक प्रकारको सकारात्मक क्रियाकलापको लागि कर्मचारीहरु मिली स्थापना गरेको संस्थालाई संगठन मात्र भन्ने गरिन्छ । त्यसरी स्थापना गरेको संगठनले भने ट्रेड युनियनको मान्यता पाउने छैन । व्यवस्थापन सँग कामदार कर्मचारीहरुको वृद्धि विकास, उत्प्रेरणाको प्रयोग, मनोवल र संगठनको उद्धेश्य प्राप्ती गर्नका लागि आधिकारिक रुपमा स्थापना गरेको सामुहिक संगठनलाई ट्रेड युनियन भनिन्छ ।

## १, ट्रेड युनियनको गठन :-

**संवैधानिक व्यवस्थाः-**

नेपालमा ट्रेड युनियन गठन सम्बन्धी देहाय बमोजिमको संबैधानिक व्यवस्था रहेका छन् ।

- नेपालको अन्तरिम संविधान भाग ३, धारा ३० मा श्रम सम्बन्धी हकको व्यवस्था भएको त्यस धारामा “प्रत्येक कामदार र कर्मचारीलाई उचित श्रम सम्बन्धी अभ्यासको हक भएको ।”
- कानूनमा व्यवस्था भए बमोजिम प्रत्येक कामदार र कर्मचारीलाई आ-आफना हित रक्षाका निमित्त ट्रेड युनियन खोल्ने, संगठित हुने र सामुहिक सौदाबाजी गर्ने हकको व्यवस्था रहेको ।
- नेपालको संविधान (२०७२) को भाग ३ धारा ३४ मा श्रमको हक सम्बन्धी व्यवस्था गरिएको । मौलिक हकको रुपमा रहेको यस धारामा “प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक भएको ।”
- प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने व्यवस्था भएको ।
- प्रत्येक श्रमिकलाई कानून वमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामुहिक सौदाबाजी गर्न पाउने हक भएको ।

**कानूनी व्यवस्था :-**

- ट्रेड युनियन ऐन २०४९,
- श्रम ऐन २०४८,
- निजामती सेवा ऐन २०४९ (दोश्रो संसोधन)
- ने.का.प. २०५९ नि.न. ७०२१ पृष्ठ ४२१ सार्वेच्चको प्रतिपादित सिद्धान्त (विश्वनाथ प्याकुरेल विरुद्ध मन्त्री परिषद सचिवालय) भएको मुद्धाको फैसला नं.१७

## २. हक र हितको सन्दर्भमा :-

- सामान्यतया विद्यमान संविधान, ऐन वा नियमावली वा प्रचलित कानून, सामुहिक सम्झौता, नियूक्तिपत्र वा प्रचलनले कामदार कर्मचारीको कुनै कुरा पाउने भनी उल्लेख गरेको रहेछ भने त्यसलाई हक भनिन्छ । त्यस्तो हक व्यवहारमा कार्यान्वयन नभएमा गर्ने माग हक मागको रुपमा मानिन्छ ।

- विद्यमान कानून, सम्झौता प्रचलनले दिएको कुरामा चित्त नबुझाई थप वा नयाँ कुराको दावी गर्न पाउने व्यवस्थालाई नै हित भनिन्छ । हितले थप माग गर्ने अधिकारलाई स्थापित गर्दछ । त्यसैले ट्रेड युनियनले माग पत्र पेश गर्ने, वार्ता गर्ने र सम्झौता गर्ने जस्ता आधारभूत अधिकार हरुलाई हितको विषय सँग अन्योन्यश्रीत सम्बन्धको रुपमा हेर्ने गरिन्छ ।

**३, अन्य देशमा ट्रेड युनियन सम्बन्धी व्यवस्था :-**

- ब्राजिलको संविधानको धारा ८ मा व्यवस्था भए बमोजिम निर्वाधरुपमा ट्रेड युनियन अधिकारको ग्यारेन्टी गरेको पाइन्छ । युनियनको कामकारवाहीमा सरकारले हस्तक्षेप गर्न नपाउने युनियनले सामुहिक सौदावाजीमा अनिवार्य भाग लिन पाउनु पर्ने, अवकाश प्राप्त श्रमिक पनि युनियनमा संलग्न हुन पाउने व्यवस्था रहेको ।
- इटालीको संविधानको धारा ३९ मा व्यवस्था भए बमोजिम ट्रेड युनियन गठनको अधिकारलाई ग्यारेन्टी गरेको पाइन्छ ।
- जापानको संविधानको धारा २८ मा व्यवस्था भए बमोजिम ट्रेड युनियन गठनको अधिकारलाई निर्वाध प्रत्याभूति गरेको छ ।
- कुवेतको संविधानको धारा ४३ मा व्यवस्था भए बमोजिम संस्था या युनियनमा संलग्न हुनु र कानून बामोजिम शान्तिपूर्ण रुपमा गतिविधि संञ्चालन गर्न पाउने व्यवस्था भएको ।
- नामिवियाको संविधानको धारा २१ मा व्यवस्था भए बमोजिम ट्रेड युनियनको स्थापना गर्ने स्वतन्त्रता प्रदान गरेको छ ।
- दक्षिण अफ्रिकाको संविधानले धारा २३ मा सवै भन्दा पहिला ट्रेड युनियन सम्बन्धी सामुहिक सौदाबाजी र श्रमजिवी वर्गको हक र हितको निम्ति मजदूरहरुलाई ट्रेड युनियन खोल्ने व्यवस्था गरेको छ ।

४, **नेपालमा ट्रेड युनियनको स्थापना सम्बन्धी व्यवस्था :-**

मानव अधिकार सम्वन्धि महासन्धीहरु र संगठन स्वतन्त्रता र सामुहिक सौदाबाजी सम्बन्धी ILO माहासन्धि नं. ९८ लाई नेपालले पारित गरेको थियो । सोही अनुरुप अन्तर्राष्ट्रिय महासन्धिको पक्षराष्ट्र भएको नाताले ट्रेड युनियन ऐन २०४९ तर्जुमा र समयानुकूल परिमार्जन गरेको पाईन्छ । जस अनुसार नेपालमा ३ तहको ट्रेड युनियन राख्ने व्यवस्था गरेकोछः-

**(क) प्रतिष्ठान स्तरको ट्रेड युनियन :-**

उत्पादन वा सेवाको उद्धेश्यले प्रचलित कानून बमोजिम स्थापना भई १० जना भन्दा बढी कामदार कर्मचारी कार्यरत कुनै पनि कम्पनी, कारखाना, फर्म वा संस्थालाइ प्रतिष्ठान मानिन्छ । त्यस्तो प्रतिष्ठानमा काम गर्ने कम्तीमा १० जना र कम्तीमा २५ प्रतिशत कामदार कर्मचारीहरुले आपसमा सम्झौता गरी विधान बनाई कार्य समिति गठन गरी पञ्जिकाधिकारी समक्ष निवेदन दिएमा श्रम कार्यालयले आवश्यक जाचबुझ गरी ट्रेड युनियनको दर्ता प्रमाण पत्र प्रदान गर्ने प्रावधान गरेकोछ ।

**(ख) ट्रेड युनियन संघ :-**

एकै प्रकृतिको प्रतिष्ठानमा ५० वटा ट्रेड युनियन स्थापना गरिएको रहेछ भने त्यस प्रतिष्ठानहरुमा काम गर्ने ५,००० कामदार कर्मचारीहरुले सम्झौता गरेमा,

- कृषि श्रमिक भए २० जिल्लाका ५,००० जना कृषि श्रमिकले आपसमा सम्झौता गरेमा,

● प्रतिष्ठानको हैसियत कायम हुन नसक्ने स-साना कम्पनी, फर्म, संस्थामा काम गर्ने ५०० कामदार कर्मचारी वा स्वरोजगारहरुले आपसमा सम्झौता गरी विधान बनाई कार्य समिति गठन गरी पञ्जिकाधिकारी समक्ष निवेदन दिन सक्दछन् । त्यसरी दिएको निवेदन उपर संघ र महासंघ दर्ताको लागि श्रम विभागको महानिर्देशकलाई पञ्जिाकाधिकारी तोकिदै आएको छ । उक्त निवेदन उपर जाचबुझ गरी युनियनको दर्ता प्रमाण पत्र महानिर्देशकले जारी गर्न सक्नेछ ।

**(ग) ट्रेड युनियन महासंघः-**

महासंघ गठनका लागि कम्तिमा १० वटा ट्रेड युनियन संघहरु आपसमा सम्झौता गरी विधान बनाई कार्यसमिति गठन गरी पञ्जिकाधिकारी अर्थात श्रम विभागको महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ । तर १० वटा संघ गणना गर्दा ५०० संख्याको आधारमा दर्ता भएका युनियनहरु ४ वटा भन्दा वढी गणना हुदैन । अर्थात ५० वटा प्रतिष्ठान मिलेर बनेको वा ५००० संख्याको आधारमा गठन भएको युनियनको संख्या कम्तीमा ६ वटा हुनै पर्दछ । त्यसरी श्रम विभागमा दिएको निवेदन आवश्यक जाचबुझ गरी माहानिर्देशकले युनियनको दर्ता प्रमाण पत्र जारी गर्न सक्ने व्यवस्था रहेकोछ ।

**५, निजामती सेवामा ट्रेड युनियनको सुरुवात :-**

- वि.स.२००८ सालमा अखिल नेपाल न्यून बैतनिक कर्मचारी संगठन स्थापना भएको थियो तर त्यस संगठनले पूर्णरुपबाट कामकारवाही भने गरेको पाईन्न ।
- वि.स.२०४६ सालको जन-आन्दोलन पछि नेपाल निजामती कर्मचारी संगठनको स्थापना भएको हो । त्यसलाई पूर्णरुप दिनका लागि निजामती सेवा ऐन, २०४९ समेत आकर्षण भएको देखिन्छ । त्यस ऐनमा एउटा मात्र ट्रेड युनियन राख्ने व्यवस्था भएको थियो ।
- सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुसार दुई वटा ट्रेड युनियनको अस्थित्व रहने व्यवस्था भएको ।
- जन-आन्दोलन २०६२/०६३ पछि निजामती कर्मचारीलाई ट्रेड युनियन खोल्ने सामुहिक सौदाबाजी गर्ने अधिकारको व्यवस्था भएको ।

**६, नेपाल आयल निगमा ट्रेड युनियनको अभ्यास :-**

**कर्मचारी संघः-**

- वि.स. २०४६ को जन-आन्दोलनमा पेशा कर्मीहरुले सहयोग गरेवापत देशभरी ट्रेड युनियनको गठन कार्य शुरु भएको थियो । यसैक्रममा नेपाल आयल निगम लि, मा पनि कर्मचारी ट्रेड युनियनको स्थापना भएको पाईन्छ । जसमा नेपाल आयल निगम लि. कर्मचारी संघको विधिवत रुपमा स्थापना वि.स. २०४७ बैशाख २ गते भएको हो । जसको नेतृत्व देवीप्रसाद न्यौपानेले गरेको पाइन्छ भने हालसम्म पनि उक्त संघको नेतृत्व न्यौपानेले नै निरन्तर २९ वर्ष सम्म गरिरहेको पाइन्छ । हाल उक्त संघ आधिकारिक ट्रेड युनियनको रुपमा कृयाशील रहेको छ ।

**कर्मचारी युनियनः-**

- वि.सं. २०५१ मा नेपाल आयल कर्मचारी युनियनको स्थापना भएको थियो । जसको नेतृत्व नकुल भण्डारीले गरेका थिए । २०५४ मा राष्ट्रिय भेलाबाट उक्त युनियनको नेतृत्व उपेन्द्रकुमार नेपालले गरेका थिए । त्यसपछि विघटित अवस्थामा रहेको थियो ।

- वि.स. २०७० साल बैशाख ८ मा पुनः नेपाल आयल निगम स्वतन्त्र कर्मचारी युनियनको जन्म भएको थियो । जसको नेतृत्व प्रदिपमान बसीले गरेको थियो भने २०७४ असार ८ गतेबाट हालसम्म दोश्रो महाधिबेशन गरी उक्त युनियनको नेतृत्व विकास बखतीले गरिरहेको पाइन्छ ।

**कर्मचारी संगठनः-**

- वि.स. २०६४ साल पौष ४ गते नेपाल राष्ट्रिय कर्मचारी संगठन नेपाल आयल निगमको स्थापना भएको थियो । बाबुराम राईको नेतृत्वमा गठन भएको उक्त समिति हाल सम्म रहेको छ । २०७२ साल फागुन ८ मा सम्पन्न एकताको दोश्रो महाधिबेशन बाट गोपालचन्द्र राईले संगठनको नेतृत्व गरेको थियो । हालसम्म पनि संगठनको नेतृत्वमा राईनै रहेको पाइन्छ ।

**कर्मचारी संघ र संगठनको एकताः-**

- सामुहिक सौदावाजीको लागि नेपाल आयल निगम लि मा भएको आधिकारिक ट्रेड युनियनको निर्वाचनमा भाग लिनको लागि संयुक्त प्यानल सहित निर्वाचनमा भाग लिएको थियो । सोही समयबाट निगममा कर्मचारी संघ र संगठनको एकताको ढोका खोलिएको मानिन्छ । तर एकताको महाधिबेशन भने यो लेख प्रकाशित गरेको मितिसम्म भएको छैन । आधिकारिक ट्रेड युनियनको नेतृत्वमा भने देवीप्रसाद न्यौपाने र गोपालचन्द्र राई दुवैले गरिरहेका छन् ।

**७. नेपाल आयल निगममा सामुहिक सौदाबाजीको अवस्था :-**

नेपाल अयल निगम लि, को मिति २०७५ साल असार १४ गते भएको आधिकारिक ट्रेड युनियनको निर्वाचनको मत परिणामः

| मतदान केन्द्र नं. | मतगणना केन्द्र | मतदान केन्द्र | मतदाता संख्या | जम्मा खसेको मत | सदर मत | वदर मत | संघ र संगठन | युनियन |
|---|---|---|---|---|---|---|---|---|
| १ | केन्द्रिय कार्यालय बबरमहल | १ बबरमहल | १३९ | १३२ | १३१ | १ | ९० | ४१ |
| | | ७ सिनामंगल | ७३ | ७१ | ६९ | २ | ३६ | ३३ |
| | | ८ थानकोट | ३३ | ३२ | २९ | ३ | १८ | ११ |
| २ | प्रदेश नं.१ कार्यालय विराटनगर | २ विराटनगर | ४० | ३७ | ३७ | ० | २६ | ११ |
| | | ३ चारआली | ७ | ७ | ७ | ० | ५ | २ |
| ३ | प्रदेश नं. २ कार्यालय अमलेखगन्ज | ४अमलेखगन्ज | ३७ | ३७ | ३५ | २ | १६ | १९ |
| | | ५ विरगंज | ११ | ११ | ११ | ० | ८ | ३ |
| | | ६ जनकपुर | ६ | ६ | ६ | ० | ५ | १ |
| ४ | प्रदेश नं.४ पोखरा | १० पोखरा | १६ | १६ | १६ | ० | ७ | ९ |
| ५ | प्रदेश नं.५कार्यालय भैरहवा | ९ भैरहवा | २५ | २४ | २४ | ० | ११ | १३ |
| ६ | इन्धन डिपो नेपालगंज | ११ नेपालगंज | २३ | २२ | २२ | ० | १८ | ४ |
| | | १२ सुर्खेत | ६ | ६ | ६ | ० | ४ | २ |
| ७ | प्रदेश नं.७ धनगढी | १३ धनगढी | १३ | १३ | १३ | ० | ११ | २ |
| | **संयुक्त प्यानल १०४ मत अन्तरले विजयी** | | **४२९** | **४१४** | **४०६** | **८** | **२५५** | **१५१** |

२०७३ बैशाख १३ गतेका दिन आधिकारिक ट्रेड युनियनको निर्वाचनको मत परिणाम बिवरणः-

| मतदान केन्द्र नं. | मतगणना केन्द्र | मतदान केन्द्र | संघ | संगठन | युनियन |
|---|---|---|---|---|---|
| १ | केन्द्रीय कार्यालय बबरमहल | १ बबरमहल | ५२ | ४८ | ५० |
| | | ७ सिनामंगल | ३१ | १६ | ३९ |
| | | ८ थानकोट | ९ | १३ | १५ |
| २ | प्रदेश नं.१ कार्यालय विराटनगर | २ विराटनगर | २३ | १७ | १६ |
| | | ३ चारआली | ५ | ३ | ० |
| ३ | प्रदेश नं. २ कार्यालय अमलेखगन्ज | ४ अमलेखगन्ज | ८ | १४ | २२ |
| | | ५ विरगंज | ७ | ७ | १ |
| | | ६ जनकपुर | ० | ५ | ४ |
| ४ | प्रदेश नं.४ पोखरा | १० पोखरा | ८ | ३ | ८ |
| ५ | प्रदेश नं.५कार्यालय भैरहवा | ९ भैरहवा | १७ | १२ | १७ |
| ६ | इन्धन डिपो नेपालगंज | ११ नेपालगंज | ८ | ९ | १४ |
| | | १२ सुर्खेत | २ | ४ | २ |
| ७ | प्रदेश नं.७ धनगढी | १३ धनगढी | १५ | ९ | ६ |
| | **युनियन ९ मत अन्तरले विजयी** | | **१८५** | **१६०** | **१९४** |

यसरी आधिकारिक ट्रेड युनियनको निर्वाचनबाट विययी भई आधिकारिकता प्राप्त गरेपछि नेपाल आयल निगम लि, को संञ्चालक समितिमा एक जना प्रतिनिधि आमन्त्रित सदस्यको रुपमा प्रतिनिधित्व गर्ने व्यवस्था रहेको छ । यस सम्बन्धी व्यवस्था २०६३ सालमा तत्कालीन प्रधानमन्त्री गिरीजाप्रसाद कोईरालाको सरकारले आधिकारिक ट्रेड युनियनको प्रतिनिधि लाई आमन्त्रित सदस्यको जिम्मेवारी दिएको हो ।

- **संञ्चालक समितिमा हालसम्म कर्मचारीको प्रतिनिधित्वः-**
  - ✓ देवी प्रसाद न्यौपाने (कर्मचारी संघ) २०६३ देखि २०७३ सम्म ।
  - ✓ प्रदिपमान बसी (स्वतन्त्र कर्मचारी युनियन) २०७३ बैशाख देखि ०७४ भदौंसम्म
  - ✓ विकास बखती (स्वतन्त्र कर्मचारी युनियन) २०७४ भदौं देखि २०७५ असार १४ सम्म ।
  - ✓ देवी प्रसाद न्यौपाने (कर्मचारी संघ) २०७५ असार १५ देखि हालसम्म ।

**८. निजामती क्षेत्रमा बहु युनियन र ट्रेड युनियन गठनको अवस्था :-**

नेपाल निजामती क्षेत्रमा बहु युनियनको थालनी विश्वनाथ प्याकुरेलले हालेको मुद्धाको आधारमा सर्वोच्चको फैसलाले प्रतिपादित सिद्धान्त जारी गरेको थियो । त्यसकारण निजामती क्षेत्रमा ट्रेड युनियन गठनको लागि देहाय बमोजिमको रहेका छन् :

**(क) ट्रेड युनियन गठनः-**

- निवेदनमा कम्तीमा २० जिल्लाका ५००० निजामती कर्मचारीहरुको हस्ताक्षेर हुनु पर्दछ ।
- युनियनमा कार्यालय प्रमुख र राजपत्रांकित द्धितिय श्रेणी वा सो भन्दा माथिल्लो पदका कर्मचारीहरु सामेल हुन पाउने छैनन् ।
- निवेदनको साथमा विधान समेत पेश गर्नु पर्ने छ ।
- युनियन दर्ताको निवेदन श्रम विभागको महानिर्देशक समक्ष पेश गर्नु पर्ने छ ।

राष्ट्रियस्तरको युनियन सँग आबद्ध नभई जिल्ला वा विभागीय स्तरमा नै युनियन बनाउन चाहाने कामदार कर्मचारीले श्रम कार्यालयमा सम्बन्धित जिल्ला वा विभागमा कार्यरत कर्मचारीको २० प्रतिसतको समर्थन हुनु पर्ने छ । यसरी राष्ट्रिय वा जिल्ला वा विभागीय स्तरको युनियनले प्रत्येक ४/४ वर्षमा नविकरण गर्नु पर्ने छ ।

**(ख) निजामती सेवा र नेपाल आयल निगममा आधिकारिक ट्रेड युनियनः-**

नेपाल निजामती सेवामा ट्रेड युनियन गठनको गठन आधिकारीक ट्रेड युनियन गठनको निर्वाचन सकिएपछि मात्र रहने व्यवस्था रहेको छ । त्यसरी निर्वाचनलाई समानुपातिक निर्वाचन प्रणलीको आधारमा केन्द्रीय स्तरमा २१ सदस्यीय र विभागीय/जिल्ला स्तरमा ११ सदस्यीय रहने व्यवस्थ गरिएको छ । तर नेपाल आयल निगम लि, मा प्रत्येक्ष निर्वाचन प्रणालीको आधारमा गरिन्छ । देशको सम्पूर्ण निर्वाचन क्षेत्रबाट मत परिणाम आइसकेपछि पहिलो हुने संगठनको आफ्नो पुरै प्यानल विजयी हुने व्यवस्था रहेको छ ।

**(ग) ट्रेड युनियनमा हुनुपर्ने कुराहरुः**

निजामती वा निगमको कर्मचारीहरुले विधान बनाउदा स्वतन्त्र रही मूलभूत व्यवस्था भने विभानमा रहेको हुनु पर्दछ । यूनियनको विधानमा नाम, ठेगाना, कार्यसमिति गठन विधि र बढीमा कार्यसमितिको कार्यकाल ४ वर्ष सम्म मात्र रहने व्यवस्था रहेको छ  भने सदस्य सम्वन्धी व्यवस्था, पदाधिकारी संख्या, निर्वाचन विधि, अविश्वासको प्रस्ताव पारित गरी हटाउने व्यवस्था, कोष तथा लेखापरीक्षण सम्वन्धी व्यवस्था, अधिवेशन तथा कार्य समितिहरुको काम, कर्तव्य र अधिकार, विद्यान संसोधन प्रकृया, विघटन सम्वन्धी व्यवस्था र विघटन भएमा सम्पती तथा दायीत्व सम्वन्धी व्यवस्था, आधिकारिक युनियनमा प्रतिनिधित्व र फिर्ता वोलाउने जस्ता व्यवस्था राखिनु पर्दछ ।

**(घ) नेपाल आयल निगम र निजामती ट्रेड युनियनको कार्यक्षेत्रः**

ट्रेड युनियन ऐन, २०४९ तथा नियमावली २०५०, र निजामती सेवा ऐन, २०४९ र नियमावली २०५० (दोश्रो संसोधन) मा व्यवस्था भए वमोजिम कर्मचारीको ट्रेड युनियनले देहाय बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्न पाउनेछन्:

१. कर्मचारीको हक र हितको संरक्षण साथै संबर्द्धन गरी संस्थालाई प्रभावकारी र गतिशील बनाउने ।
२. भोला, तालिम प्रशिक्षण, गोष्ठी लगायतको रचनात्मक र श्रृजनात्मक कार्य गर्ने ।
३. ट्रेड युनियन महासंघ र अन्तर्राष्ट्रिय संघ वा महासंघमा आवद्ध हुने ।

साथै, निगमको सेवा सम्बन्धी कानूनको निर्माण गर्न/सरकारलाई सल्लाहा र सुझाव दिदै कर्मचारीको सेवाको सुरक्षा सुविधा वृत्ति विकास, व्यावसायीक सुरक्षा जस्ता हक हित सम्बन्धी विषयमा सामाजिक सम्वाद र सौदाबाजी गर्ने ।

**(ङ) विवाद समाधान सम्बन्धी कानूनी व्यवस्था :-**

निगमको कर्मचारी युनियनले कर्मचारीको सेवा सुरक्षा समय सापेक्षा सुविधा, वृत्ति विकास, कर्मचारीको जिउ ज्यानको रक्षा, व्यवसायिक सुरक्षा जस्ता कर्मचारी हक र हित सम्बन्धी माग राख्न पाउँछन् तर निजामती सेवा नियमावली २०४९ (दोस्रो संसोधन) मा यसको कुनै प्रवाह गरेको पाईदैन । नेपाल आयल निगममा सामुहिक सौदाबाजी गर्दा विवाद उठ्न सक्छ । त्यसरी उठेको विवादलाई एकल रुपमा वा सामुहिक रुपमा समाधान गर्न अपनाउनु पर्ने विधि र प्रकृयाको बारेमा व्यवस्थापन र ट्रेड युनियनकर्मीहरु सजग भएको देखिन्छ । व्यवस्थापन ट्रेड युनियनको सौता होइन । व्यवस्थापनको एक सहयोगीको रुपमा हेर्न सकिन्छ ।

**वातावरण प्रदूषणमा पेट्रोलियम पदार्थले पार्ने असर :**

जीवन र जगतको अन्तर सम्बन्ध नै वातावरण हो । हाम्रो वरपरका सबै सजीब र निर्जिब बस्तु हावा, पानी, माटो, आकाश, प्रकाश सबै बिषय वस्तुलाई वातावरण भनिन्छ । उपयुक्त वातावरणमा मात्र जीवनको अस्तित्व कायम रहने नत्र लोप भएर जाने हुँदा उपयुक्त बातावरण जीबन र जगतको लाग अपरिहार्य विषय बस्तु हो । आजको विश्वमा पेट्रोलियम पदार्थ आर्थिक कार्य प्रणालीको रक्तसञ्चारको रूपमा रहेको पाईन्छ । तर यसको वढ्दो उपयोग संगै वातावरणमा पनि निरन्तर रूपमा क्षति गर्ने क्रम वढदै गईरहेको पाईन्छ । पेट्रोलियम पदार्थको उपयोग सवारी साधन औद्योगिक उत्पादन तथा सवै मानवीय क्रियाकलापमा व्यापक रूपमा हुने क्रमले वायु प्रदूषण, ध्वनि प्रदूषण, जलप्रदूषण हुन गइ यी र यस्तै अन्य क्षेत्रमा समेत नकारात्मक असर वढ्दै गईरहेको छ । पेट्रोलियम पदार्थको वढ्दो प्रयोगले यसको उत्पादन वितरण तथा उपयोग गर्ने प्रत्येक चरणमा विभिन्न नकारात्मक असर पार्दै गई रहेको छ । उत्पादन गर्दा होस या ओसार पसार वा उपयोग गर्दा होस यसले वातावरण क्षेत्रमा अपूरणीय क्षति पुर्‍याई रहेको छ । ढुवानी गर्ने क्रममा समुद्रमा पोखिएर होस या उपभोग गर्दा निस्कने कार्वनडाईअक्साईड, कार्वनमनोअक्साईड, मिथेन जस्ता ग्याँसको उत्सर्जनवाट वातावराणमा नकारात्मक प्रभाव परेको पाइन्छ ।

वातावरण प्रदुषणको असरलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

**असर**

१) विश्वव्यापी उष्णता (Global Warrming)
२) वातावरण परिवर्तन (मौसम परिवर्तन)
३) ओजन तहको क्षय
४) अतिवृष्टि, अनावृष्टि
५) अम्लीय क्षयारीय बर्षा आदि

**निष्कर्ष :**

दैलेखको पादुकास्थानबाट निकालिएको कच्चा तेल ।

केर्नले सन् २००४ मा नेपालको पाँच स्थानबाट पेट्रोलियम अन्वेषण, विकास र उत्पादन गर्ने अनुमति लिएको थियो । उक्त कम्पनी अन्वेषणको कामै नगरी फिर्ता गएको छ । पेट्रोलियम अन्वेषणमा ख्याति कमाएको केर्नले भारत, बंगलादेश र श्रीलंकामा हाल काम गरिरहेको । नेपालमा पेट्रोल खोज्ने अनुमति लिएका टेक्साना, इमिरेट्स एसोसिएटेड बिजनेस गुप (ईएबीजी) र बीबीबी च्याम्पियन्स चाहिं सम्पर्क विहीन रहेको ।

पेट्रोलियम पदार्थ रहने र भण्डारण हुनसक्ने भू-संरचनाको हिसाबले नेपालमा पेट्रोलियम पदार्थको सम्भावना छ । समुद्र जोडिएका मध्यपूर्वका देशहरूमा जमीनको सतहको नजिकै तेल भेटिए पनि नेपालमा गहिरो खन्नुपर्ने । नेपालको जस्तै भौगर्भिक अवस्थिति रहेका भारतको आसाम बेसिन र पाकिस्तानको पेटवार बेसिनमा तेल उत्खन्न भइरहेकोले पनि यहाँ तेल हुने देखिन्छ । दैलेख र सुर्खेत आसपास पेट्रोलियम भएको अध्ययनले पनि देखाएको छ । दैलेखको पादुकामा जमीनको सतहमा नै तेल र ग्याँस बगिरहेको भेटिएको भन्ने पत्र पत्रिकामा आउने गरेको हामी सबैले पढ्ने गरेका छौं । मुक्तिनाथको अखण्ड ज्योति पनि निरन्तर निस्किरहने ग्याँसबाटै बलिरहेको हो । "तर, नेपालमा अन्वेषणका लागि ठूला कम्पनी ल्याएर ड्रिलिङ गराई पेट्रोलियम उत्खननको कथा सक्नुमा ठूलो चुनौती बनिरहेको छ ।"
कच्चा तेल नेपालमा दैलेखको पादुका स्थानमा नमूना संकलन गर्न बनाइएको खाडल ।
नेपाली जमीनमुनि खनिज तेल (पेट्रोलियम पदार्थ) को भण्डार छ/छैन भनी अध्ययन थालिएको तीन दशक भइसकेको छ । तर, अझसम्म तेल छ/छैनको जवाफ प्रष्ट छैन ।

एक अध्ययन अनुसार उपत्यकामा **२० हजार** परिवारलाई **६ वर्षसम्म** पुग्ने ग्यास छ । ललितपुरको इमाडोल र काठमाडौंको टेकुमा अध्ययन भएको सो ग्यास उत्पादन श्रोतबाट नेपाली जनताको घर घरमा पाइपबाट ग्यास वितरण गर्न सक्ने क्षमता रहेको जापानी सहयोग नियोग (जाइका) ले करिब **२५वर्ष** अघि गरेको अध्ययन गऱ्यो ।
ग्यास निकाल्न पुन अध्ययन गर्नुपर्ने साथै जाइकाले सन् **१९९७** मा उपत्यकामा सहयोग रूपमा ग्यास भण्डारको विषयमा अध्ययन गरी सार्वजनिक भयो ।
अध्ययनले ४ करोड ५० लाख क्युबिक घनमिटर प्रमाणित र ३० करोड क्युबिक घनमिटर अर्ध प्रमाणित प्राकृतिक ग्यास रहेको देखाएको ४ करोड ५० लाख क्युबिक घनमिटरले ६ वर्षसम्म २० हजार परिवारलाई प्रयोग गर्न सकिन्छ प्रमाणित र अर्धप्रमाणित प्राकृतिक ग्यास टेकु-त्रिपुरेश्वर, कोटेश्वर-तीनकुने र महाराजगन्ज-इमाडोल क्षेत्रमा प्रस्ततै छ ।

**स्रोतः खानी तथा भूगर्भ विभाग**

# अनुशासित कर्मचारी र आचरणका कुरा

✍रमेश ज्ञवाली

*यस आलेखको प्रमुख आशय भनेकै पछिल्ला केही वर्षहरुमा विशेषत लोकतान्त्रिक,गणतान्त्रिक शासन व्यवस्थाको समयमा सार्वजनिक सेवामा आवद्ध कर्मचारीहरु र कर्मचारी आवद्ध ट्रेड यूनियन कर्मीहरुलाई आचरण र अनुशासन पालनको सवालमा केही नकारात्मक टिप्पणीहरु उठ्ने गरेको पाइन्छ । कर्मचारी ट्रेड यूनियनकर्मी पाटीगत राजनीतिका भातृसंगठन जस्ता भए, अफिसको पदसोपानश्रृङ्खलाको सामान्य मर्यादा पनि राख्दैनन्,कर्मचारीका सामुहिक हक अधिकारका विषयमा सौदावाजी भन्दा पनि व्यक्तिवादी चरित्र हावि भयो, राजनीतिको भरमा कार्यालयगत रुपमा निर्वाह गर्नु पर्ने जिम्मेवारी लिन चाहेनन् भन्ने जस्ता अनगिन्ती आलोचना सुन्न सकिन्छ । सार्वजनिक सेवा प्रदान गर्ने निकायमा रहेका कर्मचारीहरुले कस्तो किसिमको अनुशासनको पालना र आचरण देखाउनु पर्छ । यसको अर्थ, महत्व, किसिम,उद्देश्य, समस्याहरु, ऐन नियममा भएका व्यवस्था लगायतका विषयहरुलाई समावेश गरी यो आलेख प्रस्तुत गरिएको छ ।*

**विषय प्रवेश** :

अनुशासन तथा आचरण शब्द भिन्दा भिन्दै भएतापनि यी दुवै शब्दको सम्बन्ध घनिष्ठ छ । संगठनको लक्ष्य प्राप्तिका लागि अनुशासन र आचरणको स्थान निकै महत्वपूर्ण छ । यसै पक्षलाई ध्यानमा राखी संगठनमा कर्मचारी प्रशासनसित सम्वन्धित ऐन,नियमावली,विनियमावलीमा यी बिषय महत्वका साथ उल्लेख गरिएको पाइन्छ । निगममा पनि कर्मचारी प्रशासन विनियमावली २०६३ को परिच्छेद १३ मा आचरण सम्वन्धी व्यवस्था र परिच्छेद १४ मा अनुशासनको पालना नगरेको अवस्थामा विभागीय कारवाहीको व्यवस्था गरिएको छ । संगठन एक कानूनी संस्था हो । अतः त्यहा काम गर्ने प्रत्येक कर्मचारीले अनुशासित भई नियम कानूनको पालना गर्नु पर्दछ । समयको पालना,कर्मचारीहरुसित उचित व्यवहार,कर्तव्यनिष्ठ,सहयोगी,लगनशिलता आदि विषय अनुशासन / आचरणसित सम्बन्धित छन । कर्मचारी आचरण भनेको कर्मचारीको कार्यालय समय वा कार्यालय भन्दा बाहिरको समय दुवै अवस्थाको दृष्टिकोण,चालचलन र व्यवहार हो । यो कर्मचारीको जीवन पद्धति र सामाजिक चरित्र हो ।


**अनुशासन :**

*Websters dictionary*ले अनुशासनलाई यसरी व्याख्या गरेको पाइन्छ ।

*First it is the training that corrects,moulds strengthens or perfects. seconds, it is control gained by enforcing obedience. The third meaning is punishment or chastiment*.

अर्थात्, अनुशासनको पहिलो अर्थ अन्तर्गत यसले कर्मचारीलाई सुध्रने सवल एंव निपुण हुने मौका प्रदान गर्दछ । दोस्रो अर्थमा बुझ्दा यो यस्तो नियन्त्रण हो जसले कर्मचारीलाई आज्ञाकारी तुल्याउँछ । तेस्रो अर्थ अन्तर्गत यसले कर्मचारीलाई दण्डित गर्ने वा सुध्रने अवसर खडा गर्दछ ।

यसै गरी अर्को परिभाषा अनुसार




सर्वप्रथम अनुशासन व्यक्ति विशेषले स्वत स्फूर्त ढंगले पालना गर्नुपर्ने विषय हो । कार्यालय सधैं ठीक समयमा पुग्ने, काम नठग्ने,संगठनको हितमा कार्य गर्ने आदि । दोस्रो अर्थमा नियमित आचरणको रुपमा लिइएको छ । व्यक्तिले गर्न हुने नहुने विषयमा यसका आधारतय गरिन्छन र सोही अनुरुप कर्मचारीबाट उपयुक्त आचरणको अपेक्षा गरिन्छ । तेस्रो अनुशासनलाई प्रशिक्षण दिने र दण्ड दिने माध्यमका रुपमा लिइएको छ ।

**अनुशासनको महत्व :**

- संगठनको लक्ष्य प्राप्तिमा निरन्तर सहयोग पुऱ्याउने,
- कर्मचारीहरुको कार्य क्षमता अभिवृद्धि गर्ने ,
- कर्मचारीहरुलाई जवाफदेही तुल्याउन ,
- ऐन नियमको पालना गराउन,
- आपसी सद्भाव प्रत्याभूति गराउन र कार्य वातावरण प्रभावकारी बनाउन ,
- संगठनात्मक कार्य संस्कृति,कार्य वातावरण अभिवृद्धि तथा द्वन्द घटाउन ,
- कर्मचारीहरुलाई समयको महत्व बोध गराउन ।

**अनुशासन सम्वन्धी समस्या :**

**क.हाजिरीसँग सम्बन्धित समस्याहरु :**

- कार्यालय ढिलो आउने,
- बिना जानकारी गयल बस्ने,
- अनुमति बिना काम छाडेर बाहिर हिड्ने,
- अल्छिपनाको आदत,
- बिदाको दुरुपयोग,
- आफू अनुकूल मात्र हाजिरी फर्म भर्ने,

**ख. कार्य व्यवहार सम्बन्धी समस्याहरु :**

- सुपरिवेक्षकको मातहत नबस्ने,
- सुरक्षा नियमको पालना नगर्ने,
- त्रुटिपूर्ण कार्य सम्पादन,
- कार्यलयमा झै झगडा गर्ने,
- कार्यालय सम्पत्तिको दुरुपयोग, क्षति गर्ने ।
- अनावश्यक गुटबन्दी गरी काम गर्ने कर्मचारीलाई निरुत्साहित गर्ने ,
- कर्मचारीहरु बिच खेमा निर्धारण गरी फरक किसिमको व्यवहार गर्ने,
- ट्रेड यूनियनको आडमा अटेरी बन्ने,
- तोकिएको कार्यसम्पादनमा ढिलासुस्ती गर्ने

**ग.गैरइमान्दारी सम्बन्धी समस्या :**

- संगठनको सम्पत्ति चोरी गर्ने,
- गलत सूचना प्रवाह गर्ने,
- विनाशकारी क्रियाकलाप गर्ने,
- गलत कामहरु लुकाउने,
- संस्थाका आन्तरिक गोप्य विषयमा पत्रिकाबाजी गर्ने,
- विजुली बत्ति लगायतका बिद्युतीय उपकरणहरुको स्याहार संभार नगर्ने,
- अनावश्यक फोहोर तथा कागजपत्रहरु नास गर्ने,
- कामको प्रत्यक्ष जवाफदेहीता नलिने,

**घ. बाह्य गतिविधि सम्बन्धी समस्याहरु :**

- छुट नदिएका बन्द हड्तालमा सहभागी हुने,
- प्रतिस्पर्धी संगठनका लागि काम गर्ने,
- गोप्य सूचना प्रवाह गर्ने,
- संगठनको मूल्य मान्यता विपरित भाषणबाजी गर्ने ।

**<u>अनुशासन कारवाहीका तरिका</u>**

संगठनमा अनुशासनको पालना प्रत्येक कर्मचारीले गर्नै पर्दछ । यसको गैरउपस्थितिमा कुनै पनि संगठनले आफ्नो उद्वेश्य पूरा गर्न सक्दैन । तर मानिसको स्वभाव एकनाशको हुदैन । फलत कर्मचारीले समय समयमा अनुशासन / आचरणको पालना गदैनन् । यस्तो अवस्थामा अनुशासनहिनताको प्रकृति,खराव कामबाट भएको क्षतिको मात्रा, मनशायको अवस्था अनुरुप कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

सामान्यतया निम्नानुसारका तरिका एवं प्रकृया अनुरुप कारवाही गर्ने चलन रहेको पाइन्छ ।

- मौखिक चेतावनी
- लिखित चेतावनी
- दोस्रो चेतावनी
- निलम्वन गर्ने
- घटुवा गर्ने
- तलब घटाउने
- अवकाश दिने ।

निगममा पनि कर्मचारीले तोकिए बमोजिमका आचरण / अनुशासन पालना नगरेमा त्यसको प्रकृति अनुरुपको विभागीय कारवाहीको व्यवस्था कर्मचारी प्रशासन विनियमावलीमा गरिएको छ । जसमा उचित र पर्याप्त कारण भएमा निगमका कर्मचारीलाई देहाय वमोजिमको विभागीय सजाय गर्न सकिनेछ ।

**क सामान्य सजाय :**

- नसिहत दिने,
- बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने,
- बढीमा पाँच बर्ष सम्म बढुवा रोक्का गर्ने ।

**ख विशेष सजाय :**

- भविष्यमा निगमको सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने ।
- भविष्यमा निगमको सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

यसको अतिरिक्त सजाय पाउने कर्मचारीलाई मर्का नपरोस वा अनुशासनहीन काम गर्ने कर्मचारीले मात्र सजायको भागिदार होस् भन्ने हेतुका साथ सजाय दिने अधिकारी, पुनरावेदन सुन्ने अधिकारी, सजाय सम्बन्धी कार्यविधि, पुनरावेदन माथि विचार र निर्णय, पुनरावेदन खारेजी, अन्य निकायद्धारा भएको सजाय र विभागीय सजाय नमानिने जस्ता व्यवस्थाहरु हाम्रो कर्मचारी प्रशासन विनियमावलीमा स्पष्टसँग उल्लेख गरेको पाइन्छ ।

व्यवस्थापनले गरे गराएका सबै दण्ड उचित र न्यायपूर्ण हुनु जरुरी छ । यदि आफूलाई गरेको दण्ड उपयुक्त नलागेमा कर्मचारी अदालतको ढोका सम्म पुग्न सक्दछ । अतः कर्मचारीले संगठनमा कार्य गर्दा अनुशासित भई नियम कानूनको पालना गर्नु अति आवश्यक छ । भूल गरेर उपचारको खोजी गर्नु भन्दा भूल नै नगर्नु बुद्धिमानी ठहर्छ ।

दण्ड तथा सजाय मनखुसी जसलाई मन लाग्यो त्यसैलाई गर्न पाइदैन । यसको लागि वस्तुस्थिति अवगत गर्ने,त्यस सम्बन्धी तथ्य, प्रमाण, तथ्याङ्क संकलन गर्नु पर्ने भए सो गर्ने, दण्डको किसिम एक आपसी सल्लाहबाट निर्धारण गर्ने,यसबाट संस्थालाई पर्न सक्ने परिणामको भविष्यवाणी गर्ने आदि विभिन्न प्रकृया पूरा गरी लिखित रुपमा कारवाही गर्नु पर्दछ । र कर्मचारीलाई कारबाही गर्दा मनोगत रुपमा नभई ऐन नियममा निर्दिष्ट गरिएको र मापनयोग्य आधारहरु खोज्नु पर्छ ।

**आचरण :**

सार्वजनिक साधन र शक्तिको प्रयोग गरी जनतालाई सेवा,सुरक्षा र सुव्यवस्थाको प्रत्याभूति गर्ने राज्यको स्थायी संयन्त्र प्रशासन स्वच्छ,संयमित र विवेकशील हुनु पर्दछ । व्यवहार र कार्य शैलीलाई नैतिक र व्यवस्थित गराउने पक्ष नै आचरण हो । व्यक्तिगत जीवन,समाजमा जस्तै संगठनमा पनि आचरण तर्जुमा गरिएका हुन्छन । ती लिखित आचरणको पालना प्रत्येक कर्मचारीले गर्नै पर्दछ । त्यो कर्मचारीको कतर्व्य पनि हो । संगठनमा कार्यरत कर्मचारी विभिन्न जात, धर्म,राजनितिक पृष्ठभूमिका भएकाले ती सबैलाई संगठनको मूल प्रवाहमा संलग्न गराउन पनि आचरणले मद्धत गर्दछ । संगठनमा के गर्न हुन्छ, के गर्न हुदैन, के गरेमा कर्मचारी दण्डको भागी तुल्याउछ आदि विविध पक्षलाई समेटी आचरण निर्माण गरिएको हुन्छ । कर्मचारीको व्यवहार,गतिविधिसित यो विषय सम्बन्धित भएकाले यसको उल्लेख कर्मचारी प्रशासन विनियमावलीमा गरिन्छ ।

**आचरणको उद्धेश्य** :

- संगठनमा कर्मचारीहरु वीच अनुशासन कायम राख्न,
- व्यवस्थापन र कर्मचारी वीच सामित्यतता ल्याउन,
- संगठन र कर्मचारीहरुमा देखापरेका समस्या निराकरण गर्न,
- संगठनको दैनिक कार्य सञ्चालनमा निरन्तरता ल्याउन,
- सम्पूर्ण कर्मचारीलाई एकसूत्रमा आवद्ध गराउन,
- संगठनको लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउन ।

हाम्रा सार्वजनिक निकायहरुमा कर्मचारीहरुलाई व्यवस्थित एवं मर्यादित बनाउनको लागि आ-आफ्ना विनियमहरुमा अनुशासन र आचरण सम्बन्धी व्यवस्था गरेको पाइन्छ । ती बिषयहरुलाई समग्रमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**क कार्यालय कार्यविधि सम्वन्धी आचरण :**

- समयको परिपालना र नियमितता
- आज्ञा पालना
- सरकारी कामकाज सम्वन्धी समाचार प्रकाशनमा प्रतिबन्ध
- आफ्नो सेवा र पद अनुसारको आचरण पालना गर्नु पर्दछ,
- राजनीतिक अवाच्छित प्रभाव पार्न नहुने,
- आफु भन्दा मुनिकालाई माया र माथिकालाई आदर गर्नु पर्दछ,
- सरकारी कार्यालयलाई हानी नोक्सानी पुऱ्याउनु हुदैन,
- सेवाग्राही प्रति मर्यादित व्यवहार,
- मादक पदार्थ सेवन गर्न नपाउने,

**ख राजनीतिक विषयसँग सम्बन्धित आचरण :**

- राजनितिमा भाग लिन नहुने,

- सरकारको आलोचना गर्न नहुने,
- निर्वाचनमा भाग लिन नहुने,
- प्रदर्शन,हडताल, थुनछेक र घेराउ गर्न नपाउने,
- प्रतिनिधित्व गर्न प्रतिबन्ध,
- पेसागत संगठन गठन गर्न पाउने र ट्रेड यूनियन अधिकार प्रयोग गर्न पाउने ।

**ग आर्थिक विषयसँग सम्बन्धित आचरण** :

- सम्पत्ति विवरण समयमै बुझाउनु पर्ने,
- आफुले बुझाउनु पर्ने जिन्सी तथा नगद नियमानुसार समयमै बुझाउनु पर्ने,
- व्यापार व्यवसाय गर्न नपाउने,
- दान, उपहार, चन्दा, सापटी आदि लिन प्रतिबन्ध ।

**घ सामाजिक विषयसँग सम्बन्धित आचरण :**

- वाल विवाह,अनमेल विवाह र बहुविवाह गर्न नहुने,
- सबैप्रति शिष्ट व्यवहार गर्नु पर्छ,
- यौनजन्य दुर्व्यवहार गर्न पाइदैन,
- कसैलाई यातना दिन नहुने,
- सामाजिक व्यवहार सुधार ऐन अनुरुपको व्यवहार गर्नु पर्ने ।

नेपाल आयल निगमले पनि कर्मचारीहरुलाई अनुशासन एवं आचरणमा राख्नको लागि निम्नानुसारका काम,गतिविधि र व्यवहार गर्न नहुने त्यसो गरिएमा खराव आचरण गरेको मानिनेछ भनी कर्मचारी प्रशासन विनियमावलीमा उल्लेख गरेको छ ।

१) निगमको कार्यमा हानी नोक्सानी हुनेगरी काममा अनुपस्थित रहेमा,
२) आफूलाई सुम्पिएको काम गर्न इन्कार गरेमा,
३) निगमको नगद तथा सम्पत्ति हिनामिना वा हानी नोक्सानी गरे गराएमा,
४) गैर कानूनी तवरले रकम लिनु दिनु गरेमा,
५) निगम सम्बन्धी ऐन, नियम, विनियम, आदेश वा निर्देशनको पालनानगरेमा,
६) आफूले लिएको शपथको प्रतिकूल हुने गरी कार्य गरेमा,
७) बराबर समयमा कार्यालयमा नआएमा वा बराबर गयल हुने गरेमा,
८) निगमको गोप्य सूचना प्रवाह तथा निगमलाई नोक्सान हुनेगरी अन्य प्रतिस्पर्धी निगम, आपूर्तिकर्ता वा एजेण्टलाई सूचना प्रवाह, समर्थन आदि गरेमा,
९) निगमको कार्यालयस्थलमा निगमका कर्मचारीले कर्मचारी वा ग्राहकसँग वा अन्य व्यक्तिसँग यौनजन्य दुराचार सेक्सुयल हारेसमेण्ट) गरेमा,
१०) आचरण बिपरित हुने अन्य कार्य गरेमा ।

**अन्त्यमा :**

अनुशासन र आचरणका विषयमा जति सैद्धान्तिक रुपमा व्याख्या गर्न,भन्न सजिलो छ । व्यवहारमा उर्तान निकै कठिन हुन्छ । अनुशासित हुनु पर्छ । असल आचरणमा बस्नु पर्छ भन्ने कुरा सबैलाई थाहा छ । तर यसको पालना गर्न निकै कठिन देखिन्छ । यो विषय व्यक्तिको व्यवहार, संस्कार, सामाजिक चालचलन, रितिरिवाज, आवश्यकता, महङ्गी, आर्थिक गतिविधि, जीवन शैली,लगाई खवाई लगायतका धेरै आयामहरुले भूमिका खेलेका हुन्छन । सार्वजनिक प्रशासनको भाषामा भनिने सुशासनको खास आत्मा नै अनुशासन र आचरण नै हो । यसको गैरउपस्थितिमा असल शासन,जिम्मेवारीपूर्ण र जवाफदेही समाजको परिकल्पना सम्म पनि गर्न सकिदैन । त्यसकारण असल संस्कारयुक्त परिवार,श्रमको सम्मान गर्ने श्रममैत्री समाज,मितव्ययिता र सरल जीवनशैली,सकारात्मक सोच,आत्मसम्मान पूर्वक काम गर्न सक्ने वातावरण र आधारभूत आवश्यकता परिपूर्ति गरी गुणस्तरीय जीवन बाँच्न सकिने अवस्थामा मात्र आचरण र अनुशासनलाई अलि बढी लागु गर्न सकिन्छ । तर पनि हामीले जस्तो सुकै अवस्थामा पनि आचरण र अनुशासनमा बस्नु नै पर्छ । अझ सार्वजनिक सेवा प्रवाहमा खटिएका कर्मचारीले त ऐनमा तोकिएका र समाजमा चलि आएका आचरण र अनुशासनका विषय कडाईका साथ पालना गर्नु पर्छ । यो हाम्रो कतर्व्य पनि हो । अनुशासित कर्मचारीले नै सही अर्थमा संगठनात्मक उद्धेश्य अनुरुपको सेवा प्रवाह गर्न सक्छ ।

# निगमको वर्तमान लेखा प्रणाली र भविष्यमा सुधार गर्नु पर्ने कार्यहरु

✍ रोशन कुमार विश्वकर्मा

सामान्य अर्थमा कुनै पनि काराबारहरुको अभिलेख राख्नु नै लेखा हो । व्यवसायमा हुने आर्थिक काराबारहरुको समय र मिति मिलाएर अभिलेखन राख्ने कार्य हो भने विस्तृत अर्थमा कुनै पनि संस्थानमा भएका सम्पूर्ण आर्थिक काराबारहरुलाई सुव्यवस्थित, क्रमबद्ध एंव वैज्ञानिक ढंगबाट अभिलेख राख्नु हो । यसरी सम्पुर्ण आर्थिक क्रियाकलापहरुको व्यवस्थित तरिकाबाट अभिलेखन गर्ने कार्यलाई लेखा अभिलेखन भनिन्छ । लखा सम्बन्धी कामको शुरुवात लेखा अभिलेखन बाट हुन्छ । यस अन्तर्गत गौश्वारा भौचर, सहायक पुस्तिका एंव बही खाताहरु पर्दछन् ।

लेखा प्रणाली भन्नाले विभिन्न कारोबारहरुको क्रमबद्ध , व्यवस्थित र सुचनामूलक तरिकाले अभिलेख राख्ने तथा सोप्रस्तुत गर्ने कार्यलाई जनाउँदछ । तर विस्तृत अर्थमा आर्थिक कारोबारहरुको अभिलेख राख्ने, प्रतिवेदन तयार गर्ने र बिश्लेषण गर्ने कार्यलाई जनाउँदछ। यसले व्यावसायिक रुपमा हुने सम्पूर्ण आर्थिक कारोबारहरुको विवरण तयार पारी लगानीकर्ता, व्यापारी, सरकार तथा सराकारबालालाई सो निकायको यर्थाथ आर्थिक अवस्था पत्ता लगाउन महत्वपूर्ण सहयोग गर्दछ । यस अन्तर्गत Recording, Summarizing &Reporting पर्दछन्। लेखा प्रणालीलाई दुई भागमा विभाजन गरिएको पाइन्छ ।

**१). सरकारी लेखा प्रणाली:**

सरकारी आयव्ययको अभिलेखलाई सरकारी लेखा भनिन्छ । यस अन्तर्गत सरकारको प्रशासकीय संगठन भित्रका सबै संवैधानिक अंग, मन्त्रालय, विभाग तथा कार्यालय आदिको आम्दानी र खर्चको लेखाजोखा गरिन्छ । सरकारी कार्यालयमा भएका आर्थिक कारोबार सम्बन्धि अभिलेख व्यवस्थित तरिकाले राख्ने, प्रतिवेदन तयार पार्ने एंव विश्लेषण गर्ने प्रकृयालाई सरकारी लेखा प्रणाली भनिन्छ । यसले सरकारी कार्यालय वा विभाग वा मन्त्रालमा बार्षिक रुपमा विनियोजन गरेको बजेट रकम खर्च भए नभएको र राजश्व संकलनका विभिन्न उपायद्वारा मुलुकको आम्दानी प्राप्त भए नभएको जानकारी प्रदान गर्ने गराउने गर्दछ।

**२). व्यावसायिक लेखा प्रणाली:**

कुनै पनि व्यावसायिक संस्थामा हुने समग्र आर्थिक कारोबारहरुको व्यवस्थित अभिलेख राख्ने कार्य व्यावसायिक लेखा हो । व्यावसायिक संगठनमा विभिन्न पक्षहरुबीच आर्थिक कारोबारहरु भइरहेको हुन्छन् । व्यवसायमा हुने यस्ता आर्थिक कारोबार, आम्दानी खर्च, सम्पत्ति दायित्व, नाफा नोक्सान आदि थाहा पाउनु पर्ने हुन्छ । यसरी निश्चित अवधि भित्र भएका कारोबारहरुको सूचना एवं जानकारी प्राप्त गर्न राखिएको अभिलेखलाई व्यावसायिक लेखा भनिन्छ । यसको प्रमुख उद्देश्य संस्थाको वास्तविक वित्तीय अवस्थालाई दर्शाउनु हो । यस्ता लेखा मुनाफा आर्जन गर्ने संस्थाले राख्ने गर्दछ । यस्ता लेखा खासगरी एकलौटी व्यवसाय, साझेदारी व्यवसाय र संयक्त पूजी कम्पनी आदिले राख्ने गर्दछ ।

**लेखाका आधारभूत सिद्धान्तहरु:**

अन्तराष्ट्रिय लेखामान बोर्ड लेखा मापदण्ड गर्ने अन्तराष्ट्रिय निकाय हो । यसले तयार गर्ने मापदण्डलाई International Accounting Standards (IAS) भनिन्छ । हाल आएर IAS लाई International Financing

Reporting Standards (IFRS) को नामले चिनिन्छ । लेखा मापदण्डले लेखा व्यवसायको सिद्धान्त र व्यवहारका सामान्य मर्यादालाई जनाउँछ । यसले लेखा व्यवसायको कामको गुणस्तर मूल्यांकन गर्ने आधार प्रदान गर्दछ । देहायका सिद्धान्तलाई लेखाको आधारभूत सिद्धान्त भनिन्छ ।

- Understability: आर्थिक कारोबारहरु सबैले प्रष्ट बुझिने किसिमबाट राख्नुपर्दछ ।
- Relevance: निर्णयकर्तालाई सहयोगी हुने सान्दर्भिक सूचना प्रस्तुत गर्नुपर्दछ । वित्तीय विवरणमा कार्यप्रकृति अनुसार आवश्यक पर्ने सान्दर्भिक सबै सूचना समावेश गर्नुपर्दछ ।
- Reliability: प्रस्तुत गरिएको सुचना, तथ्यांक, जानकारी, विवरणहरु पुर्वाग्राही वा गल्ती नभई सत्य तथ्यमा आधारित तथा भरपर्दो, विश्वासिलो एवं भरोसायोग्य हुनुपर्दछ ।
- Faithful Presentation: वित्तीय विवरण भरपर्दो हुन कारोबार विवरण वा अन्य घटनालाई तोडमोड नगरिकन विश्वासनीय तरिकाले प्रस्तुत गर्नुपर्दछ ।
- Completeness: तथ्यांक तथा विवरण अपुरो, अधुरो वा भिन्न अर्थ लाग्ने वा तोडमोड नगरिकन आवश्यक पर्ने सर्म्पूण विवरण समावेश गरी वित्तीय विवरणलाई पूर्णता दिनुपर्दछ ।
- Comparability: विगतको सूचना तथा विवरणसगँ चालु विवरण, सूचना तुलना हुन सक्ने हुनुपर्दछ ।

**नेपाल आयल निगममा लेखाको वर्तमान अवस्थाः**

कम्पनी ऐन, २०२१ अन्तर्गत वि.स. २०२७ पौष २६ गते नेपाल आयल निगम लिमिटेडको स्थापना भएको हो । मुलुकमा पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्था सुनिश्चित, भरपर्दो एवं नियमित गर्नका लागि नेपाल सरकारले सरकारको ९८.३६ प्रतिशत शेयर लगानीमा यस संस्थानको स्थापना गरेको हो । यस संस्थानको शुरुको अधिकृत पूजीँ १ करोड थियो । यसको मुख्य उद्देश्य विदेशबाट आयात गरिएको पेट्रोलियम पदार्थको वितरण, नियन्त्रण तथा नियमित रुपले डिलरहरु मार्फत सुपथ मूल्यमा सुलभ तरिकाले मुलुकभर बिक्री वितरण गर्नु हो ।

यस संस्थानले देशभर नै आत्यावश्यक पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्था मिलाउने उद्देश्यले सञ्चालनमा आएको हुदाँ यस संस्थाको ठूलो जिम्मेबारी रहेको देखिन्छ । यस्ता अति आवश्यक पदार्थ अन्य मुलुकबाट आयात गर्दा ठूलो मात्रामा धनराशि बाहिरिने गर्दछन् ।प्रत्येक संस्थाले आफनो आर्थिक अबस्था दर्शाउनको लागि वित्तीय कारोबारहरुको लेखाजोखा राख्नु पर्दछ । त्यस्तै नेपाल आयल निगमले आयात गरेको पेट्रोलियमा सरकारले यस्ता आयातित पेट्रोलियम पदार्थमा भन्सार नाकामा नै भन्सार महशुल तोक्नुको साथ साथै VAT समेत लगाउने गर्दछ भने अर्को तिर यस संस्थाले आर्जन गरेको नाफा नोक्सानमा कर समेत तिर्नुपर्ने बाध्यतता रहेको छ। त्यसकारणले नेपाल आयल निगमको स्थापना काल देखि नै यस संस्था मार्फत हुने आर्थिक कारोबारहरुको लेखा जोखा राख्ने काम गर्दै आएको छ ।

नेपाल आयल निगमले लेखा प्रणालीको सर्वमान्य सिद्धान्त दोहोरो लेखा प्रणालीको नगदको आधारमा लेखा जोखा वा कारोबारको अभिलेखन गर्ने काम गर्दै आएको छ । यस संस्थामा हुने प्रत्येक आर्थिक कारोबारको प्रकृति हेरी भौचर उठाउने कार्यबाट लेखाको प्रारम्भ हुने गर्दछ । यस भौचरको आधारमा सहायक बही खाता एवं मुख्य खाता बहीमा पोष्टिङ गरिन्छ र निश्चित समय पछि खाता बन्द गरिन्छ । खाता बन्द गर्दा देखा परेको फरक मौज्दात तथा मुख्य मौज्दात लाई आधार मानी सन्तुलन परीक्षण

तयार गरिनछ । यस संस्थाले प्रत्येक आर्थिक वर्षमा गरेको वित्तीय कारोबारबाट आम्दानी तथा खर्चको स्थिति वा नाफा तथा नोक्सान स्थिति वा सम्पत्ति तथा दायित्व को स्थिति देखाउनको लागि संस्थाले वित्तीय विवरण समेत तयार पार्ने गर्दछ ।

**यस संस्थाले अवलम्बन गर्दै आएको लेखा प्रक्रिया :**

यस संस्थाले अवलम्बन गर्दै आएको लेखा प्रक्रियालाई यसरी उल्लेख गर्न सकिन्छः-

- सर्वप्रथम कारोबारको प्रकृति हेरी गोश्वारा भौचर तयार गरिन्छ,
- भौचरको तयारी पछि सहायक खाता बहीमा र मुख्य खाता बहीमा पोष्टिङ गरिन्छ,
- अर्कोतिर भौचर कै आधारमा नगदी किताब बहीमा पोष्टिङ गरिन्छ,
- खाता बहीले देखाएको मौज्दातको आधारमा सन्तुलन परीक्षण तयार गरिन्छ,
- नगद बही खाता र बैंक स्टेटमेन्टको विवरणलाई भिडान गरी हिसाब मिलान गरिन्छ,
- आर्थिक वर्षको अन्त्यमा संस्थाले गरेको नाफा नोक्सान देखाउनको लागि नाफा नोक्सान खाता तयार गरिन्छ,
- आर्थिक बर्षकै अन्त्यमा संस्थाको सम्पति तथा दायित्वको स्थिति देखाउनको लागि बासलात विवरण तयार पारिन्छ ।
- प्रत्येक आर्थिक बर्षमा समय समयमा आन्तिरिक लेखा परीक्षणको कार्य निगमकै आन्तरिक नियन्त्रण तथा अनुगमन विभागद्वारा गर्नुको साथै अन्तिम लेखा परीक्षणको कार्य महालेखापरीक्षकबाट सम्पन्न हुने गर्दछ ।

**निगमको लेखा प्रणालीमा सुधार गर्नुपर्ने कार्यहरु :**

निगमले वर्तमान अवस्थामा लेखाका सम्पुर्ण कार्यहरु Manual तरीकाबाट गर्ने गर्दछ । यसलाई छिट्टो छरितो, पारदर्शी एवं भरपर्दो बनाउनका लागि सूचना प्रविधिमा आधारित विभिन्न किसिमका सफटवेयर प्रोग्रामहरुको विकास भएको छ यस्ता प्रविधिको प्रयोग निगमले लेखा कार्यमा अबलम्बन गर्न सकेमा लेखाको काममा शीघ्र आउनुको साथै बैज्ञानिक ढंगबाट समयमा काम सम्पन्न हुने देखिन्छ । यसको सुधारका लागि देहाय बमोजिम कार्यहरु गर्नु पर्ने देखिन्छ :

- Accounting Softwareको प्रयोगमा ल्याउने,
- Online Banking Transactionमार्फत कारोबार गर्ने,
- प्रत्येक लेखा कर्मचारीलाई Accounting Software and Computer सम्बन्धी तालिम प्रदान गर्ने,
- नयाँ नयाँ दक्षजनक्ति भर्ना गरी संगठनमा आबद्ध गर्ने,
- स्पष्ट कार्य विवरण सहित कर्मचारीलाई पदस्थापनको व्यवस्था मिलाउने,
- कर्मचारीलाई समय समयमा तालिमको व्यवस्था गरी उनीहरुलाई आफ्नो कामप्रति जागरुक बनाउने,
- प्रत्येक कर्मचारीलाई निश्चित समय अवधि पछि अनिवार्य रुपमा कार्य परिवर्तनको व्यवस्था मिलाउने,
- परिवर्तनशील विश्वमा परिवर्तन भएको लेखा प्रविधि अनुरुप परिमार्जित गर्दै लैजाने, आदि ।

**निष्कर्षः**

नेपाल आयल निगम देशभरकै लागि अति आवश्यक पेट्रोलियम पद्धार्थ अन्य मुलुकबाट आयात गरी देशभित्र उक्त वस्तुको आपूर्ति सहज रुपले गर्ने उद्देश्यले स्थापना भएको संस्था हो । यसले गर्दा निगमले ठूलो धनराशि कोरोबार गर्ने संस्था पनि बनेको छ । तसर्थ यस संस्थाले गरेको आर्थिक कारोबारको लेखाजोखा पनि चुस्तदुरुस्त राख्नु अनिवार्य देखिन्छ । निगमको स्थापना कालमा कारोबार थोरै हुन्थ्यो तर समयको परिवर्तन सगैँ कारोबार पनि विस्तारै बढदै अहिले ठूलो कारोबार हुन पुगेको छ । तर लेखाको कामको प्रकृति वा प्रक्रियामा खासै परिवर्तन भएको देखिदैनन् । विगत कतिपय आर्थिक बर्षमा लेखाको काम समयमा सम्पन्न नहुदाँ लेखापरीक्षणको काम पनि बाँकी नै थियो । तसर्थ समयको परिवर्तन सगैँ लेखाको कामलाई प्रविधि मैत्री बनाई माथि उल्लेखित उपायहरु अबलम्बन गर्न सकेमा निगमको लेखा कार्य आधुनिक एवं वैज्ञानिक बन्नुको साथै लेखा कार्य समयमा सम्पन्न भई आर्थिक कारोबार पारदर्शि हुने देखिन्छ ।

# नेपाल आयल निगम लिमिटेडको मूल्य समायोजन स्थिति

सरिता डोटेल

नेपाल आयल निगम लिमिटेडले भारतको ईण्डियन आयल कर्पोरेशन लिमिटेडको विभिन्न रिफाइनरी तथा डिपोहरुबाट पेट्रोलियम पदार्थ आपूर्ति गरी नेपाल अधिराज्यभर विक्री वितरण गर्ने गरिरहेको छ । निगम सरकारबाट स्वीकृति प्राप्त एक मात्र अर्धसरकारी संस्था हो ।

निगममा स्वचालित मूल्य प्रणाली २०७१ साल देखि पूर्ण रुपमा लागु गरिएको हो । विगतमा निगमसँग मूल्य समायोजन गर्ने नियम थिएन त्यसैले भारतको इण्डियन आयल कर्पोरेशनबाट समय समयमा प्राप्त हुने मूल्य अनुसार निगममा भएको घाटा/नाफा व्यवस्थापन गर्न स्वचालित मूल्य समायोजन प्रणाली सुरु गरिएको हो । पहिला कुन समय, कहाँ के को आधारमा मूल्य समायोजन गर्ने भन्ने कुनै मापदण्ड बनाइएको थिएन । निगमको लागि एक मात्र आयातकर्ता ईण्डियन आयल कर्पोरेश लिमिटेडबाट प्रत्येक अंग्रेजी महिनाको पहिलो दिन र सोह्रौ दिनमा तोकिएको मूल्य अन्तर्राष्ट्रिय बजार अनुसार भारतको बन्दगाहदेखि रिफाइनरी गई नेपाल सीमानाको नजिकको डिपोमा लाग्ने मूल्यमा, सरकारी शुल्क तथा निगमसँग सम्बन्धित अन्य खर्च अनुसार नेपालमा पनि पर्ने फरक पद्धतिलाई स्वचालित मूल्य प्रणाली भनिन्छ । त्यसैले भारतबाट आएको नयाँ मूल्य वृद्धि हुदाँ बढाउने र घटी हुदाँ घटाउने व्यवस्था निगममा विद्यमान रहेको छ । यसरी सोही प्रणाली अनुसार निगममा हालसम्म २० पटक मूल्य वृद्धि र १५ पटक मूल्य घटी मूल्य समायोजन गरिएको छ । मिति २०७४।०९।१७ (१ जनावरी २०१८) देखिको मूल्य समायोजन निम्न बमोजिम रहेको छ ।

| अंग्रेजी मिति | नेपाली मिति | पेट्रोल | डिजेल | मट्टितेल | एल.पी.जि. | ए.टि.एफ आन्तरिक | ए.टि.एफ वाह्रय |
|---|---|---|---|---|---|---|---|
| १ जनवरी २०१८ | **२०७४।०९।१७** | १०२।०० | ७९।०० | ७९।०० | १,३७५।०० | ९०।०० | युयसडी ९००।०० |
| १७ जनवरी २०१८ | **२०७४।१०।०३** | १०३।०० | ८१।०० | ८१।०० | - | - | - |
| १ फेभ्रेबरी २०१८ | **२०७४।१०।१८** | १०४।०० | ८३।०० | ८३।०० | - | ९५।०० | युयसडी १,०००।०० |
| ४ मार्च २०१८ | **२०७४।११।२०** | १०३।०० | - | - | - | - | - |

| अंग्रेजी मिति | नेपाली मिति | पेट्रोल | डिजेल | मट्टितेल | एल.पी.जि. | ए.टि.एफ आन्तरिक | ए.टि.एफ वाह्रय |
|---|---|---|---|---|---|---|---|
| २ अप्रिल २०१८ | **२०७४।१२।१९** | १०५।०० | ८५।०० | ८५।०० | - | - | - |
| १६ अप्रिल २०१८ | **२०७५।०१।०३** | १०६।०० | ८७।०० | ८७।०० | - | - | - |
| ५ मे २०१८ | **२०७५।०१।१९** | १०८।०० | ९०।०० | ९०।०० | - | - | - |
| १६ मे २०१८ | **२०७५।०२।०२** | ११०।०० | ९२।०० | ९२।०० | - | - | - |
| २ जुन २०१८ | **२०७५।०२।१९** | ११३।०० | ९५।०० | ९५।०० | - | १००।०० | युयसडी १,०७५।०० |
| १७ जुन २०१८ | **२०७५।०३।०३** | ११०।०० | ९३।०० | ९३।०० | - | - | - |
| १९ अगष्ट २०१८ | **२०७५।०५।०३** | १११।०० | ९५।०० | ९५।०० | - | १०४।५० | युयसडी १,१२५।०० |
| ५ सेप्टेम्बर २०१८ | **२०७५।०५।२०** | ११२।०० | ९८।०० | ९८।०० | १,४००।०० | - | - |
| १७ सेप्टेम्बर २०१८ | **२०७५।०६।०१** | ११४।०० | १०१।०० | १०१।०० | - | - | - |
| ३ डिसेम्बर २०१८ | **२०७५।०८।१७** | ११२।०० | ९९।०० | ९९।०० | - | - | - |

पेट्रोलियम पदार्थ अति प्रज्वननशील बस्तु हो, जसले दैनिक जीवनयापनमा सिधैं प्रभाव पार्ने गर्छ । त्यसैले पेट्रोलियम पदार्थको मूल्यले नेपालको पूरै अर्थतन्त्रलाई नै परिवर्तन गर्ने गर्दछ । नेपाल आयल निगम लिमिटेडले बनाएको स्वचालित मूल्य प्रणाली अन्तर्गत निगममा मूल्य समायोजन हुन नसकेमा सम्पूर्ण घाटा सरकारलाई नै हुने देखिन्छ किनकि नेपालसँग कुनै किसिमको खनिज पदार्थको उत्खनन् भएको पाइदैन । मित्र राष्ट्र भारतबाट पेट्रोलियम पदार्थ ल्याउदाँ लागेको मूल्य चुकाउन निगमलाई धौ धौ पर्ने अवस्था विगत महिनामा झण्डै  आइसकेको अवस्था थियो । त्यसैले निगमले स्वचालित मूल्य समायोजन प्रणाली अनुसारको मूल्य समायोजन गर्नु पर्ने देखिन्छ । २०१८ देखि हालसम्म निगममा १४ पटक मूल्य परिवर्तन भएको छ तर स्वचालित मूल्य प्रणालीबाट नै नयाँ मूल्य कायम हुने थियो भने निगममा २३ पटक मूल्य परिवर्तन हुनु पर्ने देखिन्छ । निगममा भएको पछिल्लो नाफा/घाटा अनुसारको पाक्षिक विवरण यस प्रकार रहेको छ ।

| अंग्रेजी मिति | १५ दिनको नाफा नोक्सान | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पेटोल | डिजल | मतितेल | हवाई ईन्धन आन्तरिक | हवाई ईन्धन वाह्य | एल.पि.जी | जम्मा नाफा नोक्सान |
| १ जनवरी २०१८ | २ ।८३ | (२ ।७१) | १५ ।८० | १५ ।०२ | २९ ।१४ | (२०८ ।३०) | (१३ ।२०) |
| १६ जनवरी २०१८ | २ ।६७ | (३ ।५३) | १७ ।६९ | १५ ।०० | २९ ।१२ | (२०८ ।३०) | (१९ ।००) |
| १ फेब्रेवरी २०१८ | २ ।०१ | (३ ।३७) | १५ ।७९ | १५ ।५७ | ३४ ।९४ | (२०२ ।२५) | (१४ ।९२) |
| १६ फेब्रेवरी २०१८ | २ ।८६ | (१ ।७६) | १५ ।७९ | १५ ।५७ | ३४ ।९४ | (२०२ ।२५) | (७ ।१५) |
| १ मार्च २०१८ | ३ ।७७ | ० ।०६ | १५ ।५८ | १५ ।३६ | ३४ ।७२ | (११९ ।६४) | १५ ।६७ |
| १६ मार्च २०१८ | २ ।९४ | (० ।४१) | १५ ।५८ | १५ ।३६ | ३४ ।७२ | (११९ ।६४) | १० ।७९ |
| १ अप्रिल २०१८ | ३ ।१० | (० ।९६) | १७ ।३२ | १५ ।२० | ३४ ।५७ | (६२ ।५२) | २० ।०१ |
| १६ अप्रिल २०१८ | २ ।८८ | (० ।७९) | १९ ।२२ | १५ ।१८ | ३४ ।५५ | (६२ ।५२) | २० ।९२ |
| १ मे २०१८ | १ ।९० | (१ ।२२) | १७ ।८२ | १० ।९५ | ३० ।३२ | (६४ ।२९) | १० ।५५ |
| १६ मे २०१८ | ० ।७२ | (२ ।२९) | १९ ।७१ | १० ।९३ | ३० ।३० | (६४ ।२९) | ० ।० |
| १ जुन २०१८ | (४ ।०६) | (५ ।९९) | १४ ।५६ | ५ ।८४ | २५ ।२० | (१३९ ।३९) | (५५ ।१७) |
| १६ जुन २०१८ | (० ।६२) | (२ ।४३) | १५ ।५० | १० ।१९ | ३८ ।६० | (१३९ ।३९) | (७ ।८४) |
| १ जुलाई २०१८ | १ ।७६ | (० ।६७) | १७ ।७९ | १२ ।५३ | ४३ ।३३ | (२३३ ।९०) | (३ ।६२) |
| १ ६ जुलाई २०१८ | (० ।५२) | (२ ।९०) | १७ ।७९ | १२ ।५३ | ४३ ।३३ | (२३३ ।९०) | (२५ ।६४) |
| १ अगष्ट २०१८ | ० ।८७ | (१ ।१४) | १६ ।६० | ११ ।३५ | ४२ ।२७ | (२८० ।६४) | (१५ ।०५) |
| १६ अगष्ट २०१८ | ० ।६५ | (० ।७०) | १८ ।४९ | १५ ।२५ | ५१ ।१८ | (२८० ।६४) | (७ ।२१) |
| १ सेप्टेम्बर २०१८ | (० ।३६) | (० ।४९) | २० ।८२ | १४ ।७३ | ५१ ।४८ | (३०९ ।७९) | (११ ।१५) |
| १६ सेप्टेम्बर २०१८ | (२ ।९२) | (२ ।७२) | २३ ।६० | १४ ।६४ | ५१ ।३९ | (३०९ ।७९) | (३१ ।६७) |
| १ अक्टोबर २०१८ | (५ ।४५) | (४ ।४३) | १६ ।८२ | ८ ।८७ | ४५ ।६२ | (४०४ ।७३) | (६४ ।५७) |
| १६ अक्टोबर २०१८ | (८ ।५०) | (९ ।३२) | १० ।८२ | ८ ।८७ | ४५ ।६२ | (४०४ ।७३) | (१०४ ।४४) |
| १ नोभेम्बर २०१८ | (२ ।२९) | (७ ।१५) | १३ ।५३ | ४ ।६४ | ४६ ।६६ | (५०७ ।१४) | (८० ।९२) |
| १६ नोभेम्बर २०१८ | ४ ।६९ | (१ ।९०) | १३ ।५३ | ४ ।६४ | ४६ ।६६ | (५०७ ।१४) | (४१ ।४०) |
| १ डिसेम्बर २०१८ | ११ ।४४ | ५ ।८१ | २० ।४७ | १३ ।६१ | ४७ ।८७ | (२८४ ।८३) | ५३ ।५८ |

नेपाल आयल निगम लिमिटेडले आम उपभोक्ताको सहुलियत स्वरुप दशैं तिहार र छठ पर्वको अवसर पारि निगमलाई ३५६ अर्ब घाटा हुदाँ समेत उपभोक्ताको हितको निम्ति मूल्य समायोजन नगर्ने निर्णय लिएको थियो । अमेरिकी डलरको विनिमय दरको मूल्य र अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यले पेट्रोलियम पदार्थको मूल्यलाई असर पार्दछ । हालको मूल्य समायोजन अनुसार निगमलाई हालको स्थितिमा १५ दिनमा करिब ५८ करोड नाफा भएको देखिन्छ । निगममा रक्सौल बरौनीको औसत भारु खरीद मूल्य, भन्सार शुल्क, सडक मर्मत संभार कर, पूर्वाधार कर, प्रदूषण शुल्क, मूल्य स्थिरीकरण कोष, मूल्य अभिवृद्धि कर, ढुवानी भाडा, बीमा खर्च, प्रशासनिक एवं विक्री खर्च, प्राविधिक नोक्सानी, फ्यूल थ्रू-पुट कर आदिको आधारमा मूल्य समायोजन गर्ने गरिन्छ । निगमको मिति २०७५।०८।१७ को मूल्य समायोजन गरिएको निम्न बमोजिम राखिएको छ ।

**नेपाल आयल निगमको अनुमानित अर्धमासिक नाफा/नोक्सान (काठमाडौँमा आधारित)**

इँण्डियन आयल कर्पोरेशनबाट तारिख २०१८।१२।०१ मा प्राप्त खरिद मूल्य तथा नेपाल आयल निगमले मिति २०७५।०८।१७ (तारिख २०१८।१२।०३)मा स्वचालित मूल्य प्रणाली बमोजिम समायोजन गरिएको मूल्य अनुसार

| विवरण | पेट्रोल (रक्सौल/बरौनी) (रु प्रति लिटर) | डिजेल (रक्सौल/बरौनी) (रु प्रति लिटर) | मट्टीतेल (रक्सौल) (रु प्रति लिटर) | हवाई इन्धन (आन्तरिक उडान) (रक्सौल) (रु प्रति लिटर) | हवाई इन्धन (अन्तराष्ट्रिय उडान) (रक्सौल) (रु प्रति लिटर) | एल. पि. ग्यॉस. (औसत) (रु प्रति सिलिन्डर) |
|---|---|---|---|---|---|---|
| २०१८।१२।०१ अनुसार रक्सौल/बरौनीको औसत भार खरिद मूल्य | ५२.५१ | ६३.३२ | ६८.३५ | ६६.७० | ६६.७० | १,१६०.३३ |
| भन्सार शुल्क (प्रज्ञापन शुल्क सहित) | १५.२३ | २.०३ | २.०३ | २.१३ | ०.०३ | ६२.४७ |
| सडक मर्मतसंभार कर | ४.०० | २.०० | - | - | - | - |
| पूर्वाधार कर | ५.०० | ५.०० | - | ५.०० | ५.०० | - |
| प्रदुषण शुल्क | ०.५० | ०.५० | - | - | - | - |
| मूल्य स्थिरीकरण कोष | १.१२ | ०.९९ | ०.९९ | १.०५ | १.२५ | १३.७५ |
| मू. अ. कर | १२.८८ | ११.३९ | - | १२.०२ | - | १५७.३८ |
| **सम्पूर्ण सरकारी राजस्व एवं मू. अ. कर** | ३८.७३ | २१.९० | ३.०२ | २०.१९ | ६.२७ | २३३.६० |
| ढुवानी भाडा (रक्सौल/बरौनी-काठमाडौँको औसत भार भाडा) | ३.७१ | ३.७१ | २.५९ | २.६४ | २.६४ | - |
| बीमा खर्च | ०.०३ | ०.०४ | ०.०४ | ०.०४ | ०.०४ | १.३३ |
| निगमको प्रसाशनिक एवं बिक्री खर्च | ०.६० | ०.६० | ०.६० | ०.६० | ०.६० | ८.५२ |
| प्राविधिक नोक्सानी | ०.६८ | ०.४४ | ०.४६ | ०.४५ | ०.४३ | - |
| Fuel Throughput कर | - | - | - | ०.२८ | ०.३७ | - |
| निगमको नाफा/घाटा प्रति लिटर/सिलिन्डर) | ११.४४ | ५.८१ | २०.४७ | १३.६१ | ४७.८७ | (२८४.८३) |
| पेट्रोलियम बिक्रेता/ग्यॉस कम्पनी खर्च एवं नाफा | ४.२९ | ३.१८ | ३.४८ | - | - | २८१.०५ |
| काठमाडौंको खुद्रा बिक्री मूल्य | ११२.०० | ९९.०० | ९९.०० | १०४.५० | $ १.१२५ | १,४००.०० |
| अर्धमासिक अनुमानित बिक्री प्रक्षेपण (कि.लि./सिलिन्डर) | २०,००० | ६७,५०० | १,१०२ | २,५०० | ५,००० | १,२३२,३५० |
| नाफा/घाटा (रु करोडमा) | २२.८८ | ३९.२१ | २.२६ | ३.४० | २३.९४ | (३५.१०) |
| नाफा/घाटा (रु करोडमा) | ५६.५८ | | | | | |
| रक्सौलको खुद्रा बिक्रि मूल्य (ने.रु) | १२२.८२ | ११३.२१ | | ११७.५४ | ८२.९९ | १,४५६.५६ |
| विरगंजको खुद्रा बिक्रि मूल्य (ने.रु) | ११०.५० | ९७.५० | | १०४.५० | १२४.९३ | १,३६५.०० |
| जम्मा नेपालमा सस्तो | १२.३२ | १५.७१ | | १३.०४ | (४१.९४) | (९१.५६) |

*नोट: पेट्रोल तथा डिजेलको सन्दर्भमा रक्सौल तथा बरौनीबाट काठमाडौँको लागि आयातित परिमाणको आधारमा सबै मूल्य शिर्षकहरुको औसत भार मूल्य समावेश गरिएको*

*मट्टितेल तथा हवाई इन्धनको सन्दर्भमा रक्सौलबाट काठमाडौँ आयात गरिने स्टको आधारमा हुने मूल्य समावेश गरिएको*

*एल.पि.ग्यॉसको सन्दर्भमा बरौनी, हल्दिया, मथुरा, पारदिप तथा कर्णालबाट आयातित परिमाणको आधारमा सबै मूल्य शिर्षकहरुको औसत भार मूल्य समावेश गरिएको*

नेपाल आयल निगम लिमिटेड देशको एक मात्र पेट्रोलियम पदार्थ आयात गर्ने सरकारी स्वामित्व भएको संस्था हो । त्यसैले निगममा पेट्रोलियम पदार्थको आपूर्ति सहज तथा सरल बनाई राख्न सरकारी तर्फबाट मूल्य समायोजन प्रकृयालाई निरन्तरता दिनु आजको आवश्यकता हो ।

# संस्थागत सुशासनमा नेपाल आयल निगम

भगवती घिमिरे

## सुशासन

सुशासनलाई उत्तम किसिमको शासन र असल राज्य व्यवस्था भनि अर्थ लगाइएको पाईन्छ । सुशासनलाई विभिन्न विद्वानहरुले विभिन्न तरिकाले परिभाषित गरेका छन् । प्रशासनविद्हरुका दृष्टिमा प्रशासनिक अधिकारको समुचित प्रयोगलाई सुशासन मानेका छन् भने न्यायविद्हरुले न्यायिक अधिकारको समुचित प्रयोग गरी मानव अधिकारको सुरक्षालाई सुशासनको रुपमा लिने गरेका छन् । राजनीतिक क्षेत्रमा जनउत्तरदायी शासन व्यवस्था एवं स्वच्छ र जनमुखी सरकार स्थापना गर्नुलाई सुशासन मानिन्छ । व्यवस्थापनविद्हरुले छिटो, छरितो, चुस्त, दुरुस्त र पारदर्शी प्रशासनिक संयन्त्रको व्यवस्थापन गर्नुलाई सुशासनको संज्ञा दिएका छन् । त्यस्तै समाजशास्त्रीहरुले नैतिक मूल्य मान्यतालाई प्रवर्द्धन गर्दै भ्रष्टाचार रहित, पारदर्शी र स्वच्छ प्रशासन सञ्चालनलाई सुशासन मान्ने गरेको पाईन्छ ।

राज्यका तीन ओटै अंगहरु व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका अन्तर्गत स्थापित विभिन्न संघसंस्थाहरु पारदर्शी ढंगबाट अधिकारको समुचित प्रयोग गरी जनहित, जनकल्याण, सामाजिक न्याय र मानव अधिकारको प्रवर्द्धन हुने गरी स्वच्छ, उत्तरदायी, जनमुखी र जवाफदेही राज्यव्यवस्थाको स्थापना गर्न चाहिने समग्र क्रियाकलापहरुको समष्टिगत रुपलाई नै व्यापक अर्थमा सुशासन भन्न सकिन्छ ।

समग्रमा भन्नुपर्दा जनताको हित र कल्याणलाई सर्वोपरी ठानी पारदर्शी, सक्षम, सुदृढ, कुशल र विधिसम्मत प्रशासन सञ्चालन गर्ने एक प्रकारको प्रकृया वा पद्धतिलाई नै सुशासन भन्न सकिन्छ ।

## संस्थागत सुशासन

संस्था सञ्चालन गर्ने सम्बन्धमा अवलम्बन गरिने असल अभ्यासहरुको प्रकृयालाई संस्थागत सुशासन भनिन्छ । यो संस्थाको सफल सञ्चालनको लागि आवश्यक पर्ने प्रणाली र प्रकृयाको व्यवस्थित रुप हो । संगठनात्मक लक्ष्य तथा उद्देश्यहरु हासिल गर्नको लागि तोकिएको कानूनी तथा कार्यविधिगत पक्षमा रही सम्बन्धित सबै सरोकारवालाहरुलाई सन्तुष्टि दिने गरी व्यवसाय सञ्चालन गर्नु र कानूनी व्यवस्था तथा प्रकृया अनुरुप निर्देशन र नियन्त्रण प्रणाली स्थापित गरी त्यसलाई अवलम्बन गर्ने प्रकृया नै संस्थागत सुशासन हो । कुनै पनि संस्थाका नियन्त्रण तथा निर्देशन गर्ने प्रणालीको स्थापना गरी संस्थागत कार्य सम्पादनलाई छिटो, छरितो, चुस्त, दुरुस्त र पारदर्शी बनाउन संस्थागत सुशासनले मद्दत गर्दछ । संस्थागत सुशासनमा निम्न क्रियाकलापहरु मुख्य रुपमा पर्न आउँछन ।

- सञ्चालक समितिको काम कारबाही
- उच्च व्यवस्थापनको काम कारबाही
- जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण

- क्षतिपूर्ति प्रणाली
- संस्थागत संरचना

कुनैपनि संस्थाले आफ्नो संस्थालाई प्रभावकारी रुपमा सञ्चालन गर्दै संस्थागत सुशासन कायम राख्नका लागि निम्नअनुसारको विषयवस्तुलाई समेटेर आफ्ना क्रियाकलाप निर्धारण गर्नु आवश्यक हुन्छ ।

- संस्थाको दूरदृष्टि, लक्ष्य, कार्य योजना पारदर्शी राख्नुपर्ने,
- आन्तरिक नियन्त्रण प्रणालीको सफल कार्यान्वयन गर्नुपर्ने,
- कार्य जिम्मेवारी तथा जवाफदेहिताको स्पष्ट व्यवस्था गरिनुपर्ने
- सम्पूर्ण सरोकारवालाहरुको हकहितलाई मान्यता प्रदान गर्नुपर्ने,
- यथार्थ वित्तीय अवस्थाको सूचना प्रवाह गर्नुपर्ने,
- समयमै लेखापरीक्षण गरी प्रतिवेदन सार्वजनिक गरिनुपर्ने,
- सञ्चालक समितिद्वारा व्यवस्थापनलाई निरन्तर रुपमा मार्गदर्शन गरिनुपर्ने,
- नीति नियमका परिपालनाबारे सम्बन्धित निकायले अनुगमन गर्नुपर्ने ।

**नेपाल आयल निगम**

पेट्रोलियम पदार्थको आपूर्ति, भण्डारण तथा विक्री वितरण गर्ने उद्देश्यले प्राईभेट लिमिटेड कम्पनीको रुपमा वि.सं. २०२७ साल पौष २६ गते नेपाल आयल निगम लिमिटेडको स्थापना भई वि.सं. २०३३ साल साउन ६ गते नेपाल आयल निगम लिमिटेड पब्लिक कम्पनीमा परिणत भएको थियो । स्थापना हुदाँको बखत निगमको अधिकृत पूँजी १ करोड रुपैयाँ र चुक्ता पूँजी १० लाख रहेको थियो भने विभिन्न समयमा वृद्धि हुँदै हालसम्म ३० अर्ब रुपैयाँ अधिकृत पूँजी र २९ करोड २३ लाख ९५ हजार ७ सय चुक्ता पूँजी हुन पुगेको छ । निगमले वार्षिक करिव १ खर्व ७० अर्ब रुपैयाँ भन्दा बढी रकमको पेट्रोलियम पदार्थको कारोबार गर्दै आएको छ । पेट्रोलियम पदार्थको खपतमा वर्षेनी १५ देखि २० प्रतिशतको दरले वृद्धि भइरहेको छ । निगमले नेपाल सरकारलाई पेट्रोलियम पदार्थको पैठारी गरे बापत वार्षिक करिब ५० अर्व रुपैयाँ राजश्व भुक्तानी गर्दै आइरहेको छ ।

**नेपाल आयल निगममा सुशासनको आवश्यकता**

- प्रशासनिक दक्षता अभिवृद्धिमा जोड दिन
- उत्तरदायित्वमा सुनिश्चितता प्रदान गर्न
- भ्रष्टाचार नियन्त्रण गर्न
- E- governanceको प्रयोगद्वारा पारदर्शी, छिटोछरितो लाभ व्यवस्थापन गर्न र पिछडिएका वर्ग, क्षेत्र, जाति, समुदायको सेवामा जोड दिन ।

**निगमद्वारा सुशासनको लागि गरिएका प्रयासहरु**

- सूचनाको प्रवाह राम्रोसँग होस् र कुनैपनि सेवाग्राही काम वा सेवा लिन आउँदा अलमल नहुन भन्ने अवधारणालाई आत्मसात् गरी निगम हाता भित्र नागरिक वडापत्रको स्थापना गरेको छ ।
- पेट्रोलियम पदार्थबाट हुने प्रदूषण कम गर्न निगमले प्रत्येक १ लिटर पेट्रोलियम पदार्थ बापत ५० पैसा प्रदूषण नियन्त्रण शुल्कको रुपमा नेपाल सरकारलाई लामो समयदेखि तिरी रहेको छ ।
- निगमले विक्री वितरण गरिरहेको पेट्रोलियम पदार्थको आपूर्ति वितरण सम्वन्धी जानकारी जनतालाई पूर्ण रुपमा दिनको लागि आफ्नोWebsiteस्थापना गरी प्रत्येक पेट्रोलियम पदार्थको मूल्यसूची र निगमसँग सम्बन्धित अन्य महत्वपूर्ण जानकारीहरु राखेको छ ।
- जनचासोका विषयमा निगमका उच्च पदस्थ कर्मचारी तथा व्यवस्थापकहरु प्रत्यक्ष रुपमा सार्वजनिक कार्यक्रममा भाग लिई जनताहरुको जिज्ञासाहरुको उत्तर दिइने गरिएको छ ।
- पेट्रोलियम पदार्थको ढुवानीको क्रममा हुने चुहावट नियन्त्रण गर्न टैंकट्रकमा सेक्युरिटी लकिङ्ग सिस्टम जडान गरिएको छ ।
- निगमले विभिन्न विषयमा निर्णय लिंदा जनसहभागिताको आधारमा गर्ने गरेको पाईन्छ । उपभोक्ता मञ्च, उद्योग वाणिज्य महासंघ, ढुवानीकर्ता, पेट्रोलियम डिलर्स एसोशियसन, कर्मचारी युनीयनहरु आदिलाई प्रत्यक्ष सहभागी गराइ छलफल पछि जनताको हित हुने निर्णय गरिन्छ ।

**सुशासन प्रवर्द्धनको लागि निगमले भविष्यमा गर्नुपर्ने कार्यहरु**

- निगमका नीति, नियम, विनियमावली र कार्यविधिहरु समयानूल परिमार्जन गरी समग्र दस्तावेजहरु निगमको Websiteमा राखिनुपर्छ ।
- बजेट तथा कार्यक्रममा निर्धारित विभिन्न कार्ययोजनाहरु समयमा सम्पन्न भए नभएको अध्ययन गर्ने तथा कार्यान्वयनमा देखिएका त्रुटी र समस्या समाधानको लागि अनिवार्य रुपमा चौमासिक तथा वार्षिक समीक्षा सुपरिवेक्षण, अनुगमन, कार्य प्रगतिको मूल्याङ्कन प्रतिवेदन सञ्चालक समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था मिलाउनुपर्छ ।
- निगमको लागि आवश्यक दक्ष प्राविधिक तथा आर्थिक परामर्शदाता नियुक्त गरिनुपर्छ ।
- निगमको भौतिक सम्पत्तिको संरक्षण तथा अधिकतम उपयोगका लागि आवश्यक कदम चालिनु पर्छ ।
- कर्मचारीको सेवा सुविधा सम्बन्धमा विनियममा भएका व्यवस्थाहरुलाई समयानुकूल परिमार्जन गर्दै लगिनु पर्छ ।
- मूल्य स्थिरीकरण कोषको प्रयोग गरी पेट्रोलियम पदार्थको विक्री मूल्यमा स्वचालित प्रणालीको कार्यान्वयनलाई निरन्तरता दिनु पर्ने र निगमलाई व्यावसायिक तथा आर्थिक रुपमा आत्मनिर्भर बनाउँदै लगिनुपर्छ ।

- आफ्नो देशको सम्भाव्य तेल खानी तथा ग्यासको अन्वेषण गरी निगमले आत्मनिर्भरता अभियानमा सहभागिता जनाउने छ ।

नेपाल आयल निगम पेट्रोलियम पदार्थको कारोबार गर्ने एकाधिकार प्राप्त सार्वजनिक संस्था हो, त्यसैले निगममा सुशासनको महत्व अनिवार्य रुपमा रहन्छ । सुशासन प्रकृया सुधारको अवधारणा हो । सुशासनले सर्वसाधारण माझ विश्वासको वातावरण सिर्जना गर्न विशेष भूमिका निर्वाह गर्दछ ।

**सन्दर्भ सामग्री :**

- निगमबाट प्रकाशित भएका प्रभातहरु
- निगमसँग सम्बन्धित विभिन्न पुस्तक तथा म्यागिजनहरु

# निगमको जनसम्पर्क र सूचना प्रक्रिया

रश्मी कुमारी गिरी

प्रत्येक संस्थाले आफुलाई आमजनता समक्ष स्पष्ट राख्ने हो भने राम्रो जनसम्पर्क र पारदर्शी सूचना प्रणालीलाई सक्रिय बनाउनु पर्दछ । यसरी आफुले गरेको हरेक क्रियाकलापलाई आमजनता सामु प्रस्तुत गरियो भने त्यस संस्थामा कुनै किसिमको लान्छना, आरोप प्रत्यारोप लाग्ने गर्दैन । त्यसैले हरेक संस्थामा जनसम्पर्क र सूचना प्रक्रियालाई चूस्त दुरुस्त राख्नु पर्दछ ।

नेपाल आयल निगमले यस कुरालाई अंगीकार गरेर जनसम्पर्क र सूचना प्रणालीलाई व्यवस्थित रुपमा अगाडि बढाएको छ । निगमले आफ्नो website निर्माण गरी त्यसमा निगमका दैनिक क्रियाकलाप, सूचना, निगमले आव्हान गरेको टेण्डर, विक्रेता विनियमावली, एल.पि.ग्यास विनियमावली, आर्थिक प्रशासन तथा खरीद विनियमावली, पेट्रोलियम पदार्थ ढुवानी विनियमावली, पेट्रोलियम पदार्थ गुणस्तर नियन्त्रण विनियमावली, कर्मचारी प्रशासन विनियमावली, निगमले गरेको हरेक गतिविधिका तस्बीर, निगमको वार्षिक प्रतिवेदन, निगमले १५/१५ दिनमा स्वचालित मूल्य मार्फत तयार गरेको पेट्रोलियम पदार्थको मूल्य, गुगल म्यापमा निगमका डिपो देखिने गरी गुगल म्याप समेत बनाइएको, दैनिक स्टक, निगमको सांगठनिक संरचना, निगम संचालक समितिको संरचना,लोकसेवा आयोग मार्फत खुला प्रतिस्पर्धा वा आन्तरिक प्रतिस्पर्धाको विज्ञापनको सूचना र रिजल्ट लगायतका हरेक आफ्नो क्रियाकलापलाई यसरी जहज तरिकाले आमजनता समक्ष पुग्ने गरी आफुलाई जनसम्पर्क प्रणालीसंग जोडेको छ । यसका अलावा पनि निगमले आम जनतालाई सहज होस भनीजनसरोकारका विषयहरुलाई जनता सामु पुर्याउन प्रेस विज्ञप्ति जारी गरी आफ्नो Website मा राख्ने गरेको छ । निगमको वार्षिक प्रतिवेदन र निगमले पेट्रोलियम पदार्थको आयात निर्यात गरेको विवरण, पेट्रोलियम पदार्थको नाफा घाटा, पेट्रलियम पदार्थको बोडर मूल्य, प्रदेश अनुसार विक्रेताको विवरण र प्रदेश र रुट अनुसार टैंक ट्रकको विवरण समेत निगमले आफ्नो Website मा राखेको छ । बेलायतबाट प्रारम्भ भएको वडापत्रको अवधारणलाई कार्यरुपमा ल्याई ग्राहकहरु प्रतिको दायित्व पूरा गर्दै आएको छ । भने प्रवक्ताको व्यवस्था गरी सो माध्यमबाट संचारजगतले मागेका सूचना प्रवाहित गर्दै आएको छ,निगमले जनतालाई सहजहोस भनी निगममा नागरिक वडापत्रको र सूचना अधिकारीको व्यवस्था गरिएको छ । अहिले केही वाहेकका पत्रपत्रिका, एफ एम् र अनलाईहरुमा संस्थाको नकारात्कम टिका टिप्पणी घटेको छ । सूचना पद्धतिको यो पहिलो उपलब्धि हो भनेप्रत्येक ३ महिनामा प्रकाशनमा आउने निगम बुलेटिनले पनि पारदर्शी रुपमा सूचना प्रवाह गरिरहेको छ । त्यसैले पाइपलाइनको निर्माणदेखि पेट्रोलियम पदार्थ ओसार्ने टैंकट्रकमा शुरु गरिएको लकिङ्ग प्रणालीको आम संचार माध्यमले प्रशंसा गरेका छन् । त्यति मात्र नभएर निगमले हरेक महिनामा अन्तराष्ट्रिय बजार मूल्य अनुसार पेट्रोलियम पदार्थको मूल्यमा स्वचालित प्रणाली लागुगरी त्यसलाई कार्यान्वयमा ल्यएको छ । जो हरेक महिनाको १ तारिख र १६ तारिखमा अन्तराष्ट्रिय बजार अनुसार पेट्रोलियम पदार्थको मूल्य बढेमा बढ्ने र घटेमा घट्ने गरेको छ जसको कारणले निगमको छवि समेत राम्रो बन्न गएको छ ।

विशुद्ध कारोबार गर्ने संस्थाले आफ्ना गतिविधिहरु लुकाउनु पर्दैन, उल्टै खुलाकिताब जस्तो राख्नु पर्दछ। यस पक्षमा नेपाल आयल निगम सधैं सजग र सक्रिय छ। एकातिर आमजनातामा सूचना प्रवाहित गर्न विभिन्न प्रकाशन जनसमक्ष ल्याएको छ भने आफ्नो वेभसाइट मार्फत आधावधिक सूचना प्रवाहित गरिरहेको छ।

पेट्रोलियम पदार्थको आपूर्ति र विक्री वितरण गर्ने कार्यले मात्र निगमको दायित्व पूरा हुँदैन यसले ग्राहकहरुको माग पूरा गर्नुका साथै उचित मूल्यमा र गुणस्तरीय पेट्रोलियम पदार्थ उपलब्ध गराउनु पनि हो त्यसका लागि आवश्यक अनुगमन र गुणस्तर नियन्त्रणका प्रयास अगाडि बढाएको छ। आधुनिक प्रयोगशाला मार्फत पेट्रोलियम पदार्थको गुणस्तरको विश्लेषण गरिन्छ र टैंक-ट्रकमा वा पेट्रोल पम्पले ग्राहकलाई नोक्सान पुर्‍याउने गरी मिसावट गरेमा उचित दण्डको प्रावधान राखिएको छ। बदमासी गरी अनुचित लाभ खोज्नेलाई यसले घाटा पुर्‍याएको छ। भविष्यमा अझ स्तरीय प्रणाली कार्यान्वयनमा ल्याउने प्रयासमा निगम रहेको छ।

निगमले सरकारको अवधारण र निर्णय अनुसार बुझाउदै आएको राजस्व उल्लेखनीय रुपमा बढ्दैगएको छ। साथै निगमले आफ्ना ग्रहाकहरुलाई आवश्यक जानकारी दिने कुरामा निगमका कर्मचारीहरु निरन्तर लागेका छन्। यस्ता जनसम्पर्कद्धारा ग्राहकहरुमा संस्थानप्रतिको धारणामा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ।

निगमले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान दिनै आएको कुरा विभिन्न सूचना माध्ययमद्धारा प्रवाहित गरिदै आएको छ, ता पनि एक पल्ले मात्र व्यापकता नपाउने हुँदा समय समयमा प्रकाशनमा ल्याउनु आवश्यक छ। जस्तै बुढीगण्डकी जलविद्युतका लागि निगमको योगदान ६३ अर्ब पुगिसकेको कुरा धेरैलाई थाहा नहुन सक्छ त्यसै गरी निगमले आयात गर्ने पेट्रोलियम पदार्थका कारणले प्रदुषण हुने भएकोले निगमले सरकारलाई प्रदूषण कर समेत दिदै आएको छ। यस्ता कुरा वेला वेलामा आमजनमाजस समक्ष प्रकाशनमा ल्याइउनु पर्दछ।

त्यस्तै राष्ट्रिय अर्थ तन्त्रमा निगमले उल्लेखनीय योगदान पुऱ्याउदै आएको छ। संघीयताको मर्म अनुसार निगमले आफुलाई परिवर्तन र परिमार्जन गर्दै लगेको छ। यस्ता कुराई पनि सातै प्रदेशका उपभोक्ता र आमजनता समक्ष पुर्‍उन सूचना प्रणालीलाई अझै सशक्त र व्यापक बनाउदै लैजानु आवश्यक छ, भने ग्राहक प्रतिको व्यवहार पनि सौम्य बनाई आत्मीयतापूर्ण राख्नु पर्दछ। यस अर्थमा निगम पछाडि परेको छैन र भविष्यमा थप योगदान गर्ने छ यसका लागि चाहिन्छ भने सूचना प्रणाली र जनसम्पर्क जस्ता विषयमा विज्ञहरुबाट तालिमको व्यवस्था गर्न सकिन्छ। निगमको सूचना प्रक्रिया र जनसर्म्पक लाई सुदृढ बनाउदै जान सके निगमकै हित हुने छ र आमजनतामा सकारात्मक अवधारणा विकसित हुनेछ।

# सार्वजानिक संस्थानमा लोकसेवाको सिद्धान्तले पार्ने प्रभावहरु

✍श्यामकृष्ण महर्जन

सरकारको पूर्ण स्वामित्व वा आंशिक स्वामित्वमा रहेको सार्वजनिक संस्थानहरू कतिपय लोप भएर गए भने कतिपय जीवनमरणको दोसाँधमा छन् । थोरैमात्र मुनाफामा संचालित छन् । बजारमा एकाधिकार व्यवसाय संचालन गर्दा सफल देखिएका सरकारी संस्थानले बदलिँदो विश्व अर्थव्यवस्थामा निजी क्षेत्रसँग प्रतिस्पर्धा गरेर अगाडि बढन सकेको देखिएन । नेपालमा २०४६ सालको परिवर्तनसँगै सुरुभएको बजारमुखी खुला अर्थव्यवस्थाका कारण सार्वजनिक संस्थानहरु घाटामा जान थालेपछि सरकारलाई परेको वित्तीय तथा प्रशासनिक भार कम गर्न २०५० सालमा निजीरकरण ऐन जारी भयो । निजीकरण ऐन अनुसार सरकारले ३० वटा संस्थानलाई विभिन्न किसिमले निजीकरण गरिसकेका छन् ।

तीमध्ये अधिकांश संस्थानहरु आज अस्तित्वमा समेत रहन सकेका छैनन् । निजीकरणले मात्र अपेक्षित सफलता पाउन नसकेपछि सार्वजनिक संस्थानको सुधारका उपायहरु पहिचान गर्न विभिन्न आयोग र समिति समेत बनाइयो । यस्ता आयोग र समितिले दिएका सुझाव केलाउँदा **"राजनीतिकरणबाट मुक्त नगरिएसम्म संस्थानहरू उँभो लाग्न नसक्ने "** निष्कर्ष निकालिएको देखिन्छ । नेपाल आयल निगममा समेत उच्चस्तरीय संसदीय समिति वनाइयो । उक्त समिमिले समेत १) राजनीतिक करणबाट मुक्त गर्ने २) व्यवस्थापन सुधार गर्ने ३) संचालक समितिको वनावट पूर्ननिर्माण गरिनु पर्ने साथै निमगको हरेक भौतिक तथा नीतिगत संरचनाहरुको Restructureगर्नु पर्ने आदि उल्लेख गरेका छन् । सार्वजनिक संस्थानलाई राजनीतिकरणबाट मुक्त गरेर नाफामा संचालन गर्न दिइएका मुख्य सुझावमध्ये पहिलो सार्वजनिक संस्थामा हुने अनियमित खरीद प्रक्रियालाई नियन्त्रण गरी पारदर्शी, प्रतिस्पर्धी, स्वच्छ एवं इमानदारी कायम गर्नु र दोस्रो, त्यहाँ हुने कर्मचारीको नियुक्ति प्रक्रिया नियन्त्रण गरेर कार्यकर्ता भर्तीकेन्द्र हुनबाट बचाउनु पर्ने रहेका थिए ।

पहिलो समस्या समाधानको लागि नेपाल सरकारले २०६३ सालमा सार्वजनिक खरीद ऐन जारी गरेर नियन्त्रणको प्रयासको सुरु गऱ्यो । यो ऐन जारी गरेर सबै सार्वजनिक संस्थानलाई खरिदको लागि एउटै नियम लागु गर्दा बजारमा एकलौटी व्यापार गर्ने संस्थालाई त खासै फरक परेन तर बजारमा निजी र बहुराष्ट्रिय कम्पनीसँग प्रतिस्पर्धा गर्नुपर्ने, प्रविधि परिवर्तनका कारण तत्काल निर्णय परिवर्तन गर्नुपर्ने प्रकृतिका वायु सेवा, टेलिकमजस्ता संस्थानमा भने प्रतिकूल प्रभाव परेको देखियो । केही समयअघि विद्युत् प्राधिकरणले लेड बल्ब खरिदका लागि सोझै मन्त्रिपरिषद्धमा प्रस्ताव लगेको प्रसंग खुब चर्चामा थियो । त्यसो हुनुको मुख्य कारण भने सार्वजनिक खरीद ऐनका प्रावधान थिए ।

सार्वजनिक संस्थानका विकृतिलाई हटाउने नाममा सवैलाई एउटै बास्केटमा हालेर एकै प्रकारको नियम लगाउँदा नियमन गर्ने निकायलाई सहज हुने तर बहुराष्ट्रिय कम्पनीसँग प्रतिस्पर्धा गर्ने संस्थानको उत्पादकत्वमा ह्रास आउने देखियो । यिनै कारणले गर्दा सरकारले सार्वजनिक खरीद ऐनमा केही संशोधन

गरेर फरक प्रकृतिका केही संस्थानलाई खरीद प्रकृया खुकुलो पारिएको छ । यसबाट सार्वजनिक संस्थानको कार्य प्रकृतिअनुसार केही प्रावधान पृथक पृथकरूपमा हुनुपर्ने रहेछ भन्ने देखिन्छ ।

सार्वजनिक संस्थान सुधारका लागि गर्नुपर्ने दोस्रो कामका रूपमा सार्वजनिक संस्थानमा जथाभावी कर्मचारी भर्तीमा नियन्त्रण गर्न नेपालको संविधानको धारा २४३ मा संगठित संस्थानको पदपूर्तिका लागि लिइने लिखित परीक्षा लोकसेवा आयोगले सञ्चालन गर्नेछ भन्ने व्यवस्था गरिएको छ । संविधानले प्रदान गरेको यो अधिकारका कारणले गर्दा अब सार्वजनिक संस्था कुनै राजनीतिक दलको भर्तीकेन्द्र हुने खतराबाट जोगिएका छन् । कर्मचारी नियुक्तिमा हुने पारदर्शिता र निस्पक्षताका कारणले अब सर्वसाधारण जनताका छोराछोरीले निर्बाधरूपमा सार्वजनिक संस्थानमा नियुक्तिको अवसर पाउन सक्छन् ।

कर्मचारी नियुक्तिमा पारदर्शिता भएर मात्र पुग्दैन । कर्मचारीको सेवाका सर्त, त्यस्तो सेवाको पदमा बढुवा र कर्मचारीलाई विभागीय कारबाही गर्दा स्वच्छता, समानता, निष्पक्षता तथा एकरुपता कायम गरेर संस्थाको प्रशासनलाई सक्षम, सुदृढ, सेवामूलक तथा विश्वसनीय बनाउनु पनि आवश्यक हुन्छ । यसै विषयलाई महसुस गरेर हालै लोक सेवा आयोगले नेपालको संविधानको धारा २४३ को उपधारा (४) र लोक सेवा आयोग ऐन, २०६६ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी सामान्य सिद्धान्त बनाएर जारी गरेको छ । तर, लोकसेवाले जारी गरेको यो सिद्धान्तलाई सबै संस्थामा यथावत् लागु गर्दा समस्याको समाधान होला कि निश्चित प्रकारका संस्थामा यसले प्रतिकूल प्रभाव पार्ला भन्नेतर्फ भने आयोगले ध्यान पुऱ्याएको देखिएन ।

सार्वजनिक संस्थानले आफ्नो संस्थाका कर्मचारीको लागि लागुगरेको विनियमावलीमा आफ्नो संस्थानको दरबन्दी र कार्यरत कर्मचारीको अवस्था अनुसार बढुवा र वृत्ति विकासका लागि अवलम्बन गरेका नीति फरक फरक छन । बढुवा र वृत्ति विकास भनेको नयाँ कर्मचारी नियुक्ति गर्नुभन्दा फरक विषय हो । संस्थानको दरबन्दी संरचनादेखि संस्थाको आर्थिक सबलताका आधारमा यस्ता व्यवस्था फरकफरक हुनसक्छन् । कतिपय संस्थानमा कर्मचारीको संख्या धेरै भएको हुदाँ स्वेच्छिक अवकाश दिएर कर्मचारी घटाउनुपर्ने अवस्था छ । कतिपयमा संस्थामा नयाँ विज्ञापन गर्ने हैन भएकै जनशक्ति पनि कटौती गर्नुपर्ने अवस्था छ । कतिपयमा स्वीकृत दरबन्दी र कार्यरत कर्मचारी संख्या बरावर भएकोले बढुवाका लागि एउटा पनि पद रिक्त छैन ।

कृषि विकास बैङ्क, नेपाल टेलिकमजस्ता संस्थान रणनीतिक साझेदार भित्र्याउन चरणमा छन । यस्तो अवस्थामा आफ्ना कर्मचारीलाई आन्तरिकरूपमा प्रोत्साहन गर्न वा समायोजन गर्न ती संस्थानलाई सिद्धान्तको एकरूपताको नाममा बन्देज गर्ने हो भने यी संस्थानको अधोगति हुने निश्चित हुन्छ । यसको जिम्मेवारीमा लोकसेवाको पनि नाम जोडिने अवस्था आउन सक्छ । कर्मचारीले आफू कार्यरत संस्थामा बढुवा वा बृत्तिविकासको अवसर देखेनन् भने अन्यत्र स्थानान्तरण हुने अवसरको खोजीमा रहनु स्वाभाविकै हो । प्राय बैङ्किग क्षेत्रमा यस्तो प्रवृत्ति बढी छ ।

लोकसेवाले हालै जारी गरेको सिद्धान्तका केही प्रावधानले निजी क्षेत्रसँग प्रतिस्पर्धामा रहेका संस्थानका कर्मचारीलाई निराश बनाउन सक्ने देखिन्छ । नियुक्ति देखि कार्वाहीसम्मको हममा यस सिद्धान्त महत्वपूर्ण मानिएता पनि मौद्रिक प्रोत्साहनको लागि भने निजामती सरह उपयुक्त रहन्न । यसले संस्थानको स्वयत्तता भन्ने विषयनै हराउने खतरा बढी देखिएको पाईन्छ । कुनै सार्वजानिक संस्थानमा वर्षमा २ पटक बढुवाको विज्ञापन खुलाएको होलान् तर वर्षमा २ पटक बढुवा हुने पक्कै होइन होला । सार्वजनिक संस्थानलाई त्यहाँका कर्मचारीले बढी सुविधा उपभोग गरेका छन् भन्ने पूर्वाग्रही नजरले हेरेर नियमन गर्ने अधिकार छ भन्दैमा सवैलाई एउटै नियम लगाउने हो भने कतिपय सार्वजनिक संस्थानले प्रतिस्पर्धी बजारमा आफ्ना अनुभवी कर्मचारी जोगाई राख्न असम्भव हुनेछ । लोकसेवा आयोग ऐन, २०६६ को दफा १६ (२) मा आयोगले सार्वजनिक संस्थानको हकमा सामान्य सिद्धान्त निर्धारण गर्दा समान वा पृथक पृथकरूपमा लागु हुने गरी निर्धारण गर्न सक्नेछ भन्ने लेखिनुनै विधायिकी मनसाय पनि यही नै हो ।

धेरैजसो सार्वजनिक संस्थानका प्रमुख नेपाल सरकारबाट नियुक्ति हुने हुँदा ती प्रमुखहरू सरकार वा संवैधानिक निकायका निर्णयमा प्रश्न उठाउनुभन्दा सहज लागु गर्न तयार हुन्छन् । यस्तो अवस्थामा ती सार्वजनिक संस्थानका कर्मचारीको मनोबल खस्कन नदिन लोकसेवा आयोगले आफैँ कार्य प्रकृति फरक भएका संस्थाको पहिचान गर्नु आवश्यक छ । आयोगले फरक प्रकृतिका संस्थालाई प्रतिस्पर्धी बजारमा उत्कृष्ट रहन प्रोत्साहन गर्ने नीति लिनुभन्दा हस्तक्षेपकारी नीति अवलम्बन गर्ने हो र संस्थानका प्रमुखहरू आफ्ना उद्देश्य र कार्यप्रकृतितर्फ ध्यान नदिएर निजामतीसरहको नियम कानुन लागु गर्न अग्रसर हुने हो भने यसको प्रतिकूल प्रभाव भविष्यमा अझ बढी देखिनेछ ।

# Electric Kitchen: The Cleaner Alternative to LPG

✍ Sandeep Rimal

LPG has always been a subject to worry whenever the news of strikes, natural calamities and disasters sparkle in the media. Essence of every kitchen; LPG has been playing significant role to ease the life style of consumers from urban cities to rural villages.

Technology has been changing at an exponential speed. Technological advancements has established and outdated discoveries in no time. LPG used to be a subject of pride and the consumerism was limited to elites & expats during the early days of its introduction. Nepal Gas Industries was the very first company established in 2028 BS which then introduced the cleaner cooking alternative to traditional solid fuels (woods and manures). Solid fuel (woods and manures) which are still prevalent in rural villages has direct substantial effects upon the health of users as well as the ecology and environment.

No doubt at the time of its introduction LPG played a significant role in improving the life standard of consumers and also conserved ecology and environment; but it has been a question now, is LPG the best alternative for cooking?

No doubt LPG played a significant role in improving the life standard of consumers and conserved ecology and environment at the time of its inception. However, the question still remains, is LPG the best cooking alternative?

Considering the present economic scenario, petroleum being the biggest import of Nepal and which is also posing as the major reason for trade deficit of the nation. In FY 2074/075 Nepal Imported petroleum worth Nrs. 1.3 Billion, of which Nrs. 300 Million for the LPG alone. Of the total consumption almost 50% of LPG is used in domestic cooking. [1]

LPG was an obvious choice when better alternatives to cooking were not available. In the past couple of decades LPG has been able to penetrate the market in every region of the nation. LPG has helped to foster tourism in remote hills and mountains contributing to lower carbon impact. One of the major reasons for market expansion of LPG is portability. LPG has now reached to Tilicho being carried on mules' back. Similarly LPG is available in the most remote region too.

[1]Prof. Dr. Amritman Nakarmi, विद्युतिय भान्सा अवको आवश्यकता,www.energynewsnepal.com

**Electricity the Future:**

Despite of immense potentials, hydropower is still struggling for its development. The national production lags behind to meet the demand. Thanks to the better management of Nepal Electricity Authority (NEA), it has been able to meet the demand by increasing import and optimizing the performance. Technological advancement has enhanced the efficiency of household utilities. Smarter and efficient equipment are available at reasonable price resulting in increased access to electrical alternatives.

No longer than 3 years ago, NEA used to make public appeal during festive seasons requesting the minimal use of electricity during peak hours. But the scenario has changed todayas NEA been successful to relieve the consumers from the burden of load shedding and ensuring the balance of consumption as per demand. NEA has strengthened its capacity and been able to handle demand during the peak hours too. This has also raised a new agenda of electric kitchen. LPG is slightly costlier than the electricity in domestic use. LPG is country’s one of the major imports which causes an unfair trade deficit. Even from the economic perspective, fossil fuel is an unproductive investment and environmentally hazardous.

NEA has projected the excess generation of electricity, once the ongoing major national priority hydropower projects are completed. In such situation, it will be another challenge for NEA to consume the electricity that is why the price may decrease and the consumption will increase. If the projections turn into reality, NEA will be challenged on its strategies to find ways to increase and modify the household consumption pattern. Definitely, the decrease in price will cause a surge in consumption. In such prospect, electric cooking will be a better alternative for all households.

Even at the present scenario, Electricity is enhancing lifestyle in many ways. Beyond lighting up the world, it has shown many potential ways to enhance lifestyle. Automation has made our life easier. Undoubtedly, electricity is the future of our energy.

**Why Electric Kitchen?**


Electrical cooking system is a onetime investment and requires no handling as compared to LPG cylinders. In today’s busy schedule, everyone is looking for an easy alternative, so, no doubt, electric kitchen will a sure shot hit the market. Electrical cooking is much safer and requires less technical knowhow as compared to LPG cylinders. Mishandling of LPG cylinders has caused fatal accidents and cost many lives. To a responsible citizen, low carbon emission makes a bigger impact. With the increased in global warming, environment conservation has

been an essential topic of discussion everywhere. Even the countries with piles of fossil fuel resources are switching to a cleaner form of energy, In such context, LPG should not be an option as far as possible.


Mountains have been a major reason for tourist attraction in Nepal, greenhouse gases has cause temperature to rise resulting in melting of snow. Nepal should be responsible and try to drag attention from outside too. Government should specially focus starting from remote area where people are about to switch to LPG. Special government aided programs should be carried out to encourage users by increasing access on electric kitchen on such areas where people are LPG is about to penetrate. Now the federal structure government should plan on various stages to phase out LPG by means electricity.

**Nepal's Energy Consumption on Household Level**


As per the WHO Household Energy Database 2010, different energy types used for cooking in rural and urban areas is as follows:




Source: WHO Household Energy Database 2010




Source: WHO Household Energy Database 2010




Electricity has become the prime source of lighting for Nepalese households as 80.0 percent of the households are using electricity. Firewood is still a major source of fuel in Nepal for cooking as more than half (59.3%) are using it (Table 5.11). However, the use of firewood is in a declining trend as seen in the AHS II and NLSS II and Census 2011 (Box 5.1). By quintile groups firewood is still used for cooking by more than 70 percent households in the first three quintiles (Figure 5.1). Use of LPG gas has exponentially increased in the past decade especially in urban areas. It is found as the second most used cooking source in Nepal (25.8%) and the topmost cooking source in urban area (58.5%). For obvious reasons, LPG gas is more used by richer quintiles than the poorest with the ratio (64:1).[2]

[2]ANNUAL HOUSEHOLD SURVEY 2014/15 CBS Nepal

# निगममा व्यवस्थापन परीक्षणको सन्दर्भ र उपयोगिता

✍ दिपा शर्मा

व्यवस्थापन भित्र रकम, कलमको खर्च कसरी, के कार्यका लागि भयो भनी लेखा परीक्षण , त्यसका लागि कर्मचारी व्यवस्था के कस्तो भयो भनी प्रशासकीय परीक्षण ,त्यो कार्यको ( Process) र गुणस्तर (Quality) का लागि गुणस्तर परीक्षण वा प्रविधिक परीक्षण र त्यस कार्यबाट समाजमा, राष्ट्रमा के कस्तो प्रभाव पऱ्यो भनी गरिने परीक्षणलाई सामाजिक परीक्षण (Social Audit ) भनिन्छ। यी सबैको समष्टि रुप नै व्यवस्थापन परीक्षण( Management Audit) हो।

**व्यवस्थापन परीक्षण** = **सामाजिक परीक्षण** + **प्राविधिक परीक्षण** + **प्रशासनिक परीक्षण** + **लेखा परीक्षण**

यसमा योजना तर्जुमा, सङ्गठनात्मक व्यवस्था, समन्वय जनशक्ति परिचालन, गुणस्तर उत्पादन र सामाजिक प्रभाव समेतको परीक्षण गरिन्छ। त्यसैले भन्न सकिन्छ :

### व्यवस्थापन परीक्षण (Management Audit )

व्यवस्थापन परीक्षणले व्यवस्थापकीय समस्या, कमी कमजोरी पत्ता लगाई तिनलाई हटाउन उपयुक्त उपायहरुको समायोजन गर्ने र सङ्गठनलाई गतिशीलता प्रदान गरी जनतालाई सुशासनको अनुभूति दिलाउनु हो।

असल व्यवस्थापनका मूल्याङ्कनका लागि तोकिएका मापदण्डहरुको प्रयोगद्वारा कुनै पनि निकायको साङ्गठनिक व्यवस्था र प्रशासनिक क्रियाकलापको लेखाजोखा गर्ने कार्य नै व्यवस्थापन परीक्षण हो।

व्यवस्थापन परीक्षण भन्नाले कुनै पनि सङ्गठनबाटसञ्चालित हरेक क्रियाकलापको प्रत्येक कार्यको योजना, नीति, कार्यनीति र सो सँग सम्बन्धित क्रियाकलापको विश्लेषण गर्न नचाहेका कमजोरी हटाउने, व्यवस्थापनले ध्यान पुऱ्याउनु पर्ने र ध्यान नपुऱ्याएका क्षेत्रमा गर्नुपर्ने कुराहरुको बारेमा समेत सुझाव पेश गर्दछ।

**व्यवस्थापन परीक्षण** ⇒

**=प्रत्येक क्रियाकलापको उद्देश्य, योजना, नीति, कार्यनीति र क्रियाकलापको विश्लेषण गर्नु,**
**=व्यवस्थापनमा देखिएका कमजोरी हटाउनु,**
**= व्यवस्थापनले ध्यान पुऱ्याउनु पर्ने क्षेत्रको पहिचान गर्नु**
**=व्यवस्थापनले ध्यान नपुऱ्याएका क्षेत्रमा गर्नुपर्ने कार्यको लागि सुझाव दिनु**

व्यवस्थापन परीक्षण भन्नाले सिर्जनात्मक खोजतलासबाट भविष्यको बाटो पहिल्याउनु हो । व्यवस्थापन परीक्षणले कुनै पनि सङ्गठनको सङ्गठनात्मक स्वरुप, योजना, उद्देश्य, कार्यविधि, साधनस्रोत (मानव, भौतिक र अन्य स्रोतका) वारेमा समेत विस्तृत रुपमा विश्लेषण एंव रचनात्मक जाँच पड्ताल गर्दछ ।

**नेपालमा व्यवस्थापन परीक्षणको थालनी**

नेपालमा २०५३ सालबाट सामान्य प्रशासन मन्त्रालयले शुरु गरेको, यसको प्रतिवेदन संसदको राज्य व्यवस्था समितिमा समेत छलफल भएको ।

लोकसेवा आयोगको कार्यक्षेत्रका विषयहरु वाहेक सामान्य प्रशासन मन्त्रालयले नेपाल सरकारका विभिन्न निकायहरुमा निजमती कर्मचारीहरुले प्रचलित कानुन तथा अन्य प्रशासकीय कानुन र कार्यविधिहरु पालना गरे नगरेको सम्वन्धमा सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन गरी निर्देशन दिन र त्यसरी सुपरीवेक्षण गर्दा कुनै निजामती कर्मचारी उपर विभागीय कारवाही गर्नु पर्ने देखिएमा सो समेत सिफारिस गर्न सक्नेछ र सोको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नेछ ।

**व्यवस्थापन परीक्षणका उद्देश्यहरु :**

१) नेपाल सरकारका विभिन्न निकायहरु, संवैधानिक निकायहरु, सार्वजनिक संघ - संस्थानहरुको व्यवस्थापन परीक्षण गर्ने कार्यमा एकरुपता कायम गरी यसलाई सरल र प्रभावकारी बनाउने,
२) उक्त निकायहरुमा हुने काम कारवाही प्रचलित कानुन बमोजिम भए नभएको परीक्षण गरी देखिएका कमीकमजोरीहरु, त्रुटी र अनियमिततालाई उजागर गर्नुको साथै आवश्यक सुझाव प्रस्तुत गर्ने
३) सङ्गठनका सबल र दुर्बल पक्षहरुको पहिचान गर्ने एंव दुर्बल पक्ष हटाउन आवश्यक उपाय समेत सिफारिस गर्ने
४) उपलब्ध स्रोत साधनको उच्चत्तम प्रयोग गरी संगठनमा गतिशीलता र प्रभावकारिता वृद्धि गर्ने
५) संगठनमा व्यवस्थापनको सम्पूर्ण तहको कार्य क्षमताको जाँच गर्ने,
६) विधिको शासन सञ्चालनमा सहयोग गरी सुशासनको अभिवृद्धि गराउने ।

**व्यवस्थापन परीक्षण अन्तर्गतका विषयहरु**

**सङ्गठनात्मक व्यवस्था**

यस अन्तर्गत सङ्गठन संरचनाको अवस्था कस्तो छ के उद्देश्य प्राप्तिको लागि यो आवश्यक र पर्याप्त छ सङ्गठनले उद्देश्य प्राप्त गर्न सही ढंगले कार्य गर्न सकेको छ, भविष्यमा यसमा के कस्तो सुधार अवश्यक छन् , व्यवस्थापन हालको संरचना प्रति सन्तुष्ट छ आदि विषय परीक्षण गरिन्छ ।

**कार्य सञ्चालन**

व्यवस्थापन परीक्षणको क्रममा कार्य सञ्चालन उद्देश्य अनुरुप भएको छ छैन, उपलब्धिको स्तर कस्तो रहेको छ। कार्य सञ्चालनमा सिर्जनशीलताको अवस्था कस्तो रहेको छ, जस्ता कुरालाई केलाउनु पर्दछ।

**कर्मचारी प्रशासन**

पद, व्यवस्था, पदपूर्ति, नियुक्ति, पदस्थापन, सरुवा, काज, बढुवा, कार्यसम्पादन, कायम मुकायम, विदेश अध्ययन, तालिम, दण्ड, पुरस्कारको अवस्था जस्ता विषय यस अन्तर्गत हेरिन्छ।

**कार्य प्रक्रिया**

संगठनमा हालको कार्यशैली पारदर्शी र सरल छ छैन, कार्य प्रक्रियामा एकरुपता छ छैन, परीक्षण अवधिमा प्रक्रिया सरलीकरण गर्नको लागि के कस्ता प्रयास भए, ती प्रयास पर्याप्त छन् छैनन्, भविष्यमा सुधार गर्ने क्षेत्र कुन-कुन हुन सक्दछन जस्ता विषयको परीक्षण गर्नु पर्दछ।

**अभिलेख व्यवस्थापन**

कार्यालयहरुमा राखिनु पर्ने अभिलेखलाई व्यवस्थितरुपमा राखिएको, नराखिएको परीक्षण गरी ती अभिलेखहरु चाहिएको समयमा प्राप्त गर्न सकिने नसकिने, अभिलेखको सुरक्षा व्यवस्था कस्तो रहेको जस्ता कुराहरु हेरिनु पर्दछ।

**सञ्चार व्यवस्थापन**

संस्थाले सम्वद्ध पक्षसंगको सञ्चारको अवस्था कस्तो रहेको, कार्यालयको आन्तरिक सञ्चार उपयुक्त किसिमको रहे नरहेको, सरोकारवालालाई दिईनुपर्ने सूचनाहरु दिने प्रक्रिया र माध्यम उपयुक्त भए नभएको, सुधारका लागि गरिएका प्रयासहरु पर्याप्त भए नभएको समेत परीक्षण गर्नुपर्दछ।

**कार्यालय व्यवस्थापन**

कार्यालयमा आन्तरिक र वाह्य गुनासो व्यवस्थापन गर्न अपनाइएका कदमहरु, सोमा परीक्षण अवधिमा गरिएका सुधारहरु, आगामी दिनमा गरिने सुधारको खाता समेत रहे नरहेको परीक्षण गर्नु पर्दछ।

**भण्डार व्यवस्थापन**

जिन्सी मालसामानको अभिलेखीकरण, प्रयोग, मर्मत सम्भारको अवस्था, आवश्यक सामानको पर्याप्तता भए नभएको, खरीद गरिएका सामानहरु मितव्ययी रहे नरहेको हेर्नु पर्दछ।

**वार्षिक कार्यक्रम र प्रगति**

वार्षिक लक्ष्य तय गरिएको छ छैन, सो प्राप्त गर्नको लागि राखिएको कार्यक्रम पर्याप्त छन् छैनन् , लक्ष्य अनुरुप प्रगति भएको छ  छैन, आगामी दिनमा लक्ष्य प्राप्त गर्न के कस्तो कदम चाल्नुपर्ने हो, सोको कार्य योजना छ छैन सो समेतको परीक्षण समेत गरिन्छ।

### व्यवस्थापन परीक्षणका पक्षहरु

#### वित्तीय व्यवस्थापन परीक्षण

यस अन्तर्गत बजेटको व्यवस्था, सो खर्च गर्नको लागि स्वीकृत कार्यक्रम, मितव्ययी ढङ्गको खर्च प्रक्रिया अवलम्वन गरिएको छ छैन, कार्यालयमा प्राप्त हुने आम्दानीको लेखा ठिक दुरुस्त छ छैन, खरीद, उपयोग र मौज्दात हिसाव  ठिक छ छैन सो समेत हेरिनु पर्दछ ।

#### आन्तरिक लेखा परीक्षण

यो कार्यालयको आन्तरिक लेखा प्रणाली हो । यसले कार्य चरणमा भएका गल्तीहरुलाई सच्याउने काम गर्दछ । आन्तरिक लेखा परीक्षणको अवस्था उपयुक्त रहे नरहेको, यसबाट औल्याइएका गल्ती कमी कमजोरी सच्याए, नसच्याएको, यस्तै प्रकृतिका कमजोरी दोहोरिएको छ, छैन सो लाई हेरिन्छ ।

#### कर्मचारी व्यवस्थापन परीक्षण

यस अन्तर्गत कर्मचारी दरबन्दी, सो अनुसारको पदपूर्ति, उनीहरुले कार्यालयमा  रहेको कार्यावधि, कर्मचारीको उपयुक्त खटनपटन भए नभएको हेरिनु पर्दछ ।

#### गुणस्तर तथा मान परीक्षण

सम्पादन गरिएका कामहरुको गुणस्तर र तोकिएको मापदण्ड अनुसार प्रगति हुनु पर्ने कुरा यसमा समेटिन्छ ।

#### योजना तथा आयोजनाको अनुगमन तथा मूल्याङ्कन

योजना तथा आयोजनको व्यवस्थापन परीक्षण गर्दा समयमा अनुगमन भए, नभएको, प्रक्रियात्मक सुधारमा ध्यान पुगेको छ छैन साथै कार्य सम्पादन पश्चात मूल्याङ्कन कसरी भएको छ सोलाई हेरिन्छ ।

#### जनताको भनाई र भावनाको परीक्षण

यस अर्न्तगत सेवा प्रवाह वा कार्य गर्दा सो प्रति सेवाग्राहीको कस्तो प्रतिक्रिया पाइयो सोको लेखाजोखा गरिन्छ ।

### व्यवस्थापन परीक्षण निर्देशिका

#### १) सङ्गठनको सिद्धान्तको जाँच (Checking of Organizational Principals)

- सङ्गठनको नीति,
- सङ्गगठनका वृहत योजना तथा उद्देश्यहरु,

- सङ्गठनको कार्य सुचारुरुपले गर्न र प्रभावकारी नतिजा प्राप्त गर्न आवश्यक पर्ने कुराहरु,
- सङ्गठनको ढाँचा,
- कर्मचारीको छनौट र विकास,
- समूहगत कार्यको व्यवस्थित प्रबन्ध,
- सञ्चार व्यवस्था,
- कार्यको दोहोरेपना

**२) नीति र व्यवहारको मूल्याङ्कन(Evaluation of Policies and Practices)**

- नीतिको उपयुक्तता र व्यावहारिकता
- नीतिको सीमा र सीमा निर्धारक तत्वहरु
- नीतिको परिचालनको अवस्था
- सङ्गठनको उद्देश्य र नीतिबीच तादात्म्यता
- सङ्गठनको कार्यक्रम र नीतिबीच घनिष्ठता
- नीतिको प्रभावकारिता

**नेपाल आयल निगममा व्यवस्थापन परीक्षणको महत्व :**

- योजना, प्रशासन तथा मानव संसाधन विभागलाई सशक्त वनाउँदछ ।
- निगमका सम्पूर्ण कार्यालयहरुमा व्यवस्थापकीय एकरुपता कायम हुन्छ ।
- निगम वा कार्यालयमा आफूले गरेको निर्णय र काम कारवहीको पूर्ण जिम्मेवारी आफैले बहन गर्नुपर्छ भन्ने जिम्मेवारी बोध गराउन मद्दत पुर्‍याउँदछ ।
- निगममा सम्पूर्ण कामकारबाहीमा सम्पूर्ण व्यवस्थापकहरुको सुझाव सल्लाह प्राप्त भई कामको निचोड उत्कृट प्राप्त गर्न सकिने ।

**निगममा व्यवस्थापन परीक्षणको अपेक्षित परिणाम**

- निगमका क्रियाकलापमा देखिएका कमी कमजोरी औंल्याइन्छ ।
- निगमको प्रणाली र कार्यविधिमा सुधार गर्न सकिन्छ ।
- निगमका मूल उद्देश्य र जिम्मेवारीहरु प्रष्ट पारिन्छ ।
- निगमको भौतिक सम्पत्तिलाई सही ढङ्गबाट व्यवस्थापन गर्न सकिन्छ ।
- उपयुक्त प्रशिक्षण कार्यक्रमहरुको माध्यमबाट सुपरीवेक्षणमा सुधार हुन्छ ।
- कर्मचारीहरुबाट सम्पादन गरिने कार्यसम्पादन प्रक्रियालाई वस्तुपरक र मापनयोग्य बनाइन्छ ।
- कार्य र जिम्मेवारीमा परिस्कृत आई निगममा प्रभावकारिता स्थापित हुन्छ ।

**निगममा व्यवस्थापन परीक्षणका लागि सुझावहरु :**

- व्यवस्थापन परीक्षणको क्षेत्रको प्राथमिकता र प्रक्रिया निर्धारण गर्ने ,
- व्यवस्थापन परीक्षणलाई उद्देश्य र उपलब्धिमूलक बनाउन तत्सम्वन्धी मापदण्ड र सूचकाङ्कहरुको विकास गर्ने,
- व्यवस्थापन परीक्षणको क्रममा परीक्षकले मागेका विवरण उपलब्ध गराउने दायित्व सम्बधित कार्यालयको हुनु पर्ने स्पष्ट व्यवस्था हुनु पर्ने ,
- कर्मचारीहरुलाई व्यवस्थापन परीक्षण सम्वन्धी आवश्यक तालिम दिने,
- व्यवस्थापन परीक्षणको कार्य Operational Calendarबनाई लागु गर्ने,
- पूर्व निर्देशनको पालना नगर्ने र विभागीय कारवाहीका लागि लेखी पठाउँदा कारवाही नगर्ने कार्यालयलाई नै कारवाही गर्ने अधिकार केन्द्रीय कार्यालयलाई दिने,
- व्यवस्थापन परीक्षणलाई कार्यसम्पादन मूल्याङ्कन र पुरस्कार छनौटका लागि समेत आधार मान्ने,
- व्यवस्थापन परीक्षणको नतिजा सार्वजनिक गर्ने,
- व्यवस्थापन परीक्षणको लागि छुट्टै शाखाको व्यवस्था गर्ने ।

# पेट्रोलियम पदार्थको महत्व

✍ **गुडडु कुमार गुप्ता**

पेट्रोलियम पदार्थ पृथ्वीको भूगर्भभित्र रहेको खानीजन्य पदार्थ हो । यसको निमार्ण जीबजन्तु र बोटबिरुवाहरुको अवशेषहरु समुन्द्रको पिधमा थेग्रिएर एक ठाउँमा जम्मा भएको अवस्थामा बिस्तारै माटो तथा ढुङ्गाले हजारौ फिट सम्म पुरिदै जाँदा धेरै वर्ष सम्म थिचिदा उत्पन्न हुने चाप र तापले गर्दा हाईड्रोकारबन **(Hydrocarbons)** मा परिणत भई पेट्रोलियम पदार्थको निर्माण भएको भन्ने तर्क बैज्ञानिकहरुको छ । यसरी पुरिएका सबै जीबजन्तु र बोटबिरुवाहरुको अवशेषहरु पेट्रोलियम पदार्थको रुपमा परिवर्तित भने हुन सक्दैनन् । उपयुक्त भौगोलिक अवस्थितिमा नचुहिने र प्रशोचन नहुने गरी जीवाशेषमा उपयुक्त चाप र ताप हजारौ हजार वर्ष सम्म परेपछि मात्र प्रतिक्रिया स्वरुप पेट्रोलियम पदार्थको बन्ने गर्दछ । त्यसैले पेट्रोलियम पदार्थलाई जीवाशेष इन्धन (Fossil fuel) पनि भनिन्छ । यसलाई उत्खन गरी झिक्दै गएपछि क्रमश यसको परिमाण घट्दै जान्छ । आज पेट्रोलियम पदार्थ मानिसका प्रत्येक क्रियाकलापहरु सम्पादन गर्नका लागि नभइ नहुने अत्यावश्यक बस्तुको रुपमा परिणत भै सकेको छ ।

मानिसहरुले हजारौ वर्ष अगाडि खानेतेल, माछाबाट झिकिएको तेल तथा प्रज्वलनशील बोटबिरुवाहरुलाई उर्जाको स्रोतको रुपमा प्रयोग गर्ने गरेको पाईन्छ । यस्ता पदार्थको बिस्तारै अभाब हुन थालेपछि यसको बिकल्पहरुको खोजी हुन थाल्यो । बिभिन्न भौगर्भिक घटनाहरुले गर्दा पृथ्वीको सतहमा निस्किएको पेट्रोलियम पदार्थलाई उर्जाको रुपमा उपयोग गरिएको पाईन्छ । शुरुमा तलाउको सतहमा तैरिएर रहेको स्वतस्र्फूत पेट्रोलियम पदार्थलाई उर्जाको स्रोतको रुपमा प्रयोग गर्न थालियो । ब्यापारिहरुको समुहले सन् १८५९ मा सर्वप्रथम Edwin Drakeलाई नियुक्त गरी तेल उत्खनन गरी इनार खनेर पेट्रोलियम पदार्थ निकालिएको थियो । पेट्रोलियम पदार्थको उत्खनन् गर्ने प्रयोजनमा भूगर्भविदहरुले Rockहरुको प्रकृतिको अध्ययन गरेर पेट्रोलियम पदार्थ भए नभएको पत्ता लगाउछन । पेट्रोलियम पदार्थ हुन सक्ने सम्भावित स्थानको जमिनलाई उत्खनन् गरेर जमिनबाट बाहिर निकाल्नु पर्दछ । जमिन मुनिबाट Drillingगरी निकालिएको पेट्रोलियम पदार्थलाई कच्चा तेल (Crude oil) भनिन्छ । उत्खनन् गरेर निकालिएको कच्चा तेललाई रिफाईनरीमा रिफाइन गरेपछि मात्र यो प्रयोग गर्न योग्य हुन्छ । कच्चा तेल रिफाईन गर्ने बिभिन्न बिधिहरु छन । ती बिधिहरु मध्ये Heatingप्रक्रियालाई Distillationभनिन्छ । यसरी रिफाईन गर्दा पेट्रोलियम पदार्थ हुने sulfur लाई हटाईने हुँदा यसको कार्यक्षमता बढ्नुका साथै वातावरण प्रदूषण पनि कम हुन्छ । रिफाइन गर्दा पेट्रोल, डिजल, मट्टितेल, हवाई ईन्धन, जस्ता पेट्रोलियम पदार्थहरुको साथै अन्य byproductsको रुपमा प्लास्टिक जन्य सामग्री, औषधीजन्य बस्तुहरु आदि जस्ता बिभिन्न प्रकारका बस्तुहरु पनि प्राप्त हुन्छन ।रिफाईन गरेर निकालिएको पेट्रोलियम पदार्थहरुको गुणस्तर अनुसार बिभिन्न मापदण्डहरु निर्धारण गरिएको हुन्छ । उत्पादित पेट्रोलियम पदार्थहरु पाईपलाइन, रेल, पानीजाहाज, हवाई जहाज, टैक ट्रंक आदिबाट ढुवानी गरी बिभिन्न डिपो, पेट्रोल पम्प हुँदै उपभोक्तासम्म पुग्ने गरेको पाईन्छ । पेट्रोलियम पदार्थ स्थल मार्गबाट ठूलो परिमाणमा ढुवानी गर्न सबै भन्दा सस्तो र छिटो माध्यम भनेको पाइपलाइन निमार्ण हो ।

अन्तर्राष्ट्रिय क्षेत्रमा पेट्रोलियम पदार्थ निर्यात गर्ने राष्ट्रहरुको संगठन नै Organization of PetroleumExporting Countries हो **OPEC र** यसका सदस्यहरुले पेट्रोलियम पदार्थको उत्पादन स्तर निर्धारण गरी अन्तर्राष्ट्रिय बजारमा अधिकतम मूल्यमा बिक्री बितरण गर्नु तथा कम भन्दा कम लागत

मूल्यमा पेट्रोलियम पदार्थ उत्पादन गर्ने मुख्य उद्देश्य रहेकोछ । तर OPEC सदस्य सबै राष्ट्रले तेलको कोटा घटाउन सहमत हुँदैनन् किनकी केहि सदस्य राष्ट्रहरुले आफ्नो दैनिक आवश्यकता पुरा गर्न पनि निश्चित परीमाणमा तेल बेच्नै पर्ने वाध्यता रहेको हुन्छ ।OPECमा सदस्य रहेका राष्ट्रहरु बाहेकका अन्य राष्ट्रहरुले पनि पेट्रोलियम पदार्थको निर्यात गर्ने हुँदा यसको मूल्य निर्धारण माग र आपूर्तिको अन्तरक्रियाबाट हुने गरेको छ । पेट्रोलियम पदार्थका खानी तथा भण्डारण खाडी मुलुकहरुमा बढीमात्रामा भएको हुँदा यी राष्ट्रहरुको पेट्रोलियम पदार्थको मूल्य निर्धारणमा महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

पेट्रोलियम पदार्थको करण मुख्य रुपले बायु तथा जल प्रदुषण हुने गर्दछ । पेट्रोलियम पदार्थ जमिन मुनिबाट उत्खनन् गर्दा जमिन र समुन्द्रको भौतिक बातावरणमा नकारत्मक असर पारिरहेको हुन्छ । पेट्रोलियम पदार्थलाई रिफाईन गर्दा लिड, नाईट्रोजन अक्साईड, कार्बन, कार्वनमनोअक्साईड र हाईड्रोकार्वन निस्कने हुँदा बायु तथा जल प्रदुषण हुने गरेको छ । ढुवानीको क्रममा जल र जमिनमा पोखिदा जीवजन्तुको जीबनलाई नै खतरनाक असर पुऱ्याई रहेको हुन्छ । पेट्रोलियम पदार्थको प्रयोगको क्रममा पनि वायुमण्डलमा विभिन्न प्ररकारको प्रदूषण हुने गर्दछ । पेट्रोलियम पदार्थको byproductsको रुपमा उत्पादन हुने प्लास्टिक जन्य सामाग्रीको कारण पनि बातावरणमा नकारात्मक असर पारिराखेको हुन्छ ।

# Chemical Hazards and Guidelines for Laboratory safety

• Sanjay Dahal

A chemical hazard is a type of occupational hazard caused by exposure to chemicals in the workplace. Exposure to chemicals in the workplace can cause acute or long-term detrimental health effects. There are many types of hazardous chemicals, including neurotoxins, immune agents, dermatologic agents, carcinogens, reproductive toxins, systemic toxins, asthmagens, pneumoconiotic agents, and sensitizers. These hazards can cause physical and/or health risks. Depending on chemical, the hazards involved may be varied, thus it is important to know and apply the Personal Protective Equipment (PPE) especially during the lab.

Chemicals can change their physical state depending on temperature or pressure. Thus it is important to identify the health risks as these states can determine the potential route the chemical will take. For example, gas state chemicals will be inhaled or liquid state chemicals can be absorbed by the skin.

**<u>How Do Chemicals Get Into the Body?</u>**

In order to cause health problems, chemicals must enter your body. There are three main “routes of exposure,” or ways a chemical can get into your body.

**BREATHING (INHALATION):** Breathing in chemical gases, mists, or dusts that are in the air.

**SKIN OR EYE CONTACT:** Getting chemicals on the skin, or in the eyes. They can damage the skin, or be absorbed through the skin into the bloodstream.

**SWALLOWING (INGESTION):** This can happen when chemicals have spilled or settled onto food, beverages, cigarettes, beards, or hands. Once chemicals have entered your body, some can move into your bloodstream and reach internal “target” organs, such as the lungs, liver, kidneys, or nervous system.

**<u>What Health Effects Can Chemicals Cause?</u>**

The effects of a toxic chemical on your body may be either acute or chronic.

**Acute** (short-term) effects show up immediately or soon after exposure to the chemical. They may be minor, like nose or throat irritation, or they could be

serious, like eye damage or passing out from chemical vapors. What all these effects have in common is that they happen right away.

**Chronic** (long-term) effects may take years to show up. They are usually caused by regular exposure to a harmful substance over a long period of time. These effects are usually permanent.

Some chemicals cause both acute and chronic effects. For example, breathing solvent vapors might make you dizzy right away (an acute effect). But breathing the same vapors all the time for many years might eventually cause liver damage (a chronic effect).

**Laboratory Safety:**

According to WHO Laboratory are potentially dangerous place to work in due to chemical, electrical, physical, mechanical, biological or radiation hazards. Those at risk include laboratory staff, customers and visitors entering the laboratory environment, so it is important for all laboratory staff to recognize the potential dangers and risk to minimum.

The level of risk depends on the activities within the laboratory and the type and source of materials entering the laboratory. Occupational injuries and illness may result from bad practices, ignorance, inexperience and failure to follow established procedures.

**How to be safe inside the laboratory?**

- Safety rules must be established and thoroughly followed by staff; visitors are sufficiently briefed to ensure safety.
- Standard Operating Procedure (SOP) must be prepared for sampling, testing, storing and disposing.
- All the working staff must wear appropriate personal protective equipment e.g., Apron, Goggles, Gloves, Shoes and Mask etc.
- SOP must be available in the event of spillage, poisoning and accidental broken out.
- First-aid materials and facilities must be readily available to deal with accidents. All accidents, however small, must be recorded and reported as per national regulations.
- The employing authority, through the laboratory head is responsible for ensuring adequate protection of laboratory personal to avoid occupational hazards.

- Material Safety Data Sheets (MSDSs) for chemicals received by the laboratory must be maintained and readily accessible to laboratory workers.
- Chemical Hygiene Plan (CHP) must be followed.

**International Guidelines for laboratory safety:**

**American Standards:** On the basis of specific laboratory working conditions in their facilities, the Occupational Safety and Health Administration (OSHA), Department of Labor, United States of America, promulgated different rule which are as follows:

- The Occupational Exposure to Hazardous Chemicals in Laboratories standard (29 CFR 1910.1450),
- The Hazard Communication standard (29 CFR 1910.1200)
- The Bloodborne Pathogens standard (29 CFR 1910.1030)
- The Personal Protective Equipment (PPE) standard (29 CFR 1910.132
- The Hand Protection standard (29 CFR 1910.138)
- The Control of Hazardous Energy standard (29 CFR 1910.147)
- The Eye and Face Protection standard (29 CFR 1910.133)
- The Respiratory Protection standard (29 CFR 1910.134)
- The Control of Hazardous Energy standard (29 CFR 1910.147)

**British Standard:** To protect employees and other persons form the hazards of substance used at work place, United Kingdom promulgates the regulation known as:

- The control of Substances Hazardous to Health (COSHH) Regulation 2002
- Chemical Hazardous Information and packaging for supply Regulation 2002

**World Health Organization Standard:** WHO also has a rule for the laboratory worker which is known as:

- Laboratory biosafety manual (third edition), 2004

**Indian Standard:**

This standard recommends a Code of safety for chemical laboratories. This standard does not cover hazards relating to radioactive substances.

- Code of Safety in Chemical Laboratories Indian Standard (IS) 4209-1987

**Conclusion**:

Ensuring safety in labs requires proper planning keeping in mind the hazards and possible deviations. Safety is team work and everyone working in the lab has the responsibility to perform his/her tasks in a manner to ensure not only

his/her own safety but also of others who are working along with them. Familiarization with the lab activities must not make a person complacent towards the dangers involved in the activities. To avert mishaps in the lab everyone has to be constantly alert and take proactive effort in identifying the hazards and implementing preventive actions.

**Reference:**


1. "CDC - Chemical Safety - NIOSH Workplace Safety and Health Topic". *www.cdc.gov*. Retrieved *2018-11-17*.
2. "Chapter 8 - Chemical Hazards". *sp.ehs.cornell.edu*. Retrieved 2018-11-17.
3. OSHA publication.websitehttps://www.osha.gov/pls/publications/publication.athruz
4. Health and Safety Executive, UK website: http://www.hse.gov.uk/coshh/index.htm
5. Laboratory biosafety manual website:http://www.who.int/csr/resources/ publications/biosafety/WHO_CDS_CSR_LYO_2004_11/en/
6. OECD GLP "OECD principles on good laboratory practice"
7. Indian Standard (IS) 4209-1987 Code of Safety in Chemical Laboratories

# नेपाल आयल निगममा आधिकारिक ट्रेड युनियन निर्वाचन, २०७५

**✍ झविन्द्र वि.क.**

श्रम किन्नेहरुका विरुद्ध संगठित रुपमा रहि काम बेच्नेहरुले आफ्नो जीवनस्तर उठाउन सामुहिक कार्य गर्ने उद्देश्यले गठित संगठनलाई ट्रेड युनियन भनिन्छ। श्रमिक तथा कर्मचारीहरुको हकहित संरक्षण एवं सम्बर्द्धन गरी सार्वजनिक सेवालाई प्रभावकारी र गतिशिल बनाउन क्रियाशिल रहनु ट्रेड युनियनको प्रमुख कार्य हो। आफ्ना पेशागत मागहरु सम्वन्धित निकायमा पेश गरी सामुहिक सम्बाद र सौदाबाजी गर्न पाउने अधिकार ट्रेड युनियनहरुले राख्दछन्। ट्रेड युनियनहरुले भेला, तालिम, प्रशिक्षण गोष्ठी लगायत रचनात्मक एवं सृजनात्मक कार्यहरु सञ्चालन गर्न सक्दछन्। यसैगरी ट्रेड युनियनलाई महासंघ गठन गर्ने, त्यसको सदस्य बन्ने र आफ्नो संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने अधिकार हुन्छ।

## ट्रेड युनियनको उद्देश्य

कामदारहरुको कामको अवस्थामा सुधार गरी तिनीहरुको आर्थिक र सामाजिक समुन्नतीको लागि कार्यरत रहने।

१) कामदार र व्यवस्थापक बिच राम्रो सम्वन्ध कायम राख्न प्रयत्न गर्ने।
२) प्रतिष्ठानको उत्पादकत्व वृद्धि गरी प्रतिष्ठानको विकासमा सघाउ पुऱ्याउने।
३) कामदारहरुलाई कर्तव्यनिष्ठ र अनुशासित बनाउन प्रयत्नशील रहने।

नेपालको संविधान, २०७२को भाग ३ धारा ३४ श्रमको हकमा १.प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ। २.प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ।३.प्रत्येक श्रमिकलाई कानुन बमोजिम ट्रेड यूनियन खोल्ने त्यसमा सहभागी हुने तथा सामुहिक सौदावाजी गर्न पाउने हक हुनेछ भनि उल्लेख गरेको छ। यस बाहेक मानव अधिकारका विश्वव्यापी घोषणापत्रहरु ,अर्न्तराष्ट्रिय श्रम संगठनका महासन्धि र प्रतिवेदनहरु , श्रम ऐन २०४८, ट्रेड यूनियन ऐन २०४९ ,श्रम नियमावली २०५० ट्रेड यूनियन नियमावली २०५० श्रम ऐन २०७४ श्रम नियमावली २०७५ ले समेत कर्मचारी हकहितका सवाललाई अझ बलियो बनाएका छन्।

नेपालको संविधान भाग ४ राज्यका निति निर्देशक सिद्धान्तहरु मा श्रम तथा रोजगार नीति उल्लेख छ। सबैले काम गर्न पाउने व्यवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रम शक्तिलाई दक्ष र व्यवसायिक बनाउने र स्वदेशमै रोजगारी अभिवृद्धी गर्ने लक्ष्य लिएको छ। मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकहरुको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभुत गर्ने उल्लेख छ। यस्ता हक तथा नीतिहरुको सहि तरिकाले कार्यान्वयन गर्न सके देशमा बेरोजगारी र गरिबी जस्ता समस्याको समाधान गर्न सकिन्छ तब मात्र देश आर्थिक सामाजिक समृद्धी तर्फ अगाडि बढ्छ।

## आधिकारिक ट्रेड युनियन

मान्यता प्राप्त आधिकारिक ट्रेड युनियनको निर्वाचनमा सम्वन्धित प्रतिष्ठानको कामदारहरुको बहुमत प्राप्त गर्ने ट्रेड युनियनले कामदारको तर्फबाट व्यवस्थापकसँग सामुहिक सम्वाद र सौदावाजी गर्न मान्यता दिइने कुरा ट्रेड युनियन ऐनको दफा ११(१) मा उल्लेख छ। कुनै प्रतिष्ठानमा एउटा मात्र ट्रेड युनियन दर्ता भएकोमा सो युनियनलाई नै आधिकारिक ट्रेड युनियन मानिन्छ। ट्रेड युनियन ऐनको

दफा ११ बमोजिम आधिकारिक मान्यता प्राप्त गरेको ट्रेड युनियनले कामदारको तर्फबाट व्यवस्थापनसँग सामुहिक सौदावाजी गर्न पाउने अवधि पञ्जिकाधिकारीले प्रमाणपत्र दिएको मितिले २ वर्ष सम्मका लागि हुने व्यवस्था छ ।

## निगममा क्रियाशील ट्रेड युनियनहरु

**नेपाल आयल निगम कर्मचारी संघ**

निगमका सम्पूर्ण कर्मचारीहरु एकजुट हौ भन्ने यस संघ वि.स २०४७ वैशाख २ गते स्थापना भएको यस कर्मचारी संघको प्रथम महाधिवेशन २०४७ फागुनमा भएको हो । यो संघ पेशागत महासंघ संग आवद्ध रहेको छ ।

**नेपाल राष्ट्रिय कर्मचारी संगठन नेपाल आयल निगम**

ईमानदार, कर्तव्यनिष्ठ, स्वाभिमानी, लगनशील तथा अग्रगामी विचार भएका सम्पुर्ण कर्मचारीहरु एकजुट हौ भन्दै वि.स.२०६४ पुष ४ गते स्थापना भएको यस संगठनको प्रथम महाधिवेशन २०६५ बैशाख ५ र ६ गते सम्पन्न भएको थियो । यस संगठनको आवद्धता नेपाल राष्ट्रिय कर्मचारी महासंघ संग रहेको छ ।

**नेपाल आयल निगम स्वतन्त्र कर्मचारी युनियन**

वि.स २०७० बैशाख ८ गते स्थापना भई क्रियाशिल रहेको यस युनियनको प्रथम महाधिवेशन २०७० भाद्र २८ र २९ गते काठमाण्डौमा सम्पन्न भएको थियो । यस युनियनको आवद्धता ट्रेड युनियन कांग्रेस र नेपाल सार्वजनिक सेवा कर्मचारी संघसंग रहेको छ । पेशागत इमान्दारिता कर्मचारी एकता संस्थागत प्रभावकारिता यस युनियनको सांगठनिक नारा रहेको छ ।

माथि उल्लेखित नेपाल आयल निगम कर्मचारी संघ र नेपाल राष्ट्रिय कर्मचारी संगठन नेपाल आयल निगम विच २०७५ असार १४ गते भएको निर्वाचनमा कार्यगत एकता भई निर्वाचनमा साझा घोषणापत्रका साथै नेपाल आयल निगम कर्मचारी संघको लागोमा चुनाव लड्ने सहमति भएपछि दुवै संघ संगठन एक भई चुनाव लडेका थिए । निगमका सबै कर्मचारीहररुको उत्साहका विच सम्पन्न निर्वाचनमा निम्नाअनुसारको मत परिणाम प्राप्त भयो ।

नेपाल आयल निगम लिमिटेड

आधिकारिक ट्रेड युनियन निर्वाचन २०७५ को मत परिणाम

| मतदान केन्द्र नं. | मतगणना केन्द्र | मतदान केन्द्र | मतदाता संख्या | जम्मा खसेको मत | सदर मत | वदरमत | कर्मचारी संघ/संगठन | युनियन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | केन्द्रीय कार्यालय बबरमहल | १ बबरमहल | १३९ | १३२ | १३१ | १ | ९० | ४१ | |
| | | ७ सिनामंगल | ७३ | ७१ | ६९ | २ | ३६ | ३३ | |
| | | ८ थानकोट | ३३ | ३२ | २९ | ३ | १८ | ११ | |
| २ | प्रदेश नं.१ कार्यालय विराटनगर | २ विराटनगर | ४० | ३७ | ३७ | ० | २६ | ११ | |
| | | ३ चारआली | ७ | ७ | ७ | ० | ५ | २ | |

| मतदान केन्द्र नं. | मतगणना केन्द्र | मतदान केन्द्र | मतदाता संख्या | जम्मा खसेको मत | सदर मत | वदरमत | कर्मचारी संघ/संगठन | युनियन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | प्रदेश नं. २ कार्यालय अमलेखगन्ज | ४अमलेखगन्ज | ३७ | ३७ | ३५ | २ | १६ | १९ | |
| | | ५ विरगंज | ११ | ११ | ११ | ० | ८ | ३ | |
| | | ६ जनकपुर | ६ | ६ | ६ | ० | ५ | १ | |
| ४ | प्रदेश नं.४ कार्यालय पोखरा | १० पोखरा | १६ | १६ | १६ | ० | ७ | ९ | |
| ५ | प्रदेश नं.५कार्यालय भैरहवा | ९ भैरहवा | २५ | २४ | २४ | ० | ११ | १३ | |
| ६ | इन्धन डिपो नेपालगंज | ११ नेपालगंज | २३ | २२ | २२ | ० | १८ | ४ | |
| | | १२ सुर्खेत | ६ | ६ | ६ | ० | ४ | २ | |
| ७ | प्रदेश नं.७ कार्यालय धनगढी | १३ धनगढी | १३ | १३ | १३ | ० | ११ | २ | |
| | **जम्मा** | | **४२९** | **४१४** | **४०६** | **८** | **२५५** | **१५१** | **१०४ मतले विजयी कर्मचारी संघ विजयी** |

यसरी २०७५ साल असार १४ गते सम्पन्न भएको आधिकारिक ट्रेड युनियन निर्वाचन २०७५ मा १३ ठाँउमा मतदान केन्द्र ७ ठाउँमा मतगणना स्थल राखिएको थियो । विहान ९ बजेवाट दिउसो ४ बजे सम्म मतदान समय रहेको थियो । अन्तिम मतदाता नामावलिमा कुल मतदाता संख्या ४२९ रहेकोमा ४१४ मत खसेको थियो जसमध्ये ८ मत बदर हुन गइ ४०६ सदर मत मध्ये नेपाल आयल निगम स्वतन्त्र कर्मचारी युनियनको १५१ र नेपाल आयल निगम कर्मचारी संघले २५५ मत प्राप्त गरी १०४ मत अन्तरले कर्मचारी संघ विजयी भएको थियो ।

आफ्ना सदस्यहरुको जीवन र भविष्यलाई समृद्ध र सुनिश्चित बनाउन तथा संस्थागत सुधार र नितिगत परिवर्तनका लागि दवाव सिर्जना गरी संस्था र कर्मचारीको हितको लागिट्रेड युनियनको रचनात्मक भूमिका र आवश्यकता आजको दिनमा अझ बढ्दै गएको छ ।

# नेपालमा सार्वजनिक संस्थान व्यवस्थापनमा निरन्तरता र नेपाल आयल निगम लिमिटेड

केशवराज पाण्डे

सार्वजनिक संस्थानको व्यवस्थापनभित्र संस्थानको उद्देश्य अनुकूल हुने गरी कार्यगत रूपमा योजनादेखि नियोजनसम्मका व्यवस्थापकीय प्रक्रियालाई कुशल र नतीजामुखी बनाउने कुरा पर्छन् । व्यवस्थापक ( कार्यकारी प्रमुख) को नियुक्ति मात्रले संस्थान नतीजामुखी बन्न सक्दैन । सञ्चालन स्वायत्तता र क्षेत्राधिकारको अभावमा प्रमुख कार्यकारी अधिकृतको नियुक्तिले मात्र संस्थान गतिशील बन्छ भन्नु कल्पना मात्रै हो ।संसारका प्रायः सबै मुलुकमा संस्थानमा उपयुक्त कार्यकारी अधिकृतको खोजी गरी नियुक्ति दिइन्छ । तर, नेपालमा राम्राभन्दा पनि हाम्रा मान्छे छान्ने प्रवृत्ति छ । सो परिपाटीको अन्त्य गरेर राम्रा मान्छेलाई स्वायत्तता र क्षेत्राधिकारसहित संस्थानहरूमा राख्न सकियो भने यस क्षेत्रमा सुधार ल्याउन सकिन्छ । तर, स्वायत्तता र क्षेत्राधिकार दिने क्रमसँग सञ्चालक समितिको अहिलेको कार्यक्षेत्र र हैसियतको पुनः समीक्षा गर्नुपर्ने हुन्छ ।

सन् १९९० को दशकदेखि मुलुकमा बजारमुखी नवउदारवादी पूँजीवादी अर्थनीतिलाई सरकारले अवलम्बन गरियो । उत्पादन, वितरण र सेवाका क्षेत्रमा राज्यको सहभागिता र नेतृत्व हुनु हुँदैन भन्ने नवउदारवादी पण्डितहरूको सल्लाहमा नवउदारवादका संवाहक अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष, अन्तर्राष्ट्रिय वित्त निगमको निर्देशनमा नेपालमा अवलम्बन गरिएको आर्थिक उदारीकरण, निजीकरण र विश्वव्यापीकरण (एलपीजी) को नीतिले सार्वजनिक संस्थानहरूको निजीकरण अभियानलाई तीव्र रूपमा अगाडि बढाइयो। संस्थान निजीकरण नीतिअन्तर्गत तीन दर्जन संस्थान निजीकृत भए । तर, विभिन्न कारणले यसको औचित्य भने पुष्टि हुन सकेन । बाँकी रहेका सार्वजनिक संस्थान र सरकारी बैंकहरूको निजीकरणका क्रममा भएको बहस र विरोधका कारण तत्कालीन सरकारले आक्रामक ढंगले निजीकरणको प्रक्रिया अगाडि बढाउन सकेन । निजीकरणमा नपठाइएका संस्थानहरूको न त सुधार, न त सेवा विस्तार गर्ने नीति अर्थात् यथास्थितिकै अवस्थामा सञ्चालन गर्ने सरकारको नीति रहयो ।

यही यथास्थिति नीतिका कारण बाँकी रहेका अधिकांश सार्वजनिक संस्थानहरू आज वित्तीय र व्यवस्थापकीय हिसाबले समस्याग्रस्त बनेका छन् । सरकारको सार्वजनिक संस्थानको विकास र विस्तारसम्बन्धी अग्रगामी सोच, दृष्टिकोण र नीति नहुँदा वित्तीय र व्यवस्थापकीय रूपमा सक्षम संस्थानहरू पनि सेवा विस्तारभन्दा यथास्थितिमै रमाउने गरेका छन् ।निजी क्षेत्र आक्रामक ढंगले उत्पादन, सेवा र वितरणका क्षेत्रमा अगाडि आइरहेको छ र बजार निजी क्षेत्रको सर्वत्र अराजकता र एकाधिकारझैं बनेको छ । फलतः सर्वसाधारण जनताले चर्को मूल्य तिरेर सेवा र सुविधा प्राप्त गर्नुपरेको छ । आर्थिक उदारीकरण र निजीकरण नीतिले मुलुकमा उत्पादन वृद्धि गरेर रोजगारी अभिवृद्धि गर्ने भन्दा पनि आयात व्यापार गरेर मुनाफा कमाउने, व्यापारिक पूँजीवादी नीतिलाई प्रश्रय दियो । यसैको परिणाम अहिले ९ खर्बभन्दा बढी व्यापारघाटा हुन पुगेको छ । सार्वजनिक उद्यमहरूबाट उत्पादित वस्तुको संरक्षण गरी बजारीकरण गराउनुको सट्टा आयातित उपभोग्य वस्तु र सेवालाई बजारमा पदार्पण गराइयो ।

स्वदेशी सार्वजनिक उद्यमहरूका लागि चाहिने कच्चापदार्थको आयातमा भन्सार बिन्दुमै महँगो कर लगाउने नीति अवलम्बन गरेर स्वदेशी सार्वजनिक उद्यमहरूले उत्पादन गरेका वस्तु र सेवालाई महँगो सावित गराएर आयातित वस्तु र सेवा सस्तो बनाएर बहुराष्ट्रिय निगमहरूबाट उत्पादित वस्तुको बजारीकरण र एकाधिकार कायम गरिएको छ । बहुराष्ट्रिय निगमका उत्पादित वस्तुहरूको बेरोकटोक आयातले गर्दा स्वदेशी उद्योगहरूले प्रतिस्पर्धा गर्न नसकी धराशायी बन्न पुगेका छन । अहिलेको बजारमुखी अर्थतन्त्रका कारण सर्वसाधारण जनताले निजी क्षेत्रबाट सञ्चालित सेवाबाट दुःख र हैरानी बेहोरिरहेका छन् । त्यसैले बजारलाई स्वस्थ्य प्रतिस्पर्धात्मक बनाउन र सर्वसाधारण जनतालाई सर्वसुलभ सेवा प्रदान गर्न, सार्वजनिक संस्थानको सान्दर्भिकता झन् बढेर गएको छ ।

मुलुक केन्द्रीकृत र एकात्मक ढाँचाको शासन व्यवस्थाबाट संघीयतामा गइसकेको छ । अब जनताले अधिकार र सार्वजनिक सेवा र सुविधा गाउँघरमै सहज र सरल ढंगले पाउनुपर्छ । स्थानीय सरकारले गाउँघरमा नै जनताका आधारभूत आवश्यकताका विषय शिक्षा, स्वास्थ्य, दैनिक उपभोग्य वस्तु, खाद्यान्न खानेपानी, आवास, यातायात लगायतका सेवा-सुविधा उपलब्ध गराउनुपर्छ ।यस सन्दर्भमा सार्वजनिक संस्थाहरूको सेवालाई स्थानीय तहमा पुऱ्याउन अपरिहार्य छ । खास गरी सबै स्थानीय तहमा खाद्य संस्थानको डिपो, कृषि सामग्री संस्थानको बिक्री-वितरण केन्द्रबाट कृषकहरूलाई मल, बीउ र आधुनिक कृषि औजारको बिक्री-वितरण, दुग्ध विकास संस्थानबाट कृषकहरूले उत्पादन गरेको दूध संकलन केन्द्रजस्ता संस्थामार्फत स्थानीय तहका जनतालाई सेवा प्रदान गर्नुपर्छ । यी सबै सेवा स्थानीय स्थानीय सरकारले नयाँ संस्था स्थापना गरेर गर्ने होइन र सामर्थ्य पनि हुँदैन ।

यसो हुँदा मात्र जनताले सर्वसुलभ सेवा प्राप्त गर्ने, बजारको एकाधिकारको अन्त्य हुनुका साथै सर्वसाधारण जनताले आधारभूत सेवा र सुविधामा खर्च गर्नुपरिरहेको लाखौं रकममा बचत भई बचत परिचालनको दर वृद्धि हुन्छ, राष्ट्रिय पूँजी निर्माणको आधार तयार हुनेछ ।राष्ट्रिय पूँजी निर्माणको वृद्धिले मात्र स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माणको आधार तयार हुन्छ । अतः जनताका आधारभूत आवश्यकता परिपूर्ति गर्न सार्वजनिक उद्यमहरूको भूमिका अपरिहार्य छ । सार्वजनिक उद्यमहरूको सक्रियताले एकाधिकारको अन्त्य भई, बजारमा स्वच्छ प्रतिस्पर्धाको विकासबाट जनताले सर्वसुलभ सेवा प्राप्त गर्ने आधार तयार हुन्छ । मुलुकको आर्थिक विकासमा राज्यको सर्वोपरि भूमिका नभई लोककल्याणकारी राज्यको स्थापना र अभिवृद्धि गर्न सकिन्न । निजीकरण एकमात्र समस्याको समाधान हो भन्ने नवउदारवादीहरूले अगाडि सारेको नीति विश्वव्यापी आर्थिक सङ्कटका कारण असफल भएको छ । मुलुकमा आर्थिक विकासको अपरिहार्यता र उच्च दरको आर्थिक वृद्धि, रोजगारीमा वृद्धि र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि वर्तमान सन्दर्भमा पनि सार्वजनिक संस्थानको औचित्य र आवश्यकता झन् बढेर गएको छ । अतः सरकारले सार्वजनिक संस्थान सुधारका लागि शीघ्र रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

सरकारको पूर्ण वा आंशिक लगानी रहेका थुप्रै संस्थान बन्द अवस्थामा छन् । रणनीतिक महत्व राखेर खोलिएका त्यस्ता उद्योग बन्द अवस्थामा देख्दा जोसुकै नेपालीलाई नरमाइलो लाग्छ । यसमा भावनाको कुरा मात्रै हुँदैन । ती उद्योग बन्द हुँदा राज्यलाई कति घाटा लाग्यो, राज्यको दायित्व कति बढ्यो,

नागरिकमा कति असर देखियो भन्ने पनि आउँछ । चल्दाचल्दैका उद्योग बन्द हुँदा उत्पादकत्व मात्रै घटेन, राज्यको दायित्व बढायो । कामै नगर्ने कर्मचारीलाई तलब दिएर पाल्नुपर्‍यो । मेसिनरी बिग्रिए, भौतिक सम्पत्तिको दुरुपयोग गरियो । त्यसले समग्र अर्थतन्त्रलाई नै असर पार्‍यो ।

नेपालमा चिनी, कपडा, धागो, टायर, सिमेन्ट, चुरोट, कागज, टायललगायत सबै क्षेत्रका उद्योग खुले । तर, अधिकांश बन्द भए । त्यस्तै, प्रकृतिका पछि खुलेका निजी उद्योग राम्रोसँग चलेका छन, नाफा आर्जन गरेका छन तर सरकारी संस्थान चल्नै सकेनन् त्यसो भए किन चल्न सक्दैनन् त सरकारी संस्थान ?

किन बन्द हुन्छन् संस्थान ? जब कुनै उद्योग प्रतिष्ठानलाई व्यावसायिक तबरबाट सञ्चालन गर्न सकिँदैन, तब त्यस्ता उद्योग प्रतिष्ठान चल्न सक्दैनन सरकारी उद्योगहरूको हालत त्यस्तै भएको हो । जसरी चलाइनुपर्ने हो, त्यसरी चलाइएन र बन्द भए । संस्थान चल्न नसक्नुमा सबैभन्दा ठूलो कारक राजनीतिक हस्तक्षेप हो । कर्मचारी भर्नादेखि सञ्चालक नियुक्तिसम्म, उत्पादनको बिक्रीवितरणदेखि बजारीकरणसम्म अनि सम्पत्तिको व्यवस्थापनदेखि सञ्चालनसम्म सबै ठाउँमा राजनीति हाबी भयो । मूलतः राजनीतिकै कारण संस्थान चल्न सकेनन घाटामा चले वा बन्द नै भए । कुनै संस्थानमा प्राविधिक नेतृत्वको खाँचो थियो, तर राजनीतिक कार्यकर्तालाई सञ्चालक बनाइयो । कुनै संस्थान ५० जना कर्मचारीले चलाउन सक्थे, तर त्यहाँ थप २० जनालाई जागिर दिइयो, भार बढाइयो । कर्मचारीले संस्थानको भन्दा व्यक्तिगत लाभ हेर्दा संस्थानहरू घाटामा गए र बन्द भए ।

'मान्छेभन्दा राम्रो अर्गनाइजेसन' हुनै सक्दैन । संस्थानका सञ्चालक र व्यवस्थापकजस्तो हुन्छ, संस्थान त्यस्तै हुन्छ । अर्थात, सञ्चालक र व्यवस्थापक सक्षम र जिम्मेवार भए संस्थान राम्रो हुन्छ नत्र हुँदैन । निष्कर्ष के हो भने बन्द भएका तथा चल्न नसकेका संस्थानका सञ्चालक र व्यवस्थापक सक्षम थिएनन् । अर्कोतर्फ संस्थानलाई स्वायत्तताको नाममा कर्मचारी भर्नादेखि थुप्रै कामकाजमा निर्णय अधिकार दिइयो । यसले मनलागि कर्मचारी भर्ना गर्ने र दायित्व बढाउने काम भएको पनि देखियो । बन्द भएका चिनीदेखि रबर उद्योगसम्मका त्यतिवेलाका अधिकांश नेतृत्वकर्ताहरू सम्बन्धित संस्थानका लागि योग्य नै थिएनन। तत्कालीन सरकारले मोटामोटी रूपमा हेर्दा संस्थानको आवश्यकताअनुसारको लिडरसिप नै दिएन ।

नेपाल आयल निगम वि. सं २०२७ सालमा पौष २६ गते स्थापना भएको आपुर्ति मन्त्रालय अन्तगत पर्ने सेवामूलक व्यापारिक सार्वजनिक सस्थान हो । राज्य द्वारा नागरिकलाई अत्यावश्यक आधारभूत आवश्यकतामा पर्ने पेट्रोलियम पदार्थको आपूर्ति , भण्डारण र वितरण गर्ने उद्धेश्यले स्थापना भएको नेपाल आयल निगम नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको छ । आयल निगमले देशमा पेट्रोलियम पदार्थको आयात, ढुवानी, भण्डारण र वितरण गर्ने कार्य गर्दछ । ७१६२२ किलो लिटर भण्डारण क्षमताका प्राधिकरण उर्जा डिपो रहेको निगममा हाल ६०० भन्दा बढी कर्मचारीहरु कार्यरत छन् ।उत्तरी दिशामा हिमाली तिब्वतको सीमाना तथा पूर्व, पश्चिम तथा दक्षीणमा भारतको सिमाना भएको कारण नेपाल भूपरिवेष्ठित देश भएको हो । नेपालले कुनै पेट्रोलियम पदार्थ उत्पादन गर्दैन साथै प्रशोधन पनि गर्ने

आफ्नै प्लान्ट नभएकोले गर्दा पूर्ण रुपमा आयातमा निर्भर हुनुपर्ने बाध्यता छ ।नेपाल आयल निगम नै त्यस्तो संस्थानहो जसले दैनिक १५०० ट्यांकट्रक पेट्रोलियम उत्पादनहरु १५०० भन्दा बढी थोक विक्रेता मार्फत वितरण गर्ने गरिएको छ । पेट्रोलियम उत्पादनको उच्च माग तथा उत्पादनहरुको बढ्दो परनिर्भरताको कारण नेपाल आयल निगमलाई आपूर्ति सहज बनाउन थप चुनौती थपिएको छ । हरेक वर्ष पेट्रोलियम उत्पादनको १० प्रतिशतले माग बढिरहेको अवस्थामा माग र आपूर्ति व्यवस्थापन कार्यलाई सहज बनाउनु पर्ने चुनौती लाई सामना गरी अगाडि बढ्नु पर्ने अवसर थपिएको छ । नेपाल आयल निगमले राज्यका सार्वजनिक सेवा प्रवाहको उद्धेश्यलाई पुरा गर्ने संयन्त्रको रुपमा लिएको पाईन्छ । नेपाल आयल निगमले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन वितरण प्रणालीलाई सेवाग्राही मैत्री बनाइएको छ तर सेवाग्राहीद्वारा सो महसुस नभएको गुनासो सुनिन्छ । कतिपय नियम कानून संशोधन र एकीकरण भएका छन् भने कतिपय समयअनुकूल नयाँ कानूनको जरुरी भएको छ । यसले नागरिक तथा सेवाग्राहीलाई सन्तुष्ट पार्न सक्नु पर्दछ । यस कुरालाई ध्यानमा राख्दै निगममा सार्वजनिक सेवाको प्रभावकारिताको लागि विभिन्न प्रयासहरु भएका छन् ।

**नेपालमा सार्वजनिक संस्थान व्यवस्थापनमा निरन्तरता**

हाल नेपालमा सबै सार्वजनिक संस्थानमा करीब २८ हजार कर्मचारी कार्यरत छन् । कर्मचारीको संख्या सानो र चुस्त बनाउनु आवश्यक छ । छनोट तथा नियुक्ति प्रक्रियालाई वैज्ञानिक बनाउनुपर्छ । सार्वजनिक संस्थानको प्रतिस्पर्धात्मक क्षमता बढाउन हरेक सार्वजनिक संस्थानसँग नयाँ प्रविधिको प्रयोग गर्न दक्ष, व्यावसायिक र क्षमतावान् जनशक्तिलाई आकर्षण गर्ने स्पष्ट योजना हुनुपर्छ । कर्मचारीको शीप र दक्षतामा निखारपन ल्याउन नियमित तालिमको व्यवस्था गर्नुपर्छ । वृत्तिविकासका अवसरहरू पारदर्शी बनाउनुपर्छ । कर्मचारीलाई स्पष्ट कार्ययोजना प्रदान गरी नियमित अनुगमन र मूल्याङ्कन गर्नु जरुरी छ । कर्मचारी व्यवस्थापनमा पुरस्कार र दण्ड प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ ।

संस्थान सुधारको अर्को सूत्र भनेको प्रविधि विकास हो । प्रविधीकरण गर्नुको अर्थ केवल उत्पादनका लागि नयाँ मेशिन भित्र्याउनु वा संस्थानमा २-४ सय थान कम्प्युटर किन्नु मात्र होइन । यसको अर्थ लेखाप्रणालीलाई आधुनिक प्रविधिसँग जोड्नु, सूचनाप्रणालीलाई प्रविधिमैत्री बनाउनु, बजारीकरण तथा व्यवस्थापन सुधारका लागि प्रविधिको उपयोग गर्नु साथै कर्मचारीको कार्यसम्पादनको नियमित अनुगमन तथा मूल्याङ्कनलाई समेत अत्याधुनिक प्रविधिसँग आवद्ध गर्नु पनि हो ।अर्को कुरा ६ क्षेत्रमा वर्गीकरण गरिएका सार्वजनिक संस्थानलाई व्यावसायिक र जनोपयोगी समूहमा वर्गीकरण गरी र सोहीअनुसार नीतिगत व्यवस्था, लगानीमा लचकता, सञ्चालनमा संरक्षण र निर्णयमा स्वायत्तता प्रदान गर्दै संस्थान सञ्चालनको रणनीतिक योजना बनाउनु जरुरी छ । सार्वजनिक संस्थानको व्यावसायिक दक्षता, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै संस्थागत सुशासन कायम गर्न विशेष जोड दिनुपर्छ ।

संस्थानहरूलाई सेवा तथा उत्पादित वस्तुको बजारअनुकूल मूल्य निर्धारणमा स्वायत्तता दिनु जरुरी छ । चुहावट नियन्त्रण गरी आर्थिक अनियमिता घटाउँदै वस्तु तथा सेवाको लागत मूल्य घटाउन जोड दिनुपर्छ । संस्थानमा रहेको सरकारी स्वामित्वलाई घटाउँदै लैजानु उपयुत्त हुन्छ । रूग्ण सार्वजनिक

संस्थानको पुनः सञ्चालनका लागि विश्वसनीय योजना र स्पष्ट नीति निर्माण गरी लगानी आह्वान गर्ने हो भने निजी क्षेत्र सधै सकारात्मक हुन्छन ।

संस्थानहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गरी स्वायत्तताका आधारमा सञ्चालन गर्ने नीति अवलम्बन गर्नुपर्छ । र, संस्थान सञ्चालन अनुगमन र नियमनका लागि संवैधानिक अंगका रूपमा संस्थान सञ्चालन बोर्ड गठन गर्नुपर्छ ।संस्थानको अध्यक्ष र सञ्चालकहरूमा मन्त्री वा कर्मचारीतन्त्रबाट नियुक्ति हुने परिपार्टीलाई अन्त्य गरी सवैधानिक रूपमा गठन हुने संस्थान सञ्चालन बोर्डबाटै नियुक्ति गर्ने परिपाटी अवलम्बन गर्नुपर्छ ।सञ्चालक समितिमा आधिकारिक ट्रेड युनियनका तर्फबाट अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था सबै सार्वजनिक संस्थानहरूमा गर्नुपर्छ ।

संस्थानको कार्यकारी प्रमुख नियुक्ति गर्दा निश्चित योग्यतासहित खुला प्रतिस्पर्धाका आधारमा सक्षम र योग्य व्यक्तिलाई कार्य सम्पादनमा आधारित नियुक्ति प्रणाली अवलम्बन गर्नुपर्छ । सार्वजनिक संस्थानहरूको उद्देश्यअनुरूप गुणस्तरीय सेवा विस्तार, उत्पादन र सेवामा गुणस्तरीयता अभिवृद्धि गर्ने नीति अवलम्बन गर्नुपर्छ । सार्वजनिक संस्थानहरूको कामको अनुगमन र निरीक्षण गर्न स्वतन्त्र, अधिकार सम्पन्न संवैधानिक अङ्गका रूपमा संस्थान अनुगमन आयोगमार्फत नै गर्ने व्यवस्था गर्नुपर्छ ।

सार्वजनिक संस्थानहरूको सेवा विस्तार एवं उत्पादन क्षमता वृद्धि गर्न सार्वजनिक संस्थान पुनरुत्थान कार्यक्रम (बेलआउट) अन्तर्गत सरकारले हरेक वर्ष वार्षिक बजेट विनियोजन गरी व्यावसायिक आधारमा लगानी गर्ने नीति अवलम्बन गर्नुपर्छ । सार्वजनिक संस्थानहरूभित्र भइरहेको अनियमितता, भ्रष्टाचार र चुहावट नियन्त्रणका लागि ठोस र प्रभावकारी कदम चाल्नुपर्छ ।
व्यवस्थापक (कार्यकारी प्रमुख) नियुक्तिकर्ताको वा तालुक अड्डाको संस्थानमाथिको नियन्त्रण छाड्न नसक्ने प्रवृत्तिका कारण समस्या हुने गरेको छ । संस्थानमाथिको नियन्त्रण छाडेर व्यवस्थापकलाई स्वायत्तता र क्षेत्राधिकार दिएर नतिजाप्रति उनीहरूलाई नै जिम्मेवार र जवाफदेही बनाउने हो भने संस्थान उँभो लाग्ने सम्भावना हुन्छ । यस्ता कुरालाई ख्याल गरेर तत्काल कार्य सम्पादन करार, रणनीतिक योजना र नतीजा अनुगमनको कार्यलाई अगाडि बढाउनु उपयुक्त हुन्छ ।

सार्वजनिक संस्थानहरूको कार्यसम्पादनमा सुधार ल्याउन जवाफदेहीपूर्ण व्यवस्थापनको निर्माण गरी 'दण्ड र पुरस्कार' को नीतिलाई प्रभावकारी रूपमा लागु गर्नुपर्छ । सार्वजनिक संस्थानहरूमा सक्षम, योग्य मानव संसाधनको विकास गर्न खुला, प्रतिस्पर्धाका आधारमा कर्मचारी नियुक्ति एवं सिफारिस गर्ने लोकसेवा आयोगको भूमिकालाई प्रभावकारी बनाउनुपर्छ । संस्थानहरूभित्र सुमधुर औद्योगिक सम्बन्ध कायम गर्न संस्थानहरूमा शीघ्र आधिकारिक ट्रेड युनियनको निर्वाचन गरी सामुहिक सौदाबाजी गर्ने प्रक्रियालाई व्यवस्थित गर्नुपर्छ ।

अन्त्यमा, मुलुक संघीयतामा गइसकेको र जनताले स्थानीय सरकारबाटै आधारभूत सेवा-सुविधा प्राप्त गर्ने अधिकार रहेको छ । राज्यले यी सेवा सहज ढङ्गले प्रदान गर्नुपर्छ । राज्यको भूमिका सर्वोपरि रहेको हुँदा सार्वजनिक संस्थानहरूलाई नयाँ ढंगले सञ्चालन गर्न वित्तीय एवं व्यवस्थापकीय सुधारका उपायहरू अवलम्बन गर्नु अहिलेको आवश्यकता बनेको छ ।

# Petroleum and Fractional Distillation: In brief

# &

# Nepal Oil Corporation's Import: general scenario

✍ **Arun Khanal**

**Petroleum**

Because it is found in rocks, it is called petroleum, derived from the Latin words *petra* meaning rock and *oleum*meaning oil. Thus, petroleum means rock oil. Petroleum is often called liquid gold because modern civilization has found it to be more valuable then precious metal gold.

Petroleum or crude oil is a dark greenish-brown viscous mixture of several compounds such as Hydrocarbons (HC), Sulphur-containing compounds (S), Oxygen-contaning compounds (O), Nitrogen-containing compounds (N) and some Inorganic compounds found deep in the Earth's crust. The average composition of crude petroleum is

C=79.5-87.1 %     H=11.5-14.8%     S=0.1-3.5%     N+O=0.1-0.5%

**Origin of Petroleum**

Three widely accepted theories that explain the origin of petroleum are given below:

- **<u>Carbide Theory:</u>**

According to the theory, hydrocarbons present in petroleum are formed by the action of water on inorganic carbides. Inorganic carbides are formed by the reaction of metal and carbon under huge temperature and pressure inside the earth. However, this theory fails to explain the presence of nitrogen, sulphur, chlorophyll, haemin and optically active compounds.

- **<u>Engler Theory:</u>**

Engler(1900) suggested that petroleum is formed by the decay and decomposition of marine animals under high pressure and temperature. The sulphur dioxide given out by the volcanoes beside the seaside killed marine species which went on piling beside the volcanoes. After hundreds of years, these species decomposing under the

influence of high pressure and temperature formed petroleum. However, this theory fails to account for thre presence of chlorophyll in petroleum.

- **Modern Theory:**

According to modern views, petroleum is believed to be formed by the decay and decomposition of marine animals as well as that of vegetable organism of the present historic forests, i.e. it is of animal as well as plant origin. It is thought that due to some upheavals or earthquakes, these prehistoric forests, and sea animals got buried under the crust of earth and due to prolonged action of high temperature and pressure in the interior of the earth for ages, the biological matter decomposed into petroleum. The modern theory explains the presence of brine and coal in the vicinity of petroleum. Presence of brine is explained on the basis of animal origin while the presence of coal is explained by plant origin.

**Occurance:**

Petroleum is found in deep wells below the earth, at a depth of about 5000 feet or more accordingly. Mining of petroleum is done by drilling holes in the earth's crust and sinking pipes up to the oil-bearing porous rocks. Usually, oil gushes out itself due to the hydrostatic pressure of natural gas, but as the pressure of the gas subsides, air pressure is applied through pumps to force the oil out of the well.

**Refining of Petroleum**

Petroleum as it comes from the ground is a viscous, dark coloured, and foul-smelling liquid. It reaches the surface as foam consisting of a mixture of solid, liquid, and gaseous hydrocarbons containing sand and water in suspension. Technically, it is called crude oil, chemically, it is a complex mixture of hydrocarbons, so it becomes necessary to separate these hydrocarbons to make each fraction available for the appropriate use. It can be separated into a number of useful fractions by **fractional distillation**. This process of dividing petroleum into different useful fractions with different boiling ranges is called **refining of petroleum**, and the plants set up for the purpose are called oil refineries. The process of refining involves the following steps.

**Step I. Separation of Water (Cottrell's Process)**

The crude oil is an emulsion of oil and salt water (brine). The process of separation water from oil consists of allowing the crude to flow between two highly charged electrodes. The colloidal water droplets coalesce to form large drops, which separated out from oil.

**Step II. Removal of Sulphur Compounds**

This involves the treatment of oil with copper oxide, A reaction occurs with sulphur compounds that result in the formation of copper sulphide (precipitate), which is then removed by filtration.

**Step III. Fractional Distillation**

The various components of crude oil have different sizes, weights and boiling temperatures; so, the first step is to separate these components. Because they have different boiling temperatures, they can be separated by a process called fractional distillation. The steps of fractional distillation are as follows:

- The mixture (crude oil) with different boiling points is heated to a high temperature. Heating is usually done with high pressure steam to temperatures of about 600 degrees Celsius. The mixture boils, forming vapor (gases); most substances go into the vapor phase.
- The vapor enters the bottom of a long column (fractional distillation column) that is filled with trays or plates. The trays have many holes or bubble caps (like a loosened cap on a soda bottle) in them to allow the vapor to pass through.
- They increase the contact time between the vapor and the liquids in the column and help to collect liquids that form at various heights in the column. There is a temperature difference across the column (hot at the bottom, cool at the top). As the vapor rises through the trays in the column, it cools.
- When a substance in the vapor reaches a height where the temperature of the column is equal to that substance's boiling point, it will condense to form a liquid. (The substance with the lowest boiling point will condense at the

highest point in the column; substances with higher boiling points will condense lower in the column.).

- The trays collect the various liquid fractions. The collected liquid fractions may pass to condensers, which cool them further, and then go to storage tanks, or they may go to other areas for further chemical processing.

Fractional distillation is useful for separating a mixture of substances with narrow differences in boiling points, and is the most important step in the refining process. The distillation column is a cylindrical structure of steel, about 31 meters high and 3 meters in diameter. The following figure illustrates a general fractional distillation column.





Figure: Fractional distillation of petroleum (Crude Oil)

Various principle fractionation products thus obtained are given in the following table.

| ***Name of Fraction*** | ***Boiling Range*** | ***Uses*** |
|---|---|---|
| 1. Uncondensed gases | Upto 30°C | Domestic fuel (LPG), synthesis of organic chemicals, production of carbon black |
| 2. Petroleum ether | 30-70°C | As a solvent of oil, varnish |
| 3. Gasoline or Petrol | 40-120°C | Fuel for internal combusion engine of automobiles, air-planes, solvent, and dry cleaning |
| 4. Neptha | 120-180°C | As solvent and dry cleaning |
| 5. Kerosene | 180-250°C | Illuminant, fuel for stoves |
| 6. Diesel oil | 250-320°C | Fuel for Diesel engines |
| 7. Heavy oil on refractionation gives | 320-400°C | |
| i. Lubricating oil | | Lubricant |
| ii. Petroleum jelly | | Medicines, cosmetic |
| iii. Grease | | Lubricant |
| iv. Paraffin wax | | Candles, boot police, wax paper, tarpolin cloth, and so on |
| 8. Residue pitch or petroleum coke | Above 400°C | Water proffing of roofs, road making, fuel |

Table: Composition and Uses of the Main Petroleum Fractions

**Source:**

Chopra, H. K., & Parmar, A. (2007). *Engineering Chemistry A Textbook.* New Delhi: Narosa Publishing House.


Kuriacose, J., & Rajaram, J. (1984). *Chemistry in Engineering and Technology Volume 2.* New Delhi: TATA McGRAW-Hill Publishing Company Limited.

*learnwise.co*. (n.d.). Retrieved December 09, 2018, from http://learnwise.co/fractional-distillation-diagram-labeled/fractional-distillation-diagram-labeled-new-oil-refinery-diagram-fractional-distillation/

Senapati, R. M. (2007). *Advanced Engineering Chemistry* (Vol. Second). Hingham: David F. Pallai.

## Nepal Oil Corporation's Import: General Scenario

SPOT MARKET → Singapore





BRENT CRUDE OIL purchased

BRENT CRUDE OIL → Ev[illegible]end price is considered

Moving Average (15 day's) is taken as Base Price

SHIPPMENT → Freight Cost




→ Mumbai Port (Maharashtra)

Haldia Port (West Bengal)

Refinary (Indian Oil Corporation Limited)

↓

Indian Oil Corporation Limited Depot. → Final Product Price + 2 % Surge charge

↓

**Final Price of Products in Nepal**

Nepal Oil Corporation Limited Depot. →

IOCL Cost
+ GON Tax
+ Other Tax
+ Handling Cost (Shrinkage + Technical Loss)
+ Administrative Cost
+ Price Stability Fund (PSF)
(1 % of the later final price)
------------------------------------
= Final Price of finished product in Nepal

# देश विकासमा पेट्रोलियम पदार्थको भूमिका

विमला पाण्डे देवकोटा

सवारी साधन, हवाईजहाज, मेशिनरी साधन, कलकारखानाको विकाससँगै संसारभर नै पेट्रोलियम पदार्थ मानव जीवनको अभिन्न हिस्सा बन्न पुगेको छ । मोटर इन्जिनलाई पेट्रोलियमबाट उर्जा दिएर गाडी गुडाउन सकिन्छ भन्ने तथ्य अगाडि आएपछि पेट्रोलियम पदार्थले आवागमनको मानवीय यात्रालाई नयाँ र रोचक मोड मात्रै दिएन त्यससँगै संसार नयाँ र आधुनिक परिवेशमा यात्रारम्भ गर्न सफल भयो । परम्परागत तवरले जिविका निर्वाह गरिरहेको मानव सभ्यता नै पेट्रोलियम उपयोगको चेतनासँगै सहज र सरल बन्न पुग्यो । पैदल हिँड्दा कहिल्यै नपुगिने स्थान पेट्रोलियम पदार्थको महत्वको चेतनाको अनिवार्य परिणममा विकसित हुन गएको आधुनिक यातायात प्रणाली र खासगरी हवाई यातायातको विकासपछि सिंगो संसार आज एउटा सानो गाउँमा परिणत हुनपुगेको छ । यो अभूतपूर्व मानव सभ्यताको विकासको यात्राको महत्वपूर्ण हिस्साको रुपमा पेट्रोलिम पदार्थको महत्व रहेको छ । सिंगो संसारभर यति धेरै महत्वपूर्ण योगदान गरेको पेट्रेलियम पदार्थको महत्व नेपालमा पनि उही रुपमा विद्यमान छ ।

पृथ्वीको हजारौं मिटर तल चट्टानहरुले थिचिएर रहेको कच्चा तेल, जो पेट्रोलियम पदार्थको मूल स्रोत हो । यसको अभावमा संसार नै हलचल गर्न नसक्ने अवस्थामा पुग्नुले यसको महत्व संसारभर कति छ भन्ने प्रष्ट पार्छ । हाइड्रोजन र कार्वनको मिश्रण पेट्रोलियम पदार्थको विश्व स्रोत मुख्यत रसिया, साउदी अरेबिया, कतार, इराक, इरान, अमेरिका, क्यानडा, चीन, यूएइ, कुबेत, नाइजेरिया, लिविया लगायतका देशहरु हुन् ।

पृथ्वीको भित्री सतहमा रहेको कच्चा तेल अर्थात् फोसिल फ्यूललाई ड्रिल गरेर जमिनमुनिबाट निकालिन्छ । रिफाइनरीमा डिष्टिलेसन टावरमा तताउँदा सबैभन्दा कम तापमा एलपी ग्याँस निकालिन्छ । त्यसपछि पेट्रोल, मट्टितेल, जेटफ्यूल, डिजेल, लुब्रिकेन्ट्स, वाक्स, विटुमिन लगायतका पदार्थ निकालिन्छ । त्यसरी निकालिएको पेट्रोलियम पदार्थ विभिन्न मुलुकबाट भारत हुँदै नेपाल आयल निगमले नेपालमा ल्याउँछ । काठमाडौं, अमलेखगंज, पोखरा,विरटनगर, जनकपुर, नेपालगंज, धनगढी, सुर्खेत, दीपायल, भैरहवा, लगायत विभिन्न भण्डारण केन्द्र हुँदै डिलर र पम्पमार्फत उपभोक्तासम्म आयल निगमले पेट्रोलियम पदार्थको आपूर्ति गर्ने गर्छ । एकदिन मात्रै केही कम पेट्रोलियम पदार्थ बितरण भये भने त्यसले देशको धमनीलाई नै अठ्याएको जस्तो हुने गरी हाहाकार मच्चिने र उपभोक्ताहरुको लामो लाइन पम्पहरुमा देखिने, सार्वजनिक र निजी सवारी साधनहरुले सास्ती बेहोर्ने गरेको घटनाले देशमा पेट्रोलियम पदार्थको महत्वलाई स्वतः प्रष्ट्याउँछ ।

नेपालले संसारका ठूला र विकसित देशहरुको तुलनामा निकै पछि र अहिले पनि निकै कम मात्रै पेट्रोलियम पदार्थको खपत गर्छ । यहाँ बाटोघाटो, कलकारखाना र राजमार्गहरुको विकास निकै ढिलो र धिमा गतिमा शुरु भयो । तर खासगर प्रजातन्त्रको पुनस्थापना र देश गणतन्त्र हुँदै नयाँ संविधान निर्माणको मार्गबाट अघि बढ्दै स्थिरताको बाटोतिर गएपछि नागरिकहरुको विकास र प्रगतिको अपेक्षा उच्च बनेको छ । अझ संघीयताको कार्यान्वयनका क्रममा स्थानीय तहको निर्वाचनपछि गाउँ गाउँमा

सिहंदरवार पुगेको महशुस गराउन स्थानीय तह विकासको अनिवार्य बाटोमा अग्रसर हुनुपर्ने दवावमा छन् ।

आजपनि नेपालका हजारौं गाउँहरुको पहिलो माग सहज यात्राका लागि बाटो निर्माण, पुलपुलेसा, सिंचाईका लागि नहर निर्माण लगायतका छन् । देशमा अहिले सबैभन्दा बढी र छिटो भइरहेको काम पनि बाटो खन्ने र त्यसलाई स्तरीकरण गर्ने नै हो । बाटो खन्ने, त्यसको स्तरीकरण गर्ने, पिच गर्ने काममा सबैभन्दा पहिलो र अनिवार्य पाटो भनेकै पेट्रोलियम पदार्थको सहज उपलब्धता हो । केही बर्षअघि भएको नाकावन्दीको समयमा पेट्रोलियम पदार्थको अभावमा देशभर विकास निर्माणका कामहरु पूर्णतया ठप्प भएको सत्य हामीले भोगेको हुनाले पनि देश विकासको अनिवार्य र महत्वपूर्ण भूमिका पेट्रोलियम पदार्थले खेल्ने कुरा निर्विवाद देखिन्छ । आयल निगमका अथक प्रयास र व्यवस्थापनका बावजूद  पेट्रोलियम पदार्थको अभावमा हाइड्रोपावर प्राजेक्टदेखि उत्पादनमूलक कारखानाहरु समेत ठप्प भएको थियो । सार्वजनिक सवरी साधनहरु पूर्ण क्षमतामा सञ्चालन हुन नसक्दा नागरिकहरुले सास्ती बेहोर्नुपरेको थियो । ढुवानीका साधनहरु यथेष्टरुपमा चल्न नसक्दा नेपाली समाजको दैनिकी नै उलटपुलट हुने गरी प्रभावित भएको थियो । अस्पताल र मानवीय सेवा प्रदायक क्षेत्रहरुले समेत समस्या बेहोर्नुपर्ने अवस्था आएपछि आयल निगमले समस्या समाधान गर्न कडा मिहेनत गर्नुपरेको थियो । तीन वर्ष अघि मात्रै देशले भोगेको यही अवस्थाबाट नै हामी देशको लाइफलाइनका लागि पेट्रोलियम पदार्थको महत्व कति धेरै रहेछ भन्नेमा प्रष्ट हुन सक्छौं ।

आजैपनि पेट्रोलियम पदार्थको अभावमा देशको विकास निमार्ण ठप्प हुने अवस्था छ । यसको अभावमा न त सवारी साधनहरु संचालनमा आउन सक्छन् न बाटो खन्ने मेशिनहरु संचालन हुन सक्छन् । त्यति मात्रै होइन सहज ग्याँसको अभावमा हिमाल आरोहण, अस्पतालमा शल्यक्रिया समेत हुन सक्दैन भने हवाईजहाजहरु समेत इन्धनको अभावमा संचालनमा आउन सक्दैनन् । यसले देशको आयको महत्वपूर्ण हिस्साको रुपमा अगाडि आएको पर्यटन क्षेत्र, स्वास्थ्य र वैदेशिक रोजगारको क्षेत्र समेत प्रभावित हुन जान्छ । एलपी ग्यासको अभावमा आज शहरी जीवन पूर्णतया प्रभावित हुने अवस्था छ । ग्रामीण क्षेत्रमा अझैपनि दाउराबाट खाना पकाउने गरेपनि शहरी जनजीवन शतप्रतिशत जस्तो ग्यासमा निर्भर छ । यसको अभावमा होटल, रेष्टुरेन्ट मात्रै होइन जनताको चुल्हो समेत वन्द हुन्छ । दैनिक पकाउने खाने काममै समस्या भएपछि नागरिक दैनिक कार्यालय जाने, कामगर्ने र विकासमा लाग्ने त कल्पना बाहिरको कुरा हुनजान्छ । देशको एक भागबाट अर्को भागमा जान, विकास निर्माणका लागि आवश्यक सामाग्री उत्पादनमा, निर्माण सामाग्रीको ओसारपसार गर्न र निमार्ण कार्य गर्न समेत पेट्रोलियम पदार्थ अनिवार्य रुपमा सहजतवरले उपलब्ध हुनु अनिवार्य छ ।

हामीकहाँ साँझको अध्यारोमा बत्ती बाल्न पुग्नेगरी समेत पर्याप्त विजुलीको उत्पादन भएको छैन । यातायातका साधनहरु विजुलीबाट चल्ने अवस्था हामीकहाँ छैन भने कलकारखानाहरुले समेत विजुलीको अभावमा पेट्रोलियम पदार्थमा नै निर्भर भएर संचालित हुनुपर्ने अवस्था छ । खाना पकाउनेदेखि सामान ओसार्ने, उत्पादन गर्नेदेखि बाटो खन्ने, अस्पतालदेखि आरोहणसम्म आजको नेपाली जीवन पेट्रोलियम पदार्थमा निर्भर छ । बाटो खन्न पर्यो एक्साभेटर चाहियो । एक्साभेटर चलाउन तेल चाहियो । पिच गर्न

विटुमिन चाहियो । तेल चााहियो । भवन बनाउन सामान ओसार्नुपर्यो । पक्की पुल बनाउन, हाइड्रो प्रोजेक्ट निर्माण गर्न अथाह मात्रामा निर्माण सामाग्री चाहियो । गाडी चलाउन इन्धन चाहियो । यसरी जीवन निर्वाह गर्नदेखि एक भागबाट अर्को भागसम्म ओहोर दोहोर गर्न, निर्माण गर्नदेखि त्यसको रेखदेख, मर्मत सम्भार गर्न हरेका काममा पेट्रोलियम पदार्थको महत्व निकै नै रहेको छ । अर्को बिकल्पको आविष्कार र प्रतिस्थापनको चरण नआउन्जेलसम्म देश निर्माणमा मात्र हैन देशको लाइफलाइन संचालन गर्नमा समेत पेट्रोलियम पदार्थको महत्व दिनप्रतिदिन बढ्दै गइ नै रहनेछ ।

## ERGONOMICS: SAFETY AT WORK; IN GENERAL AND IN CONTEXT TO NOCL

Simran Basnet



Health and safety is an important part of any industry but some industries are at higher risk due to their sensitive production process involving risky task to be performed by the employees. Such intensive and dangerous operations can be found in oil and gas industry such as Nepal Oil Corporation Limited (NOCL). Working in the oil depots can be generally characterized by diverse schedules, long working hours, and poor environmental conditions such as noise and heat. Such hostile working conditions would increase accidents and injuries. More specifically, workers are largely uncovered to ergonomic-related injuries and injury risks such as repeated bending, lifting heavy items, pushing and pulling weight loads, reaching overhead, performing the same or similar tasks repetitively, and working in awkward body postures.

**What is ergonomics?**

The term *ergonomics* comes from the Greek words *ergon*, meaning "work", and *nomos*, meaning "laws"—thus, laws of work .Ergonomics is a science whose main purpose is to fitting the job to the worker by design workspaces and tools to do their jobs easily, comfortably and safely. According to U.S. Dept. of Health, Ergonomics is the science of fitting workplace conditions and job demands to the capabilities of employees. *Ergonomics* is a way to work smarter, not hard by designing tools, equipment, work stations and tasks to *fit the job to the worker* and not the worker to the job.


**The key objectives of ergonomics**

The main objective of ergonomics is to **increase productivity** and **improvement of health and safety**. Its goal is to eliminate discomfort and risk of injury due to work. Ergonomics has been found to improve worker productivity, occupational health, safety and satisfaction. This has both direct and indirect effects on overall performance. The other objective of ergonomics includes: **increased job satisfaction, increased work quality, increased comfort of workers during work.**

**Workplace Ergonomic Hazards at NOCL**

The work in NOCL is usually performed in open and exposed fields, constrained areas, restricted spaces, and other outdoor environments. Workers especially in the oil depot continuously experience the problems of noise, slippery surfaces, and numerous manual material handling exposures of carrying, lifting, lowering, pushing and pulling tasks. There are repetitive tasks, diverse schedules, long working hours which increases the back pain, upper-body and neck pain causing force risks to the employees. They also face the risk of fire and explosion due to ignition of flammable vapors or gases which can lead to a variety of short- and long-term health effects such as poisoning, skin rashes and disorders of the lung, kidney and liver. The nature of the task can create various ergonomic hazards in NOCL such as:

**Repetition** -Repetitiveness of work may become a risk factor in the upper extremities of the body.




**Force**- Forceful hand exertions during working activities such as using heavy tools, carrying heavy loads have been associated with increased risk of upper extremities of the body (Silverstein et al. 1987).

**Awkward Posture**– Awkward posture for prolonged period may lead to cause of ergonomics related injuries.

**Duration** – Prolonged duration of work may cause ergonomics related injuries. A forceful biomechanically disadvantageous position with repetition within a short period of time may lead to temporary impairment.

**Static postures-** It refers to physical exertion in which the same posture or position is held throughout the exertion. These types of exertions put increased load or forces on the muscles which contributes to fatigue.

Other ergonomics hazards that can be observed in NOCL include: **Contact Stress**, **Vibration**, **Psycho Social**, and **Temperature Extremes** and so on.

## Benefits of ergonomics to NOCL

Ergonomics technology can be properly applied to NOCL which can eliminate or reduce occupational health and safety problems in the workplace and enhance performance.It will help to achieve a balance between worker characteristics and task demands. This can enhance worker productivity, provide worker safety and physical and mental well being, and job satisfaction in NOCL. It facilitates to minimize the possible injuries. Lower injuries mean lower medical and compensation costs, less loss of wages and workdays (In, 2016) .thus, this creates financial benefit to the NOCL. The major benefits ergonomics will bring to NOCL can be listed as:

### Optimize worker well-being

Ergonomics is a science that helps to fit the job to the worker and not the worker to the job. NOCL can provide personalized ergonomic assessments and necessary adjustments to all employees when hired so as to increase comfort and productivity while reducing pain and injury risk. This automatically leads to increase in workers' well being.

### Optimize productivity

As said earlier in the article the key objective of ergonomics is to increase productivity of the worker. NOCL taking necessary steps to fit the job to the worker by designing proper workspaces and tools to do their jobs easily, comfortably and safely will ensure the job will be done effectively and efficiently. Thus, optimizing the productivity of NOCL

### Minimize workplace stress factors

Work stress is a negative emotional and physiological state that employees suffer from when faced with adverse work conditions beyond their control. It can also be an outcome of employee's negative perception of his/her work environment (Makhbu, Abdullahl, & Senik, 2013). The evaluation and design of proper work area design, shift work, humidity, and working hours in relation to employees' health factors can help NOCL overcome the problem of workplace stress factor.

### Minimize medical/workers' compensation costs

The knowledge of ergonomics in worker allows the worker to pay attention to their health and safety. Tips and techniques which can be easily performed by the workers such as maintaining neutral posture and moving the body parts after constantly sitting in computer chair can easily prevent serious injuries such as back and neck pain. Lower injuries mean lower medical and compensation costs, less loss

of wages and workdays (In, 2016). Thus ergonomics can be adopted by NOCL to minimize medical/workers' compensation costs.

**Increase Company Profitability**

The application of ergonomics optimize workers well being. It minimizes the possible injuries at work. It is responsible for maintaining healthy, safe and comfortable work environment. This allows productivity in NOCL as a result increase in NOCL profitability.

**Importance of ergonomics in NOCL office and Depot operational design**

Workplace design has a profound impact on the productivity of workers. NOCL can make the best use of space through optimum placement of equipment, integrating the human factor into workplace design, and effectively aligning the workplace into the surrounding environment. These are important aspects to maintain better ergonomics. The depot operations such as loading of petroleum products in tank trucks from storage tanks (Vertical Tanks, underground tanks), fueling of aviating fuel into aircraft requires worker to lift heavy equipments. It is essential that operation managers ensure that the task operation will not stress the workers and the work like heavy lifting is done with team effort rather than single person putting all the effort. It is necessary to provide flexible time shift to worker. The heat stress faced by the workers working especially in oil depot brings potential safety and health hazard for this NOCL has been providing proper protective gear to the workers. However, these clothings must be comfortable to use and wear so as to avoid the danger of the worker removing it due to discomfort. NOCL has been providing regular health checking facilities for the workers. However additional Training, motivation and Occupational health and safety programs regarding ergonomics can lead to minimization of health problems faced by the workers such as pains/backaches, upper body and neck pains, hand and wrist pain. Ergonomics can be achieved by NOCL by taking these steps in their office design:

- Form a transparent interface between the user and the task.
- Form an un obstructive office.
- Work should not be performed constantly at or above the level of heart.
- Frequently needed things should be kept at the place of work.
- Different things must have definite place that can be easily seen, got hold without avoidable effort and returned similarly.
- Suitable seating accommodation.
- Gadgets, files and folders should be clearly marked.
- Furniture should be positioned so that the clerk requires the least possible effort.

- Desk should be positioned so that individuals do not get in each other's way.
- Every clerk should have his own place of work.
- The field of vision must be comparatively narrow.
- Suitable choice of color should be provided.
- Suitable ventilation should be provided.
- Temperature must be maintained at 18 to 21
- Excessive noise must be avoided.

**Conclusion:**

NOCL has been taking greater efforts to keep workers safer and healthier; it has invested in improvement to reduce accidents and injuries over the years. For example, the introduction of health facility in the office, providing safety and protective gears such as harness, airline respirator to the worker at fields. Despite such advancements in the working environments, further improvements are still needed to keep workers secure and gain better from their jobs. In order to fully eradicate accidental deaths from the work, the fast development of new intervention technologies and strategies is necessary. For this reason, occupational safety and health (OSH) issues are of major concern in the NOCL.Therefore, it would be essential to concern the application of practical actions in NOCL to reduce and prevent work-related accidents, injuries, and illness.If NOCL needs to achieve injury- and incident-free performance, ergonomics must be a large part of that effort.

**References**

In, J. K. (2016). Ergonomic involvement for occupational safety and health. *Journal of Ergonomics, 6* (3), 2-3.

Makhbu, Z. M., Abdullahl, N. L., & Senik, Z. C. (2013). Ergonomics and Stress at Workplace: Engineering Contributions to Social Sciences. *Jurnal Pengurusan* , 125 - 131.

Shikdara, A. A., & Sawaqed, N. M. (2004). Ergonomics, and occupational health and safety in the oil industry: a managers' response. *Computers & Industrial Engineering* , 223–232.

Das, B., & Grady, R. M. (1983). Industrial workplace layout design: An application of engineering anthropometry. Ergonomics, 26(5), 433–443.

# सुशासनः नेपाल आयल निगम लि. को अवस्था

✍ सँगिता धामी

**सुशासनको परिचय :**

सार्वजनिक प्रशासनको असल अभ्यास नै सुशासनको आधार हो। जनमुखी र जनकेन्द्रित प्रशासन एवं सार्वजनिक श्रोत र साधनको उत्तम व्यवस्थापन नै सुशासन हो । जनताको अधिकतम हित, भलाई, कल्याण सम्वृद्धि र सम्मुन्तीका खातिर उपलव्ध श्रोत र साधनको महत्वम परिचालन गर्दै जनमुखी, परिणामुखी, इमान्दार र कर्तव्यप्रायण भई राज्य प्रणाली संचालन गर्ने पद्धती लाई सुशासन भनिन्छ। सुशासन एउटा यस्तो व्यवस्था हो जहाँ कानुनको पूर्ण परिपालना हुन्छ त्यहाँ राजनैतिक र प्रशासनिक विकृतिविनाको शासन पद्धती तथा कानुनको उच्च परिपालना र कानूनी सर्वोच्चता कायम भएको हुन्छ ।

सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता, कानूनी राज्य, जवाफदेहीता, पारदर्शिता, नागरिकका न्यूनतम अधिकारहरुको प्रत्याभूति, शान्ति सुव्यवस्था सुशासनका न्यूनतम सर्तहरु हुन् । सुशासनको सही प्रयोगले आर्थिक तथा भौतिक सम्वृद्धि, सामाजिक प्रगति मार्फत सामाजिक एकीकरणमा योगदान दिने काम गर्दछ। जनसहभागिता पूर्वानुमानयोग्यता, जवाफदेहिता र पारदर्शिता सुशासनका चार आधार स्तम्भ हुन । सुशासनले शासन प्रणालीमा जनताको अपनत्व कायम गर्न सहयोग पुग्दछ । जनताले राम्रो अनुभुति गरेको शासन प्रक्रिया,कानूनको शासन, उच्च अनुशासन र कुशल व्यवस्थापनको समग्ररुप सुशासन हो।

**अवधारणा :**

सुशासन शव्दको प्रयोग सर्वप्रथम विश्व बैंकले स्न १९८९ मा गरेको पाईन्छ । सन् १९९० को दशकमा सहायता शर्त (Aid Conditionality) को रुपमा विकास भएको हो। आधुनिक समयमा यसलाई शासनको नयाँ आयामका रुपमा उपयोग गर्ने गरिएको पाईन्छ । नेपालमा सुशासन ( व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ वाट औपचारिक र कानूनी रुपले अवलम्वन गरिएको हो । नेपालको वर्तमान संविधानले समेत प्रस्तावनामै दीगो शान्ति र सुशासनप्रति प्रतिवद्धता जाहेर गरेको छ । आवधिक योजना, सरकारका नीति र कार्यक्रममा सुशासनलाई जोड दिइदै आएको पाईन्छ । सन् १९९० मा UNDP का अनुसार सुशासन हुन निम्न तत्वहरु आवश्यक पर्दछ ।

कानूनको शासन,उत्तरदायित्व,जनसहभागिता,पारदर्शिता पूर्व अनुमानयोग्यता,निश्पक्ष तथा भरपर्दो न्यायप्रणाली, सुचनाको हकको प्रत्याभूति आदि।

**सुशासनका आयाम वा क्षेत्रहरु :**

१)**राजनैतिक आयाम :**आवधिक निर्वाचन,बैधानिक सरकार,वालिग मताधिकार,लोकतान्त्रीक गणतन्त्र,शक्ति पृथ्कीकरण

२)**आर्थिक आयाम :**स्थानीय श्रोतको परिचालन,आर्थिक अनुशासन,मितत्व्ययी प्रयोग

३)**सामाजिक आयाम :**समावेशीकरण, सशक्तीकरण, सामाजिक न्याय, सामाजिक सँस्थासंग सहकार्य

४)**साँस्कृतिक आयाम :** सास्कृतिक पहिचान, सांस्कृतिक सम्मान, गलत सास्कृतिको अन्त्य,राम्रो सांस्कृतिलाई मान्यता

५)**नैतिक आयाम :**गुणस्तरीय कार्य सम्पादन, स्वविवेकको सदुपयोग

६)**व्यवस्थापकिय आयाम :** छरितो व्यवस्थापन, सहभागितामुलक व्यवस्थापन, छिटो निर्णय

**<u>नेपालमा सुशासनका लागि गरिएका प्रयासहरु :</u>**

- सुशासन ऐन, २०६४ र नियमावली २०६५ ले गरेको व्यवस्था
- नागरिक वडापत्र
  - सार्वजनिक सुनुवाई र सार्वजनिक लेखा परिक्षणको व्यवस्था
  - प्रवक्ता, गुनासो व्यवस्थापन र घुम्ती सेवा
  - शासकीय सुधार मार्गचित्र २०५६
  - सकारात्मक विभेद र समावेशीकरणको व्यवस्था
  - भ्रष्टाचार नियन्त्रण ऐन, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८
  - सार्वजनिक खरीद ऐन, २०६३
  - विद्युतीय सरकार (E-government)
  - प्रशासन सुधारको प्रयास
  - नेपालको वर्तमान संविधानमा प्रस्तावना र राज्यका नीतिमा सुशासन कायम गर्ने प्रतिवद्धता गरेको छ ।
  - स्थनीय सरकार सञ्चालन ऐन, २०७४

**<u>नेपाल आयल निगम लि. मा सुशासनका लागि भएका प्रयासहरु :</u>**

<u>कम्पनि ऐन, २०६३,</u> आर्थिक प्रशासन तथा खरीद सम्वन्धी विनियमावली, २०६४,पेट्रोलियम पदार्थ गुणस्तर नियन्त्रण विनियम, २०६४,पेट्रोलियम पदार्थ ढुवानी विनियमावली, २०७३,पेट्रोलियम पदार्थको स्वचालित मूल्य प्रणाली कार्यान्वयन कार्यविधि, २०७१,विक्रेता विनियमावली, २०७३,एल.पि. ग्याँस ढुवानी विनियमावली, २०७३,कर्मचारी प्रशासन विनियमावली, २०६३,निगमको सवै प्रादेशिक कार्यालय लगायत इन्धन डिपो, हवाई इन्धन डिपोहरुमा संचालित टैंक ट्रकमा लकिङ्ग सिष्टम जडान भई कार्यान्वयनमा आइसकेको । नेपाल आयल निगम लि० ले आफुले आयात तथा विक्री वितरण गर्ने पेट्रोलियम पदार्थको मूल्य सूची निगमको वेइभ साइटमा प्रत्येक अँग्रेजी महिनाको १ तारिख र १६ तारिखमा मूल्य समायोजन वा यथावतको मूल्य सूची राख्ने गरिएको पाइन्छ । निगमले विक्री वितरण गरिरहेका पेट्रोलियम पदार्थहरुको आपुर्ति र वितरण सम्बधी जानकारी उपभोता लाई पुणरुपमा दिनको लागि आफ्नो वेइभ साइट स्थापना गरी प्रत्येक पेट्रोलियम पदार्थको मुल्य सुचि राखेको छ साथै पेट्रोलियम पदार्थ आयात, भण्डारण,वितरण, भन्सार दर,व्यस्थापकीय कार्यको स्थीतिको पनि यर्थाथ विवरण राखिएको छ । पेट्रोलियम पदार्थ र एल पि. ग्याँसको प्रयोग गर्ने कसरी कुन कुन प्रकारका भाडाहरुमा राख्यन मिल्ने नमिल्ने सम्वन्धी जानकारीको लागि प्रचार प्रसारको कार्य र जनचेतनामुलक विज्ञापनहरु प्रकाशन तथा प्रसारण गर्ने गरिएको छ । जनचासोका विषयमा निगमका उच्च पदस्थ कर्मचारी तथा व्यवस्थापकहरु प्रत्यक्ष रुपमा सार्वजनिक कार्यक्रमहरुमा भाग लिई उपभोक्ताहरुको जिज्ञासाहरुको उत्तर दिइने गरिएको छ।

निगमले विभिन्न विषयमा निर्णय लिइदा जनसहभागिताको आधारमा गर्ने गरेको पाइन्छ । उपभोक्ता मञ्च, उद्योग वाणिज्य महासंघ, ढुवानीकर्ता, पेट्रोलियम डिलर्स एशोसिएशन, कर्मचारी यूनियनहरु आदिलाई प्रत्यक्ष सहभागी गराई छलफल पछि जनताको हित हुने निर्णय लिइन्छ। समावेशीकरणको धारणालाई आत्मसात गर्दै निगमले आफुलाई दक्ष आवश्यक पर्ने कर्मचारीहरु विज्ञापन गरी विभिन्न वर्ग, जाति, सम्प्रदाय, क्षेत्र आदिका जनशक्तिहरुलाई पारदर्शी रुपमा लिखित र मौखिक परीक्षा लिई समय समयमा नियुक्ति गरिएको छ।

**नेपाल आयल निगमले सुशासन प्रवर्दनको लागि भविष्यमा गनुपर्ने व्यवस्था :**

निगमको लागि आवश्यक दक्ष प्राविधिक तथा आर्थिक परामर्शदाता नियुक्ति गरी कर्मचारीको सेवा सुविधा सम्वन्धमा विनियममा भएका व्यवस्थाहरुलाई समयानुकूल परिमार्जन गर्दै लैजानु पर्ने र निगमको भौतिक सम्पतिको संरक्षण तथा अधिकतम उपयोगको लागि आवश्यक कदम चालिनु पर्नेछ । निगमका नीति, नियम, विनियमावली र कार्यविधिहरु समयानुकूल परिमार्जन गरिनु पर्ने साथै मौजुदा यी समग दस्तावेजहरु निगमको website मा राखिनु पर्नेछ । वजेट तथा कार्यक्रममा निर्धारित विभिन्न कार्य योजनाहरु सम्पन्न भए नभएको अध्ययन गर्न तथा कार्यान्वयनमा देखिएका त्रुटि र समस्या समाधानको लागि अनिवार्य रुपमा चौमासिक तथा वार्षिक समीक्षा सुपरीव्रेक्षण, अनुगमन, कार्य प्रगतिको मूल्यायन प्रतिवेदन सञ्चालक समिति समक्ष पेश गर्ने व्यवस्था मिलाउनु पर्ने । नागरिक वडापत्रको प्रभावकारी कार्यान्वयन गरी निगमले प्रवाह गर्ने सेवा सरल र सहजरुपमा सुशासनको अनुभूति हुने गरी प्रवाह गनुपर्नेछ । मूल्य स्थिरीकरण कोषको प्रयोग गरी पेट्रोलियम पदार्थको विक्री मूल्यमा स्वचालित प्रणालीको कार्यान्वयनलाई निरन्तरता दिनु पर्ने र निगमलाई व्यवसायिक तथा आर्थिक रुपमा आत्मानिभर बनाउदै लगिनु पर्ने हुन्छ ।

**निस्कर्ष :**

मुलुकको सर्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामुलक बनाई यसको प्रतिफल सर्वसाधारणलाई उपलव्ध गराउने शासन प्रणाली नै सुशासन हो । जनमुखी शासन प्रणाली, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता, कानूनी राज्य, जवाफदेहिता, पारदर्शिता, नागरिकका न्यूनतम अधिकारहरुको प्रत्याभुति, शान्ति सुव्यवस्था सुशासनका न्यूनतम सर्तहरु पुरा गर्न सकारात्मक सोचका साथ प्रत्येक व्यक्ति कर्तव्यपरायण भई इमान्दार हुन जरुरी छ ।निगम पेट्रोलियम पदार्थको कारोवार गर्ने एकाधिकार प्राप्त सरकारको पुण स्वामित्व भएको संस्था हो । त्यसैले यसमा सुशासनको महत्व अनिवार्य रुपमा रहन्छ । नेपाल आयल निगमले उपभोक्ताहरुको आवश्यकतानुसार उपलव्ध गराउने वस्तु तथा सेवा छिटो छरिटो, सरल एवँ न्यायिक रुपमा उपलव्ध गराउनु अहिलेको आवश्यउकता हो ।

**सन्दर्भ सामाग्री :**

१)	नेपालको वर्तमान संविधान ( २०७२)
२)	निगमका सुचनाहरु
३)	सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
४)	नेपाल आयल निगम परिक्षा सहयात्री – जयराम पौडेल

# मौद्रिक एवं वित्तिय नीति : एक विश्लेषण

**✍ राजन भण्डारी**

कुनै पनि राष्ट्रको आर्थिक समृद्धि तथा विकास त्यस देशले अपनाएको आर्थिक नीतिमा निर्भर हुन्छ । यस्ता आर्थिक नीतिमा मौद्रिक तथा वित्तीय नीति ( Monetary/ Fiscal Policy ) पर्दछन् ।जसलाई नीतिगत साधन (Input Policy )भनिन्छ ।

## मौद्रिक नीति

सामान्य अर्थमा मुद्रासँग सम्बन्धित नीति नै मैद्रिक नीति हो । अर्को शब्दमा ,अर्थतन्त्रमा मुद्राको मात्रा( Quantity) के कति हुनुपर्दछ भनी अख्तियार गरिएको नीति मौद्रिक नीति हो । मुद्रा तथा साखको मात्रा ,लागत तथा उपयोगमा प्रभाव पार्न जारी गरिने नीतिलाई मौद्रिक नीति भनिन्छ । जसको उदेश्य मुद्राको परिमाणलाई वाञ्छित स्तरमा कायम राख्नु हो। अतःयसको अध्ययन क्षेत्र भनेको मुद्राको सिर्जना एवं निष्कासन ,मुद्रा विस्तार तथा संकुचन, विनिमय दर,विदेशी विनिमय दर र समग्र मुद्रा व्यवस्थापनसँग सम्बन्धित विषयहरु पर्दछन् । यसले मुद्रा व्यवस्थापनको सन्दर्भमा मार्गदर्शन प्रदान गर्दछ । यो नीति समष्टिगत आर्थिक नीतिको महत्वपूर्ण र आधारभूत नीति (Fundamental Policy)पनि हो ।यो नीतिले मुद्राको माग र आपूर्तिलाई व्यवस्थापन गर्दछ । यी कार्यहरु नेपालको सन्दर्भमा देशको मौद्रिक अधिकारीको रुपमा रहेको नेपाल राष्ट्र बैंक (NRB) मार्फत सम्पन्न हुने गर्दछन् । नेपालमा वि.स.२०५९ आषाढ ३२ मा मौद्रिक नीति पहिलोपटक सार्वजनिक गरिएको थियो ।

## मौद्रिक नीति उदेश्यहरु (Objectives)

देशको मौद्रिक नीति कस्तो हुनुपर्दछ भन्ने कुरा त्यस देशको विद्यमान आर्थिक अवस्था ,उपलब्ध श्रोत साधन जस्ता कुरामा निर्भर गर्दछ । प्रायः मौद्रिक नीतिका उदेश्य देहाय बमोजिम रहेको पाइन्छ ।

**१.मूल्य स्थिरता (Price Stability)** :सन् १९३० को आर्थिक मन्दी पछि मौद्रिक नीतिको मूल्य स्थिरता सम्बन्धी अवधारणा विकास भएको हो । मूल्य स्थिरता नभएमा धनको असमान वितरण हुन गई पूँजी निर्माणमा कमी र आय ,उत्पादन र रोजगारीमा प्रतिकुल प्रभाव पर्न जान्छ । त्यसैले अर्थतन्त्रमा देखिने यी समस्याहरुको निराकरणको लागि स्थिर मौद्रिक नीति हुनु पर्दछ ।

**२.विदेशी विनिमय स्थिरता (Foreign Exchange Stability ):** विनिमय दर भन्नाले प्रति एकाई विदेशी मुद्रा खरीद गर्न आवश्यक पर्ने स्वदेशी मुद्राको मात्रा वा परिमाण नै विनिमय दर हो । यस्तो विनिमय स्थिरता कायम गर्नु मौद्रिक नीतिको अर्को महत्वपूर्ण उदेश्य हो । अन्तराष्ट्रिय व्यापार वृद्धि गर्न, भुक्तानी सन्तुलन सकारात्मक बनाउन,विदेशी लगानी आकर्षित गर्न विनिमय स्थिरताको अपेक्षा राखिन्छ ।

**३.पूर्ण रोजगारी (Full Employment)**:किन्सियन सिद्धान्त अनुसार मौद्रिक नीतिको अर्को उदेश्य अर्थतन्त्रमा पूर्ण रोजगारी प्राप्त गर्नु हो । सैद्धान्तिक हिसावले यो उदेश्य प्राप्ति भएपनि व्यवहारिक रुपमा असंम्भवप्राय जस्तो छ ।पूर्ण रोजगारी भन्नाले क्षमता भएका जनशक्तिले प्रचलित पारिश्रमिक अनुसार

काम गर्ने तत्परता देखाँउदा काम पाउने अवस्था हो । अर्थात बेरोजगारी नभएको अवस्था पूर्ण रोजगारी हो ।

**४.आर्थिक बृद्धि(Economic Growth)** :लगानी ,उत्पादन , आय ,रोजगारीमा बढोत्तरी भई प्रति व्यक्ति आयमा बृद्धि भएको अवस्था नै आर्थिक वृद्धि हो ।यस्तो अवस्थामा देशको नागरिकको जीवन स्तर बढ्छ ,सम्पत्तिको वितरणमा समान प्रभाव पर्दछ अर्थात असमानता घट्छ । यो पनि मौद्रिक नीतिको मुख्य उदेश्य अन्तर्गत पदर्छ ।

विभिन्न देशका मौद्रिक नीतिका विभिन्न उदेश्यहरु निर्धारण गरिएका हुन्छन । जुन त्यस देशको राजनीतिक अवस्था, आर्थिक अवस्था आदिमा भर पर्दछ । उदेश्यहरु जे जस्ता भएतापनि नेपालको परिप्रेक्ष्यमा उच्च आर्थिक बृदि हासिल गरी मुद्रास्फिति नियन्त्रण(Inflation Control )का साथै तरलता व्यवस्थापन(Liquidity Management) गर्नु नै रहेको पाईन्छ ।

## मौद्रिक नीतिका उपकरणहरु (Instruments/Tools)

समग्र मौद्रिक नीति व्यवस्थापन गर्न जुन विधि वा प्रक्रियाको सहयोग लिईन्छ ,त्यसलाई मौद्रिक नीतिका उपकरण भनिन्छ । यस्ता औजारहरुको प्रयोगद्वारा तरलता मुद्रास्फिति आदिलाई इच्छाएको अवस्थामा राख्ने कोशिश गरिन्छ ।

१.बैंक दर-(Bank Rate ) –अर्थतन्त्रमा तरलता बृद्धि गर्न बैंक दर घटाइन्छ ,तरलता घटाउन बैक दर बढाईन्छ ।
२.नगद मौज्दात अनुपात (Cash Reserve Ratio -CRR) –नगद मौज्दात अर्थात तरलता बृद्धि गर्न CRR घटाईन्छ ,ठीक विपरित तरलता प्रशोचन गर्न CRR बढाईन्छ । क, ख, ग वर्गका वित्तीय संस्थाको NRB ले तोकिए बमोजिमको CRR हुन्छ । आ.व.२०७५/७६को मौद्रिक नीति अनुसार क ख वर्गका लागि ४% र ग वर्गका लागि ४ % तोकिएको छ ।
३.व्याज दर(Interest Rate)–मुद्राको लागत अर्थात ब्याजदर बढाइन्छ-तरलता बढाउन, त्यस्तै तरलता घटाउन ब्याज दर घटाईन्छ ।
४.खुल्ला बजार कारोवार (Open Market Transaction- रिपो(Repo) र Reverse Repo को माध्यम तरलताको व्यवस्थापन गरिन्छ ।
५.निर्देशित कर्जा कार्यक्रम(Directive loan programme )–प्राथमिक ,उत्पादन तथा विपन्न वर्ग कर्जामा केन्द्रिय बैकले तोकेको कुल निक्षेपको निश्चित प्रतिशत रकम लगानी गरी आवश्यकता अनुरुपको तरलता व्यबस्थापन गरिन्छ ।
६.वैधानिक तरलता अनुपात (Statutary Liquidity Ratio -SLR)- बैधानिक तरलताको मात्रा अर्थात SLR घटाईन्छ तरलता बृद्धि गर्न, ठीक विपरित तरलता प्रशोचन गर्न SLR बढाईन्छ । आ.व.२०७५/७६को मौद्रिक नीति अनुसार क, ख र ग वर्गका लागि क्रमश: १२,८,र७ प्रतिशत कायम गरिएको छ ।

## नेपालको चालु मौद्रिक नीति २०७५/७६का मुख्य मुख्य विशेषताहरु

-विस्तारकारी मोद्रिक नीति रहेको Expansionarg Monitory Policy
-नेपाल सरकारको चालु आर्थिक बजेटले लिएको ६.५ आर्थिक बृद्धि लक्ष्य मौद्रिक नीतिले समेत लिएको
-अनिवार्य नगद मौज्दात(CSR) र वैधानिक तरलता अनुपात(SLR) घटाईएको ,Spread Rate घटाईएको
-कृषि,उर्जा र पर्यटन जस्ता उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिएको ।
-शैक्षिक प्रमाण पत्र धितोमा शैक्षिक कर्जाको व्यवस्था गरिएको ।

-लगानीलाई प्रोत्साहन,रोजगारी प्रर्बद्धन,उद्यमशीलताको लक्ष्य लिएको ।
-मुद्रास्फितिलाई वाञ्छित स्तरमा राख्ने नीति लिएको ।

**वित्तीय नीति (Fiscal Policy)**

सरकारको आय, व्यय र ऋणसँग सरोकार राख्ने नीति वित्तीय नीति हो । वित्तय नीति भनेको राष्ट्रिय अर्थतन्त्रको व्यवस्थापनका लागि सरकारी खर्च,राजश्व र ऋणसँग सम्बन्धीत गतिविधिलाई व्यवस्थित गर्न अपनाईने नीति हो । सरकारले आर्थिक उदेश्य हासिल गर्न जारी गर्ने नीति जो राजश्व,खर्च र ऋणसँग सम्बन्धित छ । राजश्व कुन क्षेत्रवाट के- कति -कुन दरमा संकलन गर्ने हो, के-कति-कहाँ-कसरी खर्च गर्ने तथा आन्तरिक/बाह्य ऋण कसरी-कति मात्रामा उठाउने र समग्र आर्थिक व्यवस्थापन कसरी गर्ने आदि सवै पक्षहरुको अध्ययन यस नीति अन्तर्गत पर्दछन् । वित्तीय नीतिको माध्यमद्वारा राष्ट्रिय उत्पादन, आय र रोजगारीमा वाञ्छित प्रभाव पार्न र अवाञ्छित प्रभाव हटाउन वा घटाउन प्रयोग गरिन्छ ।

कर प्रणाली, सार्वजनिक ऋण व्यवस्थापन र बजेट व्यवस्थापन सम्बन्धी नीतिलाई सार्वजनिक वित्तीय नीतिका नामले चिनिन्छ जुन समग्र सार्वजनिक प्रशासन सञ्चालनको सारभूत नीति हो । सरकारले वार्षिक रुपमा प्रस्तुत गर्ने बजेटलाई नै वास्तवमा वित्तीय नीतिको विस्तृत दस्तावेज मानिन्छ । नेपालमा वि.स.२००८ देखि यसलाई निरन्तरता दिईदैआईएको छ ।

**वित्तीय नीतिका उदेश्यहरु (Objectives)**

वित्त नीतिको उदेश्य कुनै पनि देशको अर्थतन्त्रको स्वरुपको आधारमा निर्धारण गर्ने हुने गर्दछ । आर्थिक गतिबिधिलाई प्रतिविम्वित गर्ने आर्थिक सूचकाङ्क के कस्तो छ ? त्यसको आधारमा आर्थिक नीति तय हुने गर्दछ । त्यस्तै विकसित र विकासोन्मुख राष्ट्रका लागि वित्तीय नीति पृथक हुने गर्दछ । सामान्यतया सवै राष्ट्रले अगाँल्ने वित्त नीतिका साझा उदेश्यहरु देहाय वमोजिम हुने गर्दछन् ।

**१.आर्थिक समानता कायम गर्ने(Maintainning Economic Equality)** :आर्थिक समानता कायम गर्ने उदेश्य प्राप्तिका लागि सरकारले धन एवं आयको वितरण समान रुपले गर्ने प्रयास गर्दछ । यसका लागि प्रगतिशील कर प्रगाली (Progressive Taxation System )नीति अवलम्वन गर्न सक्दछ । धेरै आय वा सम्पत्ति हुने व्यक्तिसँग धेरै कर लागाउने र कम आय हुनेसँग कम कर लगाई सामाजिक कल्याण र सुरक्षका क्षेत्रमा सरकारले खर्च गर्न सक्दछ । नि:शुल्क शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा सुविधा प्रदान गर्दछ ।

**२.आर्थिक स्थिरता काम गर्ने(Maintaining Economic Stability)** :आर्थिक क्रियाकलाप एवं गतिविधिमा उतारचढाव नआई यथोचित परिर्वतनभित्र नै रहनु नै आर्थिक स्थायित्व हो । खास गरी मूल्य स्थिरता ,विनिमय स्थिरता सकारात्मक भुक्तानी सन्तुलन हुनु नै वित्तीय नीतिले खोजेको स्थायित्व हो ।

**३.आर्थिक वृद्धि/समृद्धि हासिल गर्ने(Achieving Economic Growth and Prosperity)** :कुल राष्ट्रिय उत्पादन GDP मा आएको बढोत्तरी, प्रति व्यक्ति आयमा भएको बृद्धि लगायत देशको उत्पादन,आय,रोजगारी,लगानीमा भएको बृद्धि साथै समग्र आर्थिक सूचकाङ्क (Indicator) सकारात्मक भएको अवस्था आर्थिक वृद्धि/समृद्धिको अवस्था हो । जसका लागि सरकारले वचत र लगानी बढाउनु पर्दछ ।
नेपाल लगायत विकासोन्मुख देशका लागि वित्तीय नीतिको उदेश्यहरु निम्नानुसार रहेको पाईन्छ ।

१) बचतको बृद्धि गरी पूँजी निर्माण गर्न
२) लगानीमा बृद्धि गर्न
३) रोजगारीका अवसर वृद्धि गर्न
४) स्रोत र साधन परिचालन गर्न
५) आर्थिक असमानता घटाउन
६) नकारात्मक भुक्तानी सन्तुलन हटाउन वा घटाउन
७) राष्ट्रिय आय बढाउन

प्रायः विकासोन्मुख मुलुकमा बचत र लगानी दर कम हुने गर्दछ । न्यून मात्रामा भएको बचत पनि अनुत्पादक क्षेत्र(घर जग्गा,विद्युतीय सामाग्री,सुनचाँदी खरीद)मा खर्च हुने गर्दछ । फलस्वरुप लगानी हुन पाउँदैन । लगानीको अभावमा उत्पादन र रोजगारीको क्षेत्रमा आशातित प्रगति हुन सक्दैन।

**वित्तीय नीतिका उपकरणहरु (Instruments/Tools)**

वित्तीय नीतिका उदेश्यहरु प्राप्त गर्न प्रयोग गरिने औजार नै वित्त नीतिका उपकरणहरु हुन ।त्यसता उपकरणहरु निम्नानुसार रहेका छन् ।

**१.सार्वजनिक राजश्व (Public Revenue)**: वित्तीय नीतिको यो एक महत्वपुर्ण औजार हो । कुनै पनि देशको सरकारलाई आफ्नो देशमा विकास निर्माणको कार्य गर्न ,दैनिक प्रशासन चलाउन,शान्ति सुरक्षा कायम गर्न तथा अन्य प्रकारका लोककल्याणकारी कार्यका निम्ति खर्च गर्न यथेष्ठ मात्रामा आयको व्यवस्था गनुपर्दछ । यसरी राज्यले विभिन्न स्रोतवाट संकलन गर्ने आयलाई Public Revenue,Natioinal Revenue वा Public Receipts भनिन्छ । यस्तो राजश्व २ प्रकारको हुन्छ :

- कर राजश्व (प्रत्यक्ष कर :आयकर ,सम्पत्ति कर ,व्याज कर,ठेक्का कर आदि) (अप्रत्यक्ष कर:भन्सार कर,मूल्य अभिबृद्धि कर
- गैर कर राजश्व (दण्ड ,जरिवाना,जफत,रोयल्टी,लाभांश,दान उपहार)

**२.सार्वजनिक व्यय वा खर्च (Public Expenditure)**:राज्यका नागरिकको सामूहिक आवश्यकता पूरा गर्ने अथवा आर्थिक तथा सामाजिक कल्याणमा बृद्धि गर्ने उदेश्यले सरकारद्वारा गरिने खर्चलाई सार्वजनिक

व्यय भनिन्छ । शिक्षा, स्वास्थ्य, सुरक्षा, आर्थिक एवं सामाजिक पूर्वाधार विकास र विस्तारका लागि सार्वजनिक खर्चको आवश्यकता पर्दछ । त्यस्तै शेयर लगानी र साँवा व्याज भुक्तानीका लागि रकम चाहिन्छ । सामान्यतया सार्वजनिक खर्चलाईृ दुई भागमा बाँड्न सकिन्छ । **क**.पूँजीगत खर्च **ख.** चालु खर्च । वित्तीय खर्चलाई पनि सार्वजनिक खर्चको प्रकारको रुपमा लिन सकिन्छ ।

३.**सार्वजनिक ऋण (Public Debt) :** सरकारले लिएको ऋण नै सार्वजनिक ऋण हो । सरकारको आय भन्दा व्यय बढी भएमा ऋणका माध्यमद्धारा खर्च पूरा गर्दछ । सरकारले जनहितमा काम गर्न ,विकास निर्माणका कार्य गर्न तथा समग्र आर्थिक विकासका लागि विभिन्न वित्तिय संस्था ,पूँजिपति वर्ग,विभिन्न दातृ निकाय त्यस्तै आन्तरिक र बाह्य निकायवाट प्राप्त गरेको रकम सार्वजनिक ऋण हो । निश्चित समयावधि पश्चात साँवाँ र ब्याजको रुपमा फिर्ता गरिन्छ । विकासोन्मुख मुलुकमा राजश्वको तुलनामा सार्वजनिक खर्च अधिक भएको हुन्छ ।अतः खर्चको आवश्यकता पूरा गर्न  ऋण लिने गर्दछ । सार्वजनिक ऋण दुई प्रकारवाट संकलन गरिन्छ, ती हुन्:

**क**) आन्तरिक श्रोत :ट्रेजरी, बोण्ड, सुरक्षण पत्रहरु आदि
**ख**) बाह्य श्रोतः विदेशी सरकार,विदेशी दातृ निकाय, World Bank, IMF,ADB,IDA आदि ।
देशको मौद्रिक अधिकारीको रुपमा रहेको कन्द्रिय वैकले जारी गर्ने मौद्रिक नीतिले सरकारले अपनाएका आर्थिक नीतिहरुको कार्यान्वयन गर्ने कार्य गर्दछ । मौद्रिक नीतिहरु राष्ट्रले लिएका आर्थिक लक्ष्य वित्तीय नीति र आर्थिक नीतिहरु अनुरुप नै तय गरिन्छ । दुबै नीति बिच आवश्यक तालमेल,समन्वय तथा सहकार्य भएको खण्डमा मात्र एक अर्काका लक्ष्य हासिल हुने देखिन्छ । जस्तैः नेपाल सरकारले भौतिक पूर्वाधारको क्षेत्रमा लगानी नबढाई आशातित आर्थिक बृद्धि गर्न सक्दैन ,त्यसका लागि लगानी (Investment) बढाउनु पर्दछ । सरकारको पर्याप्त आय नभएकाले लगानी बढाउन आन्तरिक ऋण (Internal Debt) उठाउन सक्दछ । आन्तरिक ऋणको लागत कम गर्न नरम मौद्रिक नीतिको जरुरत पर्दछ । यी दुई नीतिहरुको नङ्ग र मासुको जस्तै अर्न्तसम्वध रहेको पाइन्छ ।

**<u>अन्तमा, मौद्रिक नीति र नेपाल आयल निगम</u>**
मौद्रिक नीतिका उदेश्यहरु  मध्ये विदेशी विनियम स्थिरता (Foreign Exchange Stability) र सकारात्मक भुक्तानी सन्तुलन (Positive Balance of Payment BOP) कायम राख्नु महत्वपूर्ण लक्ष्यहरु हुन । यदि अन्तारािष्ट्रिय बजारमा प्रति ब्यारेल पेट्रोलियम पदार्थको मूल्यमा घटबढ भयो भने त्यसको सोझो असर निगममा पर्दा । यदि OPEC ले तेलको मूल्यबृद्धि  गरेमा बढि नपाली मुद्रा भुक्तानी गर्नु पर्ने हुन्छ, जसको प्रत्यक्ष असर वा चाप भुक्तानी सन्तुलनमा पर्न जान्छ, व्ययउ बढ्नु अर्थतन्त्रका लागि राम्रो मानिदैन फेरि हामीले तेलको मूल्य भुक्तानी गर्दा सर्वस्वीकार्य अमेरिकी डलरमा गदर्छौ डलरको मूल्यमा परिवर्तन हुँदा ल्इऋ लाई आर्थिक प्रभाव पर्दछ । डलरसँग नेपाली मुद्रा अवमूल्य कमजोर हुँदा कम रकम भुक्तानी गर्नुपदर्छ, अनि हाम्रो मुद्रा अधिमूल्य बलियो हुँदा कम रकम भुक्तानी गर्नुपदर्छ । कम रकम भुक्तानी गर्नु भनेको निगम र समग्र अर्थतन्त्रको लागि फाइदाजनक हुन्छ । अझ सरल र

संक्षेपमा भन्नुपर्दा अमेरिकी डलर बढ्दा निगम लाई घाटा र डलर घट्दा निगमलाई फाइदा हुन्छ । विगत केहि समय अघि निरन्तर डलरको भाउ बढ्दा निगमलाई घाटा भएको थियो । घाटा बढ्नुको एक कारण मध्ये डलरको भाउ निरन्तर उकालो लाग्नु पनि थियो । हाल नेपाली मुद्रा डलरसँग केहि बलियो भएकाले निगमलाई राहत भएको देखिन्छ । तर नेपाली मुद्रा भारतीय मुद्रासँग स्थिर विनिमय हुने भएकाले भारतीय मुद्रा घटबढ हुँदा त्यसको सम्बन्ध अमेरिकी डलरसँग हुने गर्दछ । अर्थात डलर तल माथि हुँदा भारुमा प्रभाव पर्दछ ।

# सामाजिक उत्तरदायित्वमा नेपाल आयल निगम

**विपना थापामगर**

देशमा पेट्रोलियम पदार्थको आपूर्ति, भण्डारण र विक्री वितरण गर्ने उद्देश्यले वि. स. २०२७ पौष २६ गते नेपाल आयल निगम लिमिटेडको स्थापना भएको हो । निगममा नेपाल सरकारको करीव ९९ प्रतिशत लगानी रहेको छ । निगम स्थापना भएको झण्डै आधा शताब्दीको अवधिमा विशेष घटनामा बाहेक अन्य समयमा पेट्रोलियम पदार्थको सर्वसुलभ रुपमा विक्री वितरण हुँदै आएको छ । नेपालमा हालसम्म पेट्रोलियम पदार्थ र एल. पि ग्यासको उत्पादन नभएको हुँदा अन्य मुलुकबाट आयात गर्नुपर्ने बाध्यता छ । निगमले हालका दिनमा वार्षिक करीब २०० अर्व रुपैयाँ बराबरको पेट्रोलियम पदार्थको कारोवार गर्दै आएको छ । नेपाल सरकालाई विभिन्न शीर्षकमा वार्षिक करीब ५० अर्व रुपैयाँ करस्वरुप बुझाउँदै आएको छ । नेपाल आयल निगमको सरकार र आम नागरिकसँग सदैव सुमधुर सम्बन्ध रहेको हुन्छ । उपभोक्ताहरुलाई पेट्रोलियम पदार्थ विक्री गरी ठूलो परिमाणमा राज्यले कर संकलन गर्दै आएको छ ।

अतः निगमले पनि समाज तथा उपभोक्ता प्रतिको जिम्मेवारी निर्वाह गर्नको लागि सामाजिक उत्तरदायित्वको क्षेत्रमा कार्य गर्नु आवश्यक छ । सार्वजनिक संस्थाको सफलतामा समाजको प्रत्यक्ष योगदान रहेको हुन्छ । समाजको विकास, उन्नति, प्रगतिका लागि पनि सार्वजनिक संस्थाले विभिन्न कार्यक्रमहरु गरी संस्थागत उत्तरदायित्व निर्वाह गर्नुपर्छ ।निगमको विगत इतिहासलाई हेर्दा संस्थागत सामाजिक उत्तरदायित्वको क्षेत्रमा खासै योगदान पुऱ्याएका देखिदैन । विगत केही वर्षदेखि सार्वजनिक संस्थाहरुले पनि संस्थागत सामाजिक उत्तरदायित्वको क्षेत्रमा केही न केही गर्नुपर्छ भनी आफ्नो वार्षिक नीति तथा कार्यक्रममा नै बजेटको व्यवस्था गर्ने गरेको पाईन्छ । निगमले पनि सामाजिक उत्तरदायित्व मार्फत् समाजप्रतिको दायित्व निर्वाह गर्न सुरुवात गरेको छ । निगमले विभिन्न महत्वपूर्ण अवसर, दिवस तथा आफ्नो वार्षिकोत्सवको उपलक्ष्यमा सामाजिक क्षेत्रमा सहयोग गर्दा आम नागरिकका माझमा निगमप्रति सकारात्मक सोच बढ्न जान्छ । निगमलाई हेर्ने दृष्टिकोणमा समेत परिवर्तन हुन्छ । तसर्थ निगम व्यवस्थापनले विगत केही वर्षदेखि संस्थागत सामाजिक उत्तरदायित्व शीर्षकमा बजेटको व्यवस्था गरी खर्च पनि गर्दै आएको छ ।

नेपाल आयल निगमले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गत आर्थिक वर्षमा देहाय बमोजिमका कार्यक्रमहरु संचालन गरेको थियो ।

**क. वृद्ध आश्रममा भौतिक सहयोगः**

नेपाल आयल निगमको आफ्नो ४८ औं वार्षिकोत्सवको अवसरमा काठमाडौ जिल्लामा रहेको दुईवटा वृद्धाश्रममा विभिन्न भौतिक सामग्री र खाद्यान्न सहयोग गरेको थियो । काठमाडौ जिल्लाको चन्द्रगिरी नगरपालिका वडा नं. ९ स्थित माताातीर्थ कुण्डमा रहेको मातातीर्थ वृद्धाश्रम समिति र गोगंबु गाउँ विकास समिति वडा नं. ६ जलविनायक चोकमा रहेको हिमालय वृद्धाश्रम केन्द्रमा बस्ने वृद्ध वा आमाहरुको लागि टेलिभिजन, वाटर डिस्पेन्सर, प्लाष्टिकका कुर्सी, खाद्यान्नहरु सहयोग उपलब्ध गराएको थियो । जसबाट दुईवटा वृद्धाश्रममा वस्ने करीव ७० जना वृद्धवृद्धालाई सुविधा प्राप्त भएको छ । आफ्ना सन्तान एंव आफन्तबाट उचित स्याहार सुसार नपाएर वा अन्य कारणले वृद्धाश्रममा आएका मानिसहरुलाई सानो भएपनि सेवा दिन सक्दा समाजमा निगमको सकारात्मक सन्देश गएको छ । वृद्धवृद्धालाई जीवनयापनमा केही भए पनि सहजता हुँदा निगमको उन्नति प्रगतिमा सदा आशिर्वाद प्रकट गर्ने विश्वास लिन सकिन्छ ।

**ख. श्री पशुपति क्षेत्र विकास कोषलाई सहयोगः**

विश्व सम्पदा सूचीमा परेको हिन्दु धर्मवलम्बीहरुको सबभन्दा ठूलो आस्थाको केन्द्र भगवान श्री पशुपनिनाथ मन्दिर परिसरमा पनि निगमले सानो भए पनि सेवा गर्ने अवसर पायो । यस क्षेत्रमा प्रत्येक वर्ष करोडौ भक्तजनहरु पूजाआजाका  लागि भ्रमण गर्दछन् । यहाँ मृत मानिसको दाह संस्कार गर्ने ठूलो घाट पनि रहेको छ । दैनिक करीव ५० शवको दाहसंस्कार हुँदै आएको छ । जसले गर्दा पशुपति क्षेत्रमा फोहोरमैला पनि केही बढी नै आउँछ । निगमले समाजप्रतिको सामाजिक उत्तरदायित्व निर्वाह गर्ने क्रममा काठमाडौ देवपत्तन स्थित श्री पशुपति क्षेत्र विकास कोषको श्री पशुपतिनाथ मन्दिर घाटलाई आर्थिक तथा भौतिक सहयोग गरेको छ । श्री पशुपति मन्दिर घाटलाई दैनिक फोहोर संकलन गर्न नेपाल आयल निगमको नाम र लोगो सहितको हाइड्रोलिक लोड, अनलोड गर्न सक्ने मिनी ट्रक एकवटा, सोका लागि मासिक २१० लिटर डिजल र चालक, सहचालक २-२ जना उपलब्ध गराएको छ । पशुपति क्षेत्रमा रहेको कियापुत्री क्षेत्रको सरसफाईका लागि सहयोगी महिला कुचिकार (स्वीपर) ६ जनाका लागि मासिक पारिश्रमिक एंव सरसफाईका सामग्रीहरु, डस्टबिन पनि उपलब्ध गराएको छ । यी सबै सहयोगहरु आगामी पाँच वर्षसम्मका लागि उपलब्ध गर्ने गराउने संझौता निगम र पशुपति क्षेत्र विकास कोष बीच भएको छ ।

**ग. बागमती सरसफाई अभियानमा सहयोगः**

नेपालमा रहेको पवित्र नदीहरुमध्ये बागमती नदी पनि एक हो । यो नदी देशको राजधानी काठमाडौ भएर दक्षिणतर्फ बगेको छ । काठमाडौको घनाबस्तीको कारणले यो पवित्र नदी प्रदूषित एवं दुर्गन्धित भएको छ । अतः विगत लामो समयदेखि प्रत्येक हप्ता वाग्मती नदी सरसफाई कार्यको संचालन गरिदै आएको छ । यसै क्रममा निगमको ४८ औं वार्षिकोत्सवको अवसरमा काठमाडौ, कोटेश्वर पुल क्षेत्रको करीव २०० मिटर क्षेत्रमा सरसफाई कार्यक्रममा निगमले पनि सहभागिता जनाएको थियो । उक्त कार्यक्रममा निगमबाट करीव १०० भन्दा बढी कर्मचारीहरुले सरसफाई सामग्री सहित निगमको नाम र लोगो सहितको टोपी लगाएर उत्साहजनक सहभागिता जनाएका थिए । जसबाट सामाजिक उत्तरदायित्व निर्वाहमा सानो भएपनि योगदान पुगेको छ ।

**घ. जनचेतनामूलक जानकारी प्रकाशनः**

नेपालमा विगतको तुलनामा खाना पकाउने कार्यमा दिनप्रतिदिन एल.पि.ग्यासको प्रयोगमा वृद्धि भईरहेको छ । घरायसी र व्यावसायिक प्रयोजनमा यसको खपत उच्च दरले बढेको छ । शहरी क्षेत्र मात्र नभई हाल दुर्गम ग्रमीण क्षेत्र सम्म पनि एल.पि.ग्यासको प्रयोग गर्नेको संख्या बढ्दै गएको छ । यसको प्रमुख कारण अन्य मट्टितेल र दाउराको तुलनामा मूल्य सस्तो हुनु, प्रयोग गर्न सहज र सरल हुनु एवं वातावरणमैत्री हुनु नै हो । तर एल.पि.ग्यासको उचित प्रयोग गर्न नजान्दा एवं अन्य कारणले दूर्घटना भई धनजनको क्षति भएको घटना बारम्बार सूचना आएको छ । तसर्थ एल.पि.ग्यासको प्रयोगमा सचेतना जगाउनका लागि विभिन्न पत्रपत्रिका एवं अनलाईन माध्यमबाट सर्वसाधारण प्रयोगकर्ता माझ जानकारीमूलक सन्देश प्रवाह गरी सामाजिक उत्तरदायित्व निर्वाह गरेको छ । निगमको यस कार्यले एल.पि. ग्यासको सर्वसाधारण उपभोक्ता माझ सुरक्षित र उचित प्रयोग गर्ने सम्बन्धी जानकारी प्राप्त हुन्छ । जसले गर्दा दुर्घटनाहरुको न्यूनीकरण हुन्छ ।

ङ. अन्य कार्य:

माथि उल्लेख गरिए बाहेक निगमले रक्तदान कार्यक्रम, स्वास्थ्य शिविर, वृक्षरोपण कार्यक्रमको आयोजना पनि समय समयमा गर्दै आएको छ । यसकारण सार्वजनिक संस्था एवं सगठित संस्थाहरुले आफ्नो वार्षिक बजेटको रकमबाट सामाजिक उत्तरदायित्वको क्षेत्रमा निश्चित रकम छुट्याउनु पर्दछ । जसबाट समाजको उन्नति प्रगति हुने, अव्यवस्थित कुरा व्यवस्थित हुने, जनचेतनामूलक जानकारी उपलब्ध हुने, समाजमा पछि परेका वर्गको हित हुनुका साथै समाजलाई विकासको पथमा अघि बढ्नमा मत पुग्छ । अतः संगठित संस्थाहरु छ । समाजको एउटा महत्वपूर्ण अंग भएकोले आफ्नो संगठनको साथै सामाजिक उत्तरदायित्वको क्षेत्रमा सक्दो योगदान पुर्‍याउनु आवश्यक छ ।



# वैकल्पिक उर्जा

✍ मनिषा पराजुली

परम्परागत उर्जाको विकल्पको रुपमा प्रयोग गरिने आएको उर्जा नै वैकल्पिक उर्जा हो । परम्परागत उर्जा भन्नाले विगतदेखि उर्जाको रुपमा प्रयोग गरिरहेको उर्जा हो । जस्तैः- दाउरा,कृषिजन्य अवशेष, पशुजन्य अवशेष, आदिलाई परम्परागत उर्जा भन्निछ । परम्परागत उर्जाको विकल्पमा सौर्य उर्जा, वायु उर्जा, लघु जलविघुत उर्जा को रुपमा प्रयोग गरिने उर्जा नै वैकल्पिक उर्जा हो ।

**वैकल्पिक उर्जाका स्रोत :**

- सौर्य उर्जा
- वायु उर्जा
- लघु जलविघुत
- गोवर ग्यास

**नेपालमा वैकल्पिक उर्जाको आवश्यकता :**

- नेपालमा परम्परागत उर्जाको रुपमा रहेको दाउरा गोवर,गुइँठाले नाशवान भएको कारण वैकल्पिक उर्जाको प्रयोग गर्नु आवश्यक छ ।
- वैकल्पिक उर्जा वातावरण मैत्री हुनुका सार्थ ठूला जलविद्युत आयोजनाको निर्माण मा लाग्ने खर्च भन्दा थोरै लगानीमा लद्यु जलविद्युतका अन्य वैकल्पिक उर्जाको उत्पादन गर्ने सकिन्छ ।
- वैकल्पिक उर्जाको विकास र विस्तार गर्ने नेपालमा वि.सं.२०५३ कात्तिक १८ मा वैकल्पिक उर्जा प्रर्वद्रन केन्द्रको स्थापना गरियो ।
- साना लगानीमा र समुदाय स्तरमा यसको विकास गरी समाज र दुर्गम भेगमा बढी फाईदा जनक हुन्छ ।
- नेपालमा हाल रहेको उर्जा संकटलाई व्यवस्थापन गर्ने यसको आवश्यकता छ ।
- घरायसी प्रयोजनको लागि बढी उपयोगी भन्निछ ।
- वातावरण प्रदुषण कम गर्ने र हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणमा वैकल्पिक उर्जाको आवश्यकता देखिन्छ ।
- ग्रामीण उर्जा विकास, कार्यक्रम, उर्जा क्षेत्र सहयोग कार्यक्रम,नविकरणमा उर्जा परियोजना, राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम यस कार्यक्रम वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रद्वारा सञ्चालित कार्यक्रम हुन ।
- यसको माध्यनजर दुर्गम भेगमा उज्यालो वातावरण को अनुभव गर्न पाएका हुन् । वैकिल्पिक उर्जाको माध्यमबाट धेरै समुदाय र जनता लाभान्वित भएका छन् ।

**नेपालमा हाल वैकल्पिक उर्जाका प्रमुख कार्यक्रम :-**

- नेपालमा हाल वैकल्पिक उर्जा अर्न्तगत १० मेगावाट सम्मका लद्यु तथा साना जलविद्युत सुधारिएको पानीघट्टा, सौर्य उर्जा जैविक उर्जा, वायोग्यास सुधारीएको चुलो, जैविक ईन्धन,वायो व्रिकेट ,वायु उर्जा, भुतावीय उर्जा, हाईट्रोजन ईन्धन,फोहोरभर उर्जा आदि प्रविधिहरुको प्रवद्रन तथा विस्तारको गर्ने कार्य नेपाल सरकार र दातृ निकायहरुसँग मिलेर कार्यक्रम अघि बढाएको छ ।
- नेपालमा सार्वजनिक निजि साझेदारको अवधारणामा बमोजिम केन्द्रिय तथा स्थानीय स्तरका सरकारी निकायहरु वित्तय संस्थाहरु,निजि कम्पनीहरु, गैरसरकारी संस्थाहरु उपभोक्ता समुह आदि संस्थाको संलङ्गन्तामा सञ्चालित वैकल्पिक उर्जा विकास कार्य हुँदै आएका हुन ।
- उर्जाको रुपमा प्रयोगमा रहेको पेट्रोलियम पदार्थ लाई विस्तारपन गर्ने पनि वैकल्पिक उर्जाको आवश्यकता गराएको छ । पेट्रोलियम पदार्थको प्रयोगको कारण विश्व भरि नै व्यापक रुपमा वातावरण प्रदुषण भएको छ ।
- सरकारले पनि ग्रामीण क्षेत्रमा उर्जाको पहुँच कार्यलाई निरन्तरता दिनुको साथै तथा शहरी क्षेत्रमा पनि सौर्य उर्जा, फोहोरभर उर्जा, सौर्य सडक बत्ति आदि जस्ता नविकरणीय उर्जाको प्रयोग बढाउन आवश्यक नितिगत व्यवस्था गरी वैकल्पिक उर्जाको प्रयोग दायरालाई थप फराकिलो बनाउनु आवश्यक छ ।

**नेपालमा हाल १०४४.६ मेगावाट जडित विद्युत :-**

हाल नेपालमा उत्पादन भएको वैकल्पिक नविकरणीय उर्जा :-

- कुल जनसंख्या करिब १८% जनसंख्यामा नवीकरणीय उर्जा स्रोतबाट विद्युत पहुँच पुगेको छ । साथै ३१% जनसंख्याले विभिन्न प्रयोजनमा स्वच्छ नवीकरणीय उर्जाको प्रयोग गरेका छन् ।
- आ.ब.२०७४/७५ को प्रथम आठ महिनामा वैकल्पिक उर्जा अन्तर्गतका लद्यु तथा साना जलविद्युत आयोजनाबाट ३० मेगावाट र सौर्य तथा वायु उर्जावाट २६.५ मेगाभार नवीकरणीय उर्जाको प्रयोग भएको छ ।
- आ.व.२०७४/७५ को प्रथम आठ महिनामा वायोग्यास तर्फ ८,३४६ वटा प्लान्ट जडान भएको छ । लद्यु तथा साना जलविद्युत आयोजना ९३९.५ किलोवाट विद्युत उत्पादन भएको छ । यसका साथै सो अवधिमा १६,५७२ वटा सौर्य घरेलु विद्युत प्रणाली जडान भएको छ , भने १०,०१८ वटा सुधारीएको चुलो तथा २०३ वटा सुधारीएको पानी घट्टा जडान भएको छ ।
- नेपालले २०७५ साल फागुन मसान्तसम्म १२ लाख ८६ हजार प्रणीत उत्सर्जन न्यूनीकरण मध्ये १८ लाख प्रमाणित उत्सर्जन न्यूनीकरण विक्रीभार १ करोड ३५ लाख अमेरिकी डलर आम्दानी गरेको छ ।

**उर्जा संकट :**

प्राकृतिक स्रोत एवं मानव निर्मित स्रोतबाट उत्पन्न हुने शक्ति उर्जा हो । यस्तो उपलब्ध हुन नसकेको अवस्था उर्जा संकट हो । उर्जाको कमी हुन, अभाव हुनका मागबमोजिम प्राप्त नहुनु उर्जा संकट हो । उर्जा देह विकासको आधार हो । नेपालमा उर्जा संकट हो । उर्जा देश विकासको आधार हो । नेपालमा उर्जा संकट ठूलो छ । नेपालको आर्थिक विकासमा उर्जा संकट एउटा बाधकमा रुपमा रहेको छ ।

- तीब्र जनसंख्या बृद्वि, भौतिक पूर्वाधारमा भएको विकास, औद्योगिकरणमा बृद्धिले उर्जा उर्जाको माग क्रमशः बढ्दै गएको छ ।
- हाल नेपालमा उर्जाको मागको तुलनामा उत्पादन न्यून भएकोले उर्जा संकट मूलुकको सबैभन्दा ठूलो संकटको रुपमा देखा परेको छ ।

**उर्जाका स्रोतः**

१. परम्परागत उर्जा :- दाउरा,कृषिजन्य,पशुजन्य अवशेष, गोवर, गुईठा ।
२. व्यापारीक उर्जा:- कोइला,पेट्रोलियम पदार्थ,जलविद्युत,आणविक उर्जा
३ नवीकरणीय उर्जा:- वैकल्पिक उर्जा, सौर्य उर्जा, वायु उर्जा ।

**नेपालमा उर्जा संकट हुनुका कारणहरुः**

मानव निर्मित स्रोत एवं प्राकुतिक स्रोतबाट प्राप्त हुने शकि उर्जा हो । नेपालमा उर्जाको व्यवस्थित उन्पादन वितरण एवं नियम गर्ने नितिगत र संस्थागत व्यवस्था छ । र पनि मुलुक उर्जा संकटबाट गुज्रिरहेको छ । नेपालमा उर्जा संकट हुनका विविध कारण विद्यमान छन् । जसलाई निम्ननुसार चर्चा गर्ने सकिन्छ ।

- जलसम्पदा को धनी देश भएर पनि जलद्यिुत उत्पादन हुन नसक्नु ।
- विद्युत प्रसारण लाईनको कमीका कारण विद्युत आयात गर्ने र वितरण गर्ने कठिनाई ।
- विद्युत चुहावट बढ्दै जानु ।
- मूलुकमा समग्र लगानीको वातावरण अनुकुल हुन नसक्नु ।
- पूर्वाधार विकासको कमी हुनु ।
- लगानीका क्षेत्र अन्य प्रस्ट गर्ने नसक्नु ।
- सरकारी निकायबीच कार्यगत समन्वयको कमी हुनु ।
- विकास साझेदारीको रुपमा रहेको निजि क्षेत्र नेपालमा कमजोर हुन सक्षम हुन नसक्नु ।
- नितिगत अस्थिरता हुन् ।
- समग्र सुशासनको अभाव हुनु ।

**उर्जा संकट समाधान गर्ने उपायहरु :-**

- उर्जा लाई लगानीको प्रमुख क्षेत्र बनाउने ।
- जलविद्युतलाई उद्योगको रुपमा विकास गर्ने ।
- मूलुकमा  लगानीको वातावरण तयार गरी स्वदेशी तथा विदेशी लगानी बढाउने ।
- सरकार र निजि क्षेत्र दुवैको साझेदारीमा जलविद्युतको उत्पादन बुद्दि गर्ने ।
- विद्युत उत्पादन सँगै विद्युत प्रसारण लाइनको क्षमता विकास गर्ने ।
- पेट्रोलियम पर्दाथको  भण्डारण क्षमता ध्यान दिने ।
- वैकल्पिक उर्जाको  विकासमा ध्यान दिने ।
- विद्युत चुहावटलाई अभियानमा रुपमा नियन्त्रण गर्ने ।
- भौतिक पर्वधार विकास गर्ने ।
- नीतिगत स्तिरता कायम गर्ने, सुशासन कायम गर्ने ।

**निष्कर्ष :**

उर्जा देश विकासको आधार हो । उर्जाको अभावमा मूलुकको आर्थिक विकास हुन सक्दैन । त्यसैले उर्जाको पर्याप्त उत्पादन र वितरण हुनुपर्दछ,यसका लागि मुलुकमा लगानीको वातावरण तयार गरी स्वदेशी र विदेशी लगानी प्रर्वद्धन गरेर सरकार र निजि क्षेत्रको सहभागीतामा स्थिरता सहि व्यवस्थापन गर्नुपर्दछ ।

# कर्णाली प्रदेश र निगमको भण्डारण व्यबस्थापनमा रणनैतिक महत्व

✍ अमृत कार्की

देशको शासकीय पद्दति संघीयतामा रुपान्तरण भएको र स्थानीय सरकार मार्फत राज्य संचालनको वर्तमान व्यवस्था,संरचना बिधि र प्रक्रियामा परिवर्तन भएको छ । एकात्मक तथा केन्द्रीकृत रुपमा संचालन भएको राज्य व्यबस्था संचालनको प्रक्रिया लाई संघिय पद्दतिको शासन व्यवस्थाले प्रतिस्थापन गरी ७ वटा प्रदेश सहितको संघिय शासन पद्धतिबाट मुलुक संचालनमा रहेको छ ।भौगोलिक रुपले उत्तरमा चीनसंग मात्र भूगोलको सामीप्य भएको प्रदेश छिमेकी मुलुक भारत संग जोडिएको पाइदैन ।

कर्णाली बोल्नासाथ हाम्रो जनजिब्रोमा झुण्डिएको र कर्णालीवासीले मन पराएको “कर्नाली“ लाई सम्झन्छौ, मनन गर्छौ र एक पटक पुगेर अनुभव गर्छौ भन्ने जो सुकैको मनमा लाग्न सक्छ । कर्णाली एउटा सभ्यता हो । ठूला ठूला शहरहरको मानव सभ्यताको विकास नदी संग जोडिएको हुन्छ । एथेन्स वा मेसोपोटोमिया किन नहोस् वा रोमन सभ्यता नै किन नहोस् हामी नदी संग जोडिन्छौ । यस्तै नेपालको पुरानो सभ्यता कर्णाली हो र यो कर्णाली नदी संग जोडिएको छ । कर्णालीको सभ्यता मानव सभ्यता र संस्कृति संग जोडीएको छ । हिजोको कर्णाली देख्ने पुर्खाहरूले यहाँका कालीकोट, जुम्ला, मुगु र डोल्पामा गाडी गुडीसकेको देखेका छन् ।

कर्णाली प्रदेशको एकमात्र लक्ष्य भनेको विकास, पूर्वाधार र परिवर्तन हो । कर्णाली मुलुक समृद्धिको मुहान बन्न चाहन्छ । कर्णालीको समृद्धिमा जल, जमिन, पर्यटन, जडीबुडी, भेषभूषा, भाषा संस्कृति मुख्य केन्द्र बिन्दु हुन ।

कर्णाली प्रदेश मुलुककै एक अनुपम क्षेत्र हो, जहाँ सम्भावनाले अवसर दिएको छ । रोजगारी दिएको छ । बाँच्ने आधार दिएको छ । लगानीका अभावमा कर्णालीका थुप्रै सम्भावनाले टुलु टुलु हेरिरहेका छन । यस अर्थमा हेर्दा अब कर्णालीमा आएर दुःखका गीत होइन समृद्धिका गीत लेख्न बाध्य बनाउने अवस्था सिर्जना गर्नु अहिलेको आवश्यकता हो । जस्तो एक मात्र उदाहरण दिउँ कर्णालीलाई जल विद्युत उत्पादनको क्षेत्रका रूपमा विकास गर्न सकिने थुप्रै आधार छन । कर्णाली हुम्ला हुँदै बग्ने हुम्ला कर्णाली, डोल्पा हुँदै बग्ने भेरी र जुम्ला हुँदै बग्ने तीला नदीको पानीको उपयोग गरेर विद्युत् हवको रूपमा विकास गर्न सकिने आधार छन । त्यस्तै कर्णालीको पर्यटन सम्भावनामा मात्रै लगानी गरे समृद्धि कुर्ने नपर्ने स्थिति आउछ । भूगोल र जनसंख्याको हिसाबले यो प्रदेशले देशको कुल भूभाग मध्ये ३० हजार ३ सय १३ बर्ग किलोमिटर क्षेत्र ओगट्छ जुन समग्र देशको २० दशमलव ५ प्रतिशत हो।

हालको अनुमानित जनसंख्या १७ लाख १ हजार ८ सय छ जुन समग्र देशको ५ दशमलव ४ प्रतिशत मात्र हो। यसैगरी, देशको जम्मा घरधुरीहरुमा २ लाख ९८ हजार ३ सय ६० अर्थात् ६ प्रतिशत घरधुरी यस प्रदेशमा रहेका छन्। प्रदेशको विशाल हिस्सा हिमाली क्षेत्रले ओगटेको छ भने बाँकी भाग पहाडी क्षेत्र छ। हाल कर्णाली प्रदेशमा सुर्खेत-जुम्ला (२३२ किमि), भेरी करिडोर, सुर्खेत-डोल्पा (११८ किमि),

नामगाड-गमगढी (९३ किमि) ट्र्याक खोलिसकेर यातायात सञ्चालनमा आएका सडक हुन् । भेरी करिडोरको ट्र्याक भर्खरै खोलिएको हो । सन् १९९० को लगभग अन्तिम वर्षदेखि हिल्सा-हुम्ला-जमुनाह (५३० किमि) सडक निर्माणाधीन अवस्थामा छ । यो सडक सञ्जालले कर्णालीको समग्र विकासका लागि ठूलो महत्व राख्छ । उत्तरको हिल्साबाट करिब २५ किमि दक्षिणपूर्वको केर्मी गाउँसम्म र सिमकोटबाट हेक्पा खोलासम्मको १७ किमि सडकको ट्र्याक खोलिए पनि हाल हिल्सा एलवाङसम्म मात्रै मालबाहक ट्रक चल्ने गरेका छन्। छरछरा पहरो रहेको लगभग १० किमि भूभागको ट्र्याक नखोलिएका कारण हाल सिमकोट-हिल्सा यातायात लामो समयदेखि अवरुद्ध छ।

त्यसैगरी मध्यकालिकोटको लालुदेखि हुम्ला सिमकोटसम्मको १४५ किमि खण्डमध्ये झन्डै आधा खण्डमा ट्र्याक खोल्नै बाँकी छ । ०७४ देखि उत्तर-दक्षिण दुवैतर्फबाट ट्र्याक खोल्ने काम तीव्र गतिमा चलिरहेको छ । अन्यत्रझैँ गाउँपालिका र जिल्ला सदरमुकाम जोड्ने लिंक रोड धमाधम बनिरहेका छन् । जस्तो, हुम्लाको सिमकोट-लिमी लाप्चा रोड (५८ किमि) ट्र्याक खोल्ने काम सम्पन्न भएको छ । मुगु-हुम्ला लिंक रोड (कवाड-सालिसल्ला-सिमकोट, ६५ किमि) बन्दै छ । त्यसैगरी भेरी करिडोरमा अवस्थित जिल्लाहरू दैलेख, कालिकोट, जाजरकोट-डोल्पा, पश्चिम रुकुम-जाजरकोट आदि जोड्ने अनगिन्ती क्षेत्रीय र स्थानीय सडकको ट्र्याक खोल्ने काम पनि भइरहेका छन् । यद्यपि कर्णाली प्रदेश-चीन-नेपाल-भारत जोड्ने अन्तर्राष्ट्रिय लिंक रोड भएकाले हिल्सा-जमुनाह (कर्णाली करिडोर) सडकखण्डले निकै ठूलो महत्व राख्छ।

कर्णाली प्रदेशका चीनसँग जोडिएका हुम्लाको हिल्सा, मुगुको नाक्चेलाग्ना र डोल्पाको मोरिम्ला नाकालाई भने समृद्धिका ढोकाका रूपमा हेरिएको छ । हुम्लाबाट तिब्बत जोड्ने हिल्सा नाका अहिले आंशिक रूपमा सञ्चालनमा छ । यसलाई व्यापारिकभन्दा पनि मानसरोवर जानका लागि आउने पर्यटकले प्रयोग गर्ने पर्यटकीय नाकाका रूपमा अहिले प्रयोग गरिँदै आएको छ । यसलाई व्यापारिक नाकाका रूपमा पनि प्रयोग गर्न सकिने संभावना भए पनि हुम्लासम्म सडक नपुगेकाले व्यापारिक रूपमा प्रयोग गर्न सकिएको छैन । हुम्लासम्म सडक पुऱ्याई व्यापारिक रूपमा प्रयोग गर्न सकिए हिल्सा नाकाबाट राम्रो आम्दानी हुने यस क्षेत्रका सरोकारवालाले बताउँदै आएका छन् । हिल्सा नाकालाई खासगरी नेपालगन्ज भएर भारतसँग जोड्ने त्रिदेशीय नाकाका रूपमा विकास गर्न सकिने सरोकारवालाको भनाइ छ । नेपालगन्ज सिमिकोट सहज मोटर बाटो सञ्चालन भएको खण्डमा हिल्सा कर्णाली प्रदेशको प्रमुख व्यापारिक नाका हुनसक्ने छ । यहाँको अर्को नाका हो मुगुको नाक्चेलाग्ना । मुगुको गमगढीदेखि नाक्चेलाग्नासम्म ९१ किलोमिटर सडक निर्माणको काम समेत अहिले भैरहेको छ । यसलाई पनि विकास व्यापारिक नाकाका रूपमा विकास गर्न सके प्रदेशको एक महत्वपूर्ण नाका बन्ने देखिन्छ । डोल्पाबाट तिब्बतको मरिङलामा नाका जोड्न सकिने अर्को सम्भावना रहेको छ । दक्षिणतर्फ नाका नजोडिएको कर्णाली प्रदेशको आर्थिक विकासका लागि उत्तरी नाकाले महत्वपूर्ण योगदान पुर्याउने विश्वास गर्न सकिन्छ । यसैले यो प्रदेशको समग्र विकास तथा ब्यापारिक केन्द्रबिन्दु आयात तथा निर्यातमा छिमेकि मुलुक संगको निकटता लाई प्रदेश सरकारले महत्व दिएको दिएको पाइन्छ ।

**कर्णाली प्रदेशमा निगमको भण्डारण ब्यबस्थापन :**

नेपालका अन्य सार्वजनिक संस्थानको तुलनामा रणनैतिक रुपमा महत्वपूर्ण निगमलाइ प्रादेशिक क्षेत्र अनुसार देशको बदलिदो राज्य संचालनको प्रारुप तथा संरचनामा निगमले समेत आफुलाई समयमा नै रुपान्तरण गर्दै राज्य अन्तर्गत रही आफुले निर्वाह गर्नु पर्ने दायित्व निर्वाहमा उल्लेखनीय भूमिका निर्वाह गरेको तथ्य बिध्यमान रही आएको छ ।

प्रादेशिक संरचना अनुसार पेट्रोलियम पदार्थको आयात,ढुवानी भण्डारण तथा वितरणको जटिल र चुनौतीपूर्ण कार्य निगमले सफलता पुर्वक सम्पन्न गर्दै निगमको लक्ष्य प्राप्तिमा निगम सफलता उन्मुख रहेको भन्दा अतियुक्ति नहोला र यस तथ्य लाई निगम सम्बद्द बिभिन्न तथ्यांक तथा आकडाले पुस्टि गरेको छ ।

साविकको शासन प्रारूप तथा क्षेत्रीय अबधारणामा आधारित रही नेपालगंजमा स्थापना गरी संचालनमा ल्याएको क्षेत्रीय डिपो राज्य पुनर्संरचना अन्तर्गत भौगोलिक रुपमा ५ नम्बर प्रदेशमा रहन गएको र भलवारी स्थित निगमको डिपो प्रादेशिक संरचनामा समेत ५ नम्बर प्रदेशमै रहेको छ ।

कर्णाली प्रदेशमा निगमको भण्डारण अत्यन्तै न्यून अर्थात् मट्टीतेल तर्फ ४५ के.एल र हवाई इन्धन तर्फ ६० के.एल.भण्डारण गर्ने क्षमता रहेको अवस्था बिध्यमान छ ।साविक भेरी अञ्चलका तिन वटा जिल्ला (सुर्खेत,जाजरकोट र दैलेख) राप्ति अञ्चलका दुई जिल्ला (सल्यान र पश्चिम रुकुम) र सिंगो कर्णाली अञ्चलका पाच जिल्ला (हुम्ला,डोल्पा,जुम्ला,मुगु र कालिकोट) सम्मिलित कर्णाली प्रदेशको हुम्ला जिल्ला हाल सम्म राष्ट्रिय सडक संजालमा जोडिन नसकेको अवस्था रहेको छ ।

प्रचुर सम्भावना बोकेको यस प्रदेशमा केन्द्रिय अर्थतन्त्रलाई समेत मजबुद बनाउन सक्ने सम्भावना बोकेका बहुआयमिक,बहुप्रतिष्ठित राष्ट्रिय गौरबका आयोजनाहरु संचालित र संचालनको प्रक्रियामा रहेका छन् । माथिल्लो कर्णाली जलबिधुत आयोजना,मध्ये पहाडी लोक मार्ग आयोजना,भेरी बबई बहुउध्येसिय परियोजना,कर्णाली करिडोर,चौकुने सिमेन्ट उद्योग आदि आयोजना हरु रहेका छन् । यी आयोजना हरुको समुचित ब्यबस्थापन गरी संचालनमा ल्याउनु पर्ने यस प्रदेशको आबश्यकतालाई मध्येनजर गर्दै नेपाल सरकारको केन्द्रिय नीतिलाई अनुसरण गर्दै कम्तिमा यस प्रदेशका लागि नब्बे दिन सम्म पुग्ने क्षमताको भण्डारण निर्माण गर्नु पर्ने आबश्यकता सर्वत्र महसुस भएको बिषय रहदै आएको छ ।

कर्णाली प्रदेशको राजधानी समेत भएको सुर्खेतमा संघियताको मर्म तथा स्थानीय विकासको आबश्यकताको हिसाबले समेत बिभिन्न प्रादेशिक राजधानीमा पेट्रोलियम पदार्थको भण्डारण तथा क्षमता ब्रिद्दि गर्नु पर्ने आबश्यकता रहेको देखिन्छ । हालै निगमको सुर्खेत स्थित डिपोको स्तर उन्नति तथा भण्डारण क्षमता थप गर्ने प्रयोजनार्थ निगमका कार्यकारी निर्देशक ,वितरण बिभागका निर्देशक सम्मिलित उच्च ब्यबस्थापकिय टोलिको भ्रमणका क्रममा समेत स्थानीय सरोकारवाला तथा माननीय मुख्य मन्त्रीज्यूसंगको छलफल पश्चात भण्डारण क्षमताको अभिब्रिद्दी गर्ने कार्यको गति बढाउँन निर्देशन भएको देखिन्छ र यस आर्थिक बर्षमा बार्षिक नीति तथा कार्यक्रम साथै बजेटमा समेत सोको ब्यबस्था भएको बिषयलाई सहरनिय मान्न सकिन्छ ।

नेपाल सरकारको केन्द्रिय नीतिलाई अनुशरण गर्दै निगमले सुर्खेत डिपोको स्तर उन्नति गर्ने र तत्काल अर्को व्यवस्था नभए सम्मको लागि साविककै पूर्वाधार तथा जग्गामा यसै आर्थिक बर्ष भित्र ४२० के.एल डिजल तथा २१० के.एल पेट्रोलको भण्डारण निर्माण गर्ने कार्यको थालनी गर्ने गरी तयारि गरिएको छ र जुन कार्य चाडैनै शुरु भै सम्पन्नता तर्फ उन्मुख हुने छ ।

समय सापेक्षिक अत्याधुनिक संरचनाको निर्माण तथा दक्ष प्राविधिक हरुको संग्लगनतामा उक्त कार्य अबिलम्ब सम्पन्न गर्न सकेको खण्डमा कर्णाली प्रदेशको समग्र मागको केहि अंस पुरा गर्न सकिने देखिन्छ । यस प्रदेशको बढ्दो पेट्रोलियम पदार्थको माग सम्बोधन गर्न र वितरणको सन्तुलन कायम राख्न तथा उपभोक्तालाई सहजताका साथ् आपूर्ति ब्यबस्थापन प्रणाली सहज बनाउन सकिने देखिन्छ । लगानी तथा विकासका हिसाबले कर्णाली प्रदेशलाई सम्भावनै सम्भावनाको खानीको रुपमा चित्रण गरिएको पाइन्छ । जस बाट पेट्रोलियम पदार्थको माग र खपतमा बृद्दी हुन जाने तथ्यलाई आत्मसाथ् गर्दै अबिलम्ब डिपो निर्माण तथा भण्डारणको उपयुक्त ब्यबस्थापन गरिनु जरुरि देखिन्छ ।

दीर्घकालीन रणनीतिअनुसार करिब ९० दिनलाई पुग्ने इन्धन भण्डारण क्षमता बनाउने तयारीमा निगम लाग्नु पर्ने अहिलेको आबश्यकता रही आएको छ । आपतकालीन अवस्थाका लागि धेरै सहज हुने र माग र आपूर्तिमा बृद्दी भएको परिपेक्ष्य तथा बिगतमा नाकाबन्दी लगायतका बिषयले पारेको प्रभाव तथा सोको पुर्व तयारी तथा दिर्घकालिन सोच समेतको आधारमा कर्णाली प्रदेशमा भण्डारणको अति आबश्यकता रहेको छ ।

बार्षिक बिक्रि बितरणको तथ्यांक हेर्दा आर्थिक बर्ष २०७३/०७४ मा पेट्रोल बार्षिक २७१९ के.एल,डिजल १२,९५० के.एल,मट्टीतेल २४६ के.एल र हवाई इधन १२८४ के.एल बिक्रि भएको देखिन्छ भने आर्थिक बर्ष २०७४/२०७५ मा  पेट्रोल बार्षिक ४,०४० के.एल,डिजल १७,९९० के.एल,मट्टीतेल २६० के.एल र हवाई इधन १२८४ के.एल बिक्रि भएको देखिन्छ । यस तथ्यांक बाट बार्षिक रुपमा यस प्रदेशको खपत करिब २५ प्रतिशतले बृद्दी हुदै गएको पाइन्छ ।

कर्णाली प्रदेशको सन्तुलित, न्यायोचित र समविकासबाट समृद्धिको यात्रा तय गर्ने उद्देश्य राखेर निगमले रणनैतिक रुपमा अत्यन्त महत्वपूर्ण प्रदेश तथा विकासका हिसाबले हाल सम्म सधै पछाडी परेको कर्णाली प्रदेशको समग्र आर्थिक विकासलाई गति दिन तथा विकासमा भएको क्षेत्रीय असन्तुलन हटाउन र कर्णाली प्रदेशको समग्र पेट्रोलियम पदार्थको माग र आपूर्ति सहज बनाउनका लागि भण्डारण स्थलको निर्माणमा आबश्यक कदम चल्न ढिला गर्नु हुदैन ।